मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना त्रैमासिक पत्रिका

पूर्णाङ्क १०९, साउन, २०८१




## सङ्घीयतापछिको नेपाल

## आशाको सञ्चार, समृद्धिको यात्रा !

**अनुसन्धानकर्ताहरू**

**विद्यार्थीहरू**

**विद्वत वर्ग**

**कार्यकर्ताहरू**



# इन्सेक पुस्तकालयको प्रयोग गरौँ।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

**पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू**

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू



**सुविधाहरू**

० फोटोकपी ० इन्टरनेट ० कम्प्युटर

**मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल**


मानवअधिकार र सामाजिक न्यायका निम्ति

इन्सेक insec

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**

पत्र मञ्जुषा : २७२६ काठमाडौँ

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना त्रैमासिक पत्रिका

वर्ष २७, अङ्क १०९, साउन २०८१

***संस्थापक***

**सुशील–प्रकाश**

***सल्लाहकार***

**डा. कुन्दन अर्याल**

अध्यक्ष, इन्सेक

**विजयराज गौतम**

कार्यकारी निर्देशक, इन्सेक

***सम्पादक***

**मदन पौडेल**

***व्यवस्थापक***

**शैलेश शर्मा**

**मुद्रक**

**ड्रिम ग्राफिक्स प्रेस**

**काठमाडौँ**

***आवरण फोटो***

जनआन्दोलन २०६२/०६३ क्रममा गणतन्त्रको माग गर्दै प्रदर्शनकारी

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट/डा. पिताम्बर शर्मा ५
- इतिहासको पानाबाट/ रत्नसागर श्रेष्ठ १०
- इतिहासको पानाबाट/ सुरेन्द्र पाण्डे १४
- नेपालको संविधान २०७२... १६
- नेपालमा सङ्घीयताको .../विजयराज गौतम २०
- सङ्घीयतापछिको नेपाल .../कृष्णप्रसाद सापकोटा २४
- बाल अधिकारका लागि .../गौरी प्रधान ३०
- सङ्घीय नेपालमा ..../डा. विद्या चापागाईं ५३
- तहगत सरकारका अधिकार.../डा. काशीराज दाहाल ४९
- नेपालको सङ्घीयता..../खिमलाल देवकोटा ५४
- सङ्घीयताको कसीमा .../दिनेश श्रेष्ठ ६३
- सङ्घीयता, मधेश र अपेक्षा/ रोशन जनकपुरी ७४
- उत्साह र निराशाको दोसाँध..../रञ्जित तामाङ ८२
- गण्डकी प्रदेश र सङ्घीयता.../ गिरधारी सुवेदी ८९
- सङ्घीयता कार्यान्वयनमा.../ शेरबहादुर केसी ९६
- सङ्घीयता कर्णाली.../ केशवी जोशी १०५
- सङ्घीयता र सुदूरपश्चिम.../ कुलानन्द उपाध्याय ११६
- सङ्घीयतामा महिला सहभागिता/ रीमा बिसी १२३
- प्रकाशको सम्झनामा १२८
- अन्तर्वार्ता /बालानन्द पौडेल १२९
- ३० औं प्रकाश मानव अधिकार पुरस्कार.... १३२

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**

**नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ**

**टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१**

**इमेल** : prachi@insec.org.np


**वेबसाइट** : www.inse.org.np; www.inseconline.org

# यथावत



प्रदेशको आवश्यकता छैन भन्ने तर्क पनि छन्। तर ती वैज्ञानिक छैनन्, हामीले जनताको घरदैलोमा सत्ता र सेवा पुगोस् भन्नका निम्ति पनि सङ्घीयताको व्यवस्था गरेका हौँ। समस्या र चुनौती जे छन्, तिनीहरूको सामना गर्दै अगाडि बढ्नुको विकल्प छैन।

**पुष्पकमल दाहाल**, पूर्व प्रधानमन्त्री एवम् अध्यक्ष, नेकपा (माओवादी केन्द्र)
https://farakdhar.com/story/113513/



कुनै प्रणाली राष्ट्रको आर्थिक अवस्था र अवस्थिति तथा त्यहाँका प्रशासकहरूको प्रवृत्ति लगायत धेरै कुरासँग जोडिएको हुन्छ। नेपालको अवस्थिति, नेपालका शासक–प्रशासकहरूको मनोवृत्ति र जनताको चेतना सबै हिसाबले हाम्रो जस्तो देशमा सङ्घीयता आवश्यकता छैन भनेर राष्ट्रिय जनमोर्चाले भनेको हो।

**चित्रबहादुर केसी**, अध्यक्ष राष्ट्रिय जनमोर्चा नेपाल
https://khabarhub.com/2024/20/649739/



सङ्घीय संरचनामा केन्द्रीय आयोगहरू छन्, ती पनि प्रादेशिक, स्थानीय तहसम्म पुगेको देखिँदैन। त्यसैले अहिलेको अवस्थामा हाम्रो सङ्घीयता पूर्ण रूपमै सङ्घीयता हो कि भन्दा पनि अर्धसङ्घीय शासन पद्धतिको जस्तो संविधानले परिकल्पना गर्‍यो । त्यसको कार्य अधिकार, क्षेत्राधिकार हेर्दा त्यस्तो देखियो। सङ्घीयताको मूल्य मान्यता सिद्धान्त जे हुनु पर्थ्यो त्यो देखिएन।

**डा. चन्द्रकान्त ज्ञवाली**, संविधानविद्
https://khabarhub.com/2024/25/652307/

## कार्टून




साभार : अन्नपूर्णपोष्ट डट कम

## प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

**सम्पादक**

# नेपालको सङ्घीयता : सिक्दै अगाडि बढ्दै

संवैधानिक व्यवस्थाअनुसार स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनहरू जनताको व्यापक उत्साह र सहभागितामा सम्पन्न भएका छन् । यी निर्वाचनहरूबाट गठित सरकारहरूले नेपालको संविधानले परिकल्पना गरेअनुसार सङ्घीयताको अभ्यास सुरु गरेका छन् । नेपालमात्र होइन, बाहिरका धेरै राजनीतिक विश्लेषकले समेत नेपालको सङ्घीयतालाई असम्भवप्रायः ठानेका थिए ।

हामीले प्राप्त गरेका उपलब्धिको सही उपयोग गर्न सक्यौँ भने पनि देशले स्थायित्व र समृद्धितर्फ जाने बाटो अवलम्बन गरेको मान्न सकिन्छ । २००७ सालयता भोगिएका विविधखाले राजनीतिक प्रणाली र अभ्यासले नेपाली जनतालाई खुसी तुल्याउन सकेको छैन । सरकारहरू जनमुखी हुन नसक्दा देशले काँचुली फेर्न नसकेको अनुभव सबैसँग ताजै छ । नेपालमा विद्यमान गरिब र धनीबिचको बढ्दो खाडल र सरकार ढाल्ने र बनाउने कार्यमै बितेका धेरैजसो समयको स्मरण इतिहासदेखिकै प्रवृत्ति हुन् ।

राजनीतिक दलहरूले घोषणापत्रमा राजनीतिक स्थायित्व र समृद्धिको विषयलाई प्रमुखतासाथ उठाएका छन् । राजनीतिक स्थायित्व र समृद्धिका आधार के–के हुन् र यिनलाई कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा धेरै काम हुन बाँकी नै छ ।

राजनीतिक स्थिरताबाहेक सङ्घीय प्रणालीबाट आमनागरिकले अपेक्षा गरेको अर्को विषय आर्थिक समृद्धि हो । यसलाई सबैजसो राजनीतिक दलले प्रमुख चुनावी मुद्दाका रूपमा उठाउँदै आफ्ना चुनावी घोषणापत्रमा उल्लेख गरेका थिए । हाम्रो सन्दर्भमा आर्थिक समृद्धि प्राप्तिका आधार तथा यसका लागि आवश्यक स्रोतसाधनबारे खासै चर्चा हुने गरेको छैन । नौलो अभ्यासका रूपमा सञ्चालनमा आएको सङ्घीयता र यसका अङ्ग सङ्घ, प्रदेश र स्थानीय तहले विकास तथा समृद्धिको जनचाहनालाई पूरा गर्ने खालका नीति तथा कार्यक्रम तयार गरी लागू गरिएको बताएका छन् ।  यी सबै सरकारले भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारलाई प्राथमिकता दिई आय/व्ययको विवरण प्रस्तुत गरे । संविधानतः तोकिएका जिम्मेवारी पूरा गर्न सबै सरकारहरू क्रियाशील भएको आभास भयो । भलै यसका कमी कमजोरीहरू तथा सुधार गर्नुपर्ने पक्षका बारेमा छलफल हुने नै छ ।

प्रदेशलाई मात्र होइन, स्थानीय तहलाई पनि अधिकार दिन केन्द्र सरकारले आनाकानी गरिरहेको गुनासो आएको छ। यसले समग्र प्रदेश सरकारहरूमा निराशा छ भने स्थानीय सरकारहरू अलमलिएका छन्। निर्वाचन भइसकेपछि लोकतन्त्रका अवयवहरू स्थानीय समुदायमा भने पुग्न कोशिस गरिरहेका छन्। स्थानीय सरकारले कहीँ अत्यन्तै सकारात्मक झिल्को दिएको छन् । सङ्घीयताका कारणले अहिले ठाउँठाउँमा सृजनात्मक कामहरू भइरहेका छन् । स्याङ्जाको फेदीखोला गाउँपालिकाले किसानले उत्पादन गरेको कृषि उपज सक्नुहुन्छ धेरै पैसा लिएर बेच्नुस्। अन्यत्र बिक्री भएन भने हाम्रो स्थानीय तहभित्र उत्पादित कृषि उपज हामी किनिदिन्छौँ भनेर अभियान चलाएको छ । यो व्यवस्था कृषकको हितमा छ। यो गाउँपालिकाले शिक्षामा ३९ प्रतिशत बजेट छुट्याएको छ। स्थानीय सरकारले घरघरमा पुगेर ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य सेवा दिन थालेको छ।

जुम्लाको हिमा गाउँपालिकाले अभिभावक बालबालिकाका लागि आवासीय विद्यालय प्रारम्भ गरेको छ। समाजवादमा पुग्ने भनेर हामीले संविधानमा जारी गरेको प्रतिबद्धता लक्षित कार्यक्रम हो यो । इलामको रोङ गाउँपालिकाले अभिभावक शिक्षा दिन थालेको छ। गाउँपालिकाले पहिला अभिभावकले शिक्षा हासिल गरेमा बालबालिकालाई पढाउनु पर्छ भन्ने मान्यता स्थापित गर्न अभिभावक नै लाग्ने जनाएको छ। यो अभ्यासमा रोङ गाउँपालिका निरन्तर लागिरहेको छ। कतिपय ठाउँमा विद्यालय गाभेर आवासीय विद्यालय बनाउने कामको सुरुवात भएको पाइएको छ। यी उदाहरण स्थानीय सरकारले गरेका सृजनात्मक कामका हुन् । यी उदाहरण आफैँले नेतृत्व लिएपछि आएको सकारात्मक र सृजनात्मक चेतनाको परिणाम हुन्। यी केही उदाहरणहरू मात्रै हुन्। आफ्नो बलबुताले स्थानीय सरकार बामे सर्दैछन्। साना देखिने तर, अत्यन्तै महत्वपूर्ण कुरामा जनताको ध्यान छ।


हाम्रो सङ्घीयताले ठूलो ठूलो कुरा गर्नुभन्दा जनताका वास्तविक समस्यामा काम गर्नुपर्दछ। जुन आवश्यकता पनि हो। राजनीतिक हिसाबले सङ्घीयताको नौ वर्ष धेरै उत्साहको वर्ष रहेन। तर यसको अर्थ निराशा भइहाल्नु पर्ने अवस्था पनि छैन। अभ्यासले पनि परिपक्व हुँदै जाने हो।

# सङ्घीय एकाइको आर्थिक-प्राकृतिक स्रोतको प्रश्न महत्त्वपूर्ण हो

**सङ्घीयताका सन्दर्भमा आर्थिक, प्राकृतिक स्रोतको बाँडफाँटको प्रश्न महत्वपूर्ण हो। सङ्घहरूको ढाँचा कस्तो हुने, कति ओटा सङ्घ चाहिने भन्ने विषय पनि त्यसैले निर्धारण गर्छ। नेपाल राज्यको पुनःसंरचनाको प्रश्न र सङ्घीय एकाइलाई कति आर्थिक, प्रशासनिक, राजनीतिक अधिकार दिने भन्ने विषयलाई एकैपटक हेर्नुपर्छ। कति सङ्घ बनाउने र शक्ति कति दिने भन्ने विषय समानान्तर रूपमा जाने विषय हुन्। यदि आर्थिक र राजनीतिक अधिकार कम दिने हो भने जति सङ्घीय एकाइ बनाए पनि हुन्छ। जति अधिकार बढी दिइन्छ, त्यति सङ्घीय एकाइ ठूलो हुनुपर्ने खण्ड बन्छ किनभने आर्थिक दायित्व बहन गर्ने क्षमता पनि त चाहियो।**

**देशलाई सङ्घहरूमा विभाजन गर्दा के आधारमा विभाजन गरिनुपर्छ र स्रोत र साधनको बाँडफाँट कसरी गरिनुपर्छ ?**

सबैभन्दा पहिला सङ्घीयतामा जानुको विषयमा प्रस्ट हुनु आवश्यक छ। मेरो विचारमा सङ्घीयतामा जानुका पछाडि मुख्य तीनओटा कारणहरू छन्। पहिलो, नेपाल राज्यको स्थापना र विस्तार मूलतः एउटा जाति, एउटा भाषा, एउटा धर्म पृष्ठपोषण गर्ने सन्दर्भमा भयो। २०५८ को जनगणना अनुसार नेपालमा १ सय ओटा पहिचान गरिएका जातिहरू बस्छन्। ९२ ओटा भाषाहरू बोलिन्छन्। त्यसैले सङ्घीयतामा जाँदा सम्बोधन गरिनुपर्ने प्रमुख प्रश्न सबैको जातीय, भाषिक, सांस्कृतिक पहिचानको हो। नेपालका विभिन्न जाति, भाषा, संस्कृतिको पहिचान र विकास कसरी सुनिश्चित गर्ने ? नेपाल राज्यको ऐनामा सबै जातजातिको अनुहार देखिने खण्ड कसरी निर्माण गर्ने ? नेपाल राज्यमाथि सबैको साझा स्वामित्व हुने खण्ड कसरी स्थापित गर्ने ? सङ्घीयताले पहिचानसँग जोडिएका यी प्रश्नहरूलाई सम्बोधन गर्न सक्नुपर्छ। दोस्रो, नेपाल राज्यको विकासको एउटा महत्त्वपूर्ण पक्ष यसको असमावेशी चरित्र हो। यसले गर्दा राज्यको सामाजिक, आर्थिक, प्रशासनिक, राजनीतिक नेतृत्व बाहुन-क्षेत्री र पछि नेवारजस्ता थोरै जातजातिमा मात्रै सीमित रह्यो। थोरैलाई काखा र बहुसङ्ख्यकलाई पाखा राज्य सञ्चालनको स्थापित नीति नै रह्यो। २००७ सालपछि 'विकास' राज्यको प्रमुख उद्देश्यका रूपमा अगाडि आयो तर विकासको फाइदा तिनै जातजाति, भाषाभाषीहरूले नै लिए, जो अगाडि थिए। ऐतिहासिक विभेद भोगेका बहुसङ्ख्यक जातजाति विकासको मूल प्रवाहमा आउने खण्ड नै भएन। यसैले सङ्घीयताले सम्बोधन गर्नुपर्ने अर्को प्रमुख



डा. पिताम्बर शर्मा

प्रश्न समावेशी विकासको हो। नेपालको विकासमा सबै जातजातिका आकाङ्क्षाहरूलाई कसरी प्रतिविम्बित गर्ने ? ती सबैलाई विकासमा कसरी सहभागी तुल्याउने ? ऐतिहासिक विभेद भोगेका जातजातिमा विकासको प्रतिफलको साझेदारी कसरी सुनिश्चित गर्ने ? विकासलाई समतामूलक र सबैको समपहुँच हुने स्थितिको निर्माण कसरी गर्ने ? ऐतिहासिक विभेद भोगेका जातजातिलाई विकासको मूल प्रवाहमा पुऱ्याउन सकारात्मक विभेद र आरक्षणजस्ता नीतिहरूको कार्यान्वयन र तिनको अपेक्षित प्रभाव कसरी सुनिश्चित गर्ने ? समावेशी विकासको यो एउटा पाटो हो। अर्को पाटो स्रोत र साधनको हो। पहिचान जतिसुकै सघन होस्, त्यो विकासको माध्यम त्यसबेला मात्र हुन सक्छ, जब पहिचान सकारात्मक हुनसक्छ। यसैले समावेशी विकासका निम्ति आवश्यक स्रोत र साधनको प्रश्न पनि त्यत्तिकै महत्त्वपूर्ण छ।

**सङ्घीय एकाइहरूको निर्माण गर्दा स्रोत र साधनको सम्भाव्यता कसरी सुनिश्चित गर्ने ?**

यो पनि सङ्घीयताका सन्दर्भमा सम्बोधन गरिनुपर्ने अत्यन्त जटिल प्रश्न हो। सङ्घीयताका सन्दर्भमा सम्बोधन गर्नुपर्ने तेस्रो प्रश्न शक्ति विकेन्द्रीकरण र निक्षेपणको हो। झन्डै २ सय ५० वर्षसम्म नेपाल असाध्यै केन्द्रीकृत, असमावेशी, एकात्मक अधिराज्यका रूपमा विकसित भयो। त्यसले गर्दा नेपालको सबै प्रशासकीय, आर्थिक, राजनीतिक, सामाजिक शक्ति काठमाडौँमा केन्द्रित भयो। मोफसलको स्रोत र साधनले काठमाडौँ केन्द्रित राजनीतिक र सामरिक शक्तिलाई भरथेग गर्नुपर्छ तर केन्द्रको मोफसलप्रतिको दायित्व निगाहको मात्र हो भन्ने मानसिकताको विकास भयो। लोकतन्त्रको मर्म भनेको शक्तिको उद्भव नै शक्तिको स्रोत हुनुपर्छ भन्ने मान्यता हो। शक्तिको उद्भव र स्रोत जनता हुन्। त्यस कारण शक्तिको निक्षेपण र विकेन्द्रीकरण जनताको घर-दैलोमा पुग्ने गरी कसरी गर्ने भन्ने प्रश्न सङ्घीयताका सन्दर्भमा एकदमै दूरगामी महत्त्व राख्ने प्रश्न हो।

यसकारण सङ्घीयतामा जाँदा जातीय, भाषिक, सांस्कृतिक पहिचान, समावेशी विकास, शक्ति निक्षेपण र विकेन्द्रीकरणका प्रश्नहरूलाई एकैसाथ सम्बोधन गर्नुपर्ने हुन्छ। जातीय, भाषिक र सांस्कृतिक परिवेश के छ, जातीय, भाषिक, सांस्कृतिक समूहहरूको भौगोलिक वितरण कस्तो छ, विभिन्न समूहहरू कसरी सन्निकट भएर बसेका छन्, यी कुराहरूलाई हेर्नुपर्ने हुन्छ। समोवशी विकास भन्नासाथ विकासका लागि प्राकृतिक स्रोतसाधनको स्थिति के छ, आर्थिक सम्भाव्यता कति छ, आर्थिक स्वायत्तता कुन हदसम्म हुनसक्छ कि सक्दैन, सङ्घीय एकाइ विकासको योजनाको एकाइ हुनसक्ने खण्ड कति छ र आर्थिक लेनदेनको स्थिति कस्तो छ आदि सबै कुराहरूलाई पनि हेर्नुपर्छ। राज्यको शासकीय संरचनामा विभिन्न तहमा शक्तिको बाँडफाँट र निक्षेपण कसरी गर्ने भन्ने प्रश्न पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ। मूल कुरा के हो भने सङ्घीयताले खास जातजातिको सघन पहिचान हुने, समावेशी विकासका सम्भाव्यताहरूलाई व्यवहारमा कार्यान्वयन गर्ने र विकेन्द्रीकरण र शक्ति निक्षेपण नगरी नहुने शासकीय संरचनालाई अवश्यम्भावी बनाउँछ।

**सङ्घीयताका बारेमा सबैले आ-आफ्नो धारणा प्रस्तुत गरिसकेको र हाल दलहरूका बीचमा समेत यो विषयमा एकरूपता नदेखिएको अवस्थामा यसको**

**मिलनविन्दु के हुनसक्ला र यसले संविधान निर्माण प्रक्रियामा कस्तो असर पार्ला ?**

सङ्घीयताका बारेमा एक-दुई दलले मात्र आफ्नो सर्वाङ्गीण धारणा सार्वजनिक गरेका छन्। माओवादीले जातीयतालाई नै सङ्घीयताको मुख्य आधार मानेको छ। मधेसवादी दलहरूले 'एक मधेस एक प्रदेश'को नारासहित तराई, पहाड र हिमाललाई प्रदेश मान्नु पर्ने जिकिर गरेका छन्। जातीयताको आधार लिने हो भने नेपालको पहाडी प्रदेशमा पूर्वतिरबाट लिम्बू, शेर्पा, राई, तामाङ, नेवार, मगर, गुरुङ, क्षेत्री गरी आठवटा जातीय बाहुल्य (सघन बसोवास तर बहुमत हैन) भएका क्षेत्र छन्। तर, क्षेत्री र तामाङबाहेक अन्य क्षेत्रहरूमा खास जातिहरू अल्पसङ्ख्यामा पर्छन्। फेरि लिम्बू क्षेत्रमा राई, राई र तामाङ क्षेत्रमा क्षेत्री, मगर क्षेत्रमा बाहुनका सघन बसोवासका ठाउँहरू छन्। अर्थात्, खास जातीय बाहुल्य भए पनि यी क्षेत्रहरू मूल रूपमा बहुजातीय र बहुभाषिक नै छन्।

त्यस्तै, तराई र भित्री मधेसमा थारु जाति र मैथिली भाषिक समूहको बाहुल्य भएका क्षेत्र छन्। तर, बसाइँसराइले गर्दा तराईको जनसाङ्ख्यिकीमा पनि ठूलो परिवर्तन आएको छ र यी क्षेत्रहरू पनि बहुजातीय र बहुभाषिक नै हुन पुगेका छन्। नेपालमा सबैभन्दा व्यापक रूपले वितरित जात क्षेत्री र बाहुनको हो। यी दुई समूह नेपालको कुल जनसङ्ख्याको ३१ प्रतिशतको हाराहारीमा छन्। तेस्रो ठूलो समूह दलितको हो, यिनीहरू कूल जनसङ्ख्याको १३ प्रतिशतजति छन्। तर, अरू जात जस्तै दलितहरूको बाहुल्यको आफ्नो जोडिएको व्यापक क्षेत्र छैन। जनजातिहरू समष्टिमा कुल जनसङ्ख्याको झन्डै ३७ प्रतिशत छन् तर सबभन्दा ठूला जनजाति समूह मगर र थारु कुल जनसङ्ख्याको सात-सात प्रतिशत मात्र छन्। 'एक मधेस एक प्रदेश'को मधेसवादी दलहरूको नाराको भौगोलिक, जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथ्यसँग कुनै सामञ्जस्य वा औचित्य छैन। खास तराई अर्थात् चितवन र दाङबाहेकका १८ जिल्ला एउटै अविच्छिन्न भौगोलिक एकाइ होइनन्। जातीय हिसाबले तराईकै ५९ जातीय समूह छन्। भाषिक हिसाबले तराईकै पाँच भाषिक समूह छन्। जनजातिहरू र मुसलमानको आ-आफ्नै भिन्न धार्मिक र सांस्कृतिक परिचय छ। फेरि छ ओटा मधेसका जिल्लामा पहाडी जनसाङ्ख्यिक समूहहरूको बहुमत छ। आर्थिक हिसाबले पनि पूर्व र पश्चिम तराईको पारस्परिक आर्थिक लेनदेन न्यून छ। 'एक मधेस एक प्रदेश'को मधेसवादी दलहरूको नारा ऐतिहासिक रूपले राज्यले गरेको विभेदको प्रतिक्रियास्वरूप उठेको हो। यसले मधेसलाई एक प्रदेश बनाएर पहाडलाई आर्थिक हिसाबले बन्धक बनाउने र तराईभित्रको व्यापक सामाजिक विभेद र असमानतालाई नजरअन्दाज गर्ने राजनीतिक दाउको छनक मात्र दिन्छ। राज्यको पुन:संरचना गर्दा केही सामान्य सिद्धान्त वा आधारको ख्याल राख्नु आवश्यक होला। पहिलो कुरा, जातीय र भाषिक वितरण कस्तो छ भन्ने हेर्न आवश्यक छ। सबै जात, जातिका सङ्घीय एकाइ बनाउन सकिन्न। ऐतिहासिककालदेखि नै एकअर्काका नजिक बसेका जातजातिहरूलाई समाहित गरेर प्रदेश बनाउनु औचित्यपूर्ण हुन्छ। जातीय प्रदेशको वकालत गर्नेहरूले पनि जातीय राज्यको स्वरूपका बारेमा व्याख्या गरेका छैनन्, त्यो गरिनु आवश्यक छ। जातीय प्रदेश पनि स्थापित लोकतान्त्रिक मान्यतामा आधारित हुने होला नै। त्यस्ता प्रदेशमा खास जातिबाहेक अन्यले राज्य सञ्चालनमा

सहभागी नै हुन नपाउने हो कि वा खास जातिको अग्राधिकार हुने हो कि ? यी सब कुराबारे स्पष्ट हुनु जरुरी छ। धेरैजसो जातीय प्रदेशमा खास जाति बहुमतमा नहुने खण्ड नेपालमा छ। माओवादीले भनेको लिम्बूवानलाई हेर्ने हो भने त्यहाँ लिम्बूहरू २६ प्रतिशत मात्रै हुन्छन्। त्यसकारण अल्पसङ्ख्यकको पहिचानलाई कसरी स्थापित गराउने, अल्पसङ्ख्यकलाई कसरी सशक्तीकरण गर्ने, अल्पसङ्ख्यकको समस्याको व्यवस्थापन कसरी गर्ने ? यी प्रश्नहरू पनि सङ्घीयताको मर्मसँग जोडिएका प्रश्न हुन्।

नेपाल मूलतः अल्पसङ्ख्यकको देश हो। कतिपय जाति सङ्ख्याको हिसाबले अल्पसङ्ख्यक छन्। कतिपय जाति सङ्ख्याका हिसाबले ठूला भए पनि राज्यको सामाजिक, राजनीतिक व्यवहारले अल्पसङ्ख्यकसरह छन्। त्यसकारण पहिचानको प्रश्नलाई महत्त्व दिनैपर्छ।

दोस्रो, सङ्घीय एकाइहरूमा आर्थिक रूपले, सम्भाव्यता भएका र विकास गर्न सकिने सम्पदा भएका खण्डमा आर्थिक विकास गर्न सजिलो हुन्छ। सधैं केन्द्रको मुख ताक्नु पर्ने स्थिति रह्यो भने स्वायत्तताको अर्थ रहँदैन, यसबारे पनि विचार पुऱ्याउनु पर्छ। अहिले पहिचान गरिएका जातीय क्षेत्रहरूको आर्थिक सम्भावनाहरू के के छन्, यसमा अध्ययन हुन पनि आवश्यक छ। सकारात्मक पहिचान र विकास एकअर्कासँग अन्योन्याश्रित रूपले जोडिएका कुरा हुन् भन्ने पनि बिर्सनु हुन्न।

तेस्रो, सङ्घीय एकाइहरूको सङ्ख्या बढीमा सात-आठ भन्दा बढी गर्नु प्रशासकीय र आर्थिक हिसाबले उपयुक्त नहोला। प्रदेशको क्षेत्रफल जति ठूलो हुन्छ, आर्थिक सम्भाव्यता त्यत्ति नै बढी हुन्छ तर जातीय पहिचान पातलो हुनसक्छ। फेरि सङ्घीय एकाइहरूको सङ्ख्या कति हुने भन्ने कुरा ती एकाइलाई कस्ता र कति अधिकार दिने भन्ने कुरासँग अन्योन्याश्रित रूपले जोडिएको हुन्छ। चौथो, सङ्घीय एकाइहरू प्रादेशिक विकासका एकाइहरू पनि हुनुपर्छ भन्ने मेरो मान्यता छ। जिल्ला तहमा जातीय पहिचान हुने र सङ्घीय तहमा नेपालको पहाड, तराई, हिमालको अन्तरप्रादेशिक लेनदेन हुने गरी एकाइहरूको निर्माण गर्नुपर्छ। नेपालका भौगोलिक प्रदेशका प्राकृतिक स्रोतहरू एकअर्काका परिपूरक छन्। पहाडमा पानी छ, जल ऊर्जाको प्रसस्त सम्भावना छ, तराईमा ऊर्जा भूमि छ, कृषिमा आधारित औद्योगीकरणको सम्भावना छ। पहाडमा पर्याप्त पर्यटनको सम्भाव्यता छ, तराईमा धार्मिक र वन्यजन्तु आधारित पर्यटनको सम्भाव्यता छ। दुवैमा आ-आफ्ना किसिमका जैविक विविधता छन्। अन्तरभौगोलिक प्रादेशिक लेनदेन सबल नबनाउन्जेल नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अवस्था सबल हुन सक्दैन। यो कुरालाई पनि हेर्नुपर्ने त्यत्तिकै आवश्यकता छ।

**सङ्घीयताले देश टुक्र्याउँछ र नेपालजस्तो भौगोलिक विविधतायुक्त देशलाई सङ्घीयता नभई स्वायत्तता दिइनुपर्छ भन्ने मान्यतालाई यहाँले कसरी खण्डन गर्नुहुन्छ ?**

सङ्घीयतामा जाँदा देश टुक्रिन्छ भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ ती राजनीतिक दलहरूले दिनुपर्छ, जो सङ्घीयतातिर जान चाहिरहेका छन्। मेरा विचारमा सङ्घीयताले देश विखण्डन हुँदैन। सङ्घीयता जातीय पहिचान स्थापित गर्न समावेशी विकास गर्न र शक्तिको निक्षेपण गर्न आजको नेपालको आवश्यकता

भइसकेको छ। सङ्घीयताले राष्ट्रको स्वामित्वलाई व्यापक तुल्याउने खण्ड बनाउँछ। यदि कुशल राजनीतिक तरिकाले, सम्भाव्य आर्थिक हिसाबले, जातिको पहिचान हुने तर अल्पसङ्ख्यकका अधिकारहरू पनि सुनिश्चित हुने प्रकारले सङ्घीयतातिर गइयो भने देश बलियो हुन्छ। हाम्रा विविध जाति, भाषा, संस्कृति भएर पनि सबैभन्दा माथि हामी नेपाली हौँ भन्ने भावना जगाउन सक्यौँ र त्यस्ता संस्थाहरूको निर्माण गर्न सक्यौं भने विखण्डन हुँदैन। यसैले राजनीतिक दलहरू, जातीय समूह र संस्थाहरूले सङ्घीयताका आ-आफ्ना सोचाइहरूलाई स्पष्ट रूपमा अगाडि ल्याउनुपर्छ र हेक्का राख्नुपर्छ कि उनीहरूको सङ्घीयताको सोचले राज्य टुक्रिँदैन, बरु अझ सबल बन्छ। मेरो गोरुको बाह्रैटक्का भन्न खोजियो, देश जता जाओस्, मेरो माग पूरा हुनैपर्छ भनेर अड्डी लिइयो र विदेशीका इसारामा सारा राष्ट्रलाई नै बन्धक बनाउने कुत्सित खेल खेलियो भने बिखण्डन पनि हुनसक्छ। तर, मलाई के लाग्छ भने नेपाली जनता यहाँका नेता भन्दा बढी बुद्धिमान र विवेकशील छन्। यो भूगोलको आफ्नोपनलाई र यसमा समाहित सपनाहरूलाई उनीहरू कुनै पनि मूल्यमा खण्डित हुन दिँदैनन्।

**देशलाई सङ्घीयतामा विभाजन गर्दा केन्द्रीय र सङ्घीय राज्यबीच आर्थिक स्रोतको बाँडफाँट कसरी गरिनुपर्छ ?**

सङ्घीयताका सन्दर्भमा आर्थिक, प्राकृतिक स्रोतको बाँडफाँटको प्रश्न महत्त्वपूर्ण हो। सङ्घहरूको ढाँचा कस्तो हुने, कतिओटा सङ्घ चाहिने भन्ने विषय पनि त्यसैले निर्धारण गर्छ। नेपाल राज्यको पुन:संरचनाको प्रश्न र सङ्घीय एकाइलाई कति आर्थिक, प्रशासनिक, राजनीतिक अधिकार दिने भन्ने विषयलाई एकैपटक हेर्नुपर्छ। कति सङ्घ बनाउने र शक्ति कति दिने भन्ने विषय समानान्तर रूपमा जाने विषय हुन्। यदि आर्थिक र राजनीतिक अधिकार कम दिने हो भने जति सङ्घीय एकाइ बनाए पनि हुन्छ। जति अधिकार बढी दिइन्छ, त्यति सङ्घीय एकाइ ठूलो हुनुपर्ने खण्ड बन्छ किनभने आर्थिक दायित्व बहन गर्ने क्षमता पनि त चाहियो। सङ्घीयतामा शक्तिको बाँडफाँड गर्दा जातीय पहिचान, समावेशी विकास र शक्ति निक्षेपणलाई ध्यानमा राखेर गर्नुपर्छ। यो एकदमै महत्त्वपूर्ण प्रश्नमा अहिले हाम्रा राजनीतिक दलहरूले प्रवेश गरेकै छैनन्। जब आर्थिक स्रोतको बाँडफाँट र अधिकारसम्बन्धी सङ्घीय, प्रादेशिक, स्थानीय र सामुदायिक सूची र समवर्ती सूचीहरू बन्लान्, तब मात्र यो विषयको गहिराइमा दलहरूले प्रवेश गर्लान्। सामान्यतया, आर्थिक स्रोतको बाँडफाँट गर्दा केन्द्रको समन्वयकारी भूमिकालाई बढी ध्यान दिनुपर्छ। यसैले आर्थिक स्रोत, राजस्व आदिको तोकिएको हिस्सा केन्द्रमा आउने व्यवस्था आवश्यक हुन्छ। सबै सङ्घीय एकाइ वा प्रदेशको हैसियत समान हुँदैन। धनी र सापेक्षिक रूपले गरिब प्रदेशहरूका बीच प्राथमिकताका विकासका कामहरूमा समान अवसर प्रदान गर्न र समन्वय स्थापित गर्न केन्द्रले अनुदानका माध्यमबाट स्रोतको स्थानान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ। यस्तो बाँडफाँडका निम्ति वित्तीय आयोग, प्राकृतिक स्रोत आयोगजस्ता संवैधानिक आयोगहरूको व्यवस्था गर्ने चलन धेरै देशहरूमा छ।

(प्राची संचेतना द्वैमासिक वर्ष १६, पूर्णाङ्क ६८)

# सङ्घीयता बाधक हुनेछ जलस्रोतको अधिकतम दोहनमा

**सङ्घीयताको सन्दर्भमा जलस्रोतबारे विवेचना गर्नुअगाडि जलस्रोत र अन्य प्राकृतिक स्रोतको बीचमा विद्यमान विभेद पहिचान गर्न आवश्यक हुन्छ। जमिन, जङ्गल, जडीबुटी, खनिज पदार्थजस्ता स्रोत स्थानीय बासिन्दा आफैँ संलग्न भएर उद्यम गरेर र उपयोग गरेर लाभान्वित हुन सक्छन्, प्रत्यक्ष लाभ लिन सक्छन्, रुखबाट टिपेर, जमिनबाट उखेलेर, जग्गा उत्खनन गरेर, खेती गरेर इत्यादि। तर, जलस्रोतको प्रकृति फरक छ। स्थानीय बासिन्दाले सिञ्चाइ, लघु जलविद्युत्, जलपर्यटन आदिबाट लाभान्वित हुन सक्छन् तर ठूला जलविद्युत् आयोजना निर्माण भएमा स्थानीय बासिन्दा प्रतिकूल प्रभावमा पर्छन् भने लाभान्वित हुन्छन् अन्यत्र बत्ती बाल्ने जनता।**

पूर्णत: एक अराजनीतिक व्यक्तित्व यस पङ्क्तिकारलाई राष्ट्रिय जनमोर्चाका तर्फबाट शान्तिवाटिकामा जलस्रोत र सङ्घीयता सम्बन्धमा गत वैशाख ९ गते प्रवचन दिन निम्ता आउँदा दुई विषयमा घोत्लिन बाध्य पाऱ्यो। कुनै पनि प्रकारको साम्यवादमा विश्वास नगर्ने भएकाले उक्त राजनीतिक दलको निम्ता नै स्वीकृत गर्ने सम्बन्धमा अन्तरद्वन्द्व भयो। तर, लोकतन्त्र, मौलिक हक, कानुनी राज, राजनीतिक नियन्त्रण र सन्तुलनजस्ता मूलभूत सिद्धान्तहरूमा अधिकांश दलहरूमा फरक देखिन्न भने आर्थिक/वित्तीय हिसाबले सबै दलहरू एकै किसिमका देखिन थालेका छन्। तर, देशभक्ति, देशप्रेमको हिसाबले भने टड्कारो रूपमा दुई प्रकारका दलहरू देखिएका छन्, देशभक्ति, देशप्रेम भएका दल र राष्ट्रिय स्वार्थसँग सम्झौता गर्ने दल। तसर्थ, राष्ट्रिय स्वार्थको सम्बर्द्धनको मुद्दा उठाएको दलले गरेको आग्रहलाई अस्वीकार गर्ने इच्छा भएन। त्यसपछि विषयवस्तुबारेमा चिन्तन गर्दा उब्जेको निम्न विचारलाई यहाँ लिपिबद्ध गरिएको छ।



रत्नसंसार श्रेष्ठ

**अन्तरिम संविधानमा संघीयता**

नेपालमा चलेको जनआन्दोलन २०६२/६३ चरमोत्कर्षमा पुग्दा नेपालमा लोकतन्त्र मात्र स्थापना नभएर राजतन्त्रको पनि अन्त्य भयो। जनता आफैँले चुनेको संविधानसभाद्वारा नेपालको संविधान बनाउने नेपाली जनताको ००७ सालदेखि अपूर्ण आकाङ्क्षा परिपूर्ति हुने अवस्था पनि सिर्जना भयो। संविधानको ढाँचा कस्तो हुने, यसमा के-कस्ता कुरा लेख्नेलगायत मुलुक एकात्मक नै रहने कि सङ्घीयतामा जाने आदि विषयमा यो सभाले छलफल गरेर, निर्क्योल गरी संविधानमा समावेश गर्नुपर्ने थियो तर

अन्तरिम संविधान लेख्ने जिम्मा पाएका विज्ञहरूले बढी जान्ने भएर, सङ्घीयता के कस्तो हो, यसले मुलुकमा के कसरी अनुकूल वा प्रतिकूल प्रभाव पर्छ भन्नेबारे नबुझेरै अन्तरिम संविधानमा नै नेपाललाई सङ्घीय राज्य घोषणा गरिदिए। यसले गर्दा एकात्मक राज्य संरचनाले नेपालमा निरन्तरता पाउने कि सङ्घीय संरचनामा जाँदा देश र जनता लाभान्वित हुन्छन् भन्ने विषयमा छलफल र सहमति गर्ने अवसरबाट संविधानसभालाई वञ्चित पारिने अवस्था भएको छ। तर, यसो भन्दैमा अन्तरिम संविधान लेख्नेहरूलाई संविधानसभाकै जस्तो अधिकारसम्पन्न मान्न सकिन्न र यस सम्बन्धमा छलफल, मन्थन, बहस जरुरी छ र यसपछि मात्र निर्णयमा पुगिनुपर्छ, नेपालजस्तो सानो मुलुकलाई विभिन्न प्रान्तहरूमा बिखण्डित गर्नु लाभदायक हुन्छ कि हुन्न भनेर।

**प्राकृतिक स्रोत**

जलस्रोत पनि प्राकृतिक स्रोतहरूमध्ये एक भए तापनि अन्य प्राकृतिक स्रोतभन्दा फरक छ। सङ्घीयताको सन्दर्भमा जलस्रोतबारे विवेचना गर्नुअगाडि जलस्रोत र अन्य प्राकृतिक स्रोतको बीचमा विद्यमान विभेद पहिचान गर्न आवश्यक हुन्छ। जमिन, जङ्गल, जडीबुटी, खनिज पदार्थजस्ता स्रोत स्थानीय बासिन्दा आफैं संलग्न भएर उद्यम गरेर र उपयोग गरेर लाभान्वित हुन सक्छन्, प्रत्यक्ष लाभ लिन सक्छन्, रुखबाट टिपेर, जमिनबाट उखेलेर, जग्गा उत्खनन गरेर, खेती गरेर इत्यादि। तर, जलस्रोतको प्रकृति फरक छ। स्थानीय बासिन्दाले सिँचाइ, लघु जलविद्युत्, जलपर्यटन आदिबाट लाभान्वित हुन सक्छन् तर ठूला जलविद्युत् आयोजना निर्माण भएमा स्थानीय बासिन्दा प्रतिकूल प्रभावमा पर्छन् भने लाभान्वित हुन्छन् अन्यत्र बत्ती बाल्ने जनता।

नदीको प्रवाहमा आधारित जलविद्युत् आयोजना निर्माण हुँदा आयोजनाको अनुमतिपत्र (लाइसेन्स)ले प्रदान गर्ने जलाधिकारको कारण माथिल्लो तटीय क्षेत्रमा नयाँ जमिनमा सिँचाइ गर्नबाट वञ्चित हुन्छन् किनभने आयोजनालाई उपलब्ध हुने पानीको परिमाण घटेमा विद्युत् उत्पादन घट्नाले आयोजनाको राजस्व घटेर लगानीकर्तालाई घाटा हुने हुन्छ। दृष्टान्ततः कर्णाली आयोजना निर्माण भएमा जुम्लाका जनताले तीला नदीबाट समेत नयाँ सिँचाइ आयोजना निर्माण गर्नबाट वञ्चित हुन्छन्। यस अतिरिक्त नदी छेकेर नहर/सुरुङबाट आयोजनामा पानी लैजानाले नदीको एउटा भेग नै पानीरहित हुनपुग्छ (सडक मार्गबाट पोखरा जाँदा मर्स्याङ्दी नदीको यस्तो बेहाल टड्कारो रूपमा देखापर्छ) र नदीको यस भेगमा निर्भर स्थानीय बासिन्दाले परापूर्वदेखि आफूले प्रयोग गर्दै आएको पानीबाट वञ्चित हुन्छन्। यस्तोमा उत्पादित बिजुली अन्य प्रान्तमा उपयोग हुने भएमा आयोजना निर्माणका लागि स्थानीय जनता राजी हुने सम्भावना अत्यन्त न्यून हुन्छ र सम्भाव्यता अनुरूप जलविद्युत् उत्पादन गर्ने सम्भावना क्षीण हुन्छ।

**जलाशययुक्त आयोजना**

नदीको प्रवाहमा आधारित आयोजनाभन्दा जलाशययुक्त आयोजनाले स्थानीय जनतालाई अझ बढी प्रतिकूल प्रभाव पार्छ, काली गण्डकी 'ए' आयोजनाले जस्तै नदीमा दिनभरि बगेको पानी सञ्चय गरेर आवश्यक समयमा विद्युत् उत्पादन गर्नेले सापेक्ष रूपमा कम प्रतिकूल प्रभाव पार्छ भने

कुलेखानीजस्तो वर्षभरि परेको पानी सञ्चय गर्ने आयोजनाले अत्यधिक प्रतिकूल प्रभाव पार्छ। जलाशय निर्माण गरिँदा जग्गाजमिन, वनजङ्गल, वन्यजन्तु, पर्यटकीय स्थल, मन्दिर, देवालय, स्थानीय पूर्वाधारसमेत डुबानमा पर्नुका अतिरिक्त स्थानीय बासिन्दा विस्थापितसमेत हुन्छन्। यसरी ठूला जलाशययुक्त आयोजना निर्माण गरेर जलस्रोतको उपयोग गरेको अवस्थामा स्थानीय बासिन्दा लाभान्वित हुनुको सट्टा धेरै कुराबाट वञ्चित हुन्छन्।

अर्कोतिर जलाशययुक्त आयोजनाको निर्माणबाट तल्लो तटीय क्षेत्रमा सुक्खायाममा समेत थप पानी उपलब्ध हुन्छ, जुन खानेपानी, सिँचाइ, औद्योगिक प्रयोग, जलाधारको सुधार आदिमा मात्र उपयोग नभई, सुक्खायाममा निश्चित परिमाणमा पानी बग्नाले जलपरिवहन र जलक्रीडामा आधारित पर्यटकीय प्रयोगसमेत भएर तल्लो तटीय क्षेत्र लाभान्वित हुन्छ। यस्तोमा माथिल्लो तटीय प्रान्तले जलाशययुक्त बहुउद्देश्यीय आयोजना निर्माणमा सहमत हुने सम्भावना एकदम न्यून हुन्छ। उदाहरणका लागि धेरै टाढा जानु पर्दैन- भारत, पाकिस्तानमा विद्यमान यससम्बन्धी प्रान्तीय द्वन्द्व मात्र अवलोकन गरे पनि पुग्छ।

**पुन:बास**

अझ बढी मनमुटाव बढाउँछ बहुउद्देश्यीय आयोजनाबाट विस्थापित स्थानीय जनताको पुन:बासको मुद्दाले। जलाशय निर्माण गरिने पहाडी क्षेत्रमा पुन:बासका लागि आवश्यक जग्गा-जमिनको अभाव हुन्छ भने आवश्यक जग्गा उपलब्ध हुने ठाउँमा जातीय सन्तुलन बिग्रने कारण दर्शाएर पुन:बासका लागि सहमत हुन्नन्। पश्चिम तराईका थारुहरूले पश्चिम सेती आयोजनाबाट विस्थापितलाई आफ्नो भूभागमा पुन:वास गराउन असहमति नै जनाइसकेका छन्। यस्तोमा छुट्टाछुट्टै प्रान्त गठन भइसकेपछि अन्यत्र कतैका सहर-बजारहरूमा उज्यालो छर्नका लागि माथिल्लो तटीय प्रान्तले आफ्नो भूभाग डुबाएर, जनता विस्थापित गरेर जलाशययुक्त आयोजना निर्माण गर्न सहमत हुने सम्भावना हुँदैन।

**सिंचाइ तथा बाढी नियन्त्रण**

नेपालमा झन्डै ४० लाख हेक्टर खेतीयोग्य जमिन छ भन्ने तथ्याङ्क छ (धेरैजसो तराईमा) भने ५ लाख हेक्टर (१३ प्रतिशतभन्दा कम) मात्र सिञ्चित छ, त्यो पनि अधिकांश वर्षामा मात्र, जसले गर्दा धेरैजसो जमिनमा एक बाली मात्र राम्ररी खेती गरिन्छ। देशमा खाद्य सुरक्षा बहाल गर्न र नगदे बालीलगायत प्रवर्द्धन गरेर किसानलाई समृद्ध पार्न सुक्खायाममा समेत सिँचाइ गरेर खेती गरिनु, कम्तीमा तीन बाली लगाइनु पर्छ। यसका लागि जलाशय बनाएर वर्षायाम (चार महिना)मा परेको पानी सञ्चित गरेर बाँकी आठ महिना पनि सिँचाइ गर्नुपर्छ। जलाशय निर्माण गर्दा तल्लो तटीय क्षेत्रमा वर्षामा आउने बाढी पनि नियन्त्रण हुन्छ। यस्तोमा तराई छुट्टै प्रान्त बनेमा जलाशययुक्त आयोजना निर्माणको सम्भावना कमै हुन्छ।

**जलविद्युत्**

अहिले पश्चिमाञ्चल विकास क्षेत्रले सबभन्दा बढी (झन्डै ३ सय ३० मेगावाट) जलविद्युत् उत्पादन गरेर आधा मात्र खपत गर्छ भने पूर्वाञ्चल विकास क्षेत्रले १४ मेगावाट उत्पादन गरेर त्यसको बीसौं गुणा बढी उपयोग गर्छ। मध्यमाञ्चल विकास

क्षेत्रले आफ्नो उत्पादन (२ सय ७५ मेगावाट) भन्दा केही बढी खपत गर्छ। विद्यमान पाँच विकास क्षेत्रहरूलाई नै प्रान्त घोषित गरिएमा यस किसिमको मिलीजुली उत्पादन एवम् उपयोगको सम्भावना कम हुन्छ। एक प्रान्तबाट अर्को प्रान्तमा कति मूल्यमा बिजुली उपलब्ध गराउने भन्ने सामान्य विषय पनि विवादमुक्त हुन नसकेर एक प्रान्तले अर्को प्रान्तमा विद्युत् आपूर्ति नै बन्द गर्नेसम्मको अवस्था आउन सक्छ।

**जलस्रोत सम्बन्धमा विवाद**

सङ्घीयताको सँघारमा पुग्न लागेका नेपालीको आँखा छिमेकी भारतमा विद्यमान यससम्बन्धी विवादले मात्रै पनि खुल्नुपर्ने हो। पानीको बाँडफाँट सम्बन्धमा पञ्जाब र हरियाणाबीच विवाद छ भने नर्मदा विवादमा मध्यप्रदेश, महाराष्ट्र, गुजरात र राजस्थान संलग्न छन्। त्यस्तै तमिलनाडु र कर्णाटकबीच काबेरी विवादले उग्ररूप लिँदा अपेक्षातीत रूपमा काम भएको छैन। तथापि, भारतको भूभाग ठूलो हुनाले सङ्घीयतामा जानु जायजै मान्न सकिएला तर भारतको एक प्रान्तभन्दा पनि सानो (वा प्रान्तजत्रो) नेपाललाई अझ ससाना प्रान्तमा विभाजन गर्दा जलस्रोतको समुचित दोहनमा विभिन्न प्रान्तबीचको विवादले धेरै नै अवरोध पुऱ्याउने देखिन्छ।

**मित्रराष्ट्रसँग सन्धि गर्ने क्षमता**

कोसीदेखि गण्डकी, टनकपुर हुँदै महाकाली सन्धिसम्मको यात्रामा नेपालले धेरै गुमाइसकेको छ। यो क्रियाकलाप नेपालमा सङ्घीयता लागू हुनुभन्दाअगाडि भएको हो। तर, एकपटक नेपाल विभिन्न प्रान्तहरूमा विभाजित भएपछि यी प्रान्तहरू नै आपसमा द्वन्द्वरत रहने भएकाले मित्र राष्ट्रसँग सन्धि-सम्झौता गर्दा अझ बढी गुमाउने अवस्था आउनेछ। नेपालभित्रका विभिन्न प्रान्तलाई जुधाएर, लडाएर कोसी, गण्डकी, महाकाली पुनरावृत्ति गर्ने अभीष्ट पनि पूरा हुने अवस्था बन्न सक्छ। सम्झन के जरुरी छ भने एउटा पाउरोटी कसरी बाँड्ने भन्नेबारे दुई बिरालोबीच विवाद उठ्दा तराजुमा जोखेर बाँडफाँट गर्ने अग्रसरता देखाउने बाँदरले अलिअलि गरेर पूरै पाउरोटी खाइसकाएको कथा चरितार्थ हुने ठूलो जोखिम सङ्घीयतामा गएपछि खडा हुनेछ।

**अन्त्यमा**


विभिन्न प्रान्तहरूका फरक आकाङ्क्षा, आवश्यकताले गर्दा जलस्रोतको अधिकतम उपयोगमा अवरोध आउने सम्भावना धेरै छ। अझ प्रान्तहरूको सीमाङ्कन नदीमा आधारित गर्ने परिपाटी हुनाले दुई किनाराका प्रान्तहरूको दुई किसिमका आकाङ्क्षा हुने हुनाले विवाद अझ घनिभूत रूपमा खडा हुन्छ, जसले गर्दा समेत जलस्रोतको समुचित दोहन कष्टसाध्य हुनजान्छ। तसर्थ, अहिले हतारमा देशलाई विभिन्न प्रान्तमा खण्डित पारेमा पछि फुर्सदमा धेरै पछुताउनु पर्ने हुन्छ। समय छँदै यस सम्बन्धमा चेत्न जरुरी छ।

(लेखक जलस्रोत विश्लेषक हुनुहुन्छ ।)
प्राची संचेतना द्वैमासिक वर्ष १६,
पूर्णाङ्क ६८

# तथ्य र मनोविज्ञानलाई एक स्थानमा राखेर सङ्घीयताको निर्धारण गर्नुपर्छ

**सङ्घीयताका बारेमा सबैले आ-आफ्नो धारणा प्रस्तुत गरिसकेको र हाल दलहरूका बीचमा समेत यस विषयमा एकरूपता नदेखिएको अवस्थामा यसको मिलनविन्दु के हुनसक्ला र यसले संविधान निर्माण प्रक्रियामा कस्तो असर पार्ला ?**

निश्चय नै एकरूपता नभएको अवस्थामा संविधान निर्माण प्रक्रियामा यसले असर पार्न सक्छ। मेरो विचारमा एकरूपता नहुनु स्वाभाविक हो। यसमा अन्तरविरोध देख्न आवश्यक छैन। किनभने, को मान्छे हो र को पार्टी हो, जसले यतिओटा राज्य हुनुपर्छ र निर्णय गर्न सक्छ। तसर्थ, कुनै एक मान्छे धार्मिक छ भने देउताको वाणी हो भनी स्वीकार गर्छ। हामी मान्छे हौं र पार्टीहरू पनि राजनीतिक वा कानुनी भाषामा मान्छे नै हो। पार्टी पनि एक अर्थमा राजनीतिक मान्छे हो। तसर्थ, यो मानिसहरूबीचको विवाद हो। मानिसहरूबीच विभिन्न विचारहरू छन्। त्यो विचारलाई स्वाभाविक रूपमा टुङ्गोमा पुग्ने तरिका भनेको छलफल गर्ने, केही आफ्ना लिने, केही आफ्ना छोड्ने परिस्थिति निर्माण हुनेछ। कोहीसँग पनि यो नै सत्य हो भन्ने आधार छैन। सङ्घीयतामा जाँदा तीन-चारओटा विषयहरू उठेका छन्। अहिले सङ्घीयतामा जाँदा पूर्वदेखि पश्चिमबीच चिरा गर्नुपर्छ। हिमाल, पहाड र मधेस तीनओटा प्रदेश हुनुपर्छ। यसमा मधेसवादी दल तथा तिनका बुद्धिजीवीहरूको के तर्क देखिन्छ भने अरू कुरा हामीलाई थाहा छैन, मधेसमा पूर्वदेखि पश्चिम एक मधेस हुनुपर्छ। फेरि त्यही मधेसमा बस्ने थारूले आफ्नो छुट्टै राज्य हुनुपर्छ भन्छ। मधेसवादी दलले मधेसीको अधिकार विषयमा निर्णय गर्ने अधिकार मधेसीको हो भन्छन् भने त्यहाँ रहेका थारूहरूको विषयमा निर्णय गर्ने अधिकार थारूहरूको हो कि होइन ? त्यसकारण एक मधेसको विषय पनि विवादरहित रहेन। मधेसमा पनि एकमत रहेनछ। त्यसकारण एउटाले भनेको विषय अर्कोले नमान्नासाथ निर्णय गर्ने कसरी ? त्यस्ता विवाद निराकरण गर्न केही तरिकाहरू त अवलम्बन गर्नुपर्ला ? त्यसकारण कसैले केही विषय छोड्नुपर्ला, कसैले केही विषय समावेश गर्नुपर्ला ? कुनै कुरा विवादरहित छैन। समुदायगत रूपमा यो यो मेरो भनेर बहस गरिरहेका छन्, त्यहाँ पनि एकरूपता छैन। यसकारण एक कोणबाट छलफल गरेर हुने विषय यो होइन। कतिले उत्तर र दक्षिण चिर्नुपर्छ भनिरहेका छन्। केही यो त महेन्द्रवादी विचार हो भन्छन्। म त सबैमा महेन्द्रवाद देख्छु। मेधेसीभित्र पनि महेन्द्रवाद छ। उनीहरू पूर्व-पश्चिम चिर्ने महेन्द्रवाद ल्याउँछन्। पहाडीहरूमा उत्तर-दक्षिण चिर्ने महेन्द्रवाद छ। अब कुनै पनि प्रकृतिको महेन्द्रवाद काम छैन।



सुरेन्द्र पाण्डे

कसैले जातीय उत्पीडन भयो, कसैले भाषिक उत्पीडन भयो, कसैले सांस्कृतिक उत्पीडन भयो त्यसकारण हामीलाई सङ्घीयता चाहियो भनेका छन्। यी विभिन्न मुद्दा र विषयमा हामी सङ्घीयताको विषयमा प्रवेश

गरेका छौँ। त्यसो हो भने ती सबैलाई सम्बोधन गर्ने साझा आधारहरू के के हुन् ? ती साझा आधारहरू पत्ता लगाउनुपर्छ र त्यही साझा आधारमा सङ्घीय एकाइहरू निर्माण गर्नुपर्छ। ताकि सङ्घीय राज्यमा जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीयताको आधारमा कसैले म उत्पीडनमा परेँ भनेर भन्नु नपरोस्। कसैले विकासको अधिकारबाट वञ्चित हुनु नपरोस्, मेरो इतिहास लोप भयो भनेर भन्नु नपरोस्। तसर्थ, यिनै विषयलाई सम्बोधन गर्ने गरी सङ्घीयतामा जानुपर्छ। यसमा फेरि व्यक्तिको मनोविज्ञान पनि जोडिएको छ। मनोविज्ञान सम्बोधन नगरी सङ्घीयतामा गए व्यस्थापन गर्न गाह्रो हुन्छ। मनोविज्ञान भनेको कसैले पहाडीबाट हेपियो भन्ने महसुस गरेको छ वा कसैले मधेशीबाट हेपिएको अवस्था महसुस गरेको छ। कसैले राई-राई वा लिम्बू-लिम्बू मिलेर राज्य बनायो भने विकास हुन्छ भन्ने महसुस गरेका छन्। एकै जाति भएको स्थानको विकास सबभन्दा कम भएको हामी पाउँछौँ भने मिश्रित बसोबास भएको स्थान सबैभन्दा बढी विकास भएको छ। हामी अमेरिकालाई हेर्न सक्छौँ। एउटा जाति वा समुदाय मात्रै मिलेर बसेको स्थानको विकास कम भएको हामी पाउँछौँ। त्यसकारण सङ्घीय एकाइ निर्माण गर्दा यी सबै तत्त्वहरूलाई एक ठाउँमा राखौँ र

तथ्यलाई अगाडि सारी त्यसको सम्बोधन कुन विधिबाट हुन्छ, त्यो निर्क्योल गरौँ। कतिपयले लिम्बूवान बनाउँछु भन्छन्। तर, तथ्यले के भन्छ भने लिम्बू बाहुल्य भनेकै स्थानमा त्यस जातिको उपस्थिति ३० प्रतिशत छ। यस्तो अवस्थामा एउटा जातिको मात्रै राज्य बन्छ कि बन्दैन ? राईको सघनता भएका स्थानमा करिब २० प्रतिशत मात्र राई छन्। सेती, महाकाली र भेरीलाई छाडेर कुनै पनि स्थानमा कुनै एक जाति विशेषको बाहुल्य रहेको छैन। त्यसो भए हाम्रो देशमा जातीय बहुलताको आधारमा कुनै एकाइ बन्न सक्छ ? म त्यस्तो देख्दिनँ। प्रत्येक गाउँ, क्षेत्र बहुजातीय हुनेछन् र एउटा जातिको बहुमत हुने अवस्था पनि हुँदैन। तथ्य र मनोविज्ञानलाई एक स्थानमा राखेर सङ्घीयताको निर्धारण गर्नुपर्छ।

**सङ्घीयताले देश टुक्र्याउँछ र नेपालजस्तो भौगोलिक विविधतायुक्त देशलाई सङ्घीयता नभई स्वायत्तता दिइनुपर्छ भन्ने मान्यतालाई यहाँले कसरी खण्डन गर्नुहुन्छ ?**

सङ्घीयताले देश टुक्राउँछ भन्ने विषय म मान्दिनँ। सङ्घीय राज्य होइन, एकात्मक राज्य पनि टुक्रिन सक्छ। एकात्मक राज्य टुक्रिएका उदाहरणहरू छन् भने सङ्घीय राज्य पनि टुक्रिएका उदाहरणहरू छन्। गलत व्यवस्थापन भयो भने, सङ्घीयताको उद्देश्य नै गलत भयो भने वा कुनै विषयमा समझदारी राख्न सकिएन भने दुर्घटना हुन सक्छ। तर, सङ्घीयता आफैँले दुर्घटना निम्त्याउँछ भन्ने होइन। सङ्घीयताको विज्ञ भन्नेहरूले साँचो रूपमा सङ्घीयता अहिले कहीँ पनि छैन भनेका छन्। किनभने, सङ्घीय राज्यहरू एकात्मक दिशातर्फ लाग्दै छन् भने एकात्मक राज्यहरू सङ्घीयतातर्फ। अधिकार तल दिने चलन एकात्मक राज्यमा पनि बढेर गएको छ। जस्तै बेलायतमा तीनओटा 'स्टेट पार्लियामेन्ट' बनाएर 'डिभल्ट गभर्मेन्ट' विघटन नगर्ने गरी बनाएको अवस्था छ भने सङ्घीय राज्य भनिएको भारतमा केन्द्रले कुनै राज्य विघटन गरिदिन्छ। त्यस्तै अमेरिकामा राष्ट्रपतिमा अत्यधिक अधिकार दिइएको छ। सङ्घीयताले फुट्ने र जुट्ने होइन। जनताबीच एकता र सामन्जस्यता कसरी राख्छौँ, अधिकारको बाँडफाँट कसरी गर्छौं भन्ने विषयले सङ्घीयतामा गएपछि देश टुक्रिने वा नटुक्रिने निर्धारण गर्छ। सङ्घीयता चाहिँदैन भन्नेले पनि स्वायत्ततालाई स्वीकारेका छन्।

*(पाण्डे नेकपा (एमाले) का केन्द्रीय सदस्य हुनुहुन्छ)*

*प्राची संचेतना द्वैमासिक*
*वर्ष १६, पूर्णाङ्क ६८*

# नेपालको संविधान २०७२ : सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूची

**अनुसूची–५**

**संघको अधिकारको सूची**

(धारा ५७ को उपधारा (१) र धारा १०९ सँग सम्बन्धित)

१. रक्षा र सेना सम्बन्धी
   (क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण
   (ख) राष्ट्रिय सुरक्षा सम्बन्धी
२. युद्ध र प्रतिरक्षा
३. हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी
४. केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा
५. केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तीय नीति, मुद्रा र बैंकिङ्ग, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण
६. परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्रसंघसम्बन्धी
७. अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता, सुपुर्दगी, पारस्परिक कानूनी सहायता र अन्तर्राष्ट्रिय सीमा, अन्तर्राष्ट्रिय सीमा नदी
८. दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, रेडियो, टेलिभिजन र हुलाक
९. भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिबाना
१०. संघीय निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवा
११. जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड
१२. अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत प्रसारण लाइन
१३. केन्द्रीय तथ्यांक (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर)
१४. केन्द्रीय स्तरका ठूला विद्युत, सिंचाइ र अन्य आयोजना तथा परियोजना
१५. केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय
१६. स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण
१७. संघीय संसद, संघीय कार्यपालिका, स्थानीय तह सम्बन्धी मामिला, विशेष संरचना
१८. अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन
१९. हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल
२०. राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन
२१. सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासन सम्बन्धी कानून
२२. नागरिकता, राहदानी, भिसा, अध्यागमन
२३. आणविक ऊर्जा, वायुमण्डल र

अन्तरिक्ष सम्बन्धी

२४. बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकार समेत)

२५. नाप–तौल

२६. खानी उत्खनन

२७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा

२८. बीमा नीति, धितोपत्र, सहकारी नियमन

२९. भूउपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन

३०. फौजदारी, देवानी कानूनको निर्माण

३१. सुरक्षित छापाखाना

३२. सामाजिक सुरक्षा र गरीबी निवारण

३३. संवैधानिक निकायहरू, राष्ट्रिय महत्वका आयोगहरू

३४. पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक

३५. संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र संघीय कानूनमा नतोकिएको विषय

**अनुसूची–६**

## प्रदेशको अधिकारको सूची

(धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा
(३), धारा २३२ को उपधारा (७), धारा २७४ को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित)

१. प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा

२. नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग

३. रेडियो, एफ. एम, टेलिभिजन सञ्चालन

४. घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना

५. प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा

६. प्रदेश तथ्यांक

७. प्रदेश स्तरको विद्युत, सिचाइ र खानेपानी सेवा, परिवहन

८. प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय

९. स्वास्थ्य सेवा

१०. प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद सम्बन्धी

११. प्रदेशभित्रको व्यापार

१२. प्रदेश लोकमार्ग

१३. प्रदेश अनुसन्धान ब्युरो

१४. प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय

१५. प्रदेश लोक सेवा आयोग

१६. भूमि व्यवस्थापन, जग्गाको अभिलेख

१७. खानी अन्वेषण र व्यवस्थापन

१८. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग

१९. प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन

२०. कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात

२१. गुठी व्यवस्थापन

## अनुसूची–७

# संघ र प्रदेशको साझा अधिकारको सूची

(धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित)

१. फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानूनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया)
२. आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन
३. देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था
४. एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण
५. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून
६. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना
७. करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी
८. टाट पल्टेको र दामासाही सम्बन्धी
९. औषधि र विषादि
१०. योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापन
११. सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य
१२. कानून व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा
१३. प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता
१४. सञ्चार माध्यम सम्बन्धी
१५. उद्योग तथा खनिज र भौतिक पूर्वाधार
१६. क्यासिनो, चिठ्ठा
१७. प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ
१८. पर्यटन, खानेपानी तथा सरसफाइ
१९. चलचित्र, सिनेमा हल, खेलकूद
२०. बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन
२१. गरीबी निवारण र औद्योगीकरण
२२. वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास
२३. अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग
२४. भूमि नीति र सो सम्बन्धी कानून
२५. रोजगारी र बेरोजगार सहायता

## अनुसूची–८

# स्थानीय तहको अधिकारको सूची

(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

१. नगर प्रहरी
२. सहकारी संस्था
३. एफ. एम सञ्चालन
४. स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन

शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन

५. स्थानीय सेवाको व्यवस्थापन
६. स्थानीय तथ्यांक र अभिलेख संकलन
७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू
८. आधारभूत र माध्यमिक शिक्षा
९. आधारभूत स्वास्थ्य र सरसफाइ
१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ
१२. गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
१३. स्थानीय अभिलेख व्यवस्थापन
१४. घर जग्गा धनी पुर्जा वितरण
१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
१६. ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
१७. बेरोजगारको तथ्यांक संकलन
१८. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
१९. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा
२०. विपद व्यवस्थापन
२१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
२२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

**अनुसूची–९**

## संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

(धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

१. सहकारी
२. शिक्षा, खेलकूद र पत्रपत्रिका
३. स्वास्थ्य
४. कृषि
५. विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू
६. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
७. वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
८. खानी तथा खनिज
९. विपद व्यवस्थापन
१०. सामाजिक सुरक्षा र गरीबी निवारण
११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क
१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय
१३. सुकुम्बासी व्यवस्थापन
१४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
१५. सवारी साधन अनुमति

यथावत

# नेपालमा सङ्घीयताको अभ्यास र मानव अधिकारका सवाल

नेपालजस्तो लोकतान्त्रिक मुलुकहरूले मानव अधिकारको संरक्षण र संवर्द्धनका विषयलाई संविधान तथा कानुनमा उल्लेख गरी त्यसको परिपालनालाई महत्व दिएका हुन्छन्। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीबाट कोही पनि पीडित नहोस् भनी उनीहरूको अधिकार रक्षा र संरक्षणका लागि कानुनी, प्रशासनिक तथा संरचनागत व्यवस्था मिलाउने गर्छन्। नेपालले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी कैयौँ अन्तर्राष्ट्रिय दस्तावेजमा हस्ताक्षर गरी त्यहाँ उल्लेखित दायित्वहरू पूरा गर्न प्रतिबद्धता व्यक्त गरेको छ।



विजयराज गौतम

मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना नेपालको मानव अधिकारप्रतिको प्रतिबद्धता संविधान, कानुन, नीति, कार्ययोजना तथा कार्यक्रहरूमा प्रतिविम्बित भएको देखिन्छ। यस्तै प्रतिबद्धतामध्ये मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना एक हो। यो विगत एक दशकभन्दा बढी समयदेखि नेपाल सरकारले लागु गर्दै आएको छ।

नागरिकका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू अझै पनि कम प्राथमिकतामा परेका छन्। 'दूर दराजमा नागरिकका आधारभूत अधिकारहरू नै जोखिममा छन्। महिला हिंसाका घटनाहरूको न्यूनीकरण हुन सकेको छैन। देश सङ्घीयतामा प्रवेश गरे पनि मानव अधिकारका सवालहरू तीनै तहका सरकारहरूको प्राथमिकतामा पर्न सकेको देखिँदैन। देश राजनीतिक एजेण्डामा नै बढी केन्द्रित हुँदा मानव अधिकारको एजेण्डा सधैँ छायाँमा पर्दै आएको भान हुन थालेको छ। कार्यपालिकाको काममा मानव अधिकारको विषय प्राथमिकतामा नपर्नु तथा व्यवस्थापिका संसद्ले संविधान अनुसारका कानुन निर्माण गर्न नसक्नु चुनौतीका रूपमा रहेको मान्न सकिन्छ। यसले नागरिकको मौलिक हकहरूको कार्यान्वयनमा चुनौती थपेको छ। राज्य नागरिकहरूप्रति कति उत्तरदायी छ भन्ने कुरा देशको मानव अधिकारको अवस्थाले इंगित गर्छ।

नेपालको संविधानले सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तहको शासकीय स्वरुपको परिकल्पना गरेको छ। सङ्घीय लोकतन्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा संविधान जारी गरेर अहिले लागु भएको छ। तीन तहका सरकारहरूको निर्वाचन भयो। त्यति बेला निर्वाचन नै हुँदैन कि भन्ने आशङ्का पनि थिए। संविधानत: स्थानीय निर्वाचन पहिलो प्राथमिकता हुन्छ। सङ्घीयताको शुरुआतमा यसको प्रभावकारी कार्यान्वयनका सर्वोच्चमा रिटसमेत दायर भएको थियो। सर्वोच्चको आदेशपछि संघीयताको कार्यानवयनको दिशामा देश अगाडि बढेको थियो। प्रदेश तथा सङ्घीय निर्वाचनमा पनि

अन्यौल थियो। विस्तारै त्यो पनि मेटियो र २०७४ माघ ८ गतेभित्रै सबै निर्वाचन गरिसक्नुपर्ने संवैधानिक बाटो अनुसार नै देश अगाडि बढ्यो। यो निकै सकारात्मक पाटो हो। २०७४ मङ्सिर २१ मा सबै तहका निर्वाचन सम्पन्न भए। त्यसपछि राजनीतिले नयाँ कोर्ष लियो। अहिले मुलुकमा ७ सय ६१ ओटा सरकार छन्। ७ सय ५३ ओटा स्थानीय सरकार, सात ओटा प्रादेशिक सरकार र एउटा सङ्घीय सरकार क्रियाशील छन्। तीनै तहमा विधायिकी अधिकार छ। स्थानीय तहमा गाउँ तथा नगरसभा छन्। प्रदेश सभा छन्। प्रतिनिधि र राष्ट्रिय सभा छन्। यि सबैका आआफ्ना अधिकार क्षेत्र संविधानमा नै तय गरिएको छ। एकल र संयुक्त अधिकार संविधानको अनुसूचीमा नै उल्लेख गरिएको छ।

तीनै तहका सरकारलाई जनताको सार्वभौमसत्ता र राजकीय सत्ताको बाँडफाँड गरिएको छ। यो अवधिमा तीनै तहका सरकारले जनताको अपेक्षाअनुसार कार्य गरेको नभए पनि गाउँमा विकासका अनेकन कार्यहरू अगाडि बढेको देख्न सकिन्छ। सङ्घीय अभ्यास नेपालका लागि नौलो भए पनि सिक्दै अघि बढ्दै यसले आफूलाई परिपक्व पार्दै लगेको छ। यस अवधिमा कानुनी अड्चनका विषय, नयाँ तहमा मुलुक अघि बढेकाले त्यसलाई आत्मसात गरी कामकाज गर्ने विषय, संरचना अभाव, कानुनी दोहोरेपना लगायतकका विषय सतहमा देखिएका छन्। स्थानीय तहका लागि संरचना थियो। पहिला गाविस र नगरपालिकाका आआफ्नै संरचना भएकाले अहिलेका स्थानीय तहलाई संरचना अभाव झेल्नुपरेन। तर, प्रदेश सरकार त विल्कुल नयाँ भएकाले यस्ता समस्या पनि झेल्नु परेको थियो। विश्वका अधिकांश सङ्घीयता भएका मुलुकमा दुई तहका सरकार हुन्छन्। केन्द्रीय सरकार र स्थानीय सरकार। खास सङ्घीयताको अभिप्राय त्यही नै हो। तर, हामीकहाँ तीन तहका सरकार भएकाले अधिकार बाँडफाँड, कानुन निर्माण, शक्तिको अभ्यास जस्ता विषयका कारणले जनअपेक्षा अनुसारका काम हुनमा बाधा अड्चन भएको स्थानीय तथा प्रदेश सरकारले बताउने गरेका छन्। यस्ता विषयमा संवेदनशील बनेर काम गर्न सकेमा जनअपेक्षा पूरा गर्न कुनै कठिनाइ हुँदैन।

७ सय ६१ ओटै सरकारसँग कार्यकारी अधिकार छ। संविधानले नै सबै सरकारलाई कार्यकारी अधिकार अभिव्यक्त गरेको छ। त्यसबाहेक मिलेर गर्ने कामको बारेमा पनि संविधानमा उल्लेख गरिएको छ। कुनै विवाद आए अदालती प्रक्रियाबाट निप्टारा लगाउन सकिने व्यवस्था पनि छ। सङ्घीय सरकारका तर्फबाट प्रदेश र स्थानीय तहका एकल अधिकारमा समेत हस्तक्षेप हुने गरी कानुन बनाएको अवस्था विद्यमान छ। पुराना कानुन संशोधन गर्दैगर्दा पनि यो खालका समस्या देखिएका छन्। एकल अधिकार प्रमुख हुन्छन्। साझा अधिकार भनेको चाहिँ थप अधिकार हुन् भन्ने बुझ्नु जरुरी हुन्छ। साझा अधिकारलाई टेकेर कतिपय कानुन बन्न सकेका छैनन्। स्थानीय तहका एकल अधिकार २२ ओटा छन्, प्रदेशका एकल अधिकार र सङ्घीय सरकारका एकल अधिकार  छन्। सङ्घीय सरकारले एकैपटक १ सय ५ ओटा कानुन संशोधन पनि गऱ्यो। त्यसमा पनि केही समस्या देखियो। कानुन बाझिएमा संवैधानिक इजलासबाट निरूपण गर्न सकिन्छ। सङ्घीय सरकारले मौलिक अधिकारसम्बन्धी १७ ओटा कानुन बनाएको छ। तर, ती प्रदेश र स्थानीय तहको अधिकारसँग बाझिएको देखिन्छ। प्रदेश र स्थानीय सरकारले पनि मौलिक हक



कार्यान्वयन गर्छ भन्ने सङ्घीय सरकारले बिर्सिएको देखिन्छ। जहाँ मौलिक अधिकार हुँदैन त्यसलाई सरकारको मान्यता हुँदैन। एकल, संयुक्त जे जे अधिकार भने पनि मौलिक अधिकारको कार्यान्वयन गर्ने जिम्मा सबै सरकारको हुन्छ। योबीचमा अरु लडाँइ भए पनि मौलिक अधिकार कार्यान्वयन गर्ने हाम्रो पनि दायित्व हो भनेर प्रादेशिक र स्थानीय सरकारले आत्मसात गरेको पाइएन।

प्रदेश सरकारका २१ ओटा एकल अधिकार छन्। यी अधिकारलाई टेकेर प्रदेश सरकारले काम गर्न खोजेको पाइन्छ। प्रदेश सरकारको सुरुआत भन्ने कुरा नेपालमा शुन्य बाट सुरू गरिएको हो। स्थानीय तहका लागि आधारभूत भौतिक संरचना त थिए। प्रादेशिक तहमा त्यस्तो केही थिएन। कर्मचारी पनि सङ्घबाटै खटाउनुपर्ने भयो। यो अवधिमा आधारभूत भौतिक संरचना र कानुनी संरचना तयार गर्नैमा व्यस्त रहे। कर्मचारी समायोजन गर्न पनि समय लाग्यो। त्यस कारणले गर्दा आम जनताले प्रादेशिक सरकार त आवश्यक नै छैन भन्ने बुझ्न थाले। हिजो यस्तो संरचना नै थिएन। नयाँ संरचना भएकाले केही समय त लागि हाल्छ नि भनेर सन्देश प्रवाह गर्न सकेको अवस्था छैन। यस्तो सन्देश चाँहि प्रदेश सरकार आफैंले पनि प्रवाह गर्न सक्नुपर्छ। प्रादेशिक सरकारको आवश्यकताका बारेमा, कामका बारेमा, सहजताका बारेमा प्रदेश सरकारको प्रचार आक्रमक हुनु जरुरी छ। यस्तो काममा सङ्घीय सरकारको ठुलो मद्दत चाहिन्छ। तर, सङ्घीय सरकारले त्यसरी हेरेको छैन। प्रदेश नै पिच्छे केही घटीबढी कानुन बनाइरहेको हुनाले अब आशा गर्ने ठाउँ छ। अब प्रादेशिक सरकारबाट आशा गर्न सकिने प्रशस्त आधार छन्। कानुनी र भौतिक संरचना तथा कर्मचारीको व्यवस्थापन, नीतिहरूमा उनीहरूले आफूहरूलाई सक्षम अवस्थामा ल्याइसकेका छन्। आगामी दिनमा कानुनी संरचनासँगै जनमूखी कामका लागि आफूलाई उभ्याउन सक्दा प्रदेश सरकारको अपरिहार्यतालाई नागरिकले स्वीकार्न समस्या हुँदैन।




एउटा बालक जन्मेको एक वर्षमा टुकुटुकु हिँड्न पनि सक्दैन। लड्दै उठ्दै गर्छ। उभिन सिक्न खोज्छ। प्रदेश सरकारको पनि त्यही हो। संस्थागत विकासमा भएको हुनाले निराशाको गीत गाएर हिँड्नु पर्दैन। संघीयता लागु भएका कतिपय देशहरूमा दुई तहका सरकार छन् हाम्रोमा तीन तहका सरकार छन्। अन्यत्र प्रादेशिक सरकारको मातहतमा स्थानीय सरकार छन्। हाम्रोमा त ७ सय ६१ ओटै सरकार स्वायत्त छन्। स्वतन्त्र छन्। कसैको मातहतमा कोही छैनन्। सबै सरकारहरूले एकल अधिकारको प्रयोग सुरू गरिसकेका छन्। अब साझा अधिकारको प्रयोगको पनि सुरूआत गर्नु आवश्यक छ। त्यसपछि प्रदेश सरकारको आवश्यकता र महत्वका बारेमा स्पष्ट हुन्छ। अनि आमनागरिकमा आशाको सञ्चार हुन्छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका तीनै तहका सरकार हाम्रै अधिकार रक्षाका लागि हुन्। यी सरकार हामीप्रति जबाफदेही छन् र हुनुपर्छ भन्ने भावना सबैमा हुनु आवश्यक छ। हाम्रै शान्ति सुरक्षा, सेवा सुविधाका लागि हामीले नै चुनेर गठन गरिएको सरकार हुनाले सङ्घीय शासन सञ्चालन पद्धतिमा भर्खर पाइला राखेको हुँदा आलोचनात्मक रूपमा सल्लाह र सुझाव दिएर दिगो बनाउनु हाम्रै कर्तव्य हो भन्ने बुझ्नु आवश्यक छ। हामी चनाखो भएनौं भने काम गर्न सरकार असमर्थ हुन्छन् भन्ने मानसिकता आम नागरिकमा हुनु आवश्यक छ। यस्तो कामका लागि स्थानीय सरकारको जिम्मेवारी बढी हुन्छ। किनभने ऊ आम नागरिकको घरदैलोको सरकार हो। सङ्घीयता भनेको विधिको साशन हो। जनताले लगाम लगाउँदा मात्रै सरकारमा बसेकाहरू विधिको यात्रामा हिँड्छन्। सङ्घीयतालाई बलियो बनाउने कर्तव्य सरकारको मात्रै नभएर प्रत्येक व्यक्तिको पनि हो। तसर्थ सबै सचेत र जागरूक हुनु आवश्यक छ।

*(गौतम, इन्सेकका कार्यकारी निर्देशक हुनुहुन्छ।)*

## सङ्घीयतापछिको नेपाल

# आशाको सञ्चार, समृद्धिको यात्रा !

सङ्घीयता भनेको दुई वा दुईभन्दा बढी तहको सरकार हो। जनताबाट निश्चित भएको सार्वभौम सत्ता तहगत सरकारबाट, तहगत व्यवस्थापिकाबाट प्रयोग हुने व्यवस्था हो। मेरो अध्ययनमा अहिले विश्वका ३० ओटा मुलुकमा सङ्घीय शासन व्यवस्था छ। सङ्घीययता विभिन्न प्रकारका छन्। सबैतिर एकरूपता छैन। मूलभुत रुपमा सङ्घीयता भनेको सार्वभौमिकताको बाँडफाँट नै हो। एक अर्को तहमा अधिनस्थ नहुने व्यवस्था हो। प्रत्येक तह स्वायत्त र स्वशासित हुन्छन्। सरकारहरूले स्वशासन र साझा शासनको अभ्यास संविधानत: गर्छन्। सबै सरकारहरू संविधानको अधिनस्थ भएर काम गर्छन्। त्यसको आधारमा आआफ्नो जबाफदेहिता निर्वाह गर्छन्। राज्यमा गर्नुपर्ने कामको बारेमा स्पष्ट ढङ्गले संविधानत: बाँडफाँट गरिएको हुन्छ। बाँडफाँट गरिएका ती अधिकारहरूको प्रयोग जबाफदेही ढङ्गले पूरा गर्नुपर्ने उनीहरूको दायित्व हुन्छ।



कृष्णप्रसाद सापकोटा

२०७२ सालको संविधानपछि हाम्रोमा सङ्घीय शासन व्यवस्था छ। विश्वको उत्कृष्ट संविधानभित्र नेपालको संविधान पर्छ भन्ने मलाई विश्वास छ। सङ्घीयताका ढाँचा र परिचालनका तौरतरिका भिन्नभिन्न हुन्छन्। कतिपय मुलुकले पूँजीवादी सङ्घीयता अपनाएका छन्। कतिपयले समाजवादी व्यवस्था अपनाएका छन्। कतिपय मिश्रित अर्थतन्त्र अपनाउने छन्। हामीले भने हाम्रै विशिष्टताका आधारमा संविधान बनाएका छौँ। हाम्रै विशिष्टताका आधारमा सङ्घीयताको प्रयोग गर्ने कुरा प्रतिबद्धता पनि जाहेर गरेका छौँ।

हाम्रो संविधानले राजनीतिक उद्देश्य, सामाजिक उद्देश्य र आर्थिक उद्देश्य स्पष्ट ढङ्गले राखेको छ। राजनीतिक उद्देश्यमा स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने नागरिकको अधिकार हुने उल्लेख छ। समाजमा एकता ल्याउने, शोषण दमन र उत्पीडनको अन्त्य गर्ने र सबैप्रकारका विभेद अन्त्य गर्ने कुरा सामाजिक उद्देश्यमा उल्लेख छ। आत्मनिर्भर अर्थतन्त्रको सिर्जना गर्ने, राष्ट्रिय पुँजीको विकास गर्ने र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने भन्ने आर्थिक उद्देश्य रहेको छ। यी तीन ओटा उद्देश्य हासिल गर्ने सङ्घीयताको मूल उद्देश्य हुन्।

विगतमा १३ ओटा मात्रै मौलिक हकका व्यवस्था थिए। अहिले ३१ ओटा मौलिक हक संविधानमा नै लेख्यौँ। संसारमा उत्कृष्ट संविधानले प्रदान गरेका अधिकारहरूभित्र हामीले राखेका अधिकारहरू पनि पर्छन् भन्ने लाग्छ। र, हाम्रो सङ्घीयता यसैको सेरोफेरोमा अगाडि बढ्नुपर्छ। हाम्रो

संविधानमा भएका अधिकारलाई प्रचलनमा ल्याउन बाधा व्यवधान पनि छन्। बाधा व्यवधान नभएको त संसारमा कहीं कतै केही पनि हुँदैन। ती बाधाहरू चिरेर जाने हो। अग्रगमनका लागि यात्रा गरिरहँदा आइपरेका बाधा व्यवधान चिर्ने ल्याकत राजनीतिक नेतृत्वसँग हुनु पर्छ। यस्ता बाधा व्यवधानलाई चिर्दै अगाडि बढ्ने क्षमता राजनीतिक नेतृत्वमा हुनु आवश्यक छ। केही वर्ष अगाडिसम्म कमजोर रहेका मलेसिया, सिङ्गापुर जस्ता मुलुकहरूलाई छोटो समयमा माथि ल्याउने काम त्यहाँका राजनीतिक नेतृत्वले नै गरेको हो। हाम्रै छिमेकी मुलुक बङ्गलादेश हामीभन्दा धेरै पछाडि थियो अहिले हामीलाई उछिनेर धेरै माथि लागिसक्यो। धेरै पछाडि रहेको भुटानले पनि अर्थतन्त्रको हिसाबले राम्रो स्थान हासिल गरेको अवस्था छ। हामीले पनि हीनताबोध नगरी राम्रो बाटो समात्न सक्यौं भने हामीले पनि सक्छौं। राजनीतिक नेतृत्वको क्षमता भनेको त्यो हो जस्तोसुकै कठिनाइ र बाधा व्यवधानका बावजुद पनि मुलुकको नेतृत्व गर्दै समृद्ध मुलुक बनाउन सक्नु र सिङ्गो मुलुकलाई सोही बाटोमा केन्द्रीकृत गर्न सक्नु।

केही काम हामीले राम्रो पनि गरेका छौँ। समावेशी, समानुपातिक निर्वाचन प्रणाली छ। विश्वका विकशित भनिएका मुलुकहरूमा पनि यस्तो निर्वाचन प्रणाली छैन। सबैभन्दा पहिला सङ्घीयता आएको संयुक्त राज्य अमेरिकामा अहिलेसम्म पनि महिला राष्ट्रपति बन्न सकेको छैन। हामीले महिला राष्ट्रपति बनायौँ। समुदायका हिसाबले मधेशीलाई बनायौँ। जनजातिलाई उपराष्ट्रपति बनायौँ। राष्ट्रपति र उपराष्ट्रपति एउटै जातको नहुने, एउटै लिङ्गको नहुने। फरक जात वा लिङ्गको हुनुपर्ने भनेर हामीले संविधानमा नै लेख्यौँ। प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष फरक लिङ्गको हुनुपर्ने व्यवस्था गऱ्यौँ। यो व्यवस्थासँगै हामीले सोको कार्यान्वयन पनि गरेका छौँ।

हामीले गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाको प्रम्ख र उपप्रमुख पदमा पार्टीले उम्मेदवारी दिँदा फरक लिङ्गको उम्मेदवार बनाउने व्यवस्था मिलायौँ। यो व्यवस्था दुवै पदमा उम्मेदवारी दिँदाको हकमा लागु हुने हो। स्थानीय तहमा अल्पसङ्ख्यकको पनि प्रतिनिधित्व छ। दलितको प्रतिनिधित्व अनिवार्य गराएका छौँ। गाउँसभा र नगरसभामा कम्तीमा पनि २० प्रतिशत दलित समुदायका महिलाको उपस्थिति हुने व्यवस्था छ। गाउँपालिकामा चार जना र नगरपालिकामा पाँच जना महिलाको उपस्थिति कार्यपालिकामा रहने व्यवस्था छ। अल्पसङ्ख्यकको पनि कार्यपालिकामा प्रतिनिधित्वको व्यवस्था गरेका छौँ। यी कुरा केवल संविधान र कानुनका पानामा मात्रै सीमित छैनन् हामीले अभ्यासमा ल्याइसकेका छौँ। नेपालमा सङ्घीयतापछि स्थानीय सरकारका लागि सम्पन्न दुई ओटै निर्वाचनबाट तत्तत् व्यवस्था कार्यान्वयनमा आइसकेको छ। यि व्यवस्था संसारका अरु मुलुकले पनि सिक्न योग्य खालका छन्।

तीन तहमा सार्वभौमिकताको बाँडफाँटसँगै कानुन बनाउने अधिकार पनि छ। विश्वका थोरै मुलुकमा मात्रै स्थानीय तहले पनि कानुन बनाउने अधिकार पाएका छन्। हामीले स्थानीय सरकारले पनि कानुन बनाउन पाउने व्यवस्था मिलायौँ। यो निकै उत्कृष्ट र अन्य मुलुकका लागि प्रेरणादायी रहन सक्छ। विश्वका ६-७ ओटा मुलुकमा मात्रै सङ्घीय एकाइका रुपमा स्थानीय सरकार रहेका छन्। त्यसमा हामी पर्छौं।

हाम्रा ७ सय ६१ ओटै सरकार (७ सय ५३ स्थानीय सरकार, सात ओटा प्रदेश सरकार र एउटा सङ्घीय सरकार) स्वायत्त र स्वशासित छन्। नागरिकको नजिकमा स्थानीय सरकार छन्। त्यस कारणले शासन प्रणालीमा नागरिकको सहभागिता वृद्धि भएको छ। लोकतन्त्रको सुन्दरता यही हो। सङ्घीयताको बलियो आधार यही हो।

मुलतः नागरिकलाई आफ्नो जुनसुकै सेवा स्थानीय सरकारबाट नै प्रवाह गर्नु पर्छ। त्यसो गर्न सके सेवाका लागि नागरिक दैलोको सरकार छाडेर अन्यत्र कतै जानु पर्दैन। नागरिकता र पासपोर्ट स्थानीय सरकारले नै दिने व्यवस्था गर्नु पर्छ। माथिल्ला निकायमा पनि एउटा अधिकृतले गर्ने काम हो यो। अर्को घरजग्गा रजिष्ट्रशन गर्ने काम स्थानीय सरकारबाटै हुनु आवश्यक छ। संविधानमा लेखिए पनि यो काम कार्यान्वयनमा ल्याइएको छैन। संविधानमा लेखिएका विषयलाई कार्यान्वयनमा नल्याउने छुट कसैलाई पनि छैन। स्थानीय सरकारमा पनि त्यस्तै अधिकृतले दिने व्यवस्था गर्दा कुनै हानी नोक्सानी हुँदैन। नागरिकले सहज सेवा प्राप्त गर्छन्। सङ्घीयताको मूल उद्देश्य नै नागरिकलाई सहज रूपमा दैलोमा नै सेवा प्रवाह गर्नु हो त्यसैले यो सेवाका लागि अब हामीले ढिला गर्नु हुँदैन। नागरिकलाई घरदैलोमा सेवा पुऱ्याउनु सङ्घीय शासन व्यवस्थाको मूल पक्ष हो। यसलाई सशक्त बनाउन राजनीतिक नेतृत्वको सोच र व्यवहार सोही अनुसार हुनु आवश्यक छ।

हिजो कर्णालीमा विद्यालय स्वीकृत गर्नको निम्ति सानोठिमी, भक्तपुर आउनुपर्थ्यो। अहिले स्थानीय सरकारबाट नै सो काम हुन्छ। यस्ता व्यवस्थाको उपभोक्ताले २०७२ सालको संविधान र सङ्घीयताको सुन्दरता बुझेको छ। अहिले स्थानीय सरकारबाटै केहीबाहेक नागरिकका सेवा प्रवाह भइरहेकामा सबै सेवा स्थानीय सरकारबाट नै हुनुपर्छ भन्ने हो। अधिकारसम्पन्न नागरिकले राष्ट्रियता र लोकतन्त्र बलियो हुने हो। सङ्घीयतामा नागरिकको अपनत्व शासन व्यवस्थामा हुनुपर्छ। त्यसो भयो भने लोकतन्त्र र सङ्घीयताको रक्षार्थ नागरिकले जिम्मेवारी लिन्छन्। नागरिकस्तरमा नकारात्मक चिन्तनको हावी हुन गएमा लोकतन्त्र र सङ्घीयता नै खतरामा पर्न सक्छ। अहिले नराम्रा कुरा ज्यादा आउन थालेका छन्। यसका सकारात्मकताको वृद्धि, राम्रा अभ्यासका प्रचार, सिद्धान्त र व्यवहारको तादम्यता मिलाउन सके हामी सङ्घीयताबाट धेरै फाइदा लिन सक्छौं। राम्रा कुरा मात्रै गरेर नागरिकले सङ्घीयताको अनुभूति गर्न सक्दैनन्। व्यवहारबाट नै पुष्टि गर्न सके मात्रै नागरिकको विश्वास आर्जन गर्न सकिन्छ।

सङ्घीयतापछि नेपालमा स्थानीय पूर्वाधारको धेरै ठूलो विकास भएको छ। गाउँगाउँमा सडक पुगेका छन्। वडावडा, टोलटोलमा सडक पुगेका छन्। यो निकै ठूलो परिवर्तन हो। हिजो जिल्ला सदरमुकाममा पनि यातायात नपुगेको अवस्थाबाट हामी यहाँ आइपुगेका हौं। अहिले त गाउँगाउँमा मोटरबाटो पिच नै हुन थालिसके। हामीले आधारभूत स्वास्थ्य सेवाको क्षेत्रमा ठूलो फड्को मारेका छौं। दुर्गम ठाउँहरूमा समेत एउटै वडामा दुईदुई ओटा आधारभूत स्वास्थ्य केन्द्र छन्। गाउँगाउँमा नै रोगहरूको 'स्क्रिनिङ' गर्ने काम हुन थालेको छ। पहिलापहिला एउटा एक्सरे गर्नका लागि मुगुबासी हेलिकप्टेर चढेर सुर्खेत पुग्नुपर्थ्यो तर अहिले तल्लो तहसम्म नै एक्सरे सेवा छ। यो मैले आफैँले देखेको, भेटेको र भोगेको कुरा हो। अझै धेरै गर्न बाँकी नै छ तर माथि

उल्लेख गरिएका अवस्था र व्यवस्थालाई विश्लेषण गर्दा हामीले आधारभूत स्वास्थ्य सेवामा फड्को मारेका छौँ भन्न सकिने प्रशस्तै आधार छन्। हामीले गर्छौँ भनेको प्रतिबद्धता पूरा गरेका भने छैनौँ। यसप्रति निरन्तर नागरिक खबरदारी जरुरी छ। प्रत्येक स्थानीय तहमा आधारभुत अस्पताल निर्माण गर्नुभन्दा २-३ ओटा स्थानीय तहको पायक पर्ने ठाउँमा एउटा राम्रो सुविधासम्पन्न अस्पताल बनाउनु निकै राम्रो हुनेछ। प्रत्येक स्थानीय तहमा अस्पताल चलाउन सकिन्छ जस्तो लाग्दैन।

सङ्घीयताका कारणले अहिले ठाउँठाउँमा सृजनात्मक कामहरू भइरहेका छन्। स्याङ्जाको फेदीखोला गाउँपालिकाले किसानले उत्पादन गरेको कृषि उपज सक्नुहुन्छ धेरै पैसा लिएर बेच्नुस्। अन्यत्र बिक्री भएन भने हाम्रो स्थानीय तहभित्र उत्पादित कृषि उपज हामी किनिदिन्छौँ भनेर अभियान चलाएको छ। यो व्यवस्था कृषकको हितमा छ। यो गाउँपालिकाले शिक्षामा ३९ प्रतिशत बजेट छुट्याएको छ। स्थानीय सरकारले घरघरमा पुगेर ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य सेवा दिन थालेको छ। जुम्लाको हिमा गाउँपालिकाले अभिभावक बालबालिकाका लागि आवासीय विद्यालय प्रारम्भ गरेको छ। समाजवादमा पुग्ने भनेर हामीले संविधानमा जारी गरेको प्रतिबद्धता लक्षित कार्यक्रम हो यो। इलामको रोङ गाउँपालिकाले अभिभावक शिक्षा दिन थालेको छ। गाउँपालिकाले पहिला अभिभावकले शिक्षा हासिल गरेमा बालबालिकालाई पढाउनु पर्छ भन्ने मान्यता स्थापित गर्न अभिभावक नै लाग्ने जनाएको छ। यो अभ्यासमा रोङ गाउँपालिका निरन्तर लागिरहेको छ। कतिपय ठाउँमा विद्यालय गाभेर आवासीय विद्यालय बनाउने कामको सुरुवात भएको पाइएको छ। यी उदाहरण स्थानीय सरकारले गरेका सृजनात्मक कामका हुन्। यी उदाहरण आफैँले नेतृत्व लिएपछि आएको सकारात्मक र सृजनात्मक चेतनाको परिणाम हुन्।

खानेपानीको क्षेत्रमा नेपालले ठूलो फड्को मारेको छ। एक घर एक धाराको अभियान नै छ। पानीको दुःख भएका गाउँठाउँमा अहिले घरैमा धारो जडान गरिएको छ। धारो मात्रै जोडिएको होइन पानी नै पुऱ्याइएको छ। सङ्घीयताको अर्को राम्रो पक्ष भनेको सिंहदरबारको मात्रै शासन छैन। तल्लो तहका जनप्रतिनिधिसमेत शासन व्यवस्थामा अभ्यस्त छन्। माथि चर्चा गरिएको फेदीखोला गाउँपालिकाका अध्यक्षले आफ्ना छोराछोरीलाई सरकारी विद्यालयमा पढाइरहनु भएको छ। सरकारी विद्यालयमा पढाउनु नौलो काम होइन। यस्ता विषय छलफलमा ल्याइरहनु पर्दैनथ्यो। तर, हाम्रो नियति यस्तो बन्यो कि यस्ता विषय पनि छलफल गर्नै पर्ने अवस्था रहन गयो। अध्यक्षले मलाई मेरो शासनप्रति विश्वास छ त्यसैले मैले मेरा छोराछोरीलाई सरकारी विद्यालयमा पढाउँछु भन्नु भयो। यसको अर्थ के पनि हुन्छ भने उहाँले सरकारी विद्यालयको शिक्षाको गुणस्तर सुधार्न वा राम्रो बनाउन यो निर्णय गर्नुभयो। त्यसैले यो विषय चर्चा गर्न लायक भयो। यस्ता उदाहरण अन्यत्र पनि छन्। यसलाई हामीले जबाफदेहिताका मानकका रूपमा पनि लिन सक्छौँ। यस्ता जबाफदेहिता र सृजनशीलता गाउँगाउँबाट सुरु हुन थालेको छ। यस्तो सुन्दरता मात्रै सङ्घीय शासन व्यवस्थामा सम्भव हुन्छ। यो ढङ्गले निर्वाचित जनप्रतिनिधिले काम गर्ने हो भने मुलुकले ५-१० वर्षमा नयाँ फड्को मार्न सक्छ। पारदर्शिता, जबाफदेहिता र आत्मअनुशासनमा रहने व्यवस्था नै लोकतन्त्र

हो। जसको जे जिम्मेवारी छ त्यो पूरा गर्नु नै लोकतन्त्रको सौन्दर्यता हो। आफ्नो जिम्मेवारी पूरा नगर्ने अरुलाई 'शिक्षा' दिने, धारे हात लगाउने लोकतन्त्रवादी आचरण होइन। त्यस्तो चरित्रलाई हामीले निरुत्साहित गर्नुपर्छ।

हिजो बाटो थिएन। आज बाटो त पुग्यो। बाटो पुगिसकेको गाउँमा मान्छे बस्नै छाडे। सेवा र सुविधा गाउँगाउँमा पुग्यो। उपभोग गर्ने व्यक्तिको सङ्ख्या घट्दो छ। यस्तो किन भयो त ? राजनीतिक नेतृत्व घोत्लिनु पर्‍यो। सोचविचार गरेर नयाँ कार्यक्रम ल्याउनु पर्‍यो। पूर्वाधार र उत्पादनलाई जोड्न नसक्दा यो परिस्थिति आएको हो। हाम्रो कमजोरी भनेकै पूर्वाधार र उत्पादनलाई जोड्न नसक्नु हो। बाटो बनिसकेपछि त्यहाँ उत्पादनका के कार्यक्रम लैजाने भन्ने पहिले नै सुनिश्चित गर्नु पर्थ्यो। हामीले बाटोमा मात्रै ध्यान दिएकाले समस्या सृजना भएको हो। सो बाटोबाट गाउँमा उत्पादित सामान शहर आउनु पर्नेमा शहरबाट गाउँतिर सामान लैजानका लागि प्रयोग गरियो। यो समृद्धिको उल्टो बाटो हो।

हामीले संविधानमा जे लेख्यौँ त्यो पूरा गर्नुपर्छ भन्ने प्रतिबद्धतामा हामी चुक्यौँ। राज्य प्रणाली सङ्घीयतामा लग्यौँ तर राजनीतिक दल प्रणाली सङ्घीयतामा लगेनौँ। दल प्रणाली एकात्मकतामा नै राखिरहेका छौँ। यो सङ्घीयताको लागि अत्यन्तै नसुहाउने पक्ष हो। त्यसकै परिणाम सिंहदरबारको सरकार भत्कने बित्तिकै प्रदेश सरकारहरूमा उथलपुथल ! मित्रराष्ट्र भारतमा पनि केन्द्रीय सरकार तलबितल हुँदा प्रदेश सरकारलाई कुनै असर पर्दैन। तत्कालै सच्याउनु पर्ने पक्ष भनेको राजनीतिक दल प्रणालीलाई पनि सङ्घीयतामा लैजानु हो। यसका लागि कुनै पनि बहानामा ढीलासुस्ती गर्नु हुँदैन।

संविधानको धारा २६८ ले प्रदेशलाई सुरक्षाको जिम्मा दिने भनेर स्पष्ट लेखिएको छ। ऐन पनि आयो। मन्त्रालयको सचिवको अध्यक्षतामा एउटा प्रहरी समायोजनसम्बन्धी मापदण्ड तयार गर्ने त्यसपछि हस्तान्तरण गर्ने भनेर अड्काइएको छ। त्यो खुलेको छैन। सिंहदरबारमा बस्नेहरूमा एउटा भ्रम छ त्यो हो- 'हामीले मात्रै यो देश जोगाएका हौँ।' अधिकार लिनका लागि सबै तम्सने तर बाँडफाँट गर्नुपर्‍यो भने आफ्नै भाग खोसिन लागे झैँ गर्ने प्रवृत्ति हावी छ। जुन निकै हानिकारक छ। २०५३ सालमा उच्चस्तरीय विकेन्द्रीकरण समन्वय समिति बनाइएको थियो। प्रधानमन्त्रीको अध्यक्षतामा बनेको सो समितिको म पनि सदस्य थिएँ। त्यसले तयार पारेको प्रतिवेदनमा- 'केन्द्रीय तहका निजामति सेवाका कर्मचारी स्थानीय निकायमा पठाउँदा उनीहरूलाई जवाफदेही पनि बनाउन सकिएन र केन्द्रबाट पठाउन पनि सकिएन।' भनिएको छ। अब स्थानीय सेवा ऐन ल्याउने र त्यसैबाट कर्मचारीको पूर्ति गर्ने भन्ने कुरा प्रतिवेदनमा समेटिएको थियो। त्यसै अनुसार २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन आयो। त्यसले आफ्नो कर्मचारी आफैँले भर्ती गर्ने व्यवस्था मिलायो। संविधानको धारा २८५ ले प्रदेशको निजामति कर्मचारी प्रदेशकै हुने, स्थानीय सरकारको पनि आफ्नै हुने भनी प्रष्ट पारेको छ। केन्द्रीय सरकारले अहिले पनि म नै पठाउँछु भन्छ। त्यसले त सङ्घीयताको मर्ममा नै प्रहार गर्‍यो नि त ! यो त बलमिच्याँइ हो। यस्तो बलमिच्याँइ गर्न पाइँदैन। 'सिंहदरबार' आफ्नो तोक आदेश अरुलाई मनाउने भावनाबाट ग्रसित छ। एकात्मक भावनाबाट निर्देशित छ। कर्मचारीतन्त्रमा २०२० साल र अहिलेमा धेरै अन्तर छैन। नागरिकप्रतिको जवाफदेहिता निर्वाचित जनप्रतिनिधिको हुने अनि

कर्मचारीको उत्तरदायित्व सङ्घप्रति हुने भएपछि कसरी सङ्घीयता कार्यान्वयन हुन्छ ?

बलियो र कमजोर हुने भनेको स्रोतको कारणले हो। हुम्लाको अदानचुली गाउँपालिका सबैभन्दा कम स्रोत पाउने स्थानीय सरकार हो। ७ सय ५३ ओटा स्थानीय सरकारमध्ये कम स्रोत पाउने अदानचुली गाउँपालिकाले पनि करिब ७ करोड रुपियाँ बजेट प्राप्त गरेको छ। सबैभन्दा बढी काठमाडौँ महानगरपालिकाले ६७ करोड रुपियाँ पाएको छ। २०४९ सालमा म जिल्ला विकास समिति काभ्रेपलाञ्चोकको सभापति हुँदा ७१ लाख रुपियाँ बजेट थियो। त्यतिबेलाको जिल्ला विकास समिति पनि कार्यकारी अधिकार प्राप्त संस्था थियो। स्रोत साधन अहिले स्थानीय तहमा खाँचो होइन। सोचको मात्रै खाँचो रहेको छ। खर्चको आवश्यकता र राजश्व क्षमताको आधारमा वित्तिय हस्तान्तरण भनेर हामीले संविधानमा लेखेका छौँ। तर, खर्चको आवश्इकता छुट्टिने गरी कानुन बनाइएको छैन।

अहिले केही मानिसहरूले सङ्घीयता भएन भनेर विरोध गरेको पनि सुनिन्छ। सबैभन्दा पछाडि परेको क्षेत्र त कर्णाली थियो नि ! कर्णालीले यो वर्ष १६ अर्ब ३ करोड रुपियाँ बजेट प्राप्त गरेको छ। स्थानीय तहको बाहेकको रकम हो यो। एकात्मक व्यवस्थामा यो सम्भव थियो त ? ५० हजार-१ लाख रुपियाँ माग्नका लागि कर्णालीका मान्छे सिंहदरबार आउनु पर्थ्यो। माग्न आउनेकै पैसा निकासा भएको बजेट जति त सकिन्थ्यो नि ! हामीलाई थाहा नभएको वा हामीले नभोगेको विषय होइन नि यो। यसले कर्णालीका जनताको आवश्यकता हेरेर कर्णाली सरकारले बजेट विनियोजन गर्न सक्ने भयो। हो यही हो सङ्घीयतामा हुने फाइदा। हिजो सिंहदरबारको योजनाबाट चल्नुपर्थ्यो भने आज आफैँले योजना बनाएर कार्यान्वयन गर्ने अवस्था बनेको छ। यद्यपी सशर्त अनुदान भनेको सिंहदरबारकै तोकसरह हो। यसमा खर्च गर, उसमा नगर भनेर दिएको अनुदान संविधान विपरित छ। सशर्त अनुदानमा क्षेत्र निर्धारण एउटा कुरा हो। 'लाइन आइटम' नै तोकेर बजेट पठाउनु संविधानको मर्म, भावना र व्यवस्था विपरीतका गतिविधि हुन्। तथापि त्यो स्रोत पुगेको छ।

सङ्घीयता सञ्चालनमा हामीमा अपरिपक्वता देखिएको छ। तर, बिग्रिसकेको भने छैन। अलिकति आशा देखाउन सक्ने नेतृत्व भयो भने निराशाको अन्त्य हुन जान्छ। हामी १० वर्षमा कायापलट गर्न सक्छौँ। नेपाली जनता धेरै सहिष्णु छन्। थोरै कामले पनि प्रभावित हुन्छन्। केही हुँदैछ भन्ने आभास दिलाउनु पर्‍यो। पौँठेजोरी खोज्ने, अरुलाई दमन गर्ने भन्दा पनि आशाको सञ्चार गर्ने नेतृत्वको खाँचो रहेको छ। गोडा तान्ने नेता होइन हात तान्ने नेताको आवश्यकता छ। राज्य सञ्चालनका लागि सही नेतृत्वले ट्र्याकमा मुलुकलाई दौडाउन सक्छ। सङ्घीयतापछिको नेपाल समृद्धिको आधार हो। समृद्धिको प्रस्थान विन्दु हो। समृद्धिको यात्रामा सङ्घीय शासन व्यवस्थामा जस्तो सहजता अरु कुनै व्यवस्थामा पनि हुँदैन। यसका लागि नीति र नेतृत्व भने सही हुनु आवश्यक छ।

*(सङ्घीय शासन व्यवस्थाका अध्येता एवम् संविधानसभा सदस्य सापकोटासँग रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानीमा आधारित)*

# बाल अधिकारका लागि सरकारी प्रतिबद्धता आवश्यक

राज्यको भूमिकामा, नीतिगत तहमा नै हामीले बाल अधिकारका सन्दर्भमा महत्वपूर्ण परिवर्तन गर्न सकेका छौँ। बाल अधिकार महासन्धि आउनु अगाडिबाट नै हामीले बाल अधिकारको अभियान थालेका हौँ। सिविन, इन्सेकलगायतका सङ्घसंस्थामार्फत हामीले बाल अधिकार अभियानलाई सशक्त रूपमा अगाडि बढाएका हौँ। त्यसयता हामीले बाल अधिकारका सवालमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छौँ। मानव अधिकार र नागरिक समाजको प्रतिनिधिका हिसाबबाट हामीले २०४६ सालको परिवर्तनमा भाग लियौँ। त्यस लगत्तै अन्तरिम सरकार बने लगत्तै मानव अधिकारसम्बन्धी महासन्धि पारित गराउन हामीले पहलकदमी लियौँ। सरकारले पनि सकारात्मक रूपमा लिएर १२ ओटा महासन्धिहरू अनुमोदन गऱ्यो। त्यसमा बाल अधिकारसम्बन्धी महासन्धि पनि थियो। त्यसपछाडि राष्ट्रिय कानुन र नियमावली तर्जुमा गऱ्यौँ। कानुन र नियमावली मात्रै भएर पुग्दैन त्यसका लागि आवश्यक संयन्त्रहरू निर्माण गर्न सरकारलाई घचघच्यायौँ। संयन्त्रका लागि पनि हामीले निकै मिहिनेत गऱ्यौँ। राष्ट्रिय मानव अधिकार आयोग गठनका लागि ढोल बजाउँदै आन्दोलन गरेका थियौँ। आयोगको गठन नागरिक आन्दोलनकै बलमा भएको हो। पछाडि केन्द्रीय बाल कल्याण समिति केन्द्रमा र जिल्ला जिल्लामा जिल्ला बालकल्याण समिति गठन गऱ्यौँ। ती समितिहरूमा नागरिक समाजको बाक्लो सहभागिता थियो।



गौरी प्रधान

यो पृष्ठभूमिबाट के स्पष्ट पार्न खोजिएको हो भने नेपालको बाल अधिकार अभियानको नेतृत्वदायी भूमिका हामी नागरिक समाजका प्रतिनिधिबाट भएको हो। हाम्रो निरन्तरको खबरदारी, पहरेदारी र सरकारसँगको साझेदारीमा बाल अधिकार सुनिश्चित हुँदै आएको हो। २०५२ सालपछिको १० वर्ष सशस्त्र द्वन्द्व र त्यसयताका १० वर्ष सङ्क्रमणकालले अल्मल्याए पनि बाल अधिकार सुनिश्चित गर्नका लागि बाल श्रमसम्बन्धी कानुन लगायत अन्य व्यवस्थाहरू (१० वर्ष कार्ययोजना, राष्ट्रिय नीति) गर्न सकियो। तर, यी २० वर्ष नेपालको अधिकार आन्दोलनमा कष्टपुर्ण समयका रुपमा चित्रित छ। २०७२ सालमा जारी संविधानमा बाल अधिकारको सन्दर्भमा संसारकै प्रगतिशील खालको १० ओटा महत्वपूर्ण प्रावधान छन्।

यसका लागि हामीले संविधानसभाका हरेक सदस्यलाई भेटेर, उहाँहरूलाई पत्राचार गरेर, अन्तरक्रिया गरेर, करिब १० लाख बालबालिकाको हस्ताक्षर संविधानसभामा बुझाएर पैरवी गरेका थियौँ। त्यसपछाडि बाल अधिकार संविधान र कानुनमा सुनिश्चित गर्न सम्भव पनि भयो। देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो। सङ्घीयता भन्नासाथै शक्तिको विनियोजन, शक्तिको बाँडफाँडलाई बुझिन्छ। हुन त लोकतान्त्रिक कालमै पनि स्थानीय स्वायत्त शासनको अवधारणा विकास भएका थिए। त्यतिञ्जेलसम्म हामीले बालमैत्री सुशासनका

३९. <u>बालबालिकाको हक</u> : (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

विषय हामीले मुखरित गरिसकेका थियौँ। र, त्यो कार्यान्वयनमा पनि आएको थियो। अहिले स्थानीय तह आफैँले पनि कानुन बनाउने पाउने अवस्था छ। त्यसलाई उपयोग गरेर थुप्रै स्थानीय तहले बालबालिकासम्बन्धी कानुनी र नीतिगत व्यवस्थाको बन्दोबस्त गरेका छन्।

संविधानमा उल्लेख गरिएका आधारभूत तहका बाल अधिकारलाई 'नजरअन्दाज' गर्न मिल्दैन। संविधानमा भएका व्यवस्थाभन्दा उन्नत व्यवस्थाका लागि सरकारहरूले कानुनी र नीतिगत सुधार गर्न सक्छन्। अधिकार वितरण प्रणालीमा बाल अधिकारलाई प्राथमिकतामा पार्नको निम्ति अहिले अलिअलि कठिनाइ छ। कस्तो पार्टीका जनप्रतिनिधिले जितेका छन्। ती जनप्रतिनिधि मानव अधिकार र बाल अधिकारप्रति साँच्चै संवेदनशील छन् कि छैनन् ? तिनीहरूको पृष्ठभूमि कस्तो छ ? जस्ता विषयले बाल अधिकारप्रतिको प्राथमिकता निर्धारण हुँदोरहेछ।

पछिल्लो समय हाम्रोमा नागरिक तथा राजनीतिक अधिकारलाई भन्दा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विषयसहित समृद्धिको नाराले प्राथमिकता पायो। समृद्धि त चाहिने हो। समृद्धिका लागि आर्थिक अधिकारलाई प्रवर्धन गर्नुपर्दछ। सामाजिक शसक्तिकरण गर्नुपर्दछ। त्यो भनेको बालबालिकालाई बाल श्रमबाट शिक्षामा उतार्न सक्नुपर्दछ। बालविवाहलाई अन्त्य गर्न सक्नुपर्दछ। बालबालिकालाई घरेलु कामदारका रूपमा राख्ने कार्य अन्त्य गरिनु पर्दछ। र, स्थानीय तहहरूमा बालबालिकाहरूको बाल समूहहरूले यस्ता विषयमा प्रयत्न गरिरहेका छन्। अफसोच प्रथमिकताको चरणमा पूर्वाधार विकास आएको देखिन्छ। पूर्वाधारको विकास एकदमै राम्रो कुरा हो। तर, पूर्वाधार विकास भन्नु चाहिँ भौतिक पूर्वाधार मात्र होइन। पूर्वाधार भनेको सामाजिक पूर्वाधार पनि हो। आर्थिक पूर्वाधार पनि हो।

दिगो विकासका लक्ष्यले तीन ओटा आधार टेकेको छ। एउटा आर्थिक आधार हो। त्यो भनेको भौतिक विकाससँग पनि जोडौँ। दोस्रो भनेको सामाजिक आधार हो। सामाजिक भनेको सामाजिक समावेशीता र सामाजिक सशक्तिकरण हो। अर्को भनेको वातावरणीय अधिकारको संरक्षण हो। भौतिक पूर्वाधारको विकास गर्दा वातावरणीय क्षति कम गर्नेतर्फ ध्यान दिनु जरुरी छ। त्यस्ता कामबाट पनि बालबालिकाको हानिनोक्सानी भइरहेको हुन्छ। कतिपय बस्ती नै विस्थापित भइरहेका छन्। त्यसबाट बालबालिकाको सामाजिक, साँस्कृतिक पक्षका विषयमा हानी नोक्सानी पुगिरहेको हुन्छ।

अधिकार सुनिश्चितताका लागि माटो सुहाउँदो योजना बनाउने र कार्यान्वयन गर्ने काममा स्थानीय तह अघि लाग्नै पर्छ। त्यसका लागि प्रदेश र सङ्घीय सरकारले खुला दिलले सहयोग र समन्वय गर्नुपर्छ। त्यसो भयो भने मात्र सङ्घीयतामा बाल अधिकार सुनिश्चित हुन्छ। बाल अधिकारको सुनिश्चित गर्नु हामी सबैको कर्तव्य हो। आआफ्नो ठाउँबाट राजकीय कर्तव्य र नागरिक कर्तव्य पूरा गरौँ।

*(प्रधान राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य हुनुहुन्छ।)*

*(बाल अधिकारकर्मी प्रधानसँग रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानीमा आधारित)*

# सङ्घीय नेपालमा मानव अधिकार र न्याय

**परिचय**

संवैधानिक सर्वोच्चता र कानुनको शासनको जगमा एक दशक अघि जारी भएको नेपालको संविधानले नेपालको शासन पद्धति र संवैधानिक अभ्यासमा व्यापक परिर्वतन गरेको छ। संविधानमा ३१ ओटा मौलिक हकहरूको व्यवस्था गरी अधिकार संरक्षणका लागि न्यायिक संयन्त्रहरूको व्यवस्था गरिएको छ। शासकीय स्वरूप एकात्मकबाट सङ्घात्मक भएको छ भने न्यायालयको स्वरूप एकात्मक नै कायम छ। सङ्घीय संरचनाको राज्य व्यवस्था अनुरूप नेपालमा तीन तह (सङ्घ, सात प्रदेश र ७ सय ५३ स्थानीय तह) का सरकारको स्थापना भएको छ। मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूको परिपालना गर्नुपर्ने दायित्व तीनै तहका सरकारको हुन्छ। संविधान जारी भएपछि मानव अधिकार र मौलिक हकको संरक्षण र संवर्द्धनका लागि आवश्यक संयन्त्रहरूको निर्माण गरी न्याय प्रणालीलाई प्रभावकारी बनाउन अधिकारमुखी राष्ट्रिय संयन्त्रहरूको व्यवस्था, स्थानीय तहमा न्यायिक समितिको गठन, मुलुकी संहिता र अन्य कानुनमा पनि संशोधन भएका छन्। सङ्घीय संरचनाले प्रादेशिक सरकारहरूका लागि मानव अधिकारसम्बन्धी नीतिहरूलाई अघि बढाउन यथेष्ट अवसरहरू प्रदान गरेको छ। जसअनुसार विभेद र असमानतालाई सम्बोधन गर्न नीतिगत र संस्थागत प्रयासहरू गरिएका छन्।



डा. विद्या चापागाई

विश्वकै प्रगतिशील र उदार संविधानको रूपमा चर्चा हुने गरेको नेपालको संविधान जारी भएको करिब एक दशक पूरा हुनै लाग्दा संविधानमा प्रत्याभूत मौलिक हक र अधिकारको संरक्षणमा आसातित काम हुन सकेको छैन। संवैधानिक र कानुनी प्रावधानहरूलाई पर्याप्त मान्यता नदिइनु, अधिकार कार्यान्वयनका लागि बनाइएका कानुन अनुसार नियमावली तयार नगरिनु, अधिकार प्राप्तीको माध्यमहरूका बारेमा आवश्यक जानकारी नहुनु, अधिकार र न्याय प्रत्याभूत गर्ने निकायहरूको असक्षमता र अख्तियारको दुरूपयोगका कारण अधिकारको दावी गर्न चुनौती हुनु, न्याय सम्पादन समान र निष्पक्ष नहुनु तथा कानुन र अदालतका आदेशको प्रभावकारी कार्यान्वयन नहुनुजस्ता विषयहरू संविधानको प्रभावकारी कार्यान्वयन हुन नसकेका उदाहरणहरू हुन्। सेवा प्रदायक निकायको स्वतन्त्रता, सक्षमता, जवाफदेहिता र निष्पक्षता हाम्रो सन्दर्भमा प्रमुख चुनौतीको रूपमा देखा परेको छ। जनउत्तरदायी सेवा प्रवाह हुननसक्दा अधिकार र न्यायको प्रभावकारी उपभोग हुन सक्दैन। लिङ्ग, जात, समुदाय तथा आर्थिक तथा समाजिक अवस्थाका आधारले पनि

मानव अधिकार र न्यायको सुनिश्चितामा भूमिका खेल्ने गरेको छ। अवरुद्ध अवस्थामा रहेको सङ्क्रमणकालीन न्याय र मानव अधिकार संरक्षणसँग सम्बन्धित अन्य गम्भीर सवालहरू सङ्घीय स्वरूपको राज्य व्यवस्थामा पनि उस्तै छ।

मानव अधिकार र न्यायको अवस्थाका साथै नागरिकहरूले अधिकार र न्याय माग गर्ने सन्दर्भमा भोगेका समस्याहरूका बारेमा निरन्तर रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले उजागर गर्ने गरेका छन्। सन्धिजनित निकायहरूले आवधिक समीक्षाहरूमा, विश्वव्यापी आवधिक समीक्षामा, र विशेष समाधिक्षकहरूले अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरूले निर्धारण गरेका मापदण्डहरूको पालना गरेको प्रत्याभूति गर्न नियमित रूपमा सुझाव र सिफारिसहरू दिने गरेका छन्। प्रभावकारी कानुन र नीतिगत व्यवस्था नहुनु, भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन नहुनु र सेवा प्रदायक निकायको स्वतन्त्रता र निष्पक्षतामा सम्झौता गरिनुजस्ता कारण अधिकार र न्यायको पहुँचमा गम्भीर समस्या रहेको निष्कर्ष यस्ता प्रतिवेदनहरूको रहेको छ। संविधान, ऐन, नियमको प्रभावकारी कार्यान्वयन नगर्नु, विद्यमान कानुनलाई मानव अधिकारको कोणबाट परिमार्जन नगर्नु, राज्यको तीन तहको नीति तथा कार्यक्रमलाई मानव अधिकारमैत्री बनाउन नसक्नु, राज्यका निकायहरूबीच समन्वय र सहकार्य हुन नसक्नु, न्यायलयबाट जारी गरिएका आदेश, राष्ट्रिय मानव अधिकार आयोग र महिला आयोग लगायतका राष्ट्रिय संयन्त्रहरूको सिफारिसहरूको कार्यान्वयन नहुनु, सङ्क्रमणकालीन संयन्त्रहरू (बेपत्ता पारिएका व्यक्ति छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग) का कामकारबाही प्रभावकारी बनाउन नसक्नु आदि मुख्य चुनौती र समस्याहरू हुन्।

उल्लिखित चुनौती र समस्याका अलावा मुलुकको समग्र मानव अधिकार र कानुनी शासनको अवस्थाले मानव अधिकार र न्यायको खस्कँदो अवस्था उजागर गर्दछ। सन् २०२४ मा फ्रिडम हाउसले नेपालको मानव अधिकारको अवस्थालाई १०० मा ६२ अङ्क दियो। ओर्लड जष्टिस प्रोजेक्ट रुल अफ ल इन्डेक्स २०२३ ले नेपालको न्यायको अवस्था १ सय ४२ मुलुकमध्ये ७१ औँ स्थानमा रहेको र भ्रष्टाचारको सम्बन्धमा १ सय ४२ मध्ये ९४ औँ स्थानमा रहेको तथ्याङ्क सार्वजनिक गरेको छ। भ्रष्टाचार र अनियमितता व्याप्त रहेको स्वीकारोक्ति सेवाप्रदायक निकायहरूले पनि गर्दै आएका छन्। सर्वोच्च अदालतले २०७७ सालमा 'न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू र त्यसको रोकथामको लागि चाल्नुपर्ने उपायहरूको सम्बन्ध' मा पेस गरेको प्रतिवेदनमा न्यायपालिकामा भ्रष्टाचार र अनियमितता व्यापक रहेको स्वीकार गरेको छ। न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाले पनि न्याय सम्पादनमा हुने गरेको ढिलासुस्ती र जटिलतालाई सम्बोधन गरी न्यायलाई पहुँचयोग्य बनाउन सकिएमा न्यायप्रति जनआस्था वृद्धि गर्न सकिने उल्लेख गरेको छ।

नेपालको संविधान जारी भएपछि मानव अधिकार र न्यायको सम्रग अवस्थाका बारेमा विश्लेषण गरिएको यस लेखमा राज्यका प्रमुख तीन निकाय न्यायपालिका, कार्यपालिका, र व्यवस्थापिकाको आवश्यक भूमिकाहरूका बारेमा सिफारिस गरिएको छ। मानव अधिकार र न्याय प्रवर्द्धन गरी

नागरिकको जीवनमा परिवर्तन ल्याउन संवैधानिक तथा कानुनी व्यवस्थाहरूलाई व्यवहारमा लागु गर्नु चुनौती रहेको छ। अर्कोतर्फ प्रदेश तथा स्थानीय सरकार र न्यायिक संयन्त्रहरूको सुदृढीकरण लगायतका सुधारले मानव अधिकार उल्लङ्घनमा जवाफदेहीता सुनिश्चित गर्न र मुद्दाहरूलाई पीडित/प्रभावितमैत्री ढङ्गले न्याय सुनिश्चित गर्ने अवसरहरूको सृजना गरेको छ। संविधान र कानुनको पूर्ण प्रत्याभूति गरि संवैधानिक सर्वोच्चता र कानुनको शासन र सामाजिक न्याय स्थापना गर्न सकिने अवसरहरू प्रशस्तै छन्।


## मानव अधिकार र मौलिक हकको अवस्था र चुनौती

संविधानमा मौलिक हक सम्बन्धमा विस्तृत प्रावधानहरू समावेश गरी नागरिकको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूका साथै सीमान्तकृत र अल्पसङ्ख्यक समुदाय लगायत विशेष समूहहरूको अधिकार सम्बोधन गर्नु यस संविधानको मूलभूत विशेषता हो। संविधानको प्रस्तावनामा भेदभाव र असमानतालाई अन्त्य गर्ने विषयलाई सर्वोपरि उद्देश्य भएको उल्लेख गर्दै नेपाली जनताले धर्म, लिङ्ग, जातजाति र अन्य पहिचानका आधारमा भोग्नु परेको असमानता र अन्यायहरूलाई आत्मसात गरेको छ। लैङ्गिक र जातीय भेदभावपूर्ण व्यवहारमा पूर्ण प्रतिबन्ध लगाएको छ। यस संविधानले वातावरण र विकाससम्बन्धी अधिकारलाई पनि मौलिक हकको रूपमा संरक्षण गरेको छ। मौलिक हकको उपभोगका लागि संविधानले तोकेका लक्ष्य हासिल गर्ने सन्दर्भमा केही हकहरू 'कानुनले निर्धारण गरे बमोजिम' हुने उल्लेख गरेकाले ती हकहरूको कार्यान्वयन नयाँ कानुन बनेको अवस्थामा मात्र हुन सक्छ।

### *नागरिक तथा राजनीतिक अधिकार*

मौलिक हक अर्न्तगत संरक्षित कतिपय अधिकारहरू महिला, सीमान्तकृत, अल्पसङ्ख्यक र जोखिममा परेका समुदायप्रति विभेदकारी छन्। जस्तै, महिलाले नागरिकता हस्तान्तरण गर्ने सम्बन्धमा संविधानको प्रावधान। मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानुनहरू निर्माण गर्ने दायित्व पूरा गर्ने सम्बन्धमा केही विधेयकहरू संसदबाट पारित गरिए तापनि कार्यान्वयनको लागि आवश्यक नियमावलीहरू बनेको छैन। फौजदारी तथा अपराध संहिता[1] लगायतका अन्य कानुनहरूमा पनि अधिकारको संरक्षणको लागि व्यवस्था गरिएको भए पनि अधिकारको उल्लङ्घनकर्तालाई कारबाही र पीडितलाई न्याय दिने सम्बन्धमा संविधानको पालना गरिएको छैन। यी प्रावधानहरूले निश्चित रूपमा अन्तर्राष्ट्रिय मापदण्डहरूको अनुसरण नगरेको भए पनि यी प्रावधानहरूमा व्यवस्था समावेशीकरणलाई सकारात्मक सुधारको रूपमा स्वीकार्नु पर्दछ। तर, प्रहरी अभियोजनकर्ता र न्यायपालिका लगायतका कानुन कार्यान्वयन गर्ने अख्तियारी पाएका निकायहरूले यी प्रावधानहरूको कार्यान्वयन गरेको उदाहरण भने विरलै भेटिन्छन्। उदाहरणको लागि मुलुकी अपराध संहितको दफा १६७, १६८ र २०६ को व्यवस्थाको

१. मुलुकी अपराध संहिताले यातना (दफा १६७), अपमानजनक तथा अमानवीय व्यवहार (दफा १६८) र जबरजस्ती बेपत्ता (दफा २०६) लाई अपराध घोषित गरी संविधानको कार्यान्वयनमा स्पष्ट रूपमा प्रगतिशील सुधार ल्याएको छ।




*स्रोत: नेपाल मानव अधिकार वर्ष पुस्तक, २०१९ देखि २०२४, इन्सेक*

आधारमा पीडकउपर अभियोजन गरिएको तथ्यांक महान्याधिवक्ताको कार्यालय लगायतका अभियोजन गर्ने निकायसँग पनि नभएको इन्टरनेशनल कमिशन अफ जुरिष्ट्ले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ। तर वकालत मञ्चले २०१८ मा गरेको अध्ययन अनुसार प्रहरी थुनामा रहेका १ हजार भन्दा बढी थुनुवाहरू मध्ये २२ प्रतिशतले यातना तथा यातनाजन्य दुर्व्यवहार भोगेको जनाएका छन्।

अदालतबाट मौलिक हकहरूको सम्बन्धमा व्याख्या भई अधिकार प्रत्याभूतिको लागि समय समयमा सरकारको नाउँमा निर्देशनात्मक आदेशहरू जारी भएका छन्। तर कार्यान्वयनमा सरकार उदासिन देखिन्छ। उदाहरणको लागि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को तथ्याङ्क अनुसार संविधान जारी भएपछि ६ वर्ष (२०१८-२०२३) मा राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा वृद्धि भएको देखिन्छ। सन् २०१८ देखि २०२३ सम्म मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३९ हजार ४ सय ३६ जना प्रभावित भए। उल्लङ्घनको प्रवृत्ति हेर्दा सन् २०१८ र १९ मा उल्लङ्घन १०७.३२ प्रतिशतले बढ्यो भने २०२० मा २२.४२ प्रतिशतले घट्यो। कोभिड-१९ को कारणले निम्त्याएको स्वास्थ्य सङ्कटका कारण मानव अधिकारको तथ्याङ्क सङ्कलनमा बाधा पुगेको अनुमान गर्न सकिन्छ। सन् २०२१ मा उल्लङ्घनका घटनामा तीव्ररूपमा बृद्धि भई सन् २०२३ मा ९ हजार ४ सय ६८ जना प्रभावित भए। जुन अघिल्लो वर्षको तुलनामा २७.५८ प्रतिशतले बढी हो।

यस अवधिमा दण्डहीनताको अवस्था व्यापक छ भने राजनीतिक आममाफी दिने संस्कार मौलाएको छ। परिणामस्वरूप कानुनको शासन, राज्यको नागरिकप्रतिको जवाफदेहीतामा समेत समस्या बढ्दै गएका छन्। उदाहरणका लागि नागरिक समाजका क्रियाकलापहरूलाई नियन्त्रण गर्ने र अभिव्यक्तिको स्वतन्त्रतालाई सीमित गर्ने उद्देश्यले सङ्घसंस्था दर्ता, कर, देवानी वा फौजदारी गाली बेइजज्ती र सञ्चार कानुन तथा नीतिको कार्यान्वयन गर्न खोजियो जुन सार्वजनिक वकालत र कानुनी कारबाही

मार्फत रोकिए। अनलाइन अभिव्यक्तिलाई दबाउने र मुद्दा चलाउनका लागि साइबर सुरक्षा प्रयोग गर्ने लगायतका उपायहरू अनुसरण गरियो।

***सङ्क्रमणकालीन न्याय***

संवैधानिक तथा संस्थागत सुधारहरू मार्फत द्वन्द्वकालका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा जवाफदेहिता, परिपूरण र त्यस्ता उल्लङ्घनहरू पुनरावृति नहुने सुनिश्चितताको लागि महत्वपूर्ण निकास निस्कने आशा विपरीत द्वन्द्वकालका घटनाहरूलाई सम्बोधन गर्न बनाइएका बपेत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगले प्रभावकारी परिणाम दिन सकेनन्। ऐनहरू सर्वोच्च अदालतको निर्देशन अनुरूप नभएका, अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल नभएको, द्वन्द्व प्रभावितको अधिकार सङ्कुचित गरेको, आममाफीको व्यवस्था राखिएको, यौनजन्य र लैङ्गिक हिंसा सम्बन्धमा हदम्याद तोकिएको, यौनजन्य र लैङ्गिक हिंसा अनुसन्धान र अभियोजनको कुनै प्रावधान नराखिएको, फौजदारी न्याय संयन्त्रहरूको अस्पष्ट प्रयोग र यौनजन्य र लैङ्गिक हिंसा प्रभावितका लागि उपचार र परिपूरणको व्यवस्था नगरेमा द्वन्द्वकालका गम्भीर मानव अधिकार उल्लङ्घनलाई सम्बोधन गर्न सकिँदैन।

ऐनमा रहेका समस्या, आयोगहरूमा प्राविधिक ज्ञान, विशेषज्ञता र आर्थिक श्रोतको कमीह पीडित र साक्षीको गोपनीयता र भौतिक सुरक्षा सुनिश्चत गर्ने उपायहरूको अभाव छ भने पदाधिकारीहरूको नियुक्तिमा राजनीतिक प्रभाव र अपारदर्शीताका कारण आयोगहरू आफ्नो जिम्मेवारीमा सफल हुन सकेका छैनन्। कार्यदेशको प्रारम्भिक दुई वर्ष र पटक-पटक थपिएको कार्याविधिमा आयोगहरूले उजुरी सङ्कलन गर्ने तथा आयोगको प्रचारप्रसार गर्ने बाहेक अन्य काम गर्न सकेनन्।

मुलुकी फौजदारी संहिताको दफा २२९ मा संशोधन गरी जबरजस्तीकरणीसम्बन्धी अपराधमा ३५ दिनको हदम्यादलाई बालिगको हकमा दुई वर्ष र नाबालिगको हकमा बालिग भएको मितिले दुई वर्षको हदम्याद कायम गरिएको अवस्थाले द्वन्द्वकालमा भएका जबरजस्तीकरणीसम्बन्धी अपराध प्रभावितले न्याय, क्षतिपूर्ति र परिपूरण पाउन नसक्ने भएका छन्। सीमित हदम्यादका कारण अधिकांश उजुरीहरूका लागि यो संशोधन उपयोगी छैन। सत्य निरूपण तथा मेलमिलाप आयोगमा करिब ६३ हजार ७ सय १८ उजुरीहरू दर्ता भएकोमा ३ सय १४ उजुरी यौनजन्य हिंसासँग सम्बन्धित छन्। ती उजुरीहरूमा कुनै अनुसन्धान हुन सकेको छैन।

असंवैधानिक र नेपालको अन्तर्राष्ट्रिय कानुनी दायित्व प्रतिकूल रहेको भनेर सर्वोच्च अदालतले सुनाएको आदेशलाई नजरअन्दाज गर्दै २०७९ मा संसदमा प्रस्तुत गरिएको विधेकले हत्या, जबरजस्तीकरणी र यौन हिंसा, अपहरण, कुटपिट, आगजनी, बलपूर्वक वेपत्ता, गैरन्यायिक थुना लगायतका अपराधहरूमा आममाफी दिन सकिने प्रावधान समावेश गरेको छ। कानुन संशोधनका क्रममा विगतकै कमीकमजोरीहरूलाई दोहोऱ्याउँदै अदालतका अधिकांश निर्देशनहरूको परिपालना सरकारले गर्न सकेन।

यस अतिरिक्त संयुक्त राष्ट्रसङ्घ अर्न्तगतका निकायहरू (सन्धिजनित निकाय, विश्वव्यापी आवधिक समीक्षा, विशेष समाधीक्षक), अन्तरसरकारी सङ्गठन,

अन्तर्राट्रिष्य गैरसरकारी सङ्गठन लगायत अन्तर्राष्ट्रिय समुदायले निरन्तर रूपमा एकै प्रकारका चासो र सवाल उठाएका छन्। विश्व्यापी आवधिक समीक्षा प्रकृया लागु भएपश्चात् तीनपटक भएको नेपालको समीक्षाका सन्दर्भमा सङ्क्रमणकालीन न्यायका संयन्त्रको स्थापनाका सम्बन्धमा उल्लेखनीय उपलब्धि नेपालले हासिल गर्न नसकेको अवस्थामा उस्तै सिफारिस बारम्बार दोहोरिएको देख्न सकिन्छ।

सङ्क्रमणकालीन न्यायको नाममा गम्भीर अपराधहरूमा कानुनी र व्यवहारिक रूपमा आममाफीका विभिन्न स्वरूपहरूलाई प्रवर्द्धन गर्ने, अन्तरिम राहत कार्यक्रमहरूमा यौनहिंसा र अन्य यातना तथा दुर्व्यवहार लगायत निश्चित वर्गका पीडितहरूलाई बहिष्करण गर्ने, उपचार तथा परिपूरणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूलाई बेवास्ता गर्ने जस्ता कृयाकलापले सङ्क्रमणकालीन न्याय प्रकृया अवरुद्ध गर्ने मनसाय प्रष्ट हुन्छ। सङ्क्रमणकालीन न्याय प्रकृयालाई निष्कर्षमा पुऱ्याउन न्याय क्षेत्रको सुधार, राज्यको जवाफदेहिता सुनिश्चितता र पीडित समुदायका मागहरूलाई समेट्ने गरी सङ्क्रमणकालीन न्यायलाई समग्र कानुनी शासनको अवधारणबाट हेरिनु आवश्यक छ।

### *आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार*

संविधानमा शिक्षा, भाषा तथा संस्कृति, रोजगारी, श्रम, स्वास्थ्य, खाद्यसम्बन्धी, आवासको हक, उपभोक्ता हक जस्ता आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू मौलिक हकको[२] रूपमा व्यवस्था गरिएको छ। संविधानले पहिलोपटक राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धि सहितको वार्षिक प्रतिवेदन नेपाल सरकारले राष्ट्रपति मार्फत सङ्घीय संसदसमक्ष पेश गर्ने व्यवस्था र निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्न समितिको व्यवस्था गरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ। मौलिक हक उपर अनुचित बन्देज लगाइएको अवस्थामा अधिकारको प्रचलनको लागि सर्वोच्च अदालतलाई असाधारण अधिकार क्षेत्र दिइनुका साथै उच्च अदालतलाई पनि मौलिक हकको प्रचलनको लागि क्षेत्राधिकार दिइएको छ। संविधानको धारा ४७ अनुसार यी अधिकारको कार्यान्वयनको लागि राज्यले ३ बर्षभित्र कानुन बनाई लागु गर्ने व्यवस्था भए अनुरूप कार्यान्वयनको लागि कानुनहरू समेत बनि सकेका छन्। तर आवश्यक नियमावलीको अभावमा यी अधिकारहरूलाई प्रचलनमा ल्याउन सकिएको छैन् भने र आवश्यक परामर्श बिना कानुनहरू तयार गरिएको कारणले प्रभावकारिता माथि प्रश्न गर्नुपर्ने ठाउँहरू छन्।

धारा ४३ ले सामाजिक सुरक्षाको व्यवस्था गरेको छ। सामाजिक सुरक्षासँग सम्बन्धित अधिकांश कार्यक्रमहरू महिला, एकल महिला, जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिका लगायत जोखिममा परेका समुदायहरू लक्षित भए पनि करिब एक तिहाइ जनसङ्ख्याले

२. आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारलाई संविधानमा राज्यका निर्देशक नीति तथा सिद्धान्तमा राख्ने प्रचलनमा आमूल परिर्वत ल्याइ मौलिक हकको रुपमा मान्यता नेपालको अन्तरिम संविधानबाट दिन थालिएको हो।


मात्र सामाजिक संरक्षणमा पहुँच पाएका छन्। नागरिकता नभएका कारण कतिपयको सामाजिक सुरक्षा भत्तामा पहुँच हुन सकेको छैन। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनमा असमान्ता भोग्नु परेको छ।

दिगो विकास लक्ष्य २०३० ले समेटेका विषयवस्तुमध्ये मानव अधिकारसँग सम्बन्धित लैङ्गिक र सामाजिक विभेदको अन्त्य, गरिबी र भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा, सबैका लागि गुणस्तरीय शिक्षा, स्वच्छ पानी र सरसफाइ, सुरक्षित मानव बसोबास, जलवायु परिवर्तन र दिगो विकास न्यायमा पहुँचका लागि सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना जस्ता विषयलाई कार्ययोजनामा समायोजन हुन सके दिगो विकास लक्ष्यहरू पूरा गर्न मद्दत पुऱ्याउँछ। तर, विकास योजनासँग सम्बन्धित संयन्त्रलाई मानव अधिकारसँग नजोड्नु र अनुगमन समितिको नियमित बैठक नै बस्न नसक्नु, भावी कार्ययोजनाबारे समयमै सरोकारवालाबीच गहन छलफल, विचार/विमर्श नहुनुसमेत विगतको कार्ययोजना कार्यान्वयनमा चुनौती रहेको छ।

### *विशेष तथा जोखिममा परेका समूहको अधिकार*

संविधानको मौलिक हक र राज्यको निर्देशक नीति तथा सिद्धान्तमा जातजाति, वर्ग, क्षेत्र, लिङ्गलाई समेटेको छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, सामाजिक न्याय, सामाजिक सुरक्षा लगायतका हकहरूको व्यवस्था छ। राज्यका निकायहरूमा यी समुदायहरूको उपस्थितिको लागि समानुपातिक समावेशी प्रतिनिधित्व, सकारात्मक विभेद र सकारात्मक प्रयासका व्यवस्थाहरू पनि संविधानमा समेटिएका छन्। संविधानमा भएको व्यवस्थाका कारण महिला, दलित, जनजाति र मधेशी समुदायको उल्लेखनीय सहभागिता संसदमा छ। अन्य निकायहरूमा पनि सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि निजामती ऐन, सैनिक ऐन, प्रहरी ऐन, शिक्षा ऐन लगायतका कानुनहरूमा आवश्यक संशोधन गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको छ। महिला, दलित, आदिवासी जनजाती, थारु, मधेसी, मुस्लिम लगायत अन्य जातजातिको अधिकारको संरक्षण र सम्वर्द्धनको लागि अधिकार क्षेत्र सहितको संवैधानिक आयोगहरूको व्यवस्था संविधानले गरेको छ।

जातीय विभेदलाई दण्डनीय, महिला हिंसा, लिङ्गको आधारमा हुने सबै प्रकारका हिंसालाई प्रतिबन्ध लगाएको छ, ज्येष्ठ नागरिकको सम्मान तथा संरक्षण, बालबालिकाको संरक्षणको लागि विशेष कानुनको व्यवस्था गरिएको भए तापनि यी विशेष समूह विरुद्ध विभेदपूर्ण व्यवहार कायम रहेको छ। उपलब्ध संयन्त्रहरूले निष्पक्ष प्रभावकारी भूमिका निर्बाह गर्न सकेका छैनन्। हत्या, अपहरण, शरीर बन्धक, बलात्कार, मानव बेचविखन, गैरकानुनी थुना, यातना जस्ता घटनाहरू न्यूनीकरण हुन सकेका छैनन्। जातीय छुवाछुत विरुद्धका अपराध, लिङ्गका आधारमा हुने हिंसा, बालबालिका विरुद्ध हुने अपराध जस्ता घटना न्यूनीकरण गर्न सरकारले थप प्रभावकारी कार्य गर्नुपर्ने अवस्था कायमै देखिएको छ। उदाहरणको लागि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को तथ्याङ्क अनुसार सन् २०२३ मा १ हजार ५ सय ६५ उजुरी बालबालिकाको अधिकार उल्लङ्घनसँग सम्बन्धित छन् जसमा ५२ उजुरी बालबालिका बेचबिखन सम्बन्धमा छ। सन्




*स्रोत: नेपाल मानव अधिकार वर्ष पुस्तक, २०१९ देखि २०२४, इन्सेक*

२०१८ देखि २०२३ मा २१ हजार ७ सय ३३ जना महिला अधिकार उल्लङ्घनमा पीडित भएको इन्सेकको तथ्याङ्कले देखाउँछ।

नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण अनुसार २०२२ अनुसार १५ देखि ४९ उमेर समूहका २३ प्रतिशत महिलाले १५ वर्षको उमेरदेखि शारीरिक हिंसा र ८ प्रतिशत महिलाले यौन हिंसा भोग्ने गरेका छन्। ७२ प्रतिशत महिलाले उपचारका लागि कुनै पनि पहल नगरेको तथ्याङ्कले सेवा प्रदायक निकायहरू प्रति हिंसा प्रभावितहरू सकारात्मक नरहेको देखाउँछ।

अपराध पीडित संरक्षण ऐनले अपराधका पीडितलाई न्याय, क्षतिपूर्ति र सामाजिक पुर्नस्थापनाको सुनिश्चतता गर्दछ। हिंसा प्रभावितहरूलाई क्षतिपूर्ति र सामाजिक पुर्नस्थापना लगायतका कुनै सेवा उपलब्ध गराउने उद्देश्यले विभिन्न प्रकारका कोषहरू[३] स्थापना गरिएको छ। तर, यी कोषहरूको उपयोगमा क्षेत्राधिकारको अनिश्चिता र अत्यधिक दोहोरोपनाको सम्भावना रहेको छ।[४] तीन तहका सरकारहरू बिच अधिकार

३. लैङ्गिक हिंसा उन्मूलन कोष, एकल महिला संरक्षण कोष, बालबालिका कोष, पुर्नस्थापना कोष र सेवा कोष संघीय संरचनामा आधारित छ भने पीडित राहत कोष र न्यायिक कोष एकात्मक संरचनामा आधारित छ।

४. लैङ्गिक हिंसा उन्मूलन कोष सङ्घीयस्तरमा लागु हुन्छ। तर, आवश्यक बजेटको अभावमा अपराधका पीडितले लाभ लिने अवस्था छैन भने कोषहरूको प्रकृति र क्षेत्राधिकार समान भएका कारणले प्रकृयागत जटिलता, अस्पष्टता र सम्भावित दोहोरोपनाको संभावना रहेको छ। उदाहरणका लागि सेवा कोष घरेलु हिंसा प्रभावित, पुर्नस्थापना कोष मानव बेचबिखन प्रभावित, एकल महिला संरक्षण कोष एकल महिलाप्रति लक्षित छ भने बालबालिका कोष हिंसा प्रभावित बालबालिकाप्रति लक्षित छ।

र उत्तरदायित्वको स्पष्ट विभाजन गर्न नसक्नाले लैङ्गिक हिंसा उन्मूलन कोष र लैङ्गिक समानता कोषसम्बन्धी ऐनको कार्यान्वयनमा समस्या रहेको छ।

**मानव अधिकार र मौलिक हकको संरक्षणको लागि संस्थागत संयत्रहरू**

मानव अधिकार तथा मौलिक हकको संरक्षण, सम्मान र परिपूर्ति गर्ने राज्यको मूल दायित्व अनुरूप सङ्घीय प्रणालीमा पनि मानव अधिकारको संरक्षण र प्रवर्द्धनको जिम्मेवारी राज्यका तीनै तहको निकायहरूको आ-आफनो क्षेत्राधिकार र दायित्व छ। अधिकारको कार्यान्वयन प्रदेश तथा स्थानीय तहमा नै हुने भएकोले जनताले प्रत्यक्ष रूपमा अधिकारको उपभोग गर्ने वातावरणको निर्माण गर्ने र व्यक्तिका अधिकारको प्रत्याभूति स्थानीय तहबाट हुन्छ।

प्रदेशको हकमा आफ्नो क्षेत्राधिकारभित्र रहेर प्रदेशले स्वायत्त तथा सह-साशन सञ्चालन गर्ने भएकोले विधायिकाले सङ्घीय कार्यपालिका सरह अधिकार प्रयोग गर्दछ। स्थानीय तहले निर्माण गर्ने कानुन नीतिनियम मानव अधिकारमैत्री, नागरिकले प्राप्त गर्ने सेवा र सुविधाहरू सहज, सर्वसुलभ र पारदर्शी रूपमा उपलब्ध, योजना निर्माण तथा कार्यान्वयन सहभागितामूलक र समावेशी, जिम्मेवारीभित्र रहेका विषयहरूमा जवाफदेहिताह मानव अधिकार र न्यायको संस्कृतिको विकासको लागि कानुनको शासनको प्रत्याभूत गर्ने जिम्मेवारीहरू राज्यका प्रमुख निकायहरूको रहन्छ।[५] न्यायपालिका, कार्यपालिका तथा व्यवस्थापिका बीचको शक्ति सन्तुलन धरमराउँदा तीनै क्षेत्रले अपेक्षा अनुसार कार्य गर्न सक्दैनन्।

***कार्यपालिका***

संविधानले सङ्घीय संरचना सहितको नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रदान गर्ने र सामाजिक समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरी संविधान कार्यान्वयनको लागि विभिन्न विषयमा कानुनहरू र नीतिनियम तथा कार्यक्रमहरूको तर्जुमा गर्नुपर्ने अवस्था छ। सरकारको नीति तथा कार्यक्रमहरू यथार्थपरक नहुने कारणले मानव अधिकार र न्यायसँग सम्बन्धित सबालहरूको कार्यान्वयन अव्यावहारिक हुने गर्दछन्। उदाहरणको लागि दिगो शान्तिका साथ मुलुकलाई अगाडि बढाउने, समन्यायमा आधारित समाजको निमार्ण र मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन गर्ने लगायतका प्रतिबद्धता र धरातलीय आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गर्नसक्ने नहुनु। हरेक वर्ष नयाँ सोचका साथ

५.संविधानको धारा ५२ मा राज्यको दायित्व आन्तर्गत "नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानवअधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमश: कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ" भन्ने व्यवस्था गरिएको छ। त्यसैगरी धारा ५४ मा निर्देशक नीति तथा दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्न सङ्घीय संसद्मा कानून बमोजिम एक समिति रहने व्यवस्था समेत गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोग र अन्य विषयगत संवैधानिक निकायहरूले कार्यपालिका र व्यवस्थापिकको जिम्मेवारीप्रति निगरानी र खबरदारीको भूमिका निर्वाह गर्दछन्।

कार्यक्रम घोषणा हुने तर, घोषित कार्यक्रम कार्यान्वयनको अवस्था विगतका कार्यक्रमको समीक्षा हुने गरेको पाइँदैन। अल्पमतमा रहेको सरकारले पनि नीति तथा कार्यक्रम ल्याउने परिपाटीले नीति तथा कार्यक्रमको औचित्यमाथि नै प्रश्न उठेका उदाहरण पनि छन्।

मौलिक हकहरूको प्रचलनका लागि आवश्यक विधिको शासन अनुरूप संरचना र संयन्त्रको स्थापना, यस्तो संरचनाहरूको निष्पक्षता र जवाफदेहिता, मौलिक हकहरूको उल्लङ्घनमा पीडित वा प्रभावितलाई उपचार र उल्लङ्घनकर्तालाई जवाफदेही बनाउनु संविधान र मौलिक हकहरूको प्रभावकारी कार्यान्वयन गर्नु हो। तर, मानव अधिकारका विषयहरूमा गम्भीर असर पर्ने विषयहरूसँग सम्बन्धित कानुनहरू संसद विघटन भएको अवस्थामा संसद छलेर अध्यादेश मार्फत ल्याउने र लागु गर्ने कार्य सरकारका तर्फबाट बारम्बार हुनु मानव अधिकारको उपहास गर्नु हो।

अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानुनका महत्वपूर्ण तत्वहरू आत्मसात गर्ने कानुन र प्रगतिशील विधिशास्त्रको विकासमा उल्लेखनीय प्रगति भएको छ। यद्यपि ती कानुन र निर्णयहरूको प्रभावकारी कार्यान्वयन चुनौतीको रूपमा रहेको छ। अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्षराष्ट्र भएको अवस्थामा सृजना भएको दायित्व, संयुक्त राष्ट्रसङ्घको बडापत्रमा आधारित विश्वव्यापी आवधिक समीक्षा अन्तर्गत सृजना भएको दायित्वका साथै मानव अधिकारसँग सम्बन्धित विषयगत समाधिक्षकहरूको सिफारिस कार्यान्वयनमा सरकारको भूमिका प्रशंसायोग्य देखिँदैन। उदाहरणको लागि मानव अधिकार सन्धि अन्तर्गतका सन्धिजनित निकायहरूमा आवधिकरूपमा प्रस्तुत गर्नुपर्ने समीक्षा प्रतिवेदन २-३ अवधिको प्रतिवेदनलाई खप्ट्याएर पेश गर्ने अभ्यास बढेको छ। जस्तै सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको १७ औं देखि २३ औंसम्मको सातओटा आवधिक प्रतिवेदन एउटै संयुक्त प्रतिवेदनका रूपमा बुझाएको देखिन्छ। यस्तो अभ्यासले सन्धिको कार्यान्वयन अवस्थाबारे समयानुकूल र वास्तविक मूल्याङ्कन गर्न कठिन हुन्छ।

### *व्यवस्थापिका*

संसदीय शासन प्रणालीमा मानव अधिकार र न्यायको प्रत्याभूति गर्ने महत्वपूर्ण भूमिका संसद्को हुन्छ। मानव अधिकार र न्यायको प्रत्याभूतिका साथै व्यवस्थापिका संसद प्रत्यक्षरूपमा मानव अधिकार तथा मौलिक हकको संरक्षण र कार्यान्वयन गर्ने कार्यपालिका पछिको प्रमुख जिम्मेवार निकाय हो।

यस अवधिमा सङ्घीय संसदले पहिलो पाँच वर्षको कार्यकाल पूरा गरी दोस्रो आमनिर्वाचनबाट निर्वाचित प्रतिनिधिसभा र सात ओटै प्रदेशसभाले दुई वर्षको अवधि पूरा गरे। तर, मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कानुन र नीतिहरू लागु गर्न, सरकारका काम कारबाहीहरूको अनुगमन गर्न, नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण र सम्मान गर्ने दिशामा अपेक्षाकृत तदारुकता देखिएन। नागरिकता विधेयक, सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधन विधेयक लगायत अन्य विधेकहरू व्यापक छलफल अनि पारित हुन नसक्नु मानव अधिकारको संरक्षण र न्याय प्रत्याभूतिका लागि व्यवस्थापिकाले आफ्नो जवाफदेहिता सुनिश्चित गर्ने इच्छाशक्ति नभएको अवस्था हो। अधिकांश प्रदेशसभाहरूमा पनि यस्तै

कृयाकलाप भए। २०२३ मा एक वर्षको अवधिमा सङ्घीय संसदले जम्मा एउटा कानुन बनायो भने मधेश प्रदेशमा त एउटा पनि कानुन बन्न सकेन।

आमजनताको सरोकारहरूको प्रतिनिधित्व गर्दै आवश्यक कानुनहरू निर्माण गर्ने र आफ्ना कार्यहरूका लागि सरकारलाई जवाफदेही बनाउने भन्दा पनि सत्ताको खिचातानी र दल विभाजनबाट सृजिततनावकै बीच संसदको पहिलो कार्यकाल समाप्त भयो। सरकारको कायर्सम्पादनको सम्बन्धमा र अन्य समसामयिक विषयवस्तुहरूको समीक्षा गर्ने, सवंधैानिक तथा अन्य महत्वपूर्ण पदहरूमा नियुक्तिका लागि सिफारिस गरिएका व्यक्तिहरूका सम्बन्धमा सुनुवाइ गर्ने र सदनमा प्रभावकारी ढङ्गले आम सरोकारका मुद्दाहरू उठाउन र प्रश्नहरू सोध्ने, स्थानीय सरोकारहरू पहिचान गर्ने दायित्वमा कुशलता प्रस्तुत गर्न सकेन। कुनै एउटा विषयमा असहमति हुने बित्तिकै संसदमा उपस्थित दलले महिनौँसम्म संसद अवरुद्ध गर्ने परिपाटीले लोकतन्त्रको आभाष दिलाएन। बरु संसद छलेर अध्यादेश ल्याउन सरकारलाई सजिलो भयो।

सांसदहरूको न्यून उपस्थिति, लामो समयसम्म संसद अवरोध, संसदीय समितिहरूले निर्देशन दिने तर, सम्बन्धित निकायले त्यसको परिपालना नगर्ने, संसदीय समितिहरूले प्रभावकारी उपस्थिति नहुनु, उपसभामुख बिना एक वर्षसम्म संसदका गतिविधि सञ्चालन भएकाजस्ता गतिविधिहरूले कानुन निर्माण प्रकृया उल्लेखनीय रूपमा अघि बढ्न सकेन। संसदीय समितिहरूले गरेका निर्देशन र निर्णहरूको औचित्यमाथि पनि प्रश्न चिन्ह उठ्यो। संसद् विघटनलाई प्रधानमन्त्रीको राजनीतिक अधिकारका रूपमा व्याख्या गरि पाँच वर्षका लागि निर्वाचित संसद प्रधानमन्त्रीले दुईपटक विघटन गरे तर विघटित संसद पुर्नस्थापना गर्ने सर्वोच्च अदालतको आदेशले संविधानको मर्यादा राख्यो।

मानव अधिकारको संरक्षण र प्रवर्धनलगायत नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण र सम्मान गर्ने सन्दर्भमा संसदको अपेक्षाकृत तदारुकता त पटकै देखिएन। सरकार गिराउने र बनाउने प्रयत्नमा अधिकांश समय आमजनताको मुद्दाबाट विमुख भइ गैरजिम्मेवारीता प्रर्दशन गरयो।

***न्यायपालिका***

शक्ति पृथकीकरण तथा सन्तुलनको सिद्धान्तलाई लोकतान्त्रिक शासन प्रणालीको न्यूनतम सर्त मानिन्छ। न्यायिक निकायहरू कार्यकारिणीबाट बजेट, मानवीय संशाधन लगायत अन्य अत्यावश्कीय विषयहरूमा आश्रित र नियन्त्रित हुनुपर्ने र न्यायाधीश नियुक्तिमा संसदको प्रत्यक्ष भूमिकाको कारण न्यायापालिकाको संस्थागत र व्यक्तिगत स्वतन्त्रतामा असर परेको छ। स्वयम् सर्वोच्च अदालतबाट प्रकाशित प्रतिवेदन, बार एसोसिएसनको निष्कर्श र अन्य संस्थागत तथा प्राज्ञिक अध्ययन अनुसन्धानहरूले न्यायपालिकाको संस्थागत साथै व्यक्तिगत स्वतन्त्रताको बारेमा चासो व्यक्त गरेका छन्। उदाहरणको लागि न्यायाधीशहरूको नियुक्ति तथा न्यायपालिकाको नियमनकारी निकायका रूपमा रहेको न्यायपरिषद्को गठनमा बहुमत सदस्य राजनीतिक आस्था तथा कार्यपालिकाद्वारा इच्छाइएका व्यक्तिबाट नियुक्त हुने कारणले न्यायाधीशहरूको

नियुक्ति यस संविधान जारी भएपश्चात पनि विवादित तथा सार्वजनिक रूपमा आलोच्य रही नै रह्‍यो। आममाफी[६] तथा मुद्दा फिर्ता र कोशी प्रदेश[७] सरकार गठनसम्बन्धी मुद्दामा भएका आदेशहरू मार्फत कार्यपालिकाले न्यायालयलाई नजरअन्दाज गरेको स्पष्ट हुन्छ।

प्रभावकारी तथा सहज, पहुँचयुक्त र जनआस्थामा आधारित न्याय प्रणाली स्थापना गर्ने दिशातर्फ न्यायापालिकाको रणनीतिक योजनाले तयार गरेको नीति अनुरूप पहुँचयोग्य, विश्वसनीय र पूर्वानुमान योग्य न्याय प्रणालीको स्थापना गर्न न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेबमोजिम फरक मुद्दा व्यवस्थापन पद्धति, स्वचालित पेशी व्यवस्थापन, आलाइ तारेख, श्रव्यदृश्य संवादलगायतका सूचना प्रविधिमैत्री मुद्दा व्यवस्थापन पद्धतिलाई अनुसरण गऱ्यो। आफ्ना काम कारबाहीहरू केन्द्रित राख्नु, न्याय पहुँचयोग्य र पारदर्शित बनाउन विद्युतीय संचारको प्रयोग, न्याय सम्पादनमा जवाफदेहिता सुनिश्चित गर्न स्वचालित पेशी प्रणालीको लागि संरचना विकास नभएसम्मका लागि गोला प्रथाको शुरुवात, 'असक्षम' न्यायाधीशमाथि थालिएको कारबाही प्रक्रिया तथा दूरगामी महत्वका केही फैसलाका कारण भएका संस्थागत सुधारले केही आश जगाउने कार्य गरेको मान्न सकिन्छ।

उदाहरणको लागि द्वन्द्वकालका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाका दोषीले आममाफी र क्षमादान नहुने फैसला पुनरावलोकन गर्न सरकारले दिएको निवेदन पुनरावलोकन गर्नु नपर्ने ठहर गरी घटनामा संलग्नलाई आममाफी र क्षमादान गर्ने खालको कानुन बनाउन सरकारलाई निरूत्साहित गऱ्यो। त्यस्तै कोभिड-१९ को महामारीका कारणले उत्पन्न अवस्थामा नागरिकहरूको अधिकारको संरक्षणका लागि स्वास्थ्यको हक, निःशुल्क स्वास्थ्य परीक्षण, खोपको सर्वसुलभता र कोरोना बीमा रकम भुक्तानी सम्बन्धमा सर्वोच्च अदालत तथा उच्च अदालतहरूले विभिन्न निर्देशन तथा फैसलाहरू गरे। सर्वोच्च अदालतको पूर्ण बैठकले मौलिक हक लगायत महत्वपूर्ण सेवा सुचारू राख्नका लागि अदालतमा नयाँ प्रविधिको प्रयोग गर्दै 'भर्चुअल' माध्यमलाई पनि सुनुवाइ प्रकृयामा आधिकारिता दियो। तर, निरन्तरता दिन सकेन।

संविधान जारी भएयता सर्वोच्च, उच्च र जिल्ला अदालतहरूबाट भएका मानव अधिकार, न्याय र कानुन शासन स्थापनासँग सम्बन्धित फैसला र अन्तरिम आदेशले न्यायप्रति जनताको आशा जगाउने र सरकारको स्वेच्छाचारितामा अंकुश लगाउने कार्य गरेको भए पनि मानव

६. सरकारको सिफारिसमा २०८० सालको संविधान दिवसको अवसरमा कर्तव्य ज्यान मुद्दामा जन्मकैद सजाय मिनाह गर्न राष्टपतिद्वारा दिइएको आममाफी विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन परेको थियो। सो निणर्य संविधान तथा कानुन विपरीत रहेको भन्दै अदालतले बदर हुने आदेश गरेको थियो।

७. कोशी प्रदेशमा मुख्यमन्त्री नियुक्ति असंवैधानिक रहेको भन्दै सर्वोच्च अदालतमा परेका परमादेशमा अदालतले साउन २०८० मा नियुक्ति असंवैधानिक ठहर गर्दै बदर गरिदिएको थियो।

अधिकारको संरक्षण तथा परिपूर्तिका विषय सामेल रहेका र नागरिकका मौलिक हकको प्रचलनको माग गर्दै परेका रिट निवेदनको सुनुवाइलाई प्राथमिकतामा नराख्नु र केही मुद्दामा न्यायिक पद्धति र आफ्नै नजीर विपरीत गरिएका आदेशहरूले न्यायपालिकाको निष्पक्षता, स्वच्छता र सक्षमतामै प्रश्न खडा गर्‍यो।

नेपालको न्यायिक इतिहासमा पहिलो पटक सर्वोच्च अदालतको प्रधानन्यायाधीशलाई महाअभियोग लगाउन संसदमा प्रस्ताव दर्ता गरियो। प्रधानन्यायाधीश सुशीला कार्कीलाई राजनीतिक पूर्वाग्रहका आधारमा महाभियोग लगाउनु, प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीको जन्ममिति विवादलाई समयमै निर्क्यौल गर्न नसक्नु, प्रधानन्यायाधीश चोलेन्दशमशेर जबराको मुद्दालाई छिनोफानो गर्न नसक्नु, न्यायाधीश नियुक्तिमा ढिलाइ, अदालती प्रकृयामा राजनीतिक दबाब र प्रभाव लगायतका कामकारबाहीले न्यायपालिकाको स्वतन्त्रता संरक्षण र कानुनी शासन प्रवर्द्धन प्रति अन्य दुई निकायहरूको कमजोर जवाफदेहिता हो। फलस्वरूप नागरिकले न्यायिक निकायको निष्पक्षता र सक्षमता अनुभूति गर्न सकेनन्।

प्रधानन्यायाधीश र वरिष्ठ न्यायाधीशबीचको अविश्वासको वातावरणका कारण न्यायपालिकामा न्यायाधीशहरूबाट नै प्रधानन्यायाधीश विरुद्ध अवज्ञा र अन्दोलनको अवस्था सृजना गरी न्यायीक स्वतन्त्रता र कानुनी शासनको सिद्धान्तको धोर उल्लङ्घन गर्ने काम पनि भयो। करिब तीन महिना लामो न्यायाधीशहरूको अवज्ञा र बारको आन्दोलनले प्रतिवेदनमा सिफारिस गरेबमोजिक पेसीसूची गोला प्रथाबाट निर्धारण हुन थाल्यो। तर इजलास समयमा बस्ने र मुद्दा नपन्छाएको अवस्थामा मात्र यस प्रकृयाले मुद्दा फर्स्यौटमा सघाउ पुर्‍याउँछ, न्यायलयमा हुने भष्टाचार नियन्त्रण गर्नेतर्फ ढुक्क हुन सकिँदैन। मुलुकभरका अदालतहरूको दायित्वमा रहेका मुद्दाहरू निरूपणको अवस्था र अदालतबाट जारी भएका फैसला तथा आदेशहरूको कार्यान्वयनको अवस्था चिन्ताजनक छ। आर्थिक वर्ष २०७९/८० मा सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका निवेदनहरूमा जारी भएका १ सय ९६ आदेशहरूमा जम्मा ४४ ओटा आदेश कार्यान्वयन भएको छ।

यस अतिरिक्त विभिन्न तहका सङ्घीय एकाइहरू बीच उत्पन्न हुन सक्ने विवाद समाधानको लागि संविधानले दुई प्रकारको संयन्त्र राजनीतिक विवाद समाधानको लागि अन्तर प्रदेश परिषद् र संवैधानिक वा कानुनी विवादको समाधानको लागि सर्वोच्च अदालतमा संवैधानिक इजलासको व्यवस्था गर्‍यो। सर्वोच्च अदालतले संवैधानिक प्रश्न समावेश भएका विवाद लगायत सबै प्रकारका न्यायिक पुनरावलोकनको क्षेत्राधिकार प्रयोग गर्दै आइरहेको परिप्रेक्ष्यमा संविधानसभा मार्फत जारी गरिएको संविधानमा संवैधानिक इजलासको परिकल्पना गरे अनुरूप संवैधानिक इजलासको गठन सम्बन्धमा सर्वोच्च अदालत केही समयको लागि उदासिन रह्यो।

स्थानीय स्तरमा विवाद समाधान, न्यायिक सुशासन स्थापना र न्यायमा सहज पहुँच वृद्धि गर्न संविधानले पालिकास्तरमा न्यायिक समिति स्थापना गरे अनुरूप ७ सय ५३ पालिकामा समितिहरू स्थापना भएका

छन्। क्षमता, समन्वय, नीति र निर्देशिकाको कार्यान्वयनका साथै समितिको भूमिका सम्बन्धमा स्पष्ट बुझाइ नभएका कारण यो संयन्त्र प्रभावकारी हुन सकेको छैन।

**मानव अधिकार संयन्त्रहरू**

महिला, दलित, मधेशी, मुस्लिम, आदिवासी, थारु समुदायले सामना गर्ने असमानतालाई र अन्यायको अवस्थालाई सम्बोधन गर्न संवैधानिक रूपमा कार्यदेश प्राप्त अधिकारमुखी आयोगहरूका अतिरिक्त राष्ट्रिय समावेशी आयोग र राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक आयोगको रूपमा व्यवस्था गरिएको छ। नागरिकका अधिकार संरक्षण र संवर्द्धन गर्ने मुख्य दायित्व राष्ट्रिय मानव अधिकार आयोगको हो। सम्बन्धित समुदायको मानव अधिकारको सम्मान तथा हक, हितको संरक्षण र संवर्द्धन तथा सो समुदायको सशक्तिकरण गर्न र भेदभावको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गर्न अधिकारमुखी आयोगहरूको स्थापना गरिएको हो।

राष्ट्रिय मानव अधिकार आयोग र अधिकारमुखी अन्य सातओटा आयोगहरूका पदाधिकारीहरूको नियुक्तिसम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधिन रहेको अवस्थाले 'असंवैधानिक' रूपमा नियुक्ति लिएका पदाधिकारीले गरेको कामकारबाहीको वैधानिकतामा उठेको प्रश्न निर्क्योल हुन सकेको छैन। राष्ट्रिय मानव अधिकार संस्थाको विश्वव्यापी सञ्जालले राष्ट्रिय मानव अधिकार आयोगको सन्दर्भमा पेरिस सिद्धान्त (१९९३) को कार्यान्वयन गरे नगरेको मूल्याङ्कन गर्ने क्रममा यस विवादका कारण श्रेणी घटुवा हुने अनुमान गरिएको भए पनि उक्त सञ्जालले २०८० कात्तिकमा मानव अधिकार आयोगलाई 'क' श्रेणीमै कायम गर्ने निर्णय गर्‍यो।

आयोगलाई स्वायत्त र प्रभावकारी बनाउने दायित्व सरकार र आयोग दुबैको हो। तर मानव अधिकार आयोगले गरेको सिफारिसलाई महान्यायाधिवक्ता कहाँ पठाउनुपर्ने र महान्यायाधिवक्ताको निर्णय बमोजिम मात्र थप प्रक्रिया अगाडि बढ्ने गरी राष्ट्रिय मानव अधिकार आयोगको अधिकारक्षेत्रलाई कटौती र स्वतन्त्रतामा हस्तक्षेप गर्ने गरी आयोगको ऐन संशोधन मस्यौदा ल्याइएको छ।

अन्य आयोगहरूका हकमा संविधान बमोजिमको ढाँचामा गठन भइनसकेका र ऐनहरू पारित भइसके पनि क्षेत्राधिकार र आयोगहरूको काम, कर्तव्य र अधिकारमा स्पष्टताको अभाव छ भने सरोकारवालाहरूबीच आयोगको क्षेत्राधिकार र कार्यप्रणालीको बारेमा जानकारीको पनि अभाव छ। मानव अधिकार उल्लङ्घन एवम् दुरुत्साहन सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई जवाफदेही बनाउन सकेको छैन।

**मानव अधिकार र न्याय स्थापनाको लागि राज्यका प्रमुख निकायहरूको भूमिका**

मानव अधिकारका विषयवस्तुलाई संविधान तथा कानुनमा व्यवस्थित गरेर संवैधानिक तथा कानुनी अधिकारको रूप दिनु, यस्ता अधिकारको प्रचलनका लागि अदालत, प्रहरीजस्ता संरचना निर्माण गर्नु, र अधिकारको कार्यान्वयन भए, नभएको अनुगमन गर्न तीनवटै तहमा रहेका राज्यका प्रमुख निकायहरूको भूमिका अहम् हुन्छ।

***कार्यपालिका***

मानव अधिकार तथा मौलिक हक कार्यान्वयनमा कार्यपालिका प्रमुख रूपमा जिम्मेवार र जवाफदेही हुनुका साथै राज्यका अन्य दुई निकाय भन्दा यसको भूमिका बढी हुन्छ। नागरिकको पहुँच पनि स्थानीय स्तरमा नै हुने र अधिकारको कार्यान्वयनको दायित्व पनि प्रदेश सरकार र स्थानीय तहका अन्य निकायहरूको हुने भएकोले अधिकारको प्रभावकारी कार्यान्वयन र अधिकारको उपभोग गर्ने वातावरण प्रदेश तथा स्थानीय तहमा नै हुन्छ। प्रदेशको हकमा आफ्नो क्षेत्राधिकारभित्र रहेर प्रदेशले स्वायत्त शासन सञ्चालन गर्ने भएकोले कार्यपालिका तथा विधायिकाले सङ्घीय कार्यपालिका तथा विधायिकाले सरह अधिकार प्रयोग गर्दछ।

आफ्नो क्षेत्राधिकार भित्र हुने अपराध तथा मानव अधिकार उल्लङ्घनका सबै मामिलाहरूमा कानुनको समान र निष्पक्ष कार्यान्वयन सुनिश्चित गर्नु प्राथमिक दायित्व सरकारको र राजनीतिक नेतृत्वको हुन्छ। नागरिकप्रतिको यस्तो दायित्वको पालना गर्दा स्थानीय सरकार, न्यायीक निकायहरू, अधिकारमुखी संयन्त्रहरू र राज्यका अन्य सम्बन्धित निकायहरूसँगको सहकार्य, सम्मान र संरक्षण गर्ने दायित्व पनि सरकारको हुन्छ। वर्तमान सन्दर्भमा सङ्क्रमणकालीन न्याय प्रकृयाको आधारभूत लक्ष्य आत्मसात गरि द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घनलाई संवेदनशील ढङ्गले सम्बोधन गर्नु हो। उदाहरणको लागि सङ्क्रमणकालीन न्याय प्रकृयाको आधारभूत उद्देश्यहरू अन्तर्गत आर्थिक, जातीय आधारमा हुने भेदभाव र असमानता लगायतका हिंसाका मूल कारणहरूको पहिचान गर्ने, सम्बोधन गर्ने र न्यायिक संयन्त्रमा विद्यमान संस्थागत कमजोरीहरूको पहिचान गरि सुधार गर्नु आवश्यक हुन्छ।

समाजमा विद्यमान थुप्रै समस्याहरू खासगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र विभेद र असमानतासँग सम्बन्धित सरोकारहरूको दीर्घकालीन रणनीतिक समाधान सुनिश्चित गर्नु आवश्यक हुन्छ। मानव अधिकार तथा मौलिक हकको सुनिश्चतताको लागि स्थानीय तहले आफूले निर्माण गर्ने कानुन मानव अधिकारमैत्री बनाउनह नागरिकलाई प्रदान गरिने सेवा र सुविधाहरू सरल, सहज, सर्वसुलभ र पारदर्शी रूपमा उपलब्ध गराउनह नीति, योजना र कानुन तर्जुमा र कार्यान्वयन गर्दा सहभागितामूलक र समावेशी ढङ्गबाट गराउन, जिम्मेवारीभित्र रहेका विषयहरूमा जवाफदेही हुन, मानव अधिकार संस्कृतिको विकासको लागि कानुनको शासनको प्रत्याभूति आवश्यक हुन्छ।

***व्यवस्थापिका***

विद्यमान सङ्घीय प्रणालीमा सङ्घ र प्रदेश स्तरमा गठन भएका विधानसभाहरूले मानव अधिकार तथा मौलिक हक संरक्षण र कार्यान्वयनमा भूमिका निर्वाह गर्दछन्। प्रदेशसभाको कामकारबाहीलाई सहयोग गर्न सङ्घीय संसद्ले आफू मातहत निर्माण वा संशोधन गर्नुपर्ने कानुन तथा अन्य नीति नियमहरू समयमा नै तर्जुमा वा संशोधन गरी प्रदेश र स्थानीय तहका लागि बाटो खुला गरिदिने र प्रदेश व्यवस्थापिकाले पनि सोही अनुरूप स्थानीय तहलाई मार्ग प्रशस्त गर्नु जरुरी हुन्छ।

संविधानको कार्यान्वयनका लागि नयाँ बन्ने र विद्यमान कानुनहरूमा आवश्यक संशोधन गर्दा मानव अधिकार, न्याय र लैङ्गिक तथा समावेशी दृष्टिकोण सुनिश्चित गरी प्रावधानहरूलाई समन्यायिक र पहुँचयोग्य बनाउने, कार्यपालिकासँग नियमित सहकार्य गरी सरकारका गतिविधिलाई मानव अधिकार तथा मौलिक हक विरुद्ध जान नदिन आवश्यक सल्लाह तथा सुझाव दिने, निगरानी र खबरदारी गर्ने, सम्भावित उल्लङ्घबारे सरकारलाई सचेत गराउने तथा अपराध अनुसन्धानलाई शीघ्र, प्रभावकारी र पीडित/प्रभावितमैत्री बनाउन आवश्यक कानुन तर्जुमा गरी सहयोग गर्ने लगायतका कार्य गर्न सक्छन्।

**न्यायपालिका**

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार संविधान र कानुनको व्याख्या गर्ने भूमिका न्यायपालिकाको हुन्छ। अदालतको कामकारबाहीलाई निष्पक्ष, प्रभावकारी र पहुँचयोग्य बनाउन रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्ने, रणनीति अनुरूप न्यायप्रति जनताको आस्था बृद्धि गर्न आवश्यक कृयाकलाप अगाडि बढाउने कार्य गर्नुपर्छ। अनावश्यक बाहिरी प्रभावलाई न्यूनीकरण गर्न पेशी तोक्ने सम्बन्धमा स्पष्ट निर्देशिका निर्माण, अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामा वृद्धि गर्न संस्थागत तथा व्यक्तिगत सुधारका कार्यक्रम, अदालतमा विद्यमान असमावेशिताको स्थितिलाई सम्बोधन गर्न लैङ्गिक तथा सामाजिक समावेशिता सुनिश्चित, अदालती व्यवस्था सरल, स्वष्ट र पहुँचयोग्य बनाउन अदालतका कामकारबाहीलाई सूचना प्रविधिमैत्री बनाउने, अदालतका फैसलाहरूको कार्यान्वयन र सबै न्यायिक निकायहरूको प्रभावकारी कार्य सम्पादन सुनिश्चित गर्ने लगायतका कार्य गर्नुपर्छ।

**प्रदेश र स्थानीय तह**

मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने जिम्मेवारी तीनै तहको सरकार र संसदको जिम्मेवारीभित्र पर्छ। तर, कार्यान्वयनको जिम्मेवारी प्रदेश तथा स्थानीय तहमा नै हुने भएकोले जनताले प्रत्यक्ष रूपमा अधिकारको उपभोग गर्ने वातावरणको निर्माण गर्ने र नागरिकका अधिकारको प्रत्याभूति स्थानीय तहबाट हुनुपर्दछ। प्रदेशको हकमा आफ्नो क्षेत्राधिकारभित्र रहेर स्वायत्त तथा सह-साशन सञ्चालन गर्ने भएकोले कार्यपालिका तथा विधायिकाले सङ्घीय कार्यपालिका तथा विधायिकाले सरह अधिकार प्रयोग गर्दछ। मानव अधिकारमैत्री कानुन निर्माण गर्ने कुरामा सङ्घ र दण्डहीनतालाई अन्त्य गर्ने प्रतिबद्धता, सरकार, संसद, राष्ट्रिय मानव अधिकार आयोग र नागरिक समाजबिचको समन्वयात्मक, पञ्चवर्षीय योजना बनाई लागु गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। स्थानीय तहले आफूले निर्माण गर्ने कानुन मानव अधिकारमैत्री बनाउने, नागरिकले प्राप्त गर्ने सेवा र सुविधाहरू सहज, सर्वसुलभ र पारदर्शी रूपमा उपलब्ध गराउने, योजना निर्माण तथा कार्यान्वयन गर्दा सहभागितामूलक र समावेशितालाई ध्यान दिने, आफ्नो जिम्मेवारीभित्र रहेका विषयहरूमा जवाफदेही हुने, नीति, योजना र कानुन तर्जुमालाई लैङ्गिक तथा समाजिक समावेशी र सहभागिमूलक बनाउनेजस्ता कार्यहरू गर्न आवश्यक छ।

***राष्ट्रिय मानव अधिकार आयोग र अन्य आयोगहरू***

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको प्रभावकारी र विस्तृत अनुसन्धान गर्ने, आफनो कार्यदेशको प्रभावकारी रूपमा लागु गर्ने, आयोग र आयुक्तहरूको स्वतन्त्रता र निष्पक्षताको संरक्षण गर्ने, आयोगको पदाधिकारीको नियुक्ति समावेशी र संवैधानिक व्यवस्था अनुरूप सिफारिस गर्ने, सरकार र संसदको भूमिकाप्रति रचनात्क रुपमा आलोचना र विवेचना गर्ने, आयोगहरूद्वारा जारी गरिएका सिफारिसहरूको कार्यान्वयनका लागि पहलकदमी लिने लगायतका कार्य गर्नुपर्छ।

**निष्कर्ष**

संविधानसभा मार्फत जारी भएको संविधान कार्यान्वयनको दश वर्ष पुग्न लाग्दा यसको कार्यान्वयनको वास्तविकता भने फरक छ। सामन्तवाद, जातीय र लैङ्गिक विभेद, भ्रष्टाचार, दण्डहीनता लगायत बहुआयामिक समस्याहरूले निकास पाएको छैन। साँचो लोकतन्त्र र गणतन्त्रमा सबैलाई समान र निष्पक्ष व्यवहार सुनिश्चित हुनु पर्दछ। तर, समग्रमा राजनीतिक क्षेत्रमा कार्यगत प्रतिबद्धताको कमी, आवश्यक ऐन कानुनमा संशोधन र नयाँ कानुन निर्माणमा ढिलाइ, संस्थागत संरचना तथा व्यवस्थाको सुधारमा ढिलाइ, संस्थागत स्वामित्व, पारदर्शिता र जिम्मेवारीको कमी, सबै सरोकारवालामा लैङ्गिक र सामाजिक संवेदनशीलताको कमी, आधारभूत सेवा प्रदानमा मानव संशाधन तथा आर्थिक स्रोतको कमी, ऐन कानुनबीच विरोधाभास लगायतका कारण संवैधानिक अधिकारहरूको प्रत्याभूतिका मूल समस्याहरू हुन्। जनतालाई आवश्यक सेवासुविधा, संवैधानिक अधिकारको उपभोग र पहुँचजस्ता न्यूनतम आधारभूत विषय पूरा हुन सकेनन्।

मानव अधिकार र मौलिक हकका बारे पर्याप्त जानकारी प्रवाह गर्न नसकिएको, अधिकारको चर्चा त गरिएको तर अधिकार माग गर्दा कर्तव्यको पालनाको महत्वलाई बुझाउन नसकिएको, अपराध र मानव अधिकारबीच रहेको भिन्नताबारे बुझाइ स्पष्टरूपमा सम्प्रेषण गर्न नसकिएको र मानव अधिकार रक्षामा राज्यको भूमिका व्यवहारमा उतार्न नसक्नुले राज्य, कानुन कार्यान्वयन गर्ने, कुननको व्याख्या गर्ने निकायप्रति पनि नागरिकको विश्वास वृद्धि हुन सकेको छैन। नागरिकलाई अधिकारको विद्यमानता र उल्लङ्घन भएको अवस्थामा संरक्षण गर्ने निकाय वा संयन्त्रबारे जानकारी भएको अवस्थामा उपचारका लागि विद्यमान आवश्यक अवयवहरू समक्ष पहुँच सहज रूपमा हुन सक्छन्। न्याय र अन्यायबिच भिन्नता पहिचान गर्न सक्दछन्। मानवीय मर्यादाको समान रूपमा कदर र संरक्षण गरी समतामूलक समाज निमार्ण गर्नु आजको आवश्यकता हो।

*(डा. चापागाइँ मानव अधिकार र सामाजिक न्यायका विभिन्न विषयमा अनुसन्धान गर्नुहुन्छ ।)*

# तहगत सरकारका अधिकार र विवादका प्रश्नहरू

**पृष्ठभूमि**

नेपालको संविधान बमोजिम नेपाल एकात्मक राज्यबाट सङ्घात्मक राज्यमा परिणत भएको छ। बाइसी, चौबीसी राज्यहरू पृथ्वीनारायण शाहको नेपाल एकीकरणपछि नेपाल केन्द्रीकृत राज्य प्रणालीमा लामो समयदेखि अभ्यासमा रह्यो। वि.सं. २०६२/०६३ को जनआन्दोलन र राजनीतिक दलहरूको १२ बुँदे सम्झौताले राज्यको पुनसंरचना गर्ने अठोट गरे अनुरुप नेपालको अन्तरिम संविधान, २०६३ को पहिलो संशोधन, २०६३ (फागुन ३०, २०६३) ले मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशिताको आधारमा सहभागी गराउने व्यवस्था गऱ्यो। यसैगरी यस संशोधनले राज्यको पुनरसंरचना गर्दा लोकतान्त्रिक सङ्घीय शासन प्रणाली सहितको अग्रगामी पुर्नसंरचना गरिने समावेश गरी सङ्घीय शासन प्रणाली स्वरूपको अन्तिम टुङ्गो संविधानसभाले निर्धारण गरे बमोजिम हुने उल्लेख गरियो। नेपालको अन्तरिम संविधान, २०६३ को चौथो संशोधन, २०६५ ले राजतन्त्रको गणतन्त्रात्मक राज्यको घोषणा गऱ्यो।



डा. काशीराज दाहाल

संविधान सभाबाट २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानले सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने घोषणा गर्दै राज्यलाई सङ्घीय प्रणालीको संरचनामा परिवर्तन गऱ्यो। संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र संवृद्धिको आकांक्षा पूरा गर्ने सङ्कल्प गरेको छ। संविधानले राज्यको मूल संरचना भित्र सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गरेको र राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान र कानुन बमोजिम गर्ने भनी उल्लेख गरेको छ।

नेपाल लामो समयसम्म एकात्मक राज्य प्रणालीको अभ्यासबाट सङ्घीय प्रणालीको अभ्यास गर्ने क्रममा केही सकारात्मक, केही समस्या र चुनौतीको मिस्रित अवस्थाबाट गुज्रिरहेको छ। राज्यशक्ति तीन तहमा विभाजन गरेकाले प्रतिनिधित्वमा समावेशीकरण, पहिचान र पहुँचमा अभिवृद्धि भएको छ। बढ्दो प्रशासनिक खर्च, एकात्मक सोचको कार्यशैली, तहगत समन्वयको अभाव, काममा दोहोरोपन जस्ता विभिन्न समस्या र चुनौतीका कारण प्रदेश संरचनाप्रति आम जनताको स्वामित्व र स्वकारोक्तिमा अभिवृद्धि हुन सकिरहेको छैन। यस अवस्थामा संविधानको उद्देश्य र लक्ष्य

प्राप्तीमा अहिलेको अधिकार क्षेत्र र कार्य शैलीमा सुधार आवश्यक छ।

## संविधान र तहगत सरकारको अधिकार

सङ्घीय प्रणाली अपनाएका विश्वका विभिन्न मुलुकहरूमध्ये अमेरिका, क्यानाडा, अष्ट्रेलिया, स्वीट्जरल्याण्ड, जर्मनी, ब्राजिल, दक्षिण अफ्रिका, भारत, नेपाल लगायतका २८ वटा मुलुकहरू छन्। अमेरिका, क्यानाडा लगायतका धेरै सङ्घीय मुलुकहरूले सङ्घ र प्रदेशमा गरी तीन तहमा अधिकार विभाजन गरेका छन्। तीन तहमा अधिकार विभाजन गरेका मुलुकहरूमा स्थानीय सरकारको गठन र अधिकार प्रदेश कानुन अन्तर्गत हुने व्यवस्था छ। स्वीट्जरल्याण्ड, ब्राजिल, दक्षिण अफ्रिका, नेपाल लगायतका केही मुलुकहरूमा भने राज्यशक्ति सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरिएको छ। सङ्घीय प्रणालीमा राज्यको सार्वभौम शक्ति नै तहगत रूपमा विभाजन हुन्छ। संविधानको सीमा भित्र रही विभाजित अधिकार प्रयोग गर्न तहगत सरकार स्वायत र स्वतन्त्र हुन्छ। संविधानको सर्वोच्चता र विधिको शासनलाई अबलम्वन गरी राज्य शक्ति प्रयोग गर्नुपर्ने तहगत सरकारको दायित्व र जिम्मेवारी हो।

राष्ट्रिय महत्व र वैदेशिक मामिलाका विषयहरू सङ्घको अधिकार क्षेत्र, प्रादेशिक महत्वका विषयहरू प्रदेशको अधिकार क्षेत्र र स्थानीय आवश्यकता र महत्वका विषयहरू स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने गरी अधिकार विभाजन गरेको हुन्छ। अमेरिकाको संविधानले १८ ओटा विषयहरू सङ्घीय सरकारको अधिकारक्षेत्र भित्र र बाँकी विषयहरू राज्य (प्रदेश) सरकारको अधिकारक्षेत्र भित्र राखेको छ। सङ्घीय सरकारको अधिकार भित्र मूलत: वैदेशिक मामिला, सेना मुद्रा र अन्य राष्ट्रिय महत्वका विषयहरू छन्। अष्ट्रेलिया, क्यानाडा, जर्मनी लगायतका सङ्घीय मुलुकहरूमा यस्तै किसिमले अधिकार विभाजन गरेको देखिन्छ। अमेरिकाको संविधानमा सङ्घ र राज्यलाई स्पष्ट रूपमा तोकिएको अधिकार बाहेकका अन्य अवशिष्ट अधिकार राज्य तहमा हुने व्यवस्था गरी राज्य तहको शक्तिलाई विशेष संरक्षण प्रदान गरेको छ। नेपाल लगायतका अन्य धेरैजसो सङ्घीय मुलुकहरूमा अवशिष्ट अधिकार सङ्घमा निहित हुने व्यवस्था गरेको छ।

नेपालको संविधानको धारा ५७ ले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार संविधानको अनुसूचीहरू ५, ६, ७, ८ र ९ मा तोकिए बमोजिम हुने गरी बाँडफाँड गरेको छ। सङ्घको एकल अधिकार सूचीभित्र रक्षा र सेनासम्बन्धी, युद्ध र प्रतिरक्षा, केन्द्रीय बैंक, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, भन्सार अन्तशुल्क, अन्तर्राष्ट्रिय व्यापार, फौजदारी तथा देवानी कानुनको निर्माण, राष्ट्रिय महत्वका विषयहरू गरी ३५ ओटा रहेका छन्। यस्तै प्रदेशको एकल अधिकारसूची भित्र प्रादेशिक महत्वका २१ वटा विषयहरू छन्। यसैगरी स्थानीय सरकारको एकल अधिकार सूचीभित्र स्थानीय आवश्यकताका २२ ओटा विषयहरू छन्। संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारलाई अलग अलग एकल अधिकारका विभिन्न विषयहरूको अतिरिक्त सङ्घ र प्रदेश विचको २५ ओटा साझा अधिकार ३ ओटै तहबीच १५ ओटा साझा अधिकार राखेको छ। एकल अधिकारका कतिपय विषयहरू एक आपसमा खप्टिएका छन् भने साझा अधिकारका विषयहरू तहगत रुपमा स्पष्ट विभाजन नहुँदा कार्यान्वयनमा समस्या र चुनौतीहरू देखिएका छन्।

खासगरी स्वास्थ्य, शिक्षा, भूमि व्यवस्थापन, खानी, सहकारी, खानेपानी सरसफाइजस्ता विषयहरू तहगत सरकारको अधिकारक्षेत्रभित्र एक आपसमा खप्टिएका छन्। अधिकारहरू एक आपसमा खप्टिएका कारण कार्यान्वयनमा जटिलता देखिएको छ। यसका निम्ति समय मै स्पष्टता गर्नु जरुरी छ।

**विभाजित अधिकार प्रयोगको सिद्धान्त**

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट गरेको राज्य शक्तिको प्रयोग गर्दा अपनाउनुपर्ने सिद्धान्त र मान्यताहरूलाई धारा ५७ (२) मा उल्लेख गरेको छ। जसअनुसार सङ्घको एकल अधिकारको विषयको प्रयोग सङ्घले संविधान र सङ्घीय कानुन बमोजिम गर्नुपर्ने, प्रदेशको एकल अधिकारको विषयको प्रयोग संविधान र प्रदेश कानुन बमोजिम गर्नुपर्ने र स्थानीय सरकारको एकल अधिकारको विषयको प्रयोग संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम गर्नुपर्ने व्यवस्था गरेको छ।

यसैगरी सङ्घ र प्रदेशबीचको साझा अधिकारको प्रयोग संविधान, सङ्घीय कानुन र प्रदेश कानुन बमोजिम गर्नुपर्नेछ। यस्तै तीनै तहको साझा अधिकारको प्रयोग संविधान, सङ्घीय कानुन, प्रदेश कानुन र गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम गर्नुपर्ने छ। प्रदेशले साझा अधिकारको विषयमा कानुन बनाउँदा सङ्घीय कानुनको अधीनमा रही र स्थानीय सरकारले साझा अधिकारको विषयमा कानुन बनाउँदा सङ्घीय र प्रदेश कानुनको अधीनमा रही बनाउनु पर्ने सिद्धान्त संविधानले निर्धारण गरेको छ।

नेपालको संविधानको धारा २३२ ले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भनी 'सहयोगात्मक प्रकृतिको सङ्घीयता' नेपालको सङ्घीयताको स्वरुप भन्ने देखिन्छ। यसै सिद्धान्तको आधारमा संविधानले निर्दिष्ट गरेको व्यवस्थाको अधीनमा सङ्घ, प्रदेश र स्थानीय सरकारले आ-आफ्नो अधिकार प्रयोग गर्ने र एक आपसमा परामर्श, समन्वय र सहकार्य गरी कार्य सम्पादन गर्नुपर्नु मान्यता रहेको छ। यही सिद्धान्तलाई व्यवहारमा लागु गर्न सहजीकरण गर्ने उद्देश्यले सङ्घीय संसदले सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ जारी गरेको छ।

यस ऐनले तहगत सरकारहरूले कानुन वा नीति बनाउँदा विचार गर्नुपर्ने कुराहरू, एकल अधिकारको कार्यान्वयन, साझा अधिकारको कार्यान्वयन, सङ्घीय कानुनबाट मात्र व्यवस्थित हुने विषयहरू, समन्वय र परामर्श गर्ने विषयहरू, आयोजना तर्जुमा र कार्यान्वयन, सहकार्य गर्ने विषयहरू र प्रक्रियाहरू निर्धारण गरेको छ। यस्तै तहगत सरकारको बीच कार्य सम्पादनमा समन्वय र सहजीकरण गर्न राष्ट्रिय समन्वय परिषद्, विषयगत समिति, विशेष समितिजस्ता विभिन्न संयन्त्रहरूको समेत व्यवस्था गरिएको छ।

संविधान र कानुनले गरेको व्यवस्था अनुसार सङ्घले प्रदेश र स्थानीय सरकारको एकल अधिकारका अतिक्रमण नगर्ने, यही सिद्धान्तको पालना प्रदेश र स्थानीय सरकारले पनि अर्को तहको एकल अधिकारको अतिक्रमण नगर्ने, कानुन बनाउँदा नबाझिने गरी बनाउने, कार्यान्वयनमा दोहोरो नपर्ने गरी कार्य गर्ने, एकल अधिकारकै विषयमा तहगत रूपमा खप्टिएका विषयहरू रहेछन् भने प्रदेशले सङ्घीय कानुनको अधीन र स्थानीय सरकारले सङ्घीय कानुन र प्रदेश कानुनको

अधीनमा रही बनाउनुपर्ने सिद्धातको व्यवस्था गरिएको छ।

यसैगरी सङ्घीय कानुनले मात्र गर्न सक्ने विषयहरूमा कसुर र सजायको निर्धारण, राष्ट्रिय मापदण्ड र गुणस्तरको निर्धारण, अवशिष्ट अधिकार, विशिष्टकृत अदालत, न्यायिक निकायको स्थापना जस्ता विषयहरू छन्। प्रदेश र स्थानीयले कैद सजाय गर्ने गरी कानुन बनाउन नसक्ने, केवल प्रशासनिक दण्ड जरिवानाको व्यवस्था गरी कानुन बनाउन सक्ने सिद्धान्त निर्धारण गरिएको छ।

नेपालको संविधानको विभिन्न अनुसूचीहरूमा तोकिएको सङ्घ, प्रदेश र स्थानीय तहबीचको अधिकार क्षेत्रका बारेमा विवादहरू उठेमा संविधानको धारा १३७ बमोजिम सर्वोच्च अदालतको संवैधानिक इजलासले निरूपण गर्दछ। सङ्घ, प्रदेश र स्थानीय तहले बनाएका कानुनहरू संविधानले निर्धारण गरेको सिद्धान्त र सीमाभित्र बनेका छन् छैनन भन्ने कुराको परीक्षण सर्वोच्च अदालतको संवैधानिक इजलास बाहेक अन्यलाई अधिकार छैन। सर्वोच्च अदालतको संवैधानिक इजलासले संविधानको सर्वोच्चता र कानुन व्याख्याको सिद्धान्त अनुसार कुनै पनि तहले बनाएको कानुनको संवैधानिकताको परीक्षण गर्दछ। संविधानले निर्दिष्ट गरेको सिद्धान्त विपरीत हुने गरी बनाइएका कानुनहरू सर्वोच्च अदालतको संवैधानिक इजलासले न्यायिक पुनरावलोकन गरी अमान्य गर्न सक्ने अधिकार छ।

**अधिकारसम्बन्धी विवादित प्रश्नहरू**

संविधानले तीन तहमा राज्यशक्ति बाँडफाँट गरी सोही अनुरूप अधिकार विभाजन गरेको भए पनि एक आपसमा तहगत रूपमा कतिपय अधिकार खप्टिएको र साझा अधिकारको प्रयोगमा द्विविधा र असहजताका कारण तहगत सरकारकाबीच अधिकार क्षेत्रको सम्बन्धमा विभिन्न प्रश्नहरू श्रृजना भई न्यायिक निरूपणको निम्ति अदालतमा मुद्दा दायर समेत भएका छन्। तहगत सरकारहरूको अधिकार क्षेत्रहरूको सम्बन्धमा र सङ्घीयताको मर्म र भावना अनुरूप कार्य हुन नसकिरहेको भन्ने प्रश्नहरू देहायका विषयहरूमा उत्पन्न भएको देखिन्छ :

- संविधानले सहयोगात्मक सङ्घीयताको सिद्धान्तलाई स्वीकार गरेकोमा सो अनुरूपको बुझाइ नहुँदा सङ्घले प्रदेश र स्थानीय तहलाई अधिनस्थ सम्झने र प्रदेश र स्थानीयले पनि आफूहरू पूर्ण स्वायत्त भएको भनी संविधानकै सीमा उल्लङ्घन गरी कार्य गर्न खोज्ने प्रवृतिको व्यवहारले विभिन्न समस्या र चुनौतीहरू सृजना हुन पुगेको,
- संविधान बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका राजनीतिक एकाइहरू निर्वाचनको प्रक्रियाबाट गठन भई राजनीतिक सङ्घीयता कार्यान्वयनमा आएको भए तापनि वित्तिय सङ्घीयता र प्रशासनिक सङ्घीयताको व्यवस्थापन सङ्घीयताको सिद्धान्त अनुरूप अझै हुन नसकेकोले विवादहरू सृजना हुनु,
- सङ्घीयताको सिद्धान्त अनुरूप आवश्यम सङ्घीय ऐन कानुनहरू समयमै बन्न नसक्दा कतिपय कुराहरूको कार्यान्वयनमा पुरानै ऐन कानुनहरू अनुरुप काम भइरहेको। उदाहरणको निमित्त विद्यालय सञ्चालन र व्यवस्थापनसम्बन्धी सङ्घीय शिक्षा ऐन समयमै बन्न नसक्नु, कृषि र स्वास्थ्यसम्बन्धी ऐन

संविधान अनुरूप आउन नसक्नु, प्रहरी समायोजन हुन नसक्नु र यस्तै बनाइएका सङ्घीय वन ऐन र भूमिसम्बन्धी ऐन सङ्घीयताको सिद्धान्तलाई अवलम्बन गर्न नसक्नुले तहगत रूपमा विवादहरू बढ्नु,

- राजश्वको बाँडफाँट तहगत रूपमा न्यायोचित किसिमले हुन नसक्नु, नदीजन्य पदार्थको उपभोगमा तहगत सरकारका बीच विवादहरू रहनु,
- फोहोर व्यवस्थापनका निम्ति जग्गाको बन्दोबस्त गर्न स्थानीय सरकार र सङ्घीय सरकारबीच तालमेल हुन नसक्नु,
- योजना तर्जुमा र विकासका कार्य सम्बन्धमा एउटै कामका निम्ति तहगत सरकारबीच समन्वय र परामर्शको अभावले बजेट निर्माणमा दोहोरोपना हुनु,
- स्थानीय सरकार गठनका सम्बन्धमा सङ्घ र प्रदेशको जस्तो् संसदीय स्वरुपको व्यवस्थाको सट्टा विकास एकाइको मान्यता संविधानको रहे पनि व्यवहारमा सत्ता पक्ष र प्रतिपक्ष जस्ता् अभ्यास गर्नु,
- राजनीतिक आग्रह पूर्वाग्रहका कारण सरकार गठन, अधिकार क्षेत्रको अतिक्रमण लगायतको विभिन्न विषयहरू राजनीतिक संवादबाट निरूपण नगरी अदालतमा प्रवेश गराउने गरी राजनीतिलाई न्यायिकरण गर्न प्रवृत्तिले राजनीतिक अस्थितरता भइरहनु,
- तहगत सरकारको अधिकार क्षेत्रसँग सम्बन्धित विवादहरू र सङ्घीयता कार्यान्वयनसँग जोडिएका विवादहरू सर्वोच्च अदालतको संवैधानिक इजलासबाट समयमै किनारा हुन नसक्नु। कतिपय अदालतको निर्णयहरू पनि न्यायिक व्याख्याको सिद्धान्त भन्दा राजनीतिक प्रकृतिको देखिनु, न्यायिक निर्णय (नजिर) मा एकरूपता कायम गर्न नसक्नु।

**उपसंहार**

नेपालको संविधानले मुलुकमा रहेको द्वन्द्वको दिगो समाधान गरी न्यायपूर्ण समाजको विकासको लागि राज्य व्यवस्थामा सवैको पहुँच अभिवृद्धि गर्न सङ्घीय प्रणाली रोजेको अवस्था हो। सङ्घीय प्रणाली सबै समस्या समाधानको अचुक औषधी नभए पनि सेवा प्रवाहलाई सुलभ बनाउन र शासन प्रणालीमा सबै वर्ग र समुदायको पहिचान र प्रतिनिधित्व सुनिश्चित गरी शासन व्यवस्थालाई दिगो बनाउन उपयोगी हुन सक्छ भन्ने कारण सङ्घीय प्रणाली अपनाइएको हो। सङ्घीय प्रणालीले विगतको केन्द्रीकृत व्यवस्थामा रहेको समस्याहरूको पुनरावृति हुन नदिने गरी काम गर्नुपर्नेमा अधिकार क्षेत्रमा नै एक अर्कालेे अतिक्रमण गरी रहने, राजनीतिक तहबाट विवादहरू सुल्टाउन नसक्ने, समयमै बन्नुपर्ने कानुनहरू बनाउन नसक्ने, बनेका कानुनहरूको पनि प्रभावकारी कार्यान्वयन नहुने, सुशासन विकास र समृद्धिको आकांक्षा पूरा गर्ने किसिमबाट सङ्घीय प्रणालीको अभ्यास नगरिने हो भने सङ्घीय प्रणालीप्रति जनताको स्वामित्व र स्वीकारोक्ति बढ्न सक्दैन भन्ने हेक्का राखी संविधानको परिचालन गर्ने शक्तिहरूले समयमै बुझि सोही अनुरुप कार्यलाई व्यवहारमा रूपान्तरण गर्न सक्नु पर्दछ। यसो हुन नसकेमा संविधानको संस्थागत विकास कठिन हुन्छ।

*(डा. दाहाल संविधान, कानुन र प्रशासनविद् हुनुहुन्छ ।)*

विश्लेषण

# नेपालको सङ्घीयता : अन्तरसरकारी वित्तीय हस्तान्तरण सुधारका सवाल

## भूमिका

वित्तीय सङ्घीयता वित्तीय स्रोत र साधन (काम सहित) को न्यायोचित बाँडफाँट लगायतसँग सम्बन्धित छ। कामलाई दामले पछ्याउनु पर्दछ भन्ने सामान्य सिद्धान्त छ। चाहे एकात्मक व्यवस्था होस चाहे सङ्घात्मक काम भएपछि यसलाई पूरा गर्न दाम चाहिन्छ। दामको प्राप्ती कर, सेवा शुल्क, प्राकृतिक साधन र स्रोतको रोयल्टी, वित्तीय हस्तान्तरण, ऋण, आदिका रूपमा प्राप्त हुन्छ। वित्तीय सङ्घीयताका चार ओटा पाटा छन् ( चित्र १ )।



खिमलाल देवकोटा


ती पाटाहरूमा खर्च जिम्मेवारीको बाँडफाँट ( कुन काम कुन तहको सरकारले गर्ने भन्ने लगायतका विषय), राजश्व अधिकार ( कुन कर राजश्व कुन तहको सरकारलाई दिने), अन्तर सरकारी वित्तीय हस्तान्तरण (के कस्ता अनुदान तल्ला तहका सरकारलाई दिने ) र आन्तरिक ऋण (कुन तहको सरकारले के कति ऋण लिन पाउने ) हुन्। नेपालको सन्दर्भमा राजश्व बाँडफाँट (मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकमको बाँडफाँट) र प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट ( कुन तहका सरकारले के कस्ता र कुन रूपमा प्राकृतिक साधनको परिचालन गर्न पाउने) लाई पनि वित्तीय सङ्घीयताको पाटोका रूपमा लिने गरिएको छ। यसैगरी, लेखापरीक्षण व्यवस्थापनलाई पनि वित्तीय सङ्घीयताको पाटाका रूपमा बुझ्नसमेत जरुरी छ। आलेख वित्तीय सङ्घीयताको महत्वपूर्ण पाटोको रूपमा रहेको वित्तीय हस्तान्तरणसँग सम्बन्धित छ।

## अन्तरसरकारी वित्तीय हस्तान्तरण

अन्तरसरकारी वित्तीय हस्तान्तरण ( अनुदान वितरण ) एक तहको सरकारबाट अर्को तहको सरकारलाई दिइने वित्तीय स्रोत (अनुदान) हो। यस्तो स्रोत प्राय: केन्द्र अर्थात माथिल्लो तहको सरकारवाट तल्लो तहको सरकारलाई दिइन्छ। आन्तरिक आम्दानी र खर्चको आवश्यकताबीचको वित्तीय असन्तुलन कम गर्न अन्तर सरकारी वित्तीय हस्तान्तरणको आवश्यकता पर्दछ। सिद्धान्तत: हरेक कार्य जिम्मेवारीलाई वित्तले पछ्याउनु पर्दछ। वित्तीय स्रोतबिनाको जिम्मेवारी भनेको 'बग्गीको अघि घोडा' राख्नुजस्तै हो भन्ने भनाइ छ।

नेपालको सन्र्दभमा, आन्तरिक स्रोतको अधिकार प्रदेश र स्थानीय तहमा कम भएका कारण संविधानले नै अन्तरसरकारी वित्तीय हस्तान्तरण सुनिश्चित गरेको छ। वित्तीय हस्तान्तरणका रूपमा संविधानले नै चार किसिमका अनुदान, समानीकरण, ससर्त, विशेष र समपूरकको सुनिश्चितता गरेको छ ( चित्र २ )। केन्द्रबाट प्रदेश र स्थानीय तहमा

**चित्र १ : वित्तीय सङ्घीयताका आयामहरू**





मात्र हैन प्रदेशबाट पनि स्थानीय तहमा पनि वित्तीय हस्तान्तरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

यसैगरी मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तशुल्क रकमको १५/१५ प्रतिशत प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्ने कानुनी व्यवस्था छ। प्रदेश र स्थानीय तहले प्रत्येक महिनाको १५ गतेभित्र राजश्व बाँडफाँटको रकम प्राप्त गर्ने व्यवस्था छ। यसका अतिरिक्त प्राकृतिक साधन र स्रोतको रोयल्टीबाट पनि २५/२५ प्रतिशत प्रदेश र स्थानीय तहले प्राप्त गर्छन्। राजश्व बाँडफाँटसहित चित्रमा उल्लेख भएअनुसारका अनुदानको संक्षिप्त विवरण तपसील अनुसार छ।

**(क) वित्तीय समानीकरण अनुदान** : नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको

**चित्र २ : अनुदान सम्बन्धी व्यवस्था**




खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा प्रदेश र स्थानीय तहलाई तथा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजश्वलाई प्रदेशले आफ्ना प्रदेशका स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा स्थानीय तहलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हस्तान्तरण गर्ने अनुदान नै वित्तीय समानीकरण अनुदान हो।

**(ख) ससर्त अनुदान**: राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार कुनै योजना कार्यान्वयन गर्न नेपाल सरकारले प्रदेश वा स्थानीय तह तथा प्रदेश सरकारले स्थानीय तहलाई आयोगले तोकेको आधार बमोजिम उपलब्ध गराउने अनुदान नै ससर्त अनुदान हो।

**(ग) समपूरक अनुदान** : नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न प्रदान गर्ने अनुदान नै समपूरक अनुदान हो। प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्नेछन्।

**(घ) विशेष अनुदान** : नेपाल सरकारले शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता

आधारभूत सेवाको विकास र आपूर्ति गर्ने, अन्तरप्रदेश वा अन्तरस्थानीय तहको सन्तुलित विकास गर्ने तथा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्नेजस्ता उद्देश्य राखी प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि प्रदान गर्ने अनुदान नै विशेष अनुदान हो। प्रदेशले पनि प्रदेश कानुन बमोजिम स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्न सक्छन्।

**राजश्व बाँडफाँट**

संविधानमा सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहमा र प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय तहमा राजश्व बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। अन्तरसरकारी वित्त व्यववस्थापन ऐन २०७४ अनुसार सङ्घीय विभाज्य कोषमा जम्मा भएको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तशुल्कको रकमलाई नेपाल सरकार, प्रदेश र स्थानीय तहहरूबीच क्रमशः ७० प्रतिशत, १५ प्रतिशत र १५ प्रतिशत रकम बाँडफाँट हुने व्यवस्था छ। यसैगरी, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ अनुसार प्रदेश-प्रदेश र स्थानीय-स्थानीयका बीचमा राजश्व बाँडफाँट गर्दा जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजश्व सङ्कलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्थालाई विचार गरी आयोगले नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने उल्लेख छ। आयोगले निर्धारण गरेको विस्तृत आधार र ढाँचा पाँच वर्षको लागि मान्य हुने र प्रत्येक पाँच वर्षमा आयोगले पुनरावलोकन गर्नसक्ने व्यवस्था समेत कानुनमा छ।

**तालिका १ : नेपाल सरकारबाट प्रदेशलाई गरिएको वित्तीय हस्तान्तरण ( रु अर्ब )**

| विवरण | ०७५-७६ | ०७६-७७ | ०७७-७८ | ०७८-७९ | ०७९-८० | ०८०-८१ | ०८१-८२ |
|---|---|---|---|---|---|---|---|
| समानीकरण अनुदान | ५०.३ | ५५.३ | ५५.१९ | ५७.९५ | ६१.४३ | ५८.६७ | ६० |
| सशर्त अनुदान | ६३.१३ | ४४.५५ | ३६.३५ | ३५.८७ | ५७.१७ | ३५.७२ | २५.८४ |
| विशेष अनुदान | ५ | ५ | ३.१४ | ४.१५ | ४.५६ | ४.४६ | ४.४ |
| समपुरक अनुदान | ५ | ५ | ५.१९ | ५.७२ | ६.३ | ६.२२ | ६.२ |
| राजश्व बाँडफाँट | ५७ | ६५ | ६१.०७ | ६१.५ | ८१.५ | ८६.९६ | ७९.५ |
| जम्मा राजश्व बाँडफाँट सहित | १८० | १७५ | १६१ | १६५ | २११ | १९२ | १७६ |
| जम्मा अनुदान | १२३ | ११० | १०० | १०४ | १२९ | १०५ | ९६ |
| नेपाल सरकारको बजेटसँग वित्तीय हस्तान्तरण (प्रतिशत) | १३.७२ | ११.४१ | १०.९२ | १०.०३ | ११.७६ | १०.९७ | ९.४६ |
| नेपाल सरकारको बजेटसँग समानीकरण अनुदान (प्रतिशत) | ३.८३ | ३.६१ | ३.७४ | ३.५२ | ३.४२ | ३.३५ | ३.२३ |
| नेपाल सरकारको बजेटसँग अनुदानको प्रतिशत | ९.३९ | ७.१७ | ६.७८ | ६.३० | ७.२२ | ६.०० | ५.१८ |
| कुल अनुदानमा समानीकरण अनुदान प्रतिशत | ४०.७५ | ५०.३४ | ५५.२६ | ५५.८९ | ४७.४५ | ५५.८४ | ६२.२१ |
| कुल अनुदानमा सशर्त अनुदान प्रतिशत | ५१.१५ | ४०.५६ | ३६.४० | ३४.५९ | ४४.१६ | ३४.०० | २६.७९ |

**स्रोत :** नेपाल सरकार अर्थमन्त्रालयको बजेट पुस्तिकाहरू।

**वित्तीय हस्तान्तरणको विश्लेषण**

नेपाल सरकारबाट प्रदेश र स्थानीय तहलाई गरिएको विगत सात आर्थिक वर्षको ( ०७५/७६ देखि ०८१/८२ सम्म) वित्तीय हस्तान्तरणको विवरण तालिका १ र २ मा छ। तालिका १ मा प्रदेश र तालिका २ मा स्थानीय तहको वित्तीय हस्तान्तरणको विवरण छ। तालिकामा उल्लेखित विवरण बजेट भाषणमा उल्लेखित हुन्। आ.व. ०७५/७६ मा प्रदेशले कुल अनुदान १ खरब २३ अरब प्राप्त गरेका थिए। आ.व. ०८१/८२ मा प्रदेशको अनुदान घटेर जम्मा ९६ अरब मात्र छ। प्रदेशको अनुदान हस्तान्तरणका सवालमा यो दुर्भाग्य नै हो। राजश्व बाँडफाँटसहितको विवरण पनि घटेको छ। आ.व. ०७५/७६ मा १ खर्व ८० अरब थियो। आ.व. ०८१/८२ मा १ खर्व ७६ अरब छ। नेपाल सरकारको बजेटसँग कुल वित्तीय हस्तान्तरण आ.व. ०७५/७६ मा १३.७२ प्रतिशत थियो। आ.व. ०८१/८२ मा ९.४६ प्रतिशत छ। समग्रतामा प्रदेशको वित्तीय हस्तान्तरण निराशाजनक छ।

स्थानीय तहको सन्र्दभमा, आ.व. ०७५/७६ मा स्थानीय तहले कुल अनुदान २ खरब ५ अरब प्राप्त गरेका थिए। आ.व. ०८१/८२ मा यो अनुदान ३ खरब १२ अरब छ। कूल अनुदान रकम बढेको छ। तर कूल अनुदानमा ससर्त अनुदानमा भार स्थानीय तहमा अत्यधिक छ। ०७५/७६ मा ५३.७४ प्रतिशत थियो। ०८१/८२ मा ६६.७७ प्रतिशत छ। नेपाल सरकारको बजेटसँग समानीकरण अनुदानको हिस्सा आ.व. ०७५/७६ मा ६.४४ प्रतिशत थियो। आ.व. ०८१/८२ मा ४.७३ प्रतिशत छ। समग्रतामा प्रदेशको वित्तीय हस्तान्तरण बढेको छ। तर, वित्तीय हस्तान्तरणमा ससर्त अनुदानको हिस्सा धेरै छ। यसै गरी बजेटसँगको तुलनामा समानीकरण अनुदानको हिस्सा कमजोर छ। प्रदेशको जस्तै स्थानीय तहको पनि वित्तीय हस्तान्तरण सन्तोषजनक छैन(तालिका २)।

तालिकामा उल्लेखित विवरणलाई आधार मान्दा अनुदान वितरण वित्तीय सङ्घीयताको भावना अनुकूल छैन। यसै सन्र्दभमा, राष्ट्रिय सभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले वित्तीय हस्तान्तरण लगायतका विषयमा महत्वपूर्ण सुझावहरू दिएको छ। समितिका सिफारिसहरू अनुसूची १ मा छ। समितिका सिफारिसहरू कार्यान्वयन गरिएको छैन।

संविधानको अधिकारक्षेत्र हेर्ने हो भने पनि साविकमा विभिन्न विषयगत मन्त्रालयहरूले प्रदेश र स्थानीय कार्यक्षेत्रमा गरेका काम कारबाहीहरू विस्तारै छाड्दै/हस्तान्तरित गर्दै जानुपर्ने हो। तर, ससर्त अनुदानको रफ्तार हेर्दा त्यस्तो देखिँदैन। केही संस्थागत संरचना छाडे तापनि ससर्त अनुदानका नाममा अधिपात्य जमाउने/जमाइरहने स्थिति छ।

ससर्त अनुदानमा प्रदेश र स्थानीय तहको स्वायत्तता हुँदैन। नेपाल सरकारले तोकेको सर्त र मापदण्ड अनुसार नेपाल सरकारले नै छनौट गरेका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने हुन्छ। राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार कुनै योजना कार्यान्यन गर्न नेपाल सरकारले प्रदेश वा स्थानीय तह तथा प्रदेश सरकारले स्थानीय तहलाई वित्त आयोगले तोकेको आधार बमोजिम उपलव्ध गराउने अनुदान नै ससर्त अनुदान हो। कानुनमा उल्लेखित ससर्त अनुदानको यो परिभाषालाई समेत आत्मसाथ गरिएको छैन। बिना मापदण्ड, बिना आधार

**तालिका २ : नेपाल सरकारबाट स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरण (रु अर्ब )**

| वितरण | ०७५–७६ | ०७६–७७ | ०७७–७८ | ०७८–७९ | ०७९–८० | ०८०–८१ | ०८१–८२ |
|---|---|---|---|---|---|---|---|
| समानीकरण अनुदान | ८४.७० | ८९.९५ | ९०.५ | ९४.५६ | १०० | ८७ | ८८ |
| सशर्त अनुदान | ११० | १२४ | १६१ | १७३ | १८३ | १९१.८९ | २०८ |
| विशेष अनुदान | ५ | ५ | ६.८३ | ८.३१ | ९.१४ | ८.७३ | ८.५ |
| समपुरक अनुदान | ५ | ५ | ४.७८ | ६.६५ | ७.२७ | ७.०५ | ७ |
| राजश्व बाँडफाँट | ५७ | ६५ | ६१.०७ | ६१.५ | ८१.५ | ८६.९६ | ७९.५ |
| जम्मा राजश्व बाँडफाँट सहित | २६२ | २८९ | ३२४ | ३४४ | ३८१ | ३८२ | ३९१ |
| अनुदान जम्मा | २०५ | २२४ | २६३ | २८३ | २९९ | २९५ | ३१२ |
| नेपाल सरकारको बजेटसँग वित्तीय हस्तान्तरण (प्रतिशत) | १९.९० | १८.८६ | २१.९९ | २०.८९ | २१.२४ | २१.८१ | २१.०२ |
| नेपाल सरकारको बजेटसँग समानीकरण अनुदान (प्रतिशत) | ६.४४ | ५.८७ | ६.१४ | ५.७४ | ५.५८ | ४.९९ | ४.७३ |
| नेपाल सरकारको बजेटसँग अनुदानको प्रतिशत | १५.५७ | १४.६२ | १७.८५ | १७.१५ | १६.६९ | १६.८५ | १६.७५ |
| कूल अनुदानमा समानीकरण अनुदान प्रतिशत | ४१.३८ | ४०.१७ | ३४.४० | ३३.४७ | ३३.४० | २९.६१ | २८.२५ |
| कूल अनुदानमा सशर्त अनुदान प्रतिशत | ५३.७४ | ५५.३७ | ६१.१९ | ६१.२३ | ६१.१२ | ६५.०४ | ६६.७७ |

**स्रोत :** नेपाल सरकार अर्थमन्त्रालयको बजेट पुस्तिकाहरू

हचुवाका आधारमा ससर्त अनुदान वितरण गर्ने गरेको पाइएको छ।

समग्रतामा प्रदेश र स्थानीय तहको वित्तीय हस्तान्तरण सन्तोषजनक छैन। तर, सत्य के पनि हो भने बजेटको अनुपातसँगसँगै वित्तीय हस्तान्तरण बढ्दै जानुपर्ने थियो। त्यो छैन। तर, एकात्मक व्यवस्थासँग तुलना गर्ने हो भने ठूलो छलाङ छ। साविकमा २०-३० लाख मात्र वित्तीय स्रोत परिचालन गर्ने स्थानीय सरकारले अहिले करोडौं वित्तीय स्रोत परिचालन गरेका छन्। गाँउ-गाँउमा विकासको लहर छ। यो भनेको वित्तीय हस्तान्तरणको कारणले पनि हो। यसलाई सकारात्मक रूपमा लिनुपर्दछ।

## निष्कर्ष/सुझाव

संविधानप्रदत अधिकार र कार्य जिम्मेवारीलाई आधार मान्दा नेपालको सङ्घीयता पिरामिड खालको छ। बढी वित्तीय स्रोत र साधन स्थानीय तहलाई चाहिन्छ। कामलाई दाम, संस्थागत संरचना लगायतले पछ्याउनु पर्दछ भन्ने सामान्य सिद्धान्तको आत्मसात गरिएको छैन। प्रदेश र स्थानीय तहलाई कर राजश्वको अधिकार थोरै छ। काम अनुसार पर्याप्त वित्तीय हस्तान्तरण गरिएको छैन। वित्तीय हस्तान्तरणमा पनि समानीकरण अनुदानको भार प्रतिशत थोरै छ। वित्तीय हस्तान्तरणको सिद्धान्त विपरीत कूल अनुदान वितरणमा ससर्त अनुदानको भार धेरै छ। ससर्त अनुदानमा पनि स-साना योजना तथा कार्यक्रमहरू छन्। हजार र लाखका सयौं योजना तथा कार्यक्रमहरू स्थानीय र प्रदेशमा पठाइएको छ। सङ्घीयताको कसि र प्रदेश र स्थानीय तहको नजरमा वित्तीय हस्तान्तरण र मन्त्रालयगत योजना तथा कार्यक्रमको समीक्षा गर्दा स्थिति

नाजुक छ। वित्तीय सङ्घीयताको सुदृढीकरणका लागि राष्ट्रिय सभाको सङ्घीयता कार्यान्वयन अनुगमन संसदीय समितिको सिफारिसहरू कार्यान्वयन गरिएका छैनन्। समितिको सिफारिसहरू कार्यान्वयन गर्न जरुरी छ। बुँदागत रूपमा निष्कर्ष तथा सुझाव तपसील अनुसार छ।

१. वित्तीय हस्तान्तरणको समग्र पाटो विशेष गरी आ.व. ०७५/७६ देखि आ.व. ०८१/८२ सम्मको गहन समीक्षा जरुरी छ।
२. वित्तीय समानीकरण अनुदानको बढोत्तरी बजेटको अनुपातमा हुन आवश्यक छ। स्थानीय तहलाई ससर्त अनुदानको जुन भारी बोकाइएको छ। यसमा सुधार आवश्यक छ।
३. प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको रकम (Pool) निर्धारणको विधि न्यायोचित छैन। रकम (Pool) निर्धारणका लागि संसदीय समितिले प्रभावकारी भूमिका निर्वाह गर्न जरुरी छ।
४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई संविधान प्रदत आधिकार अनुसार काम गर्न दिनुपर्दछ। आयोगलाई समानीकरण अनुदान र राजश्व बाँडफाँटको वितरणको मापदण्ड निर्धारणमा मात्र सीमित गर्ने सोच गलत छ। आयोग पनि सक्रिय हुन जरुरी छ।
५. नेपाल सरकार कार्यविभाजन नियमावली विपरित अधिकांश मन्त्रालयहरूले योजना तथा कार्यक्रम लगायतका आधारमा प्रदेश र स्थानीय तहको कार्यक्षेत्रमा प्रवेश गरी सङ्घीयताको मर्म विपरीत कार्यगरेको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा छ। स्थानीय सङ्घ/महासङ्घ र प्रदेश सरकारको पनि यस्तै धारण रहेको स्थितिमा मन्त्रालयहरूको भूमिकाका बारेमा समीक्षा जरुरी छ।
६. नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई ससर्त अनुदानतर्फका आयोजनाहरू पठाउँदा क्रियाकलापगत रूपमा नभई विषयगत रूपमा क्षेत्रगत शर्त, लक्ष्य तथा अपेक्षित उपलब्धि तोकेर एकमुष्ट पठाउने व्यवस्था हुन जरुरी छ।
७. नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरित समानीकरण अनुदान वितरण प्रणाली (सुत्र-सुत्रमा प्रयोग गरिएका तथ्याङ्कहरू, सुत्र निर्धारण विधि, आदि) का बारेमा बहस पैरवी जरुरी छ।
८. राष्ट्रिय सभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका सिफारिसहरू (वित्तीय सङ्घीयता, वित्तीय हस्तान्तरण सहित) कार्यान्वयनका लागि सरोकारवाला निकायहरूसँग निरन्तर छलफल र वहस जरुरी छ।

**अनुसूची**

**१. राष्ट्रिय सभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९ का वित्तीय सङ्घीयतासँग सम्वन्धित सिफारिसहरू**

- नेपालको संविधानको अधिकार सूची र यसको कार्य विस्तृतिकरण/अनवन्डलिङबाट समेत सरकारका तहहरूबीचको कार्य जिम्मेवारीमा अझै प्रष्टता नआएकाले पाँच वर्षको अनुभव समेतका आधारमा कार्य

विस्तृतिकरणलाई परिमार्जन गरी सरकारका तहहरूबीचको जिम्मेवारीमा थप प्रष्टता कायम गर्ने।

- सार्वजनिक सेवा प्रवाहका लागि प्रदेश र स्थानीय तहले गर्नुपर्ने न्युनतम कार्यजिम्मेवारीहरू के कति हुन/छन्, त्यसका लागि के कति वित्तीय स्रोत आवश्यक पर्दछ, निर्क्योल गर्ने।
- प्रदेश र स्थानीय तहको राजश्व सङ्कलनको विवरण र राजस्व क्षमताको पहिचान गर्ने।
- प्रदेश र स्थानीय तहले राजश्व सुधार कार्ययोजना बनाइ आन्तरिक स्रोत परिचालनलाई प्राथमिकतामा राखी कार्य गर्ने।
- प्रदेश र स्थानीय तहको एकल-एकल अधिकार सूचीमा रहेका विज्ञापन कर र मनोरन्जन करको सङ्कलन काठमाडौँ लगायतका प्रमुख पालिकाहरूमा समेत अत्यन्तै न्यून देखिएकाले सुधार गर्ने।
- बजार मूल्यका आधारमा घरजग्गा रजिष्ट्रेशन शुल्क सङ्कलन गर्ने विधि बसाल्ने र मालपोत र नापी कार्यालयको स्रेस्ता लगायतका व्यवस्थापकीय पक्षमा सुधार गर्ने।
- सवारी साधन करको दरलाई सबै प्रदेशमा एकरूपता कायम गर्ने। यस करको निश्चित हिस्सा वन तथा वातावरण संरक्षण एवं संवर्धनमा प्रयोग गर्ने नीतिगत व्यवस्था गर्ने।
- प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको खानीजन्य र नदीजन्य स्रोत ढुङ्गा, गिट्टी, बालुवा लगायतका स्थानीय प्राकृतिक स्रोत र साधनको संकलन र बाँडफाँडमा रहेको द्विविधा अन्त्यका लागि कानुनमा सुधार गर्ने।
- खानीजन्य र नदीजन्य पर्दाथ ढुङ्गा, गिट्टी, बालुवा लगायतको सङ्कलन, वितरण, नियमन लगायत र क्रसर उद्योग सञ्चालन र व्यवस्थापनसम्बन्धी तीनै तहका सरकारको स्पष्ट भूमिका उल्लेख हुने गरी कानुनी व्यवस्था गर्ने, प्रचलित कानुनको उल्लङ्घन हुने गरी सञ्चालित क्रसर उद्योग हटाउने।
- प्राकृतिक स्रोतको दोहनमा स्वार्थ समूह हावी रहेको र अत्यधिक दोहनका कारण वातावरणीय ह्रास समेत देखिएको हुँदा रोकथाम नियन्त्रण लगायतका लागि आवश्यक कानुनी र नीतिगत व्यवस्था गर्ने।
- प्राकृतिक स्रोतको परिचालन तथा व्यवस्थापनमा सरलीकरण गर्ने गरी एकीकृत कानुनको तर्जुमा गर्ने
- प्रदेश र स्थानीय तहको ऋण व्यवस्थापन प्रणालीको विकास गरी आन्तरिक ऋणको परिचालन व्यवस्थित गर्ने।
- संविधानको धारा ६० को उपधारा (३) अनुसार प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था भए तापनि वित्तीय समानीकरण अनुदान बाहेकका अनुदानमा आयोगको क्षेत्राधिकार खुम्च्याउने गरी बनेका कानुन सुधार गर्ने।
- नेपाल सरकारबाट प्रदेश र स्थानीय तह र प्रदेशबाट स्थानीय तहको वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बजेटको अनुपातमा बढाउदै लैजाने विधीको परिपालन गर्ने।
- वित्तीय समानीकरण अनुदान वितरणमा

प्रयोग गरिएका तथ्यांकीय विवरण र बाँडफाँटलाई पारदर्शी र विश्वासयोग्य बनाउने।

- सङ्घले प्रदेश र स्थानीय तह तथा प्रदेशले स्थानीय तहलाई ससर्त आयोजना पठाउँदा क्रियाकलापगत रूपमा नपठाइ विषयगत रूपमा क्षेत्रगत शर्त, लक्ष्य तथा अपेक्षित उपलब्धि तोकेर एकमुष्ट पठाउने व्यवस्था गर्ने।
- प्रदेश र स्थानीय तहलाई अनुदान बाँडफाँट गर्दा संविधानमा उल्लेखित अनुदान वितरणका चारवटा ढोका (समानीकरण, ससर्त, विशेष र समपूरक) बाहेकका अन्य ढोकाहरू नखोल्ने/प्रयोग नगर्ने।
- सेवा प्रवाह र विकास निर्माण लगायतका कामहरूमा स्थानीय-स्थानीयतह (पालिका-पालिका) का बीच प्रतिस्पर्धी गराउन वित्तीय समानीकरण अनुदानको कम्तिमा ५० प्रतिशत भागमा प्रोत्साहन तथा कार्यसम्पादनमा आधारित अनुदान प्रणाली लागु गर्ने।
- केही स्थानीय तहहरूमा राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति क्रियाशील नभएको स्थितीमा कानुन बमोजिम क्रियाशील गराउने लगायत।

*(पूर्व सांसद देवकोटा, वित्तीय सङ्घीयताविद् हुनुहुन्छ।)*

| विषयगत क्षेत्र | सङ्घीय तह | प्रदेश तह |
|---|---|---|
| **आर्थिक** | | |
| कृषि | ५ करोड | ५० लाख |
| सिंचाइ | ७ करोड | ५० लाख |
| नदी नियन्त्रण | ५ करोड | ५० लाख |
| जलाधार | ५ करोड | ५० लाख |
| उद्योग | ७ करोड | ५० लाख |
| पर्यटन | ५ करोड | ५० लाख |
| **सामाजिक** | | |
| शिक्षा | ५ करोड | ५० लाख |
| स्वास्थ्य | ५ करोड | ५० लाख |
| खानेपानी | ७ करोड | ५० लाख |
| खेलकुद | ७ करोड | ५० लाख |
| **पूर्वाधार** | | |
| सडक | १५ करोड | २ करोड |
| भवन | ५ करोड | ५० लाख |
| शहरी विकास | ७ करोड | ५० लाख |
| आवास तथा बस्ती विकास | ५ करोड | ५० लाख |

विश्लेषण

# सङ्घीयताको कसीमा कोशी प्रदेश

**इतिहास तथा सैद्धान्तिक अवधारणा**

राजनीतिशास्त्रमा सङ्घीयता र सङ्घवाद निकै पुराना पदावली हुन। सङ्घीय अङ्ग्रेजी शब्द फडेरलको ठ्याक्कै नेपाली अनुवाद हो। फेडरल शब्द ल्याटिन भाषाको फोडेसबाट बनेको हो। यसको अर्थ सहमति, सम्झौता, विश्वास, समर्पण, करारपत्र वा प्रतिज्ञापत्र हुन्छ। आरम्भमा Foedus शब्द विवाह वा भगवानसँग जोडिएर आएता पनि सत्रौँ शताब्दीदेखि यो शब्द राजनीतिशास्त्रमा लोकप्रिय हुन थाल्यो। सन् १६६५ देखि सङ्घीयता शब्द राजनीतिशास्त्रमा औपचारिक रूपमा प्रयोग हुन थालेको अध्ययेताहरूको अनुमान छ। त्यस्तै आफ्नो थलो "इमडेन" लाई फ्रान्सबाट स्वतन्त्र राख्न आल्थुसियसले सङ्घीयताको अवधारणा ल्याएकाले उनलाई 'सङ्घीयताको पिता' भनेर चित्रण गर्ने गरिन्छ। सङ्घात्मक शासन व्यवस्थामा शासन सत्ता प्रदेश र केन्द्रीय सरकारबीच विभाजित गरिएको हुन्छ। वास्तवमा सङ्घीय शासन पद्धतिमा केन्द्रीय सरकारबाट प्रान्तीय वा प्रादेशिक सरकारमा शक्तिको बाँडफाँड संविधानमा नै स्पष्टरुपमा गरिएको हुन्छ। संविधानविद चन्द्रकान्त ज्ञवालीका अनुसार 'सरकारलाई राष्ट्रिय र क्षेत्रीय ठाडो विभाजनसहित विभिन्न दायित्व सुम्पने शासन पद्धतिलाई सङ्घीय शासन पद्धति भनिन्छ।' त्यस्तै, प्राध्यापक कृष्ण खनाल भन्नुहुन्छ- 'सङ्घीय राज्य अर्थात् राज्यहरूको सङ्घ भन्नाले हामी त्यस्तो देशलाई बुझ्दछौं, जहाँ एउटै राष्ट्रिय सीमा क्षेत्रभित्र राजनीतिक शक्तिलाई दुई अलग तर स्वयात्त तहमा बाँडिएको हुन्छ र दुवैले त्यहाँका जनतामाथि प्रत्यक्ष रूपमा शासनाधिकार राख्छन्। यसका बाबजुद त्यसले आफूलाई एउटा सिङ्गो राज्यका रुपमा दाबी गरेको हुन्छ। सोही अनुसार अन्तर्राष्ट्रिय समुदायमा मान्यता पनि पाएको हुन्छ।'



दिनेश श्रेष्ठ

सङ्घीय शासन पद्धतिले केन्द्रीकृत शक्तिशाली शासन प्रणालीको विपरीत अर्थ राख्दछ। भनिन्छ लोकराज्यको अधिकतम अभिव्यक्ति सङ्घीय राज्यप्रणालीबाट प्राप्त गर्न सकिन्छ। त्यस्तै लोकतन्त्र र स्वतन्त्रताको सर्वाधिक प्रयोग सङ्घीय प्रणालीमा गर्न पाइन्छ। नीति निर्माणका बहुकेन्द्र हुने तथा अधिकतम जनताले शासन सञ्चालनका विभिन्न कार्यमा प्रत्यक्ष सहभागी हुन पाउने हुनाले यो अत्यन्त लोकतान्त्रिक प्रणाली हो। सङ्घीय प्रणाली एक प्रकारले समझदारी र प्रतिबद्धता मिसिएको सुन्दर शासन प्रणाली हो। सङ्घीयतामा आपसी विश्वास जबसम्म रहन्छ तबसम्म सङ्घीय शासन प्रणाली टिकिरहन्छ।

सङ्ख्याका हिसाबले सङ्घीय स्वरूप भएका राज्यहरू कम भए पनि विश्व जनसङ्ख्याको झण्डै ४० प्रतिशत भू-भागमा यिनीहरूले ओगटेका छन्। हाल संयुक्त

राष्ट्रसङ्घको वर्तमान १ सय ९६ राष्ट्रहरूमध्ये २९ ओटा राष्ट्रहरू सङ्घीय शासनप्रणालीमा गइसकेको अवस्था छ। ठूलो क्षेत्र वा धेरै जनसङ्ख्या भएका अधिकांश मुलुकहरू सङ्घीय संरचनामा प्रवेश गरिसकेका छन्। तर, विश्वका अति साना मुलुकहरू सेन्ट किट्स एन्ड नेभिस, माइक्रोनेसिया, कोमोरोसमा पनि सङ्घीय प्रणाली अन्तर्गतको शासन व्यवस्था छ। विगतमा एकात्मक शासन पद्धति अवलम्बन गर्दै आएका मुलुकहरू बेल्जियम, इथोपिया, स्पेन, दक्षिण अफ्रिका हाल आएर सङ्घीय प्रणालीमा गएका छन्। द्वन्द्वपश्चात् बोस्निया, लोकतान्त्रिक गणतन्त्र कङ्गो, इराक, सुडान, दक्षिण अफ्रिका र नेपालमा पनि सङ्घीयतालाई अवलम्बन गरिएको छ।

**सङ्घीयता निर्माणका आधारहरू**

सङ्घीयता निर्माणका विभिन्न आधारहरू - दार्शनिक, राजनीतिक, आर्थिक, सामाजिक तथा प्रशासनिक छन्। अमेरिकामा वाणिज्य व्यापारको प्रवर्द्धनसँगै राष्ट्रिय सुरक्षाको जगेर्ना गर्न 'नियन्त्रण तथा सन्तुलन' को सङ्घीय राज्य स्थापना गरियो। त्यस्तै जर्मनी शक्ति साझेदारी सुनिश्चित गर्न सङ्घीय प्रणालीमा प्रवेश गऱ्यो। सांस्कृतिक विविधताले भरिएको स्वीटजरल्याण्डमा भाषा, धर्म, संस्कृति तथा इतिहासलाई संरक्षण, सम्वर्द्धन र संस्थागत गर्ने साधनको रूपमा सङ्घीयतालाई अपनाइएको पाइन्छ। नेपालमा पनि मूलतः भाषिक, सांस्कृतिक, धार्मिक तथा भौगोलिक विविधतालाई संरक्षण, संवर्द्धन गर्दै राष्ट्रिय एकताको अभिवृद्धि गर्ने उद्देश्यले सङ्घीयतालाई स्वीकारेको पाइन्छ। समावेशी लोकतान्त्रिक संस्कृतिको निर्माण, जातीय पहिचानको मान्यतासँगै सुदृढीकरण र अल्पसङ्ख्यकहरूको हक अधिकार, संरक्षण तथा राष्ट्रिय एकताको अभिवृद्धि एवम् सुदृढीकरणको निम्ति पनि सङ्घात्मकताको विकल्प छैन।

**सङ्घीयता किन ?**

कुनै पनि देशलाई राजनीतिकसँगै प्रशासनिक आधारमा विभिन्न प्रदेश वा राज्यमा विभाजन गर्नु सङ्घीयता हो भनेर माथि नै भनि सकिएको छ। स्रोतको समुचित बाडँफाँड, परिचालन तथा सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक असमानता/विभेद कम गरी सबै क्षेत्रको समानुपातिक विकासका लागि सङ्घीयता एउटा प्रभावकारी प्रणालीको रूपमा स्थापित भएको सर्वबिदितै छ। साँच्चै भन्ने हो भने सङ्घीय प्रणालीमा नागरिकले आफ्नो क्षेत्रको स्रोत तथा साधनको पहिचान, परिचालनसँगै उपभोग गर्ने समुचित अवसर पाउने हुनाले उनीहरूलाई सहभागी मात्र नबनाएर जिम्मेवार बनाउन पनि अभिप्रेरित गर्दछ। साथै स्थानीय समस्यालाई स्थानीय तहबाटै समाधान गर्ने यो अति नै व्यवहारिक तथा प्रभावकारी प्रणाली हो।

शक्तिको विकेन्द्रीकरण भई तल्लो तहसम्म पुग्ने, स्थानीयलाई नेतृत्व विकासको अवसर प्राप्त हुने, सहभागितामूलक लोकतन्त्रको घनीभूत अभ्यास गर्न पाइने, सरकार र जनताबिचको सम्बन्धलाई प्रगाढ तथा विस्तृत बनाउन सकिने र विविधतालाई समेट्न सक्ने प्रणाली भएकाले पनि सङ्घीय शासन व्यवस्था अहिले विश्वभरी नै रूचाइएको व्यवस्था भएको छ।

# मानव अधिकारका सवालमा गम्भीर छौं



**१ सय ९२ वर्ग किलोमिटर क्षेत्रफल रहेको फिदिम नगरपालिकाको जनसङ्ख्या ४९ हजार भन्दा बढी छ। आठ ओटो स्थानीय तह रहेको पाँचथरमा एकमात्र नगरपालिका फिदिम नगरपालिका हो। ०७४ को स्थानीय तहको निर्वाचनपछि शिक्षा, स्वास्थ्य, पूर्वाधार, सामाजिक विकास, मानव अधिकारलगायतका विषयमा फिदिम नगरपालिकाले कार्य गर्दै आएको छ। फिदिम नगरपालिकाका मेयर मित्रप्रसाद काफ्लेसँग मानव अधिकारलगायतका सवालमा इन्सेक पाँचथर प्रतिनिधि *इवारा जवेगु लिम्बू*ले गर्नु भएको कुराकानीको सम्पादित अंशः**

**वार्षिक नीति तथा बजेटमा ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती र सुत्केरीका लागि फिदिम नगरपालिकाले के कस्ता योजना तय गरेको छ ?**

ज्येष्ठ नागरिकहरूको लागि सहयोग कार्यक्रम हामीले सञ्चालन गरेका छौँ। सम्मानका कार्यक्रम, सामाजिक सुरक्षा भत्ता सहज रूपमा उपलब्ध गराउने विषयमा हामी सम्वेदनशील छौँ। ग्रामीण क्षेत्रमा रहेका ज्येष्ठ नागरिकहरूको लागि आँखा शिविर, ज्येष्ठ नागरिकहरूका लागि स्वास्थ्य उपचारको व्यवस्था मिलाएका छौँ। बालबालिकाको क्षेत्रमा विद्यालयमा पुगेर बालअधिकारका बारेमा जानकारी गराउने, गरिब, असहाय, अपाङगता भएका बालबालिहरूका लागि फिदिम नगरपालिकाले फिदिम माध्यमिक विद्यायलमा श्रवण शक्ति कम भएका विधार्थीहरूलाई पठनपाठनको व्यवस्था मिलाएको छ।

सुखबोध माविमा सुस्त मनस्थितिका बालबालिकालाई पठनपाठनको व्यवस्था मिलाइएको छ। फिदिम नगरपालिका-४ को गढी माविमा दृष्टिविहीन बालबालिकालाई पठनपाठनको व्यवस्था मिलाइएको छ। कम आय भएका, अभिभावकविहीन र वेसाहरा बालबालिकालाई सोही अनुसार शिक्षाबाट वञ्चित नहुने व्यवस्था मिलाएका छौँ। जागृति आधारभूत विद्यालयमा ४० जना बालबालिकाहरूलाई आवासीय व्यवस्था गरी पठनपाठनको व्यवस्था मिलाएका छौँ। गर्भवती र सुत्केरी महिलाको लागि पाठेघरसम्बन्धी शिविर सञ्चालन गरेका छौँ।

**स्वास्थ्य, शिक्षाको खानेपानीको अवस्था के छ ? सुधारका लागि के कस्ता कदम चाल्नु भएको छ ?**

फिदिम नगरपालिकाले १६ ओटा स्वास्थ्य संस्थाबाट सेवा प्रदान गरिरहेको छ। त्यसमा निशुल्क औषधी वितरण गर्ने, जनशक्तिहरू उपलब्ध गराउने र नागरिकहरूलाई सेवा प्रदान गर्ने काम भइरहेको छ। पाँचथर अस्पताल १५ शैयाको भए पनि ५० शैया स्वीकृत भइसकेको

छ, तर ५० शैयाको जनशक्ति उपलब्ध छैन। १५ शैयाको जनशक्तिमा अस्पताल सञ्चालन गर्दा कठिन भएको छ। फिदिम नगरपालिकाको तर्फबाट आर्थिक सहयोग गरेर तत्काल जनक्तिको उपलब्ध गराएका छौँ। निःशुल्क पाइने औषधिको व्यवस्थापन र बाहिरबाट स्टील खरिद गरेर प्रयोग हुँदै आएकोमा अव अस्पतालभित्रकै बिक्री कक्षमा पाउने व्यवस्था मिलाएका छौँ। शैक्षिक सुधार र उन्नयनका लागि विद्यालय सुधार गर्ने र भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेका छौँ।

अब बजारमा हैन, गाउँमै शिक्षा पाइन्छ भन्ने वातावरण सिर्जना गर्ने योजना बनाएका छौँ। फिदिम नगरपालिका भित्रका सबै विद्यालयहरूलाई गुणस्तरयुक्त विद्यायलय बनाउनुपर्छ भन्ने मान्यताका साथ रातोबङ्गला स्कुल काठमाडौँसँग सहकार्य गरेर १४ ओटा वडाको प्रत्येक वडामा १/१ ओटा बालविकास केन्द्र बनाउने योजना अघि बढाएका छौँ। खानेपानीको समस्या हाम्रो स्थानीय तहमा छ। फिदिम नगरपालिका-९ मा भएको फेमेसुवा एरियासँगै अन्य केही क्षेत्रमा खानेपानीको अत्यन्तै अभाव छ। पानीलाई पूर्णता दिनुपर्छ भन्ने मान्यताका साथ नगरपालिकाले ९८ हजार २ सय ४० मिटर पाइप वितरण गरेको छ। खानेपानीलाई व्यवस्थापन गर्न फिदिम नगरपालिका-१० मा बृहत् खानेपानी आयोजना सञ्चालनको काम ७० प्रतिशत पुरा भएको छ।

**स्थानीय तहमा महिला, बालबालिका, दलित र अपाङगता भएका व्यक्तिको मानव अधिकार अवस्था कस्तो छ ?**

फिदिम नगरपालिकाभित्र महिला, बालबालिका, दलित र अपाङगताहरूका लागि छुट्टाछुट्टै कार्यक्रमको ढाँचा विकास गरेका छौँ। अपाङगता भएकाहरूलाई नगरले व्यवस्थापन र सहयोगको काम गरिरहेको छ। गर्भवती र सुत्केरीलाई निशुल्क उपचारको व्यवस्था मिलाएका छौँ। दलित समुदायको लागि छुवाछुतको कुराले अन्यन्त समस्या ल्याएको छ। तर नगरपालिका भित्रभने यो समस्या धेरै कम भइसकेको छ। दलितले पाउनु पर्ने अधिकारप्रति हामी पूर्ण प्रतिवद्ध छौँ।

**स्थानीय तहमा रहेका न्यायिक समितिले व्यक्तिको मानव अधिकार रक्षाका लागि कसरी भूमिका खेलिरहेको छ ?**

न्यायिक समितिमा समस्या लिएर आएपछि दुवै पक्षलाई बोलाएर उहाँहरू बिचको समस्यालाई वुझ्ने र ति समस्या समाधानको काम न्यायिक समितिले गर्दै आएको छ। न्यायिक समितिको अधिकार भन्दा बाहिरका समस्यालाई प्रहरी र अदालतमा पठाउने गरेका छौँ। न्यायिक समितिले फिदिम नगरपालिकाभित्र प्रहरीसँग सहकार्य गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। मानव अधिकारभित्रका विषयलाई सर्वसाधारणसम्म पुऱ्याउन हरेक महिना दुई पटक एफएम रेडियोमार्फत सूचना प्रसारण गर्दै आएका छौँ।

**मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि स्थानीय तहका मेयर वा अध्यक्ष संयोजक रहने गरी स्थानीय तह समन्वय समिति गठन गरिएको छ ?**

समिति गठन भएको छ। समितिले अनुगमन गर्नुपर्ने काम, सहयोग गर्नुपर्ने काम, हरेक नागरिकको स्थिति बुझ्ने काम गर्दै आएको छ। राष्ट्रिय कार्यायोजनाले दिएको जिम्मेवारी बमोजिम प्रतिवेदन तयार गरी माथिल्लो निकायमा पठाउने तयारी गरिएको छ।




२०६२-०६३ को जनआन्दोलनको जगमा निर्मित नेपालको अन्तरिम संविधान २०६३ को पहिलो संशोधनले नेपालमा सङ्घीयतालाई संवैधानिक ग्यारेण्टी गरेको थियो । लोकतन्त्र र गणतन्त्र प्राप्तीका लागि भएको आन्दोलनको कारण नेपालमा हालको शासन व्यवस्था कायम भएको हो ।

---

# नेपालको लोकतान्त्रिक आन्दोलन २०६२–०६३

१ २०६३ वैशाख ११ मा प्राप्त लोकतन्त्रको स्वागत गर्दै आन्दोलनकारी

२ गणतन्त्र माग गर्दै आन्दोलनकारी

३ जनआन्दोलन २०६२/०६३ को अनुगमन गर्दै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल

४ आन्दोलनको अनुगमन गर्दै अधिकारकर्मीहरू

५, ६ जनआन्दोलनका घाइतेको उद्धार गर्दै इन्सेककर्मी

७ सङ्घीयताको माग गर्दै सप्तरीमा निकालिएको जुलुस

८ भागदौडका क्रममा छुटेका जुत्ताचप्पलहरू

९ प्रदर्शनकारीद्वारा जलाइएका सवारी साधन

१० शहीदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै



























संयोजनः गीता माली

## नेपालमा सङ्घीयताको इतिहास

इतिहासलाई केलाउदा पूर्वमा बुद्धिकर्ण रायले वि.स. १८३१ मा नै सङ्घीयताको कुरा उठाएको र गोर्खाली पक्षले स्वीकार नगर्दा विद्रोह गरेका थिए भनेर लिम्बूवान राज्य पक्षधरहरूले दावी गर्दै आएका छन्। तर, औपचारिक रूपमा तत्कालीन तराई काँग्रेसले २००७ सालपश्चात् "भौगोलिक, भाषिक, आर्थिक तथा सामाजिक सङ्गठनको आधारमा तराई र पहाडलाई क्रमश: दुई वा दुईभन्दा बढी प्रान्तमा विभाजित गरी त्यसको आन्तरिक शासनको पूर्ण अधिकार प्राप्त गराउनु र यस्ता स्वशासित प्रान्तहरूलाई एकै सुत्रमा आबद्ध गरी 'नेपाल युनियन'को स्थापना गराई नेपालमा सच्चा लोकतन्त्रको स्थापना गर्नु" आफ्नो पार्टीको उद्देश्य रहेको भनेको थियो। तर, उपर्युक्त माग राख्ने पार्टी र यसका नेताहरू मागको पक्षमा अडिग रहन सकेनन् र २०१७ सालमा राजा महेन्द्रको निरङ्कुश शासनसँग आत्मसमर्पण गर्न पुगे। २०४६ साल पश्चात् नेपाल सद्भावना पार्टी र अन्य थुप्रै आदिवासी जनजातिसम्बन्धी पार्टीहरूले सङ्घात्मकताको कुरा उठाए पनि यसले खासै स्पष्ट आकार लिनसकेको थिएन। पार्टीहरूले संसदीय तथा स्थानीय चुनावमा अपेक्षित जनविश्वास प्राप्त गर्न नसक्नु पनि यसको कारण हुन सक्तछ। त्यस्तै तत्कालीन नेपालका ठूला दुई दल नेपाली काङ्ग्रेस र नेकपा एमालेको प्राथमिकतामा पनि सङ्घात्मकता परेन। यसैबीच २०५२ सालमा माओवादीले सञ्चालन सशस्त्र द्वन्द्वको माझबाट २०५४/५५ सालतिर जातीय स्वयत्तताका कुराहरू तीव्र घनत्वका साथ उठ्न थाले र २०६० को फाल्गुण-चैत्रमा सर्वप्रथम नेपालमा 'मगरात स्वायत्त प्रदेश' गठन गरेको घोषणा माओवादीले गऱ्यो। प्राध्यापक कृष्ण खनालका अनुसार यसले सङ्घीय खाकाको 'भ्रुण हाल्ने' काम गऱ्यो। सङ्घीयताले औपचारिक रूपमा भने मधेस आन्दोलनको दबावपछि नेपालको अन्तरिम संविधान २०६३ मा प्रवेश पायो। नेपालको संविधानसभामा प्रतिनिधित्व गर्ने २४ दलमध्ये २३ दलले सङ्घीयतालाई आत्मसात गरेको पाइन्छ। यसै अनुरूप नेपालको संविधान २०७२ को धारा ४ मा "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवादउन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो " भन्ने उल्लेखबाट नेपाल विधिवत रूपमा सङ्घीय संरचनामा प्रवेश गरेको कुरा स्पष्ट हुन्छ। त्यस्तै संविधानको राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड अर्न्तगत धारा ५६ मा "सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका हुन्छन्" पनि भनिएको छ।

## सङ्घीयता: केही भ्रम र यथार्थ

- नेपालमा सङ्घीय राज्य प्रणाली बारे थुप्रै भ्रम तथा आग्रहहरू भेन्टिछन्। कसैकसैले सङ्घीयताले विखण्डन ल्याउँछ भन्ने भ्रम पालेको पनि पाइन्छ। तर विश्वका विभिन्न देशका अनुभव तथा अभ्यासले यसको पुष्टि भएको पाइँदैन। साँच्चै भन्ने हो भने समावेशी, लोकतान्त्रिक सङ्घीय राज्यहरूको विखण्डन भएको उदाहरण छँदै छैन भने पनि हुन्छ। सोभियत सङ्घ र युगोस्लोभियाको विखण्डनलाई ती देशहरूमा लोकतन्त्रको अभाव तथा

एकदलीय शासनप्रणालीलाई मान्न सकिन्छ। तर जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक पहिचान तथा विविधतालाई निषेध गर्दा कथित शक्तिशाली केन्द्रिकृत राज्यहरूको विखण्डन भएका थुप्रै उदाहरण छन्। सम्राटहरूको पनि सम्राट हाइलेसिलासीको देश इथोपियाको विभानजनलाई यसको एउटा गतिलो उदाहरणको रूपमा लिन सकिन्छ। श्रीलंकामा लामो समयसम्म भएको हिंसात्मक द्वन्द्वको प्रमुख कारण केन्द्रीय शासन व्यवस्था नै थियो।

- त्यस्तै सङ्घीय प्रणाली ठूला देशहरूमा मात्र सफल हुन्छ, नेपालजस्तो सानो तथा मध्य आकारका देशका लागि यो प्रणाली उपयुक्त छैन भन्ने भ्रम पनि छ। तर भौगोलिक रूपले नेपालभन्दा साना ८ ओटा मुलुकहरूमा सङ्घात्मक शासन प्रणाली सफलतापूर्वक सञ्चालन भइरहेका उदाहरण छन्। त्यसमा पनि क्षेत्रफलको दृष्टिकोणले मात्रै २६१ वर्ग किलोमिटर भएको देश सेन्ट किट्स र नेभिस सङ्घीय प्रणालीमा गएको पाइन्छ। त्यसैले भूगोल वा जनसङ्ख्याको आकार नभएर जनसङ्ख्याको विविधता सङघीयताको पहिलो आधार बन्नुपर्छ।

(ग) सङ्घीयताको बारेमा तेस्रो भम्रको रुपमा नेपालको गरीबीलाई लिने गरिन्छ। सङघीय प्रणाली खर्चिलो हुने हुनाले नेपालले सङ्घीयतालाई धान्न सक्तैन भन्नेहरूको सङ्ख्या पनि ठुलै छ। केहि सङ्घीय मुलुकहरूमा प्रशासनिक संयन्त्रलाई सानो तथा चुस्त दुरूस्त बनाएर प्रस्तुत समस्यालाई हल गरेको भेटिन्छ। यसको निम्ति स्विजरल्यान्ड आदर्श उदाहरण हुन सक्छ। त्यहाँ मात्रै राष्ट्रपति सहित सात जनाको कार्यपालिका छ। संविधानमा नै समुचित प्रबन्ध गरेर सत्ताकेन्द्रीत जम्बो संस्कृतिलाई रोकेर फजुल खर्चलाई निषेध गरिएको छ। राष्ट्रपति सहित सात जनाको मात्र मन्त्री मण्डलको संवैधानिक व्यवस्था छ। नेपालले पनि स्वीट्जरल्यान्डबाट धेरै कुरा सिक्न तथा अनुसरण गर्न सक्दछ।

- त्यस्तै हामीकहाँ सङ्घीयता भनेको केन्द्रीय सरकारलाई कमजोर पार्ने हो भन्ने बुझाइ पनि छ। वास्तवमा सङ्घीयताको बहसमा मुख्य मुद्दा सङ्घीय सरकार बलियो हुने की सङ्घ एकाइ बलियो हुने भन्ने होइन। मूलभूत रूपमा अवशिष्ट अधिकार कहाँ रहने र संविधानको समुचित तथा पूर्ण पालना गर्ने भन्ने हो।

**कोशी प्रदेश र सङ्घीयताका चुनौतीहरू**

नेपालको सुदूरपूर्वमा अवस्थित कोशी प्रदेश २५,९०५ वर्गकिलोमिटरमा फैलिएको छ। यो नेपालको कूल क्षेत्रफलको १७.६ प्रतिशत क्षेत्रफल हो। ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, ओखलढु ा, उदयपुर, सोलुखुम्बु, सुनसरी र मोरङ गरी १४ जिल्लामा विभाजित कोशी प्रदेशमा एक

महानगरपालिका, दुई उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी १३७ स्थानीय तह छन्। हिमाल, पहाड र तराई तीन ओटै भूगोलको समिश्रण भएकाले यस प्रदेशमा जातीय, भाषिक, सास्कृतिकसँगै भौगोलिक विविधताहरू पाउन सकिन्छ। कोशी प्रदेशको कूल जनसङ्ख्या ४९,७२०२१ रहेको छ। मुलतः राई, लिम्बु, लेप्चा जातिको मुल थलो भएको कोशी प्रदेशमा नेवार, मगर, तामाङ, क्षेत्री तथा बाहुन आदी जातिको पनि बसोबास छ। विश्वको सर्वोच्च शिखर सगरमाथासँगै नेपालको सबभन्दा कम उचाई भएको केचना पनि यही प्रदेशमा पर्दछ। इतिहासलाई पहिल्याउने हो भने यो ऐतिहासिक 'किराँत प्रदेश' रूपमा स्थापित भएको छ।

नेपालको संविधान २०७२ प्रारम्भ भएपछि नेपाल विधिवत रूपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ। यससँगै संविधान कार्यान्वयनका क्रममा विभिन्न संवैधानिक अभ्यासको थालनी पनि भएको छ। यसै क्रममा २०७४ वैशाखमा स्थानीय तह निर्वाचन र सोही वर्षको मङ्सिर महिनामा सङ्घीय संसद र प्रदेशसभाको निर्वाचनसँगै राष्ट्रियसभा, राष्ट्रपति, सभामुख आदीको पनि निर्वाचन सम्पन्न भए। २०७९ वैशाखमा स्थानीय तहको र मङ्सिरमा दोस्रो पटक माथि उल्लेखित सबै संवैधानिक निकाय तथा पदहरूमा निर्वाचन पनि भइसकेका छन्। त्यस्तै केही अत्यावश्यक कानुन तथा प्रक्रियागत ढाँचा पनि निर्माण भइसकेका छन्। तर, सङ्घसँगै प्रदेशहरूमा जुन ढङ्गमा सङ्घीयता कार्यान्वयनले गति लिनु पर्थ्यो, त्यो अति न्यून मात्र देख्न, अनुभूत गर्न सकिन्छ। अझ कोशी प्रदेश सङ्घीयताका कार्यान्वयनको दिशामा पछि परेको विभिन्न घटना तथा परिदृश्यले पुष्टि गर्दछन्। ती निम्नानुसार छन् :

**नामाकरणमा ढिलाइ तथा खारेजीको बहस**

पहिलो प्रदेशसभाले प्रदेश १ को नामाङ्कन गर्न सकेन। यसको चौतर्फी आलोचना भयो। सङ्घीयता कार्यान्वयनको आरम्भ विन्दुमा नै सङ्घीयतामाथि प्रश्नहरू तेर्स्याइए। सम्भवत : त्यसैले हुन सक्छ दोस्रो प्रदेशसभाको पहिलो अधिवेशनको तेह्रौं बैठकमा प्रदेश १ को नाम कोशी राख्ने प्रस्ताव हतार-हतारमा पारित गरियो। वास्तवमा यो निक्कै पेचिलो मुद्दा हो। पहिचानसहित राज्य पुनः संरचनाको माग राख्दै केही राजनीतिक दल, आदिवासी, जनजाति महासङ्घलगायत विभिन्न सामाजिक/सांस्कृतिक तथा धार्मिक सङ्घ संस्थाहरूले पहिलो संविधानसभा (२०६४) देखि नै आन्दोलन गर्दै आएका थिए। सरोकारवालाहरूसँग घनीभूत छलफल नगरी तथा आवश्यक प्रक्रिया नपुऱ्याई कोशी नाम राखिएको थियो। त्यसैले यसको विरोध हुनु स्वभाविक थियो। पहिचान पक्षधर राजनीतिक सङ्गठन तथा सङ्घसंस्थाहरूले यसको विरूद्धमा चर्को आन्दोलन गरे। कोशी नाम खारेज गरी पहिचानसहित नामाङ्कन गर्न "प्रदेश १ पुन नामाङ्कन संयुक्त सङ्घर्ष समिति" ले विभिन्न चरणको आन्दोलन गऱ्यो। कति चोटी आन्दोलन हिंसात्मक पनि हुन पुग्यो। आन्दोलनकै क्रममा पहिचान पक्षधर पदम लिम्बू लाजेहाङको मृत्यु पनि भयो।

राष्ट्रिय पार्टीहरूको उदासिनता तथा असहिष्णुतासँगै पहिचानवादीहरू बीचको अपरिपक्कता, अनेकता, उग्रता र बिग्रहको कारणले यो आन्दोलनले स्वभाविक गतिलिन

सकेन। तर अहिले पनि कोशी प्रदेशमा पहिचानको आन्दोलनले सम्पूर्ण रूपमा आत्मसमर्पण गरी नसकेको स्थिति छ। इलाम उपनिर्वाचनमा काङ्ग्रेसका उमेदवारले "नेपाली कांग्रेस पहिचानको दृढतापूर्वक उभिने" भन्न बाध्य हुनुपर्‍यो र उक्त चुनावमा पहिचान पक्षधर उमेदवार डकेन्द्रसिंह थेगिम लिम्बूले ११ हजार ५ सय ५७ मत प्राप्त गरी तेस्रो स्थानमा आउनुले पनि पहिचानको मुद्दा नसेलाएको स्पष्ट हुन्छ।

## अस्थिरताले उब्जाएका असरहरू

कोशी प्रदेशले राजनीतिक स्थिरता दिन नसक्दा धेरै खाले जटिलता र समस्याहरू थपिएका छन्। कोशी प्रदेशमा पहिलो प्रदेशसभामा तीनपटक र अहिलेसम्म दोस्रो प्रदेशसभामा ६ पटक सरकार परिर्वतन भएकाले पनि अस्थिरताको समस्या जटिल छ भन्ने पुष्टि हुन्छ। यसले गर्दा समग्र सङ्घीय प्रणालीको विश्वसनियतामाथि प्रश्न उठ्न थालेको छ। जसरी पनि सत्तामा पुग्नु पर्छ र सत्तालाई जोगाउनु पर्छ भन्ने पार्टी तथा नेताको मनोविज्ञानले गैरसंवैधानिक तथा गैरराजनीतिक खेलहरूको अभ्यास कोशी प्रदेशमा अरू प्रदेशको तुलनामा बढी भएको पाइन्छ। यसले सङ्घीयतालाई मजबुत बनाउनुको सट्टा कमजोर तथा अलोकप्रिय बनाइरहेको छ। मूलधारका दलहरूले अनुशरण गरेको दलीयता र सङ्घीयताबीच तालमेलको नितान्त अभाव देखिन्छ।

## सहभागिता, पारदर्शिता र सुशासनको अभाव

कुनै पनि राजनीतिक प्रणालीको सफलतामा सहभागिता, पारदर्शिता र सुशासनको अत्यन्त महत्वपूर्ण भूमिका हुन्छ। तर, नीति निर्माणदेखि विभिन्न ऐन तथा कानुन निर्माणमा सरोकारवालाहरूको सहभागिता र चासोलाई सुनिश्चित नगर्दा समस्या र जटिलताहरू सिर्जना भएका छन्। सँगै पारदर्शिता र सुशासनको अभावले प्रदेशसँगै स्थानीय निकायहरूमा भ्रष्टाचार घनीभूत रूपमा मौलाएको प्रष्टैसँग देख्न तथा अनुभव गर्न सकिन्छ। सुविधाका निम्ति मरिहत्ते गर्ने प्रदेश तथा स्थानीय सरकारका सञ्चालकहरू, करमा भएका अस्वाभिक तथा अनियन्त्रित वृद्धि, कर्मचारीहरूले सेवाग्राहीबाट लिने अतिरिक्त लाभ (घुस) सँगै बढ्दो बेरूजु र आर्थिक अराजकतालाई प्रोत्साहित गरेको महालेखा परीक्षकको प्रतिवेदनबाट थाहा पाउन सकिन्छ। त्यसैगरी स्वतन्त्र ढङ्गले गरिएका अध्ययन तथा अनुसन्धानले पनि आर्थिक शुसानको रेखाचित्र ओरालो लागेको प्रस्टै देख्न सकिन्छ। त्यसैले गाउँगाउँमा सिंहदरबार होइन, सिंह मात्र आएको भनेर सङ्घीयता तथा स्थानीय सरकारलाई गिज्याउँनेहरूको सङ्ख्या प्रतिदिन बढ्दै गएको छ।

## अनिच्छुक तथा अनुदार केन्द्रीय सरकार

नेपालको संविधानको धारा २३२ मा सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा सङ्घीयता कार्यान्वयन गरिने कुरा उल्लेख गरिएको छ। यस अनुरूप सङ्घीयतालाई अघि बढाउन सङ्घले प्रदेश तथा स्थानीय सरकारलाई बढीभन्दा बढी अधिकार तथा बजेट दिएर क्षमता विकासमा सहयोग पुऱ्याउनु पर्ने हो। तर, सङ्घीयता अभ्यासको करिब आठ वर्षको इतिहासलाई नियाल्दा प्रदेश र स्थानीय तहलाई अधिकार दिने विषयमा सङ्घीय सरकार अनुदार मात्र नभएर अनिच्छुक पनि देखिएको छ। यसले प्रदेश तथा स्थानीय तहमा कानुन

निर्माण/कार्यान्वयनसँगै विकास निर्माण, सेवाप्रवाह, रोजगारी सिर्जना, आर्थिक विकासलगायतका विविध क्षेत्रमा प्रत्यक्ष असर पारेको छ। सङ्घीय सत्तामा रहेका प्राय: सबै दलका शीर्षस्थ नेताहरूमा देखिएको केन्द्रकृत मानसिकता तथा व्यवहारले सङ्घीयतालाई कहाँ पुऱ्याउने हो अहिले भन्न सकिने स्थिती छैन। मूलधारका भनिएका सबै प्रमुख राजनीतिक दलहरूमा काठमाडौं केन्द्रित सामन्ती सोच प्रचुर मात्रामा भेटिन्छ। निजामती कर्मचारी ऐन, शिक्षा ऐन, प्रहरी ऐनजस्ता अत्यावश्यक ऐन कानुन बनाउन सङ्घीय सरकार उदासिन रहनु र संविधानको धारा ५६ मा राज्यको संरचना र धारा ५७ मा राज्य शक्तिको बाँडफाँड गरी अनुसूची ५ देखि ९ सम्म उल्लेख भएका केही अधिकारलाई समेत केन्द्रमा खिचेर ऐन कानुन बनाउनुले पनि सङ्घीय सरकारको केन्द्रीय मानसिकतालाई स्पष्ट पार्दछ। यसले सातै प्रदेशसँगै सबै स्थानीय सरकारलाई कमजोर बनाएको छ। कोशी प्रदेशमा यसको प्रभाव अझ बढी देखिन्छ।

**निष्कर्ष**

सङ्घीयता मुलुकको विकास, समृद्धि र सुशासनको निम्ति एउटा महत्वपूर्ण साधन हो। तर, यो आफैंमा साध्य होइन। नेपालमा सङ्घीयताको अभ्यास भएको लामो समय भएको छैन। २ सय ५० वर्ष भन्दा लामो समयदेखि एकात्मक एवम् केन्द्रीकृत शासन प्रणालीले थुपारेर राखेको फोहोर मैलाको चाङलाई एक दशक पनि नपुग्दै हटाउन सम्भव छैन। जातीय, लैङ्गिक, भाषिक, सामाजिक/साँस्कृतिक, धार्मिकसंगै आर्थिक विभेद तथा असमानतालाई चिर्न तथा व्यवस्थित गर्न पक्कै पनि समय लाग्दछ। आठ वर्षकै अभ्यास तथा अनुभवको आधारमा कुनै पनि प्रणालीको वस्तुनिष्ठ तथा व्यवहारसम्मत मूल्याङ्कन हुन सक्दैन।

अहिले नेपालमा सङ्घीयताको विरूद्धमा खालेखाले भाष्य बनाएर खारेजीको माग पनि उठ्न थालेको छ। विशेष गरी प्रदेशहरू सार्मथ्यताका दृष्टिकोणले सवल र सुदृढ नभएका तथा जनसेवासँग पनि प्रत्यक्ष नजोडिएकाले प्रदेशहरूको आवश्यकता छैन र खारेज गरिनुपर्छ भन्ने नयाँ बहसले नागरिकसँगै राजनीतिक तहमा प्रवेश पाएको छ। अहिले नेपालका जति पनि समस्या, अप्ठ्यारा तथा चुनौतीहरूको कारक सङ्घीयतालाई मानिदैछ। केही दलले प्रदेश संरचनाको प्रावधान नराखेको, प्रदेश तथा राष्ट्रपतिको निर्वाचनमा भाग नलिएको कारणले पनि यो अभियानलाई मलजल गरेको बुझ्न सकिन्छ। अझ सङ्घीयता पक्षधर दलहरूमा देखिएको उदासिनता र अडानको अभावले सङ्घीयता विरोधीहरूको मनोबल बढेको र आम नागरिकहरूमा अन्यौलताले प्रश्रय पाएको छ। तसर्थ माथिका चुनौतिहरूलाई चिर्दै अघि बढ्नुको विकल्प छैन। निम्न कुराहरू गर्न सके सङ्घीयतालाई अझ अर्थपूर्ण, सुदृढ र सुव्यवस्थित गर्न सकिने छ।

- सङ्घीय लोकतान्त्रिक प्रणालीलाई कोरा संसदिय अङ्कगणितको खेलबाट पृथक राख्नु पर्दछ। स्थिर सङ्घीय तथा प्रदेश सरकार निर्माणको निम्ति आवश्यक परे संविधान संशोधन गरेर भए पनि निर्वाचन प्रणालीमा सुधार गर्नु पर्दछ।
- नेपालको संविधानमा स्पष्ट देखिएता पनि संघले प्रदेश र स्थानीय तहलाई

अधिकार दिन कन्जुस्याइँ गरिरहेको छ। दलहरूले पनि सङ्घीयता कार्यान्वयनमा आफ्ना सम्पूर्ण वैचारिक तथा सांगठनिक शक्तिलाई तत्परताकासाथ प्रयोग गर्नु पर्दछ। अहिले दलहरू सङ्घीयता कार्यान्वयनमा बाधकको रूपमा देखापर्न थालेका छन्।

- केन्द्रमा राजनीतिक समिकरण परिवर्तन हुँदा प्रदेश सरकारहरू पनि फेरिने गरेका छन्। यसले राजनैतिक अस्थिरता त निम्त्याउँछ नै सङ्घीयता प्रति नागरिकहरूको विश्वासमा कमी आउँछ। यो राजनीतिक कुसंस्कार तथा गलत अभ्यासलाई यथाशीघ्र रोक्नु पर्दछ।
- संविधानमा उल्लेखित साझा अधिकारका सूची अन्तर्गतका कानुनहरू स्पष्ट नहुँदा प्रदेश र स्थानीय तहबीच अधिकार प्रयोजनमा जटिलताहरू देखिएका छन्। यसलाई चाँडै समाधान गर्नु पर्दछ। त्यस्तै स्थानीय तहहरूलाई नियमित वित्तीय समानीकरणमार्फत प्राप्त हुने अनुदान माथि केन्द्रीय सरकार अनुदार हुनुहुँदैन।
- पहिचान पक्षधर तथा अन्य सरोकारवालाहरूसँग घनिभुत छलफल गरेर विश्वास निर्माण सँगै बहुपहिचानको आधारमा पुनः नामाकरण गर्न प्रदेश सरकारले आँट गर्नु पर्दछ।
- सङ्घीय शासन प्रणालीको मूल मर्म र आवश्यकता अनुरुपको प्रशासनिक संरचनाको निर्माण र कर्मचारीतन्त्रको समुचित व्यवस्थामा सङ्घले विशेष चासो र पहल गर्न जरुरी छ।
- सङ्घीयता महङ्गो भयो तथा यसले राष्ट्रिय एकतालाई कमजोर बनायो भन्ने गलत भाष्य चिर्न राजनीतिक नेतृत्वले विशेष पहल गर्नु पर्दछ। साथै प्रशासनिक र शासकीय खर्चको प्रभाव बढेको कुरो तथ्य तथ्याङ्कको आधारमा पुष्टि गर्न प्रयत्न गर्नु पर्दछ।
- माथि नै भनि सकिएको छ राज्य प्रणाली साधन होइन साध्य मात्र हो। नेपाली राजनीतिमा अहिले सिद्धान्त, दर्शन, नीति, नैतिकता तथा इमान्दारिताको खडेरी परेको छ। यसका सक्षम, समर्थ, योग्य, नैतिकवान तथा इमान्दार राजनीतिक नेतृत्वको अभावमा माथिको क्षयलाई रोक्न सकिदैन। यसको निम्ति राजनीतिक नेतृत्व तथा पार्टीहरू रूपान्तरित हुनुपर्दछ।


*(लेखक, मानव अधिकारकर्मी तथा अध्येता हुनुहुन्छ ।)*

# सङ्घीयता, मधेश र अपेक्षा

**पृष्ठभूमि**

पछिल्लो समय एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त हुनुभएको छ। र, यससँगै संविधान संशोधनको बहस पनि एकथरीले शुरु गर्दैछन्। दुई तिहाइ बहुमतको संविधानमा के कस्तो संशोधन गर्न खोजेको हो प्रष्ट छैन। तर, पनि एमाले लगायतका केही दलहरूले प्रदेशहरू खर्चिलो हुँदै गएको तर्क गरिरहेका छन्, त्यसले संविधान संशोधनको बहस नेपालको सङ्घीयताको निम्ति सकारात्मक देखिँदैन।

नेपालमा सङ्घीयता स्थापनाको मुख्य उद्देश्य पारम्परिक केन्द्रीकृत राज्यसत्ताबाट क्षेत्रीय, जातीय आधारमा शोषण, दमन र उत्पीडनमा परेका समुदायमा राष्ट्रिय परिप्रेक्ष्यमा आफ्नो पहिचान सहितको उपस्थिति, राज्यसत्तामा सहभागिता तथा आत्मनिर्णय सहितको स्वशासनको चाहना थियो। तर प्राय: परम्परागत रूपमा शासन गर्दै आएको एउटा जाति विशेष र वर्ग, सङ्घीयताको स्थापना कालदेखि नै यसको विपक्षमा थियो। उनीहरूले यसलाई बिखण्डनको कारक हुनसक्ने प्रचारित गरिरहेका थिए। आफूलाई प्रजातान्त्रिक र कम्युनिष्टसमेत भन्न रुचाउने, तर अनुदार र सङ्कीर्ण राष्ट्रियतावादी शक्तिहरू र अनुदारवादी केही दलका नेताहरू अहिले राज्यसत्तामा देखिएको अस्थिरता र अपव्ययको बोझ सङ्घीयतामाथि थोपर्न खोज्दै छन्। उनीहरू के बुझ्न चाहँदैनन् भने, वा बुझेर पनि बुझ पचाउन चाहन्छन् भने, वर्तमान सत्ता संरचनामा देखिएको अस्थिरता वा आर्थिक अपव्यय, राजनीतिक दलभित्र व्याप्त निजी आर्थिक स्वार्थ तथा भ्रष्ट कर्मचारीतन्त्रको कारण समग्र राज्यसत्तामा व्याप्त भ्रष्टाचार हो। ०४७ सालपछि १५ वर्षको एकीकृत बहुदलीय राज्य व्यवस्थामा भएको कीर्तिमानी भ्रष्टाचारयुक्त र अस्थिर राजनीतिक परिवेश यसको उदाहरण हो। बरु के भन्न सकिन्छ भने अहिलेको सङ्घीय गणतन्त्र विगतको बहुदलीय राज्य व्यवस्थाको भ्रष्ट विरासतबाट मुक्त हुन नसक्नु नै वर्तमानको अस्थिरता र आर्थिक अनियमिततायुक्त वातावरणको मुख्य कारक हो। सङ्घीय गणतन्त्रले सीमित शासक वर्गको हातमा रहेको राज्यसत्तामा आम जनसमुदायको वर्गीय र सांस्कृतिक समुदायहरूलाई सहभागी गराउने उद्देश्य राखेर वास्तविक अर्थमा लोकतान्त्रिक अभ्यास गर्ने उद्देश्य राखेको थियो। तर, अहिले संविधान संशोधनको नाममा जुन खाले तर्कहरू अगाडि आएका छन् त्यो ठिक होइन।



रोशन जनकपुरी

हुन त जतिबेला मधेश केन्द्रित दलहरूले मधेश आन्दोलन गरिरहेका थिए, उनीहरूले समग्र तराई क्षेत्रलाई मधेशका रूपमा व्याख्या गरेका थिए। तर, राजनीतिक आरोह अवरोहमा हाल नेपालको सात ओटा प्रदेशमध्ये सप्तरीदेखि पर्सासम्मको आठ ओटा जिल्लालाई मधेश प्रदेश भनिएको छ। राजनीतिक घनीभूतताको दृष्टिले पनि मधेशी भावनात्मक राजनीति यसै प्रदेशमा बढी

बलियो देखिन्छ। यो बेग्लै कुरो हो कि मधेशी दलहरूको विभाजित, अस्थिर र केन्द्रीय सत्तामुखी चरित्रको कारण प्रदेशको चुनावी परिणाममा केन्द्रीय राजनीतिका शीर्ष राजनीतिक दलहरू एमाले, नेपाली काँग्रेस र माओवादी केन्द्र पनि प्रभावशाली देखिन्छ। अहिले मधेश प्रदेशसभामा सबैभन्दा ठूलो पार्टी एमाले छ र मधेश केन्द्रित पार्टीहरूले आफ्नो नेतृत्वमा सरकार बनाउन ठूला दलहरूको सदासयता खोज्नु परेको छ। यस्तो परिस्थितिमा मधेश, सङ्घीयता र यसका अपेक्षाहरूबारे छलफल गर्नु झनै संवेदनशील हुन जान्छ।

**मधेश आन्दोलन र सङ्घीयताको विगत**

वर्तमान सङ्घीय लोकतान्त्रिक संविधानको निर्माणमा सबै दलहरूको भूमिका छ। तर, राजनीतिक सङ्घर्षको दृष्टिले सङ्घीयताका दुई मख्य कारकमा माओवादी जनयुद्ध र मधेश आन्दोलन छ। यद्यपि संविधानमा सङ्घीयतालाई मूर्तरूपमा लेख्न लगाउनुमा मधेश आन्दोलन र मधेश केन्द्रित दलहरूको भूमिका मूख्य थियो भन्नु अत्युक्ति हुँदैन।

०६२-०६३ को जनआन्दोलनपछि नेकपा माओवादी र संसदीय राजनीतिक दलहरूबीच भएको सम्झौताले नेपालमा गणतन्त्रलाई जन्मायो। अन्तरिम संविधानको प्रस्तावनाको आशय 'एकतन्त्रीय राज्य व्यवस्थाको विरुद्ध' र 'नयाँ र समतामूलक नेपाल'को परिकल्पना गरिए पनि ०६३ माघ १ गते जारी अन्तरिम संविधानमा सङ्घीय संरचना मूर्तरूपमा उल्लेख गरिएको थिएन। यो माओवादी सशस्त्र द्वन्द्व र जनआन्दोलनमा अभिव्यक्त जनादेशको विपरीत थियो। मधेशी समुदायले यसको विरोध गर्‍यो। तत्कालीन मधेशी जनअधिकार फोरमको नेतृत्वमा काठमाडौँबाट सुरु भएको आन्दोलन क्रमश: सम्पूर्ण तराई मधेशमा फैलियो। यस आन्दोलनले जातीय क्षेत्रीय विभेदको अन्त्य, जातीय क्षेत्रीय स्वशासनसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा संविधान सभाको लागि समानुपातिक निर्वाचन प्रणालीलाई मागको रूपमा अगाडि सार्‍यो। यस आन्दोलनमा ३९ जना मारिए भने सैयौँ घाइते भए। अन्तत: मधेशी जनअधिकार फोरम र सरकारबीच ०६४ भदौ १३ गते २२ बुँदे सम्झौता भयो। मृतकलाई क्षतिपूर्ति, घाइतेलाई राहत र उपचारको व्यवस्था जस्तो तात्कालिक मागको अतिरिक्त राज्यका सबै संरचनामा मधेशी, दलित, आदिवासी जनजाति, मुस्लिम, महिला लगायत राज्यबाट पारम्परिक रूपमा उत्पीडित र पछि पारिएका समुदायको समानुपातिक प्रतिनिधित्व र साझेदारी सम्झौताका उल्लेखनीय पक्ष थिए। यसरी नै राज्य पुनर्संरचना आयोगको गठन, संविधान सभाबाट स्वायत्त प्रदेशको निर्माण, सरकारी कामकाज र शिक्षामा मातृभाषा, नेपाली र अङ्ग्रेजीको त्रिभाषीय नीति पनि त्यस सम्झौताका महत्वपूर्ण बुँदाहरू थिए। तर पछि यो सम्झौता उपेक्षित हुन थालेपछि मधेशी जनअधिकार फोरम र सद्भावना पार्टी नेपालले संयुक्त मोर्चा गठन गरेर पुन: आन्दोलन शुरु गरे। यसैबेला नेपाली काँग्रेसबाट विद्रोह गरेर महन्थ ठाकुरले तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)को गठन गरेर मोर्चा र आन्दोलनमा सामेल भयो। अन्तत: फेरि सरकार सम्झौतामा आउन बाध्य भयो। सरकार र आन्दोलनकारीहरू बीच आठ बुँदे सम्झौता भयो। यसपटकको सम्झौतामा पनि अधिकांशत: विगतको २२ बुँदे सम्झौता कार्यान्वयनमा नै जोड दिइएको थियो। तुलना गर्ने हो भने यी सम्झौताहरूमा

सरकार पक्षमा माओवादीहरूको भूमिका उदार थियो भने एमाले र नेपाली काँग्रेसमा सङ्घीयताप्रति उदासीनता बढी देखिन्थ्यो। हुन त मधेश आन्दोलन र सरकारसँग भएका सम्झौताका बुँदाहरू सामान्यत क्षेत्रीय चरित्रको देखिन्छ, तर यसमा उठाइएका बुँदाहरू र अपेक्षाहरूले नेपालमा सङ्घीय संरचनाहरूलाई आकार दिइरहेको थियो। यसैकारण तराई मधेशमा मधेश केन्द्रित राजनीतिक दलहरू पहिलो संविधान सभाको निर्वाचनमा बलियो शक्तिको रूपमा स्थापित भए।

पहिलो संविधानसभा संविधान नबनाइ विघटित भयो। दोस्रो संविधान सभा मधेश केन्द्रित दलहरूको निम्ति धेरै उत्साहजनक रहेन। आफ्नै एजेन्डा विपरीत सत्तामुखी चरित्र तथा आपसी खिचातानी र फुटको कारण उनीहरूले अपेक्षाकृत परिणाम ल्याउन सकेनन्। दोस्रो संविधानसभा भने पहिलोको तुलनामा थुप्रै अर्थमा सङ्घीयताप्रति अनुदार र अधिकतम् प्रशासनिक विकेन्द्रिकरणको पक्षमा बढी देखिन थाल्यो। दोस्रो संविधानसभाबाट संविधानको मस्यौदा जारी भएपछि मुख्यत: तराई मधेशका २२ ओटा जिल्लामा यसको तीव्र विरोध भयो। मधेश केन्द्रित दलहरूको नेतृत्वमा भइरहेको यस विरोध प्रदर्शनमा सरकारी दमनमा अनेकौँ मारिए र सयौँ घाइते भए। मधेश केन्द्रित दलहरू तराई मधेशमा अधिकतम दुईवटा प्रदेश मागिरहेका थिए। तर, नयाँ संरचनामा तराई मधेशलाई चार ओटा प्रदेशमा विभाजित गरिएको थियो। २०७२ असोजमा संविधान जारी भयो। यस संविधानले सात प्रदेशीय सङ्घीय ढाँचा बनायो। पूर्वी तराईमा सप्तरीदेखि पर्सासम्मको आठ ओटा जिल्लालाई एउटा प्रदेश गठन गरियो। सुरुमा प्रदेश नम्बर २ भनिएको यो प्रदेश पछि प्रदेशसभाबाट मधेश प्रदेश नामाकरण गरियो। दोस्रो संविधानसभाबाट जारी संविधानको विरोध आन्दोलन भने मधेश केन्द्रित दलहरूको सत्तालोलुपता, आपसी कटु अन्तर्विरोध र मतैक्यको अभावमा निष्कर्षहीन सेलाएर गयो। यद्यपि सङ्घीयताको पक्षमा तराई मधेशका जनता र राजनीतिक दलहरूले गरेको सङ्घर्ष, आन्दोलन र विराध प्रदर्शनहरूले देशमा सङ्घीयताको ढाँचा निर्माण तथा सङ्घीयताका लोकतान्त्रिक अन्तर्वस्तुको विकासमा निर्णायक र दबाबमूलक भूमिका खेलेकोमा दुई मत छैन।

**सङ्घीयताको औचित्य**

नेपालमा सङ्घीय राज्य सञ्चालन प्रणालीको औचित्यलाई मुख्यत: तीन ओटा आयाममा हेर्न सकिन्छ। पहिलो, नेपालका विविध जातजाति र क्षेत्रीय पहिचान र राजनीति, आर्थिक र सामाजिक विभेदहरूको समाधानहरू दोस्रो, क्षेत्रीय, सामाजिक सांस्कृतिक र अर्थ राजनीतिक दृष्टिले विकासका अवसरहरूमा न्यायोचित र समान हैसियतमा पहुँच र तेस्रो, राज्यसत्ताको राजनीतिक, प्रशासनिक र वित्तीय प्रणालीलाई स्वशासनको अवधारणा अनुरूप तल्लो स्तरसम्म (सङ्घ, प्रदेश र स्थानीय सरकार) पुऱ्याउनु। यसको अर्थ विभेदमुक्त ढङ्गले देशमा बस्ने सबै जनसमुदायलाई स्वामित्व र जिम्मेवारीबोध गराउँदै सङ्घीय लोकतान्त्रिक शासन प्रणालीमा समान हैसियतमा सहभागी गराउनु र उत्तरदायी बनाउनु थियो।

नेपालमा सङ्घीयता राजतन्त्रविरुद्ध माओवादी सशस्त्र द्वन्द्वसहित संसदीय लोकतान्त्रिक राजनीतिक दलहरूको जनआन्दोलनको उत्कर्षपछि मधेश आन्दोलनको बलमा मूर्तरूप लिएको चर्चा

माथि नै गरिसकिएको छ। यसमा समानुपातिक समावेशिताको विषयले सङ्घीयताको पक्षमा क्रमशः आदिवासी जनजाति, थारु, दलित, मुस्लिम लगायत उत्पीडित र पछि पारिएको समुदाय पनि आकर्षित हुँदै आएको देखिन्छ। यद्यपि सङ्घीयतावादी शक्तिहरू बीचको अन्तर्समझदारीमा कमीको कारण दोस्रो संविधानसभामा मधेशी, आदिवासी जनजाति, दलित लगायतको राजनीतिक प्रतिनिधित्वमा ठूलो ह्रास देखियो। त्यसपछिको संसदीय, प्रदेश र स्थानीयस्तरको निर्वाचनहरूमा यो क्रम ह्रासोन्मुख नै छ। सम्भव छ अहिले सङ्घीयतालाई खर्चिलो भन्दै प्रदेश र समानुपापितक प्रणालीमाथि जसरी आक्रमण शुरु भएको छ, त्यो उत्पीडित वर्ग र समुदायको घट्दो राजनीतिक प्रतिनिधित्वको परिणाम हो। यसको समग्र कारणको खोजी त विगतको अनुसन्धानको विषय हुनसक्छ। तर, मोटामोटी विचार गर्दा सङ्घीयताका दुई कारक शक्ति माओवादी र मधेशकेन्द्रित दलहरूको भूमिका नै मुख्य देखिन्छ। यस अर्थमा संसदमा सङ्घीयताबारे माओवादीहरूमा स्पष्ट धारणाको अभाव र मधेश केन्द्रित दलहरूमा मधेशी एजेन्डाभन्दा बढी सत्तालोलुपता, सत्ताको भागबन्डामा मधेश आन्दोलनको एजेन्डालाई उपेक्षा गरेर गैरसङ्घीय चरित्रका राजनीतिक दलहरूसँग गठबन्धन गर्न जानु, सत्ताको यस लुछाचुँडीमा आपसमा विभाजित हुनु र एकाअर्कालाई सिध्याउने खेलमा लाग्नु तथा आन्दोलनले उठाएका मागहरू पूरा हुन बाँकी रहे पनि आन्दोलनकारी चरित्रभन्दा सत्ताधारी चरित्रमा परिणत हुनु गम्भीर समस्याको रूपमा देखिन्छ। मधेश केन्द्रित दलहरूको अर्को समस्या आफूलाई राजनीतिक चरित्र भएको अर्थात जनसरोकारमा आधारित वैचारिक दलको रूपमा स्थापित गराउन नसक्नु पनि हो।

यी तमाम चुनौती र कमी कमजोरीको बावजुद मधेश प्रदेशमा मधेशी भावना, सङ्घीयताप्रतिको आकर्षण र जनसामाजिक प्रभाव जब्बर रूपमा देखिन्छ। यससँगै अर्को यथार्थ के हो भने मधेश प्रदेशको गठन भएदेखि जुटेर होस् वा फुटेर प्रदेश सरकारको कमान मधेश केन्द्रित दलहरूले नै सम्हाल्दै आएका छन्। प्रदेश सभाको पहिलो निर्वाचनपछि जनता समाजवादी दल (विगतको मधेशी जनअधिकार फोरम) का उपाध्यक्ष मोहम्मद लालबाबु राउतको नेतृत्वमा मधेश केन्द्रित दलहरू मात्रको सहभागितामा गठबन्धन सरकार गठन भएको थियो। प्रदेश सभाको दोस्रो निर्वाचनमा मधेश केन्द्रित दलहरूको स्थिति अपेक्षाकृत कमजोर देखिए पनि अन्य दलसँग मिलेर बनेको गठबन्धनको नेतृत्व जनता समाजवादी दल, नेपालकै सरोजकुमार यादवले गरेका थिए। पछि माओवादी केन्द्र र जसपा नेपालको सम्बन्धमा चिसोपन आएपछि मधेश प्रदेशमा सरकार परिवर्तन भयो। तर, नेतृत्व अर्को मधेशकेन्द्रित दल जनमत पार्टीको हातमा गयो। प्रदेश सरकारको नेतृत्व जनमत पार्टीका सांसद सतीस सिंहले गरे। अहिले सङ्घीय सत्तामा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकार बहुमत गुमाएर एमाले अध्यक्ष ओली नेतृत्वको नयाँ गठबन्धन सरकार बनेपछि पनि मधेश प्रदेशमा गठबन्धन सरकारको नेतृत्व जनमत पार्टीको सतिस सिंहको हातमा नै छ। खाली उसलाई समर्थन गर्ने माओवादी केन्द्रको ठाउँमा एमाले र नेपाली काँग्रेसले अभिभावकत्व लिएका छन्। यस समग्र गन्थनको तात्पर्य के हो भने मधेश प्रदेशमा जनसमुदायमा मधेश र सङ्घीयताप्रति

# सीमान्तकृत समुदायको समस्या समाधान गर्न नगरपालिका प्रतिबद्ध छ



**महोत्तरीको जलेश्वर नगरपालिका ४४.२६ वर्ग किमीसम्म फैलिएको छ । यस नगरपालिकामा १२ ओटा वडा छन्। नगरपालिकाका प्रमुख सुरेश शाह सोनारसँग इन्सेक महोत्तरी प्रतिनिधि *ममता बिक*ले गर्नुभएको कुराकानीको सम्पादित अंशः**

**नगरपालिकामा मानव अधिकारको अवस्था कस्तो रहेको छ ?**

समुदायको बिचमा मानवीय सहिष्णुता कायम रहोस् भन्ने उद्देश्यका साथ समुदाय स्तरमा चेतनामूलक कार्यक्रमहरू सञ्चालनमा ल्याइरहेका हुन्छौँ। जसमा मानव अधिकारको जुन प्रोटोकल रहेको छ त्यसै अनुरूप सहजीकरण गरिने गरिन्छ। नगरपालिकाभित्र चौवीसै घण्टा नगर प्रहरी तैनाथ रहेको अवस्था छ ताकी जनताले आफ्नो घर र सार्वजनिक स्थानमा कुनै किसिमले आपराधिक तथा अमानवीय व्यवहारको सामना गर्न नपरोस्।

**यसपटक वार्षिक नीति तथा बजेटमा ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती र सुत्केरीका लागि जलेश्वर नगरपालिकाले के कस्ता योजना तय गरेको छ ?**

यसपटक पनि वार्षिक नीति तथा बजेटमा ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती र सुत्केरीका लागि जलेश्वर नगरपालिकाले केन्द्र सरकारकै योजना तथा निर्देशन अनुरूप काम गरिरहेको छ। ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती र सुत्केरीले सहज रूपमा सामाजिक सुरक्षा भत्ता पाइरहेका छन्। त्यसको लागि जलेश्वर नगरपालिकाले समय समयमा योजना बनाई विभिन्न सचेतनामूलक कार्यक्रम तथा अन्तरक्रिया गर्दै आएको छ।

**महिला हिंसा न्यूनीकरणका लागि नगरपालिकाले के-कस्ता पहल गरेको छ ?**

नगरपालिकाकी उपप्रमुख रौशन खातुनको संयोजकत्वमा न्यायिक समिति क्रियाशील छ। जसलाई नगरपालिकाको अदालतको रूपमा पनि लिन सकिन्छ। हिंसा प्रभावित महिला दिदी बहिनीहरू निवेदन लिएर आइरहनु भएको छ। महिला हिंसासँगै समाजमा भएका विवादित कामहरूमा समेत न्यायिक समितिले सहजीकरणको भूमिका खेलिरहेको छ। समाजमा विद्यमान घरेलु हिंसा, जग्गा विवाद, आपसी लेनदेनका कारण सम्भावित हिंसा हुन नदिनका लागि सक्रिय ढङ्गले समस्या समाधानमा सहयोगी बनिरहेको छ। विवादहरू छलफलको माध्यमबाट मिलापत्रमै टुङ्गिने वातावरण नरहेको अवस्थामा अन्य कार्यालयसँग समेत समन्वय गरिरहेका छौँ।

**सीमान्तकृत समुदाय, अल्पसङख्यक तथा हरुवाचरुवा समुदायका लागि नगरपालिकाले के कार्यक्रम गरेको छ ?**

नगरपालिकाको तर्फबाट सीमान्तकृत समुदाय, अल्पसङ्ख्यक तथा हरूवाचरुवा समुदायका लागि तत्काल कुनै योजना तथा कार्यक्रम छैन। तर, आवश्यकता अनुसार नगरपालिका सहयोगी बनेको छ। प्रत्येक वडाका जनप्रतिनिधिहरूले आआफ्नो स्तरबाट सीमान्तकृत समुदाय, अल्पसङ्ख्यक तथा हरूवाचरुवा समुदायको समस्याहरू सामाधान गर्न कटिबद्ध रहेका छन्। यदि त्यस्ता प्रस्तावना आएको खण्डमा जलेश्वर नगरपालिकाले बजेट विनियोजन गर्ने प्रतिबद्धता गर्दछ।

**जिल्लामा इन्सेकका कामको प्रभाव कस्तो पाउनु भएको छ ?**

वास्तवमा अहिले पनि समुदायमा मानव अधिकारको प्रत्याभूति गर्न पाउनु पर्ने प्रत्येक मानिसको अधिकार हो भन्ने मर्म सबैले बुझ्न नसकेको अवस्था छ। दिनानुदिन हत्या, हिंसा, बलात्कार र अमानवीय व्यवहारका घटनाहरू बाहिरिने गरिरहेका हुन्छन्। हरेक घटना मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित रहेका छन्। त्यसको सामाधान तथा न्यूनीकरणका लागी स्थानीय प्रशासन, जनप्रतिनिधि, अधिकारकर्मीहरू सक्रिय छन्। इन्सेक मानव अधिकारको क्षेत्रमा निगरानी र पहल गर्ने एक विश्वसनीय संस्था हो। महोत्तरी जिल्ला साथै जलेश्वर नगरपालिकामा हुने हत्या, हिंसा, बलात्कार र अमानवीय व्यवहारसँग जोडिएका घटनाहरूमा इन्सेकको सक्रिय उपस्थिति देखिएको छ। साथै विभिन्न सरोकारवाला निकायसँग समन्वय गरी काम गरिरहेको अवस्था छ।


**मुलुकको मानव अधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित**

- नेपाल मानव अधिकार वर्ष पुस्तक (नेपाली र अङ्ग्रेजी)
- मानव अधिकार सङ्गालो
- मानव अधिकारको ऐतिहासिक अवधारणा
- मानव अधिकार–प्रहरी–कानुन
- मानव अधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- मानव अधिकार स्थितिसूचक (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- मानव अधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

विद्यमान जब्बर भावनाकै कारण अन्य दलले ठूला दलको हैसियत राखे पनि मधेश केन्द्रित दललाई नै सरकारको नेतृत्व दिने निर्णय गर्नु परको देखिन्छ। तर, जसरी मधेश केन्द्रित दलहरूको स्थिति ह्रासोन्मुख छ, त्यस्ले सधैं स्थिति यस्तै रहला भनेर भन्न गाह्रो छ। स्थितिमा परिवर्तन आएन भने मधेशमा मधेश केन्द्रित दलहरू प्रतिपक्षको बेन्चमा सीमित हुनु अस्वाभाविक हुने छैन।

यसले एउटा अर्को निष्कर्ष के दिन्छ भने मधेश प्रदेशमा सङ्घीयताको जरो जनसमुदायमा गहिरोसँग गाडिएको छ। र राजनीतिक नेतृत्वमा जतिसुकै अस्थिरता र असक्षमता देखिए पनि मधेश प्रदेशमा सङ्घीयता सुरक्षित छ। सङ्घीयताको विकासको निम्ति र कार्यान्वयनमा देखिने जटिलता हटाउन संविधान संशोधनको आवश्यकतालाई नकार्न सकिँदैन। तर यो संशोधन सङ्घीयताको सुदृढीकरण र अग्रगामी विकासको दिशामा हुनुपर्छ।

**जनअपेक्षा**

मधेश प्रदेशमा निर्वाचित सरकारको शुरुआत भएको आठ वर्ष भइसकेको छ। यस्तोमा एकातिर यस प्रदेशमा पुरानो सत्ता र सङ्घीयसत्ताबाट विरासतमा पाएको भ्रष्टाचार र गैरराजनीतिक प्रवृत्तिबाट मुक्त भएर प्रदेशलाई योजनाबद्ध विकास र समृद्धिको दिशामा अगाडि बढाउनु राजनीतिक दलहरूको निम्ति चुनौती हो। अर्कातिर, अहिले मधेश प्रदेशको राजनीतिक सत्ताले वास्तविक अर्थमा जनताको अपेक्षामा खरो उत्रन सकेको छैन। मधेश प्रदेशको जनतामा सङ्घीयताप्रति गहिरो भावनात्मक आकर्षण भए पनि अहिलेसम्मका सरकार अभिजात्य वर्गीय सीमित शासक र पूँजीपतिवर्गको वर्चस्वमा मात्र देखिन्छ। यस्तोमा अब मधेश प्रदेशमा जनताको अपेक्षा प्रदेश सरकारले उसको हितमा काम गरोस्, भ्रष्टाचारमुक्त भएर जनताको शान्ति र समृद्धिको कार्यभार पूरा गरोस् भन्ने हुनु स्वाभाविक हुन्छ। सङ्घीयता र मधेश आन्दोलनको पहिलो एजेन्डा प्रदेशको स्थापना थियो भने आगामी कार्यभार प्रदेशलाई वास्तविक अर्थमा स्वायत्त र अधिकार सम्पन्न बनाउनु तथा प्रदेशको राजनीतिक चरित्र वास्तविक अर्थमा जनमुखी र समृद्ध समाजको निर्माण गर्ने हुनुपर्छ।

मधेश प्रदेशमा प्रदेश सरकार र सङ्घीय सरकारबीचको अन्तर्विरोध र मनोविज्ञानलाई माओवादी आन्दोलन तथा मधेश आन्दोलनमा उठाइएका एजेन्डाहरू र मागहरूसँग तुलना गर्ने हो भने, प्रदेशले अहिले पनि कम अधिकार पाएको छ। संवैधानिक प्रावधान र आन्दोलनको क्रममा भएका सम्झौता अनुसार प्रदेशमा हस्तान्तरण हुनुपर्ने कैयौँ कार्यालय, परियोजनाहरू र कार्यक्रमहरू अहिलेसम्म पनि सङ्घीय सरकारले आफ्नो जिम्मामा राखिरहेको छ। हस्तान्तरण भइसकेका कैयौँ कार्यालय र योजनाहरू सङ्घीय सरकारले फिर्ता लगिसकेको छ। संविधानमा उल्लेखित कतिपय प्रावधानहरू सङ्घले समयमा ऐन निर्माण नगरिदिएर अहिले पनि कार्यान्वयनको प्रतीक्षामा छन् र प्रदेश सरकारको कार्यसञ्चालन हुन सकेको छैन। सागरनाथ वन परियोजना, प्रदेश प्रहरी ऐन लगायत यस्ता कयौँ विषयहरू यसका उदाहरण हुन्, जो सङ्घीय सरकारको सकारात्मक चिन्तनको प्रतीक्षामा छन्। शीर्ष राजनीतिक दल तथा उच्चपदस्थ कर्मचारीहरूको केन्द्रीकृत मानसिकता तथा प्रदेशप्रतिको हेपाहा दृष्टिकोण पनि महत्वपूर्ण कारक छ। प्रदेशको स्वायत्त शासनको निम्ति मधेश

प्रदेश सरकार यस्ता कतिपय विषयहरूमा सर्वोच्च अदालतमा कानुनी लडाइ लडिरहेको छ। तर, यससँगै अर्को समस्या के छ भने प्रादेशिक राजनीतिमा प्रदेशका राजनीतिक दलहरूले सङ्घीय सरकार र शीर्ष राजनीतिक पार्टीहरूको आलोचना गरे पनि सङ्घर्षका आवश्यकता औँल्याउने गरेको भए पनि केन्द्रीय सत्तामा भागबन्डाको लोभमा क्षेत्रीय राजनीतिक दलहरू निर्णायक समयमा शीर्ष दलहरू अगाडि कमजोर पर्ने गरेको देखिन्छ। मधेश आन्दोलनको चरमोत्कर्षको अवस्थामा आन्दोलन छाडेर प्रधानमन्त्रीलाई विश्वासको मत दिन जानु, र वर्तमानमै कुनै बेला गैरसङ्घीय तथा मधेशको दुश्मनको आरोप लगाएका राजनीतिक दलहरूसँग सहकार्य गर्न पुग्नु जस्ता उदाहरणहरू छन्। यसले जनताभित्र आन्दोलनकारी शक्तिहरू प्रति विश्वास डग्नु र राजनीतिप्रति उदासीनता स्वाभाविक रूपमा जन्मिएको देखिन्छ। यो क्षेत्रीय पार्टी मात्रै होइन, मधेश प्रदेशमा सक्रिय अन्य ठूला साना सबै पार्टीहरूमा लागु हुन्छ। यस्तोमा माथि भनिएझैँ मधेश प्रदेशमा सङ्घीयताप्रति जनतामा थप विश्वास जगाउन सक्नु पनि एउटा कार्यभारको रूपमा देखिन्छ।

वर्तमान राज्यसत्ता सङ्घीय, प्रदेश र स्थानीय तीन तहको सरकारको अवधारणामा आधारित छ। 'सरकार' अर्थात् जनताको हित र आफ्नो कार्याधिकारभित्र सबैखाले निर्णय लिन स्वायत्त निकाय, जनतालाई आफ्नो क्षेत्रमा र गाउँघरमा सक्षम आफ्नै सहभागितामा आफ्नो शासनको अनुभूति आफ्नै योजनामा आफूलाई समृद्ध बनाउने कार्यनीतिहरू र सङ्घीयतामा स्वायत्त सरकारको अवधारणा।

**निष्कर्ष**

मधेश प्रदेशको जनसङ्ख्या अन्य प्रदेश भन्दा बढी छ, भने अर्कोतिर गरिबी, आर्थिक वृद्धिदर, शिक्षा, स्वास्थ्य, कृषि, श्रमशक्तिको पलायन आदि सूचकाङ्कहरू चिन्ताजनक स्थितिमा छ। प्रदेश सभामा सरकार र संसद हचुवाका भरमा योजना बनाउने र आ-आफ्नो निजी स्वार्थ पूरा गर्ने ध्याउन्नमा देखिन्छ। प्रदेशमा निर्वाचित सरकारहरूले दोस्रो कार्यकाल पूरा गर्दैछ, अहिलेसम्म प्रदेशको आफ्नो आर्थिक कोषसमेत छैन। यस विषयमा कुनै बहस समेत भएको देखिँदैन। सीमित मात्रामा नै भए पनि प्रदेशका आफ्ना आर्थिक स्रोतहरू छन्। तर, प्रदेशको आर्थिक दृष्टिकोण अहिले पनि पूर्णरूपमा सङ्घीय सरकारमै निर्भर देखिन्छ। आत्मनिर्भर प्रदेशको कुनै सकारात्मक नीति र योजनाबारे बहस भनेको कहिल्यै सुनिँदैन। प्रष्ट छ, प्रदेशको विकासबारे यस्तै परनिर्भर आर्थिक योजना बनिरहने हो भने एकदिन यो ऋणी प्रदेशमा परिणत हुनेछ। यसकारण जनहितप्रति प्रतिबद्ध र आत्मनिर्भर प्रदेशको एउटा सुनौलो अपेक्षा हुनु पर्दछ। अहिले त जनताले अपेक्षा गर्ने विषय जनजीवनको राजनीतिक, आर्थिक र सांस्कृतिक समस्यालाई सहज रूपमा हल गर्ने मधेश प्रदेश नै हो। तर, अहिले नयाँ सरकारमा सामेल दलहरूले समानुपातिकता र प्रदेशको औचित्यलाई केन्द्रमा राखेर जसरी संविधान संशोधनका बहस शुरु गर्न खोज्दैछन्, त्यसमा सङ्घीयतावादी शक्तिहरूबीच सचेतता र एकजुटता नै अपेक्षित छ।

*(लेखक, राजनीतिक विश्लेषक हुनुहुन्छ।)*

विश्लेषण

# उत्साह र निराशाको दोसाँधमा नेपालको सङ्घीयता

**परिचय**

नेपालको संविधानले राज्यशक्तिलाई सङ्घ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गरेको छ। त्यसैले प्रदेश र स्थानीय तह सङ्घीय सरकारको शाखा वा मातहतको निकाय होइन। साथै, स्थानीय तह पनि प्रदेशको शाखा वा मातहतको निकाय होइन। नेपालको सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय तह संवैधानिक हैसियत प्राप्त भिन्नाभिन्नै सरकारहरू हुन्। सङ्घ, प्रदेश र स्थानीय तहलाई भिन्नाभिन्नै सरकारको हैसियत सङ्घीयताले दिएको हो। नेपालको संविधानको मूल चरित्र सङ्घीय लोकतान्त्रिक गणतन्त्र हो।



रञ्जित तामाङ

संविधानको धारा ५६ को उपधारा १ ले नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह हुने व्यवस्था गरेको छ। उपधारा २ मा यी तीन ओटै सरकारले राज्यशक्तिको प्रयोग गर्ने उल्लेख छ। यसैगरि, धारा ५७ ले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीहरूको व्यवस्था गरेको छ।

संविधानले अधिकारहरू उपयोग गर्न तीन तहको सरकारहरूलाई आवश्यक स्रोतको पनि व्यवस्था गरेको छ। धारा ५९ मा तीन ओटै सरकारले आफ्नो आर्थिक क्षेत्रभित्र रहेर कानुन बनाउने, बजेट बनाउने, नीति तथा योजना तर्जुमा गर्ने, ऋण लिने उल्लेख छ। यसैगरि, संविधानका विभिन्न धाराहरूले तीन तहको सरकारसँग सम्बन्धित धेरै विषयहरूलाई समेटेको छ। संविधानको धारा ६० ले तीन ओटै सरकारलाई कर सङ्कलन, राजश्व बाँडफाँट, अन्तरसरकारी बित्त हस्तान्तरणको अधिकार दिएको छ।

आधुनिक राज्य व्यवस्थामा राज्यशक्तिको प्रमुख अङ्गहरू भनेका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका हुन्। नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहमा यी सबैजसो अधिकारहरू व्यवस्था गरेको छ। भलै, स्थानीय तहमा भने देवानी प्रकृतिका मुद्दा हेर्ने सीमित न्यायिक अधिकारको मात्रै व्यवस्था गरेको छ।

सङ्घीयता नेपालका लागि नौलो शासकीय अभ्यास हो। विगत सदियौंदेखि राजतन्त्रमा आधारित एकात्मक र केन्द्रीकृत व्यवस्था रहेको नेपालमा २०७२ सालको संविधान जारी भएसँगै सङ्घीयता पूर्ण रूपमा अवलम्बन गर्न थालिएको हो। संविधान जारी भएपछि सरकारले २०७३ सालमा स्थानीय तहको पुनर्संरचना गर्‍यो। यसैगरि, संविधान जारी भएपछि पहिलो पटक २०७४ सालमा सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भयो। निर्वाचन हुनु अघि नै सरकारले सङ्घ र प्रदेशमा प्रशासनिक संरचना र वित्तीय स्रोतको प्रबन्ध गर्न थालिसकेको थियो। राजनीति, प्रशासन र बित्तीय स्रोत

सङ्घीयताका प्रमुख आधारहरू हुन्। निर्वाचन सम्पन्न भएसँगै तीन वटै आधारहरू खडा भए। त्यसैले २०७४ सालमा सम्पन्न भएको तीन तहको निर्वाचनलाई सङ्घीयता पूर्ण रूपमा कार्यन्वयन प्रारम्भ भएको बिन्दु मान्न सकिन्छ। नेपालमा सङ्घीयता पूर्ण रूपमा कार्यान्वयन प्रारम्भ भएदेखि यता अहिलेसम्म आधा दशकभन्दा बढी समय व्यतित भइसकेको छ। यसबीचमा सङ्घीयता कार्यान्वयन प्रक्रियाले ठूलो उतारचढाव बेर्होनु परिरहेको छ। यो आधा दशकको समयमा विगतको भन्दा उन्नत व्यवस्थाको सुरूवात भएको छ। तर संवैधानिक व्यवस्था अनुसार सङ्घीयताको कार्यान्वयन हुन सकिरहेको छैन।

**नेपालमा सङ्घीयताको विकासक्रम**

नेपाली राजनीतिमा सङ्घीयताको मुद्दा वि.सं. २००७ मा प्रजातन्त्र प्राप्त भएपछि नै उठ्न थालेको पाइन्छ। वेदानन्द झा, रघुनाथ ठाकुर लगायतका नेताहरूले तराईको स्वशासन, समावेशितालाई आधार बनाएर सङ्घीयताको मुद्दा उठाएको पाइन्छ।

पञ्चायतजस्तो अति केन्द्रीकृत र निर्दलीय शासन व्यवस्थामा राजनीतिक दलहरू समेत प्रतिबन्धित थिए। त्यसैले त्यसबेला सङ्घीयताको मुद्दा उठाउनेहरू खासै सङ्गठित हुन नसकेको देखिन्छ। २०४६ सालमा बहुदलीय व्यवस्था प्राप्त भएपछि मुलुकमा दलहरूले कानुनी मान्यता पाउनुका साथै निर्वाचित भएर राज्यसत्ता चलाउनेसम्मको हैसियत प्राप्त गरे। त्यसबेला ठुला भनिएका दलहरू नेपाली काङ्ग्रेस र नेकपा (एमाले) मा सङ्घीयताको मुद्दामा कुनै चासो दिएका थिएनन्। त्यसबेला नेपाल सद्भावना पार्टी र जनमुक्ति पार्टीले सङ्घीयताको वकालत गरेको देखिन्छ। गजेन्द्रनारायण सिंह नेतृत्वको सद्भावनाले मूलत: मधेसलाई केन्द्रबिन्दुमा राखेर राजनीति गरिरहेको थियो भने गोरेबहादुर खपाङ्गीले आदिवासी जनजातिलाई केन्द्रबिन्दुमा राखेर राजनीति गरिरहनु भएको थियो। राजतन्त्रलाई केन्द्रबिन्दुमा राखेर एकात्मक र केन्द्रीकृत व्यवस्थासँग अभ्यस्त भइसकेको नेपाली समाजमा सद्भावना र जनमुक्ति पार्टीले उठाएको सङ्घीयताको मुद्दा खासै फस्टाएन। फलस्वरूप वि.सं. २०४८, २०५१ र २०५६ त्यसबेला प्रतिनिधि सभाको २०५ सिटमध्ये सद्भावानाले केही सीटमा जित्ने गर्दथ्यो भने जनमुक्ति पार्टीले एक सिट पनि जित्न सकेन।

सङ्घीयताको ठूलो ऐतिहासिक मोड भनेको माओवादी सशस्त्र द्वन्द्व हो। सर्वहारा वर्गको अधिनायकत्वलाई केन्द्रबिन्दुमा राखेर राज्यसँग भिडिरहेको तत्कालीन विद्रोही नेकपा (माओवादी)ले सङ्घीयतालाई जोडतोडका साथ उठायो। कम्युनिष्ट पार्टीहरूले वकालत गर्ने वा अबलम्बन गर्ने राज्यको शासकीय स्वरूप सिद्धान्तत: केन्द्रीकृत हुने संसारभरको परिपाटी छ।

केन्द्रीकृत व्यवस्थाको खरो पक्षपाती विद्रोही कम्युनिष्ट पार्टीले सङ्घीयताजस्तो राज्यको बहुतहमा राज्यशक्तिको बाँडफाँट गर्नु पर्ने व्यवस्थालाई उठाउनुको पछाडि विरोधाभाष मात्र छैन, रोचक प्रसङ्ग पनि छ। २०५२ सालदेखि राज्यविरुद्ध हतियार उठाएको विद्रोही माओवादीले सुरूवाती वर्षहरूमा जनजीविकामा आधारित वर्ग सङ्घर्षको मुद्दालाई अघि सार्‍यो। तर, माओवादीले उठान गरेको जनजीविकाको मुद्दाप्रति जनता खासै आकर्षित भएनन्। किनकी जनजीविकाको मुद्दा कांग्रेस, एमाले लगायतका दलहरूले पञ्चायतविरुद्ध लड्दा प्रयोग गरिसकेका थिए। 'थोत्रो' भइसकेको जनजीविकाको मुद्दाले जनता आकर्षित गर्न नसकेपछि विद्रोही माओवादीले आफ्नो मूल

सिद्धान्तसँग मेल नखाने सङ्घीयताको मुद्दा बोक्न पुग्यो।

त्यत्ति मात्रै होइन, जात व्यवस्थाको घोर विरोधी भनेर आफूलाई चिनाउन रुचाउने माओवादीले आफ्नो सङ्गठनभित्र जातीय र क्षेत्रीय मुक्ति मोर्चाहरू गठन गरे। अनि जातीय र क्षेत्रीय पहिचान सहितको प्रदेश मागेको नाराहरू गाउँ-गाउँका भित्तामा लेख्न सुरू गरे।

२०५२ देखि २०५६ सालसम्म आइपुग्दा पनि माओवादीले खासै उपलब्धि हासिल गर्न सकेन। २०५७ सालको आसपासबाट माओवादीले सङ्घीयताको मुद्दा उठाएर भातृ संगठनका रूपमा जातीय र क्षेत्रीय मुक्ति मोर्चाहरू गठन गऱ्यो। यस कदमले जनजाति, दलित र मधेसी समुदायलाई छिट्टै आकर्षित गऱ्यो। मधेसी, जनजाति र दलित समुदायबाट उल्लेख्य रूपमा युवाहरू माओवादी लडाकु बने। जसका कारण माओवादीले छापामार लडाइँमा एक पछि अर्को सफलताहरू पाउँदै गयो।

सङ्घीयताको मुद्दा माओवादीले आफ्नो फाइदाका लागि मात्रै उठाएको रहेछ भन्ने २०६२/६३ को जनआन्दोलनपछि पुष्टि भयो। जब अन्तरिम संविधान, २०६३ जारी भयो, त्यसमा सङ्घीयताबारे केही उल्लेख गरिएन। किनकी अन्तरिम संविधान माओवादी र सात दलको सहमतिमा जारी भएको थियो। आफ्नो सहमतिमा जारी भएको संविधानमा सङ्घीयता लेख्न कुनै प्रयास नगर्नु नै माओवादीको छलकपट थियो। यसबाट सङ्घीयताको मुद्दा उठाएर सशस्त्र द्वन्द्वमा मधेसी, दलित र जनजाति समुदायलाई उपयोग मात्र गर्न खोजेको माओवादीको स्वार्थ पुष्टि भएको थियो।

अन्तरिम संविधान जारी भएपछि मधेसी जनअधिकार फोरमको नेतृत्वमा संविधान जलाउने काम भयो। मधेसी जनअधिकार फोरमको अगुवाइमा तराई मधेसमा व्यापक आन्दोलन भयो। नेपालको सङ्घीयतामा मधेस आन्दोलन अर्को ठूलो मोड थियो। किनकी मधेस आन्दोलनपछि माओवादी र सात दल संविधानमा सङ्घीयता लेख्न बाध्य भए। बल्ल त्यसपछि मात्रै संविधान सभाको यात्रामा अघि बढ्न सहज भयो।

**संविधान जारी भएपछिको अवस्था**

संविधान जारी भएर कार्यान्वयन हुन थालेपछि खासगरी कांग्रेस र एमालेका केही नेताले अनौठो व्यवहार देखाउन थाले। आफैँले हस्ताक्षर गरेर जारी भएको संविधानले जिल्ला विकास समिति (जिविस) खारेज गरेको थियो। तर मुलुकको जिम्मेवार पदहरू सम्हालिसकेका नेताहरू 'जिविस मास्न पाइँदैन' भन्दै विरोध गर्न थाले।

संविधान जारी भइसकेपछि प्रधानमन्त्री भइसकेका माधव नेपाल र हालका राष्ट्रपति रामचन्द्र पौडेलले जिविस खारेज गर्न नहुने सार्वजनिक अभिव्यक्ति नै पटक-पटक दिनु भएको थियो।

दोस्रो संविधान सभाका सदस्य तथा हाल सङ्घीय संसद सदस्य रहेका एक माननीयले भन्नु भएको थियो, "मचाहिँ निर्वाचन क्षेत्रहरूलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार दिनु पर्छ भन्नेमा थिएँ। तर ती अधिकारहरू पत्तै नपाई स्थानीय तहमा पो गएछ। के गर्नु ? आफैँले संविधानमा हस्ताक्षर गरियो। बाहिर बोल्न भएन।"

**चर्चामा प्रदेशहरू**

विगतमा सङ्घीयता र प्रादेशिक शासन चाहिन्छ भन्ने माग अति कष्टपूर्ण राजनीतिक कालखण्डहरू देखि उठेको

देखिन्छ। पञ्चायतजस्तो जब्बर केन्द्रीकृत व्यवस्थामा सङ्घीयता र प्रदेशिक शासनको कुरा उठाउनु कम कष्टपूर्ण थिएन। केन्द्रीकृत व्यवस्थाको चर्को अवशेष बाँकी रहेको बहुदलकालमा पनि प्रदेशिक शासनको कुरा गर्नेहरूलाई 'बिखन्डनकारी' र 'जातिवादी' को आरोप लाग्थ्यो।

प्रदेश चाहिन्छ भन्ने माग क्षेत्रीय र जातीय दृष्टिकोणबाट उठेका कारण मुलुक बिखण्डनतिर जाने हो कि भन्ने शंकाको दृष्टिकोणले हेर्दथे। त्यो शंकालाई मलजल गर्ने तत्व स्वयम् प्रदेशको माग गर्नेहरूको अराजक अभिव्यक्ति र गतिविधि नै थियो। मधेसलाई स्वराज चाहिन्छ भन्ने वेदानन्द झा अन्ततः पञ्चायतजस्तो जब्बर केन्द्रीकृत व्यवस्थामै मिसिएर राजदूत र मन्त्री बन्नु भयो।

यसैगरी, कम्युनिष्ट पृष्ठभूमिका गोरेबहादुर खपाङ्गीले २०४६ सालपछि राष्ट्रिय जनमुक्ति पार्टी गठन गरेर सङ्घीयताको माग गर्नुभयो। जातीय जनसङ्ख्याको आधारमा प्रादेशिक संरचना र राज्यका अन्य एकाइहरूको गठन तथा प्रतिनिधित्वको माग गर्नुभयो।

प्रदेश सरकारहरू गठन त भए, तर ती सरकारहरूले आफ्नो औचित्य पुष्टि गर्न सकेका छैनन्। अहिले केन्द्रीकृत मानसिकताको नङ्ग्रा प्रदेशको राजधानीहरूसम्म फैलिएको छ। आजसम्म सिंहदरबारले जे काम गरिरहेको छ, त्योभन्दा भिन्न सृजनात्मक काम प्रदेशहरूले गर्न सकेका छैनन्। उदाहरणका लागि प्रदेशले पनि सिंहदरबारले जसरी नै पाँचसात लाख रुपियाँका खुद्रा योजनाहरू बाँडिरहेको छ। आर्थिक वर्ष ०८१/८२ मा बागमती प्रदेशले विषयत मन्त्रालय/निकाय अनुसारको कार्यक्रम विवरण हेर्ने हो भने अवस्था कहालीलाग्दो छ। पाँचसात लाख रुपियाँका हजारौँ ओटा कार्यक्रमको शीर्षकमा अरबौँ बजेट छरेको छ। १० करोडभन्दा ठूला लागतका योजना तथा कार्यक्रमहरूका लागि बजेट शून्यजस्तै छ।

वडाले पनि नगर्ने खालका झिनामसिना कामहरूमा प्रदेशहरू अल्मलिइरहेका छन्। सरकार बनाउने र गिराउने फोहोरी खेलले मन्त्रालयहरू फुटाएर झ्यालैपच्छे बोर्ड राख्नेजस्ता अर्थहीन कामहरू भइरहेका छन्। स्थानीय तहले गर्नसक्ने कामका लागि प्रदेशले पूर्वाधार, वन, सहकारी कार्यालयहरू खोलेर बजेटको फुर्मास गरिरहेका छन्।

सङ्घले जस्तै प्रदेशले पनि अन्तरपालिका र अन्तर जिल्ला जोड्ने प्रदेशस्तरका सडकहरूलाई बेवास्ता गरिरहेको छ। तर, प्रदेशले स्थानीय तहले मर्म्मतसम्भार गर्न सक्ने सडकमा पाँचदश लाख रुपियाँका दरले अर्बौं बजेट छरिरहेको छ। यस्ता अनिगिन्ती गलत काम भइरहेका छन्, जसले प्रदेश चाहिँदैन भन्ने आवाजलाई थप बल पुगिरहेको छ।

तर, प्रादेशिक शासनको महत्व र सम्भावना व्यापक छ भन्ने कुरा विकसित देशका क्षेत्रीय विकासका योजनाहरूको सफलताले पुष्टि गर्छ। तर, क्षेत्रीय विकासको महत्वलाई नेपालका प्रदेश सरकारहरूले आत्मसात गर्न सकेनन्। बागमती प्रदेशकै सन्दर्भमा बितेका ६ सात वर्षमा प्रदेशस्तरका कति ओटा राजमार्ग निर्माण सम्पन्न भए ? भनेर खोजियो भने नतिजा शून्यजस्तै छ। तर सडकमा खर्च भएको बजेट हेर्ने हो भने दशौँ अर्बौं रुपियाँ भेटिन्छ। बागमती प्रदेशको राजधानी हेटौँडा र सङ्घीय राजधानी जोड्ने सडकको अवस्था विगत १० वर्षअघिको भन्दा खासै फरक छैन। ती सडकहरू सामान्य मर्मत सम्भारभन्दा थप केही भएको छैन। यसैगरी, बागमती प्रदेशले हिमाली, पहाडी र

# गाउँपालिकालाई आवश्यक कानुनहरू बनाइरहेका छौं



**सिन्धुपाल्चोक र काठमाडौं जिल्लासँग जोडिएको नुवाकोटको शिवपुरी गाउँपालिका जिल्लाको पूर्वी भेगमा अवस्थित गाउँपालिका हो। यो गाउँपालिकामा आठ ओटा वडा छन्। विभिन्न जातजाति तथा समुदाय रहेको गाउँपालिकामा जनजाति समुदायको बाहुल्यता छ। मध्यपहाडी राजमार्ग र टोखा–छहरे सडक यही गाउँपालिकामा परेको कारण सबै वडामा यातायातको पुहँच छ। खानेपानी, सिंचाई, पूर्वाधार, शिक्षा, स्वास्थ्य जस्ता सेवा तथा विकासलाई प्रभावकारी रुपमा अघि बढाउनु यहाँको मुख्य चुनौती हो। गाउँपालिकाको आन्तरिक स्रोत सङ्कलनको आधार न्युन रहेको कारण विकासका परियोजना सञ्चालनमा कठिनाई हुने गरेको गाउँपालिकाले जनाएको छ। शिवपुरी गाउँपालिकाका अध्यक्ष गोविन्दप्रसाद थपलियासँग इन्सेक नुवाकोट प्रतिनिधि *नवदीप श्रेष्ठ*ले गर्नुभएको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ ।**

**गाउँपालिकाले शिक्षा, स्वास्थ्य, खाद्य अधिकार लगायतको विषयको के कस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ ?**

गाउँपालिकाकाले शिक्षा, स्वास्थ्य, खाद्य अधिकार लगायतको विषयमा गम्भीर भएर लागेको छ। बालबालिकालाई दिइने शिक्षा कसरी प्रभावकारी बनाउने भनेर विज्ञहरूसँग छलफल गरी बालनीति बनाउने योजनामा रहेका छौँ। शिक्षालाई कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा लागिरहेका छौँ। बालबालिकाको शिक्षासँगै स्वास्थ्य र पोषणको विषय तथा बालबालिकासँगै आमाको स्वास्थ्य अवस्थाको विषय र उनीहरूको आयआर्जन र जीवनस्तर माथि उकास्न लागिरहेका छौँ।

**अपाङ्गता, ज्येष्ठ नागरिक र महिलाको सवालमा के के गरिरहनु भएको छ ?**

अपाङ्गताको विषयमा हामीले गाउँपालिकाको डिजिटल प्रोफाइल बनाउन लागेका छौँ। अहिले प्रोफाइल तयारीको काम भइरहेको छ। अपाङ्गता भएकाहरूको जीवनलाई सरल र सहज बनाउनुको साथै उनीहरूलाई सक्षम र सबल बनाउने गाउँपालिकाको योजना रहेको

छ। त्यसको लागि नै पहिलो चरणमा प्रोफाइल तयार गर्ने र त्यसपछि प्रोफाइलमा देखिएको आवश्यकताहरूलाई कार्यान्वयन गर्दै जाने योजना बनाएका छौँ। गाउँपालिकाभित्रका ज्येष्ठ नागरिकहरूलाई सेवा दिनको लागि सबै वडामा रहेका स्वास्थ्य संस्थाबाट स्क्रीनिङ गरिरहेका छौँ। ज्येष्ठ नागरिकलाई गाउँपालिकाको स्रोत अनुसार मधुमेह, उच्च रक्तचाप लगायत रोगका औषधि वितरण गर्ने योजनामा छौँ। उहाँहरूलाई उच्च सेवा दिन सकिन्छ भनेर लागेका छौँ। महिलाहिंसा विरूद्धको अभियान चलाइरहेका छौँ। स्थानीय तहका योजनाहरूमा महिला सहभागिता बृद्धि गराउन लागिरहेका छौँ। इन्सेक लगायत संस्थाहरूको सहयोगमा पनि महिला अधिकार तथा महिलालाई सक्षम बनाउने कार्यक्रम सञ्चालन गरिरहेको छ।

**मानव अधिकारको सवालमा गाउँपालिकाको भूमिका कस्तो रहेको छ ?**

मानव अधिकारको सन्दर्भमा त धेरै विषय संविधानमा उल्लेख छ। स्थानीय सरकार भएकोले हामीले पूर्ण पालना गरी मानव अधिकार हनन्का घटनाहरू न्यूनीकरणका लागि लागिपरेका छौँ। मानव अधिकार हनन्का घटनाहरूको उजुरी हाम्रो गाउँपालिकामा खासै छैन। तर, नागरिकको मानव अधिकार सुरक्षित गराउन लागेका छौँ। बाल अधिकार, महिला अधिकार, पोषण, मातृ स्वास्थ्य, शिशु स्वास्थ्य, खाद्य अधिकार, वातावरण लगायतका विभिन्न क्षेत्रमा काम गरिरहेका छौँ। मानव अधिकारलाई स्थापित गराउनको लागि गाउँपालिका प्रतिबद्ध छ। हाम्रो स्वास्थ्य शाखामार्फत गर्भावस्थादेखि नै बालबालिका र महिलालाई आवश्यक स्वास्थ्य परीक्षण, पोषण र खोपसेवा प्रवाहका काममा ध्यान दिएका छौँ।

**मौलिक हकको उपभोग गराउनको लागि के के गरिरहनु भएको छ ?**

मौलिक हक नागरिकले पाउनु पर्ने आधारभूत अधिकार हो। यो अधिकारलाई कार्यान्वयन गराउँदै जानु स्थानीय सरकारको पनि दायित्व हो। हामीले हाम्रो स्रोत साधनले भ्याएसम्म मौलिक हकलाई स्थापित गराउन काम गरिरहेका छौँ। नागरिकलाई अधिकार प्रदान गर्न, सेवा प्रवाहलाई चुस्त राख्नको लागि हामीले आवश्यक कानुनहरू बनाइरहेका छौँ। केही कानुनहरू बनाइसकेका छौँ भने केही बनाउने तयारीमा छौँ। विज्ञहरूलाई राखेर छलफल गरिरहेका छौँ।

**राष्ट्रिय मानव अधिकार कार्ययोजना कार्यान्वयन गर्ने विषयमा के गरिरहनु भएको छ ?**

गाउँपालिकालाई आवश्यक कानुनहरू बनाइरहेका छौँ। मानव अधिकार, महिला अधिकार, बालअधिकार लगायत विषयमा आगामी आर्थिक वर्षका थप योजना र आवश्यक नीति, कार्यक्रमहरू बनाउन लागिरहेका छौँ। राष्ट्रिय मानव अधिकार कार्ययोजनाले समेटेका विषयहरू शिक्षा, स्वास्थ्य, खाद्य अधिकार, आवास, सामाजिक न्याय, खानेपानी तथा सरसफाइ, वातावरण, मानव अधिकार शिक्षा, लक्षित वर्गको सशक्तिकरण लगायत विषयलाई नै प्राथमिकतामा राखेर काम गरिरहेका छौँ। मानव अधिकार कार्ययोजनालाई कार्यान्वयन गर्न लागिपरेका छौँ।

महाभारत क्षेत्रका ग्रामीण सडकमा अहिलेसम्म अर्बौं रकम खर्च गरिसकेको छ, तर पीच सडक निर्माणको नतिजा शून्यजस्तै छ।

यसैगरि, सङ्घीय सरकारमा गठबन्धन फेरबदल हुनेबित्तिकै प्रदेशको सरकार फेरबदल हुने, मन्त्रालय फुटाउनेजस्ता कामहरू भइरहेका छन्। प्रदेशिक सत्ताहरूमा भइरहेको भाँडभैलोले प्रदेशकै औचित्यमाथि उठिरहेको प्रश्नहरूलाई बलियो बनाइरहेको छ।

डरलाग्दो पक्ष के छ भने, संविधानको अनुसूची ६ मा प्रदेशको २१ वटा अधिकार र अनुसूची ७ मा सङ्घ र प्रदेशको २५ वटा साझा अधिकार राखिएको छ । यसैगरि अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको १५ वटा अधिकार राखिएको छ। गर्नुपर्ने काम नगर्ने र नगर्दा पनि हुने काम गरिराख्ने प्रदेशहरूको रवैयाले संविधानले तोकेका कामहरू बेबारिसे बन्ने निश्चित छ। संविधानले तोकेको जिम्मेवारी बहन नगर्दा संविधानकै औचित्यमाथि प्रश्न उठ्न सक्छ।

हुन त सङ्घीयता कार्यान्वयन एकाध वर्षमै परिपक्व हुने विषय होइन, दशकौं लाग्ने विकसित सङ्घीय मुलुकहरूको अनुभवले पनि देखाउँछ। त्यसैले प्रदेशहरूसँग आफ्नो औचित्य स्थापित गर्ने अवसर अझै छ। यो अवसरलाई चाँडोभन्दा चाँडो उपयोग गर्नु नै प्रादेशिक शासनका लागि हितकर हुनेछ। प्रदेशहरूसँग संविधानले तोकेको आफ्नो जिम्मेवारी बहन गर्नुको विकल्प छैन। बहन गर्दैन भने आफ्नो दुर्गति आफैँले निम्त्याउनेछ।

**र अन्त्यमा**

सङ्घीयता नेपालका लागि नौलो प्रयोग हो। सङ्घीयतामा गइसकेपछि केही उल्लेखनीय सकरात्मक परिवर्तन भएका छन्, यसले सबैमा उत्साह भरेको छ। यसैगरि संविधानको स्पीरिट अनुसार सङ्घीयता कार्यान्वयनमा समस्या देखिँदा निराशा पनि छाएको छ। सङ्घीयता दशकौं र शताब्दीयौं लामो शासकीय अभ्यासको यात्रामा सफल हुने व्यवस्था हो। नेपालमा सङ्घीयताले आफ्नो यात्रा त सुरू गरेको छ। तर, नेपालको सङ्घीयता यतिखेर निराशा र उत्साहको दोसाँधबाट अघि बढिरहेको छ।

त्यसैले, नेपालको सङ्घीयता कार्यान्वयन गर्ने क्रममा देखिएका समस्याहरूलाई नजरअन्दाज गरियो भने त्यसले सङ्घीयतालाई नै सिध्याउने खतरा छ। त्यसैले सङ्घीयता कार्यान्वयनमा देखिएको समस्या वा गलत क्रियाकलापलाई लुकाएर सङ्घीयतालाई जोगाउँछु भन्नु मुर्खता सिवाय केही होइन। सङ्घीयता जोगाउने हो भने, त्यसभित्र देखिएका समस्याहरूलाई हल गर्दै जानु पर्दछ। र राम्रा काम तथा अनुभवलाई सरकारहरूले आपसमा आदान प्रदान गर्दै जानु पर्दछ।

सङ्घीयता एकल नायकत्वले चल्ने व्यवस्था होइन। व्यक्ति त परै जाऔँ, सङ्घ, प्रदेश र स्थानीय तहमध्ये कुनै सरकारले म एक्लैले देश बनाउँछु भनेर सम्भव छैन। किनकी संविधानले अनुसूचीहरूमा तीन ओटै सरकारको एकल र साझा अधिकार क्षेत्र स्पष्ट उल्लेख गरेको छ। त्यसैले सङ्घ, प्रदेश र स्थानीय तह समन्वय, सहअस्तित्व र सहकार्यमा चल्नु पर्छ। संविधानको मूल मर्म यही हो। संविधानको मूल मर्मबाट विषायन्तर हुने छुट कसैलाई छैन। आशा गरौँ नेपालमा सङ्घीयता सफल हुनेछ।

*(लेखक, स्वतन्त्र पत्रकार हुनुहुन्छ ।)*

# गण्डकी प्रदेश र सङ्घीयताको अभ्यास

## पृष्ठभूमि

सङ्घीयता साझेदारीमा आधारित शासन प्रणाली हो। यो सहमतियुक्त राज्यको शासन पद्धति हो भने यसले नागरिकको राजनीतिक प्रणालीप्रति अपनत्व निर्माण गर्ने सघाउँछ। राज्यलाई जनउत्तरदायी वनाउन यस प्रणालीको प्रयोग गरिन्छ। सङ्घ, प्रदेश एवम् अन्य तल्ला एकाइहरूसँग सम्झौता, सहकार्य, समन्वय आपसी सम्बन्ध निर्माण एवम् विकास गर्ने, सहयोगात्मक र साझेदारीयुक्त शासन गर्ने राज्य प्रणालीको स्वरुप नै सङ्घीयता हो। संविधानका संरचनाहरूमा गरिने परिवर्तन, संशोधनहरू बाहेक लोकतान्त्रिक मूल्यमान्यता, संवैधानिक व्यवहारका प्रतिकूल व्यवस्थाको कल्पनासमेत गर्न सकिँदैन। हाम्रो सन्दर्भमा लोकतान्त्रिक व्यवस्था नागरिकको जीवन पद्धति बनिसकेको छ।



गिरधारी सुवेदी

लोकतान्त्रिक सङ्घीयताले राज्य व्यवस्थाको स्वरूप, चरित्र तथा राज्यको संरचनालाई प्रतिनिधित्व गर्दछ। एकात्मक संरचनाबाट सङ्घीयतामा प्रवेश गरेको नेपालले तीन तहको संरचनायुक्त सङ्घीय व्यवस्था अवलम्वन गरेको छ। नेपालका लागि सङ्घीय अभ्यास एक नयाँ र पृथक अनुभव हो। सङ्घीयताले धेरै ऐन,नियम कानुनको माग गर्छ। संविधान, ऐन, नियम, नीति कार्यान्वयनमा इमान्दार बन्ने हो भने सङ्घीय व्यवस्था अझ बढी लोकतान्त्रिक शासन पद्धति हो। यसले लोकतान्त्रिक मूल्य पद्धतिहरूलाई तल्लो तहसम्म स्थापित गर्ने गराउने कार्य गर्दछ।

## सङ्घीयताको अवधारणा

शासन सञ्चालनको स्वायत्तता, सहभागिता र जवाफदेही पद्धति अन्तर्गत सङ्घीयता एक महत्वपूर्ण प्रणाली हो। एकात्मक प्रणालीको केन्द्रीयता घटाउन, स-साना राज्य मिलेर सवल राज्य बन्ने चाहना आवश्यकता र राजनीतिक सहमतिले सङ्घीय प्रणाली विकसित हुँदै आएको देखिन्छ। सरकारका विभिन्न तहहरूमा शक्तिको संवैधानिक विभाजन मूलत: एकात्मक, सङ्घात्मक र महासङ्घीय रहेका छन्। सङ्घात्मक सरकार त्यस्तो सरकार हो जहाँ संविधानद्वारा देशको शक्ति केन्द्र र तल्ला तहका सरकारसँग विभाजित गरिन्छ। सामूहिक उद्देश्य प्राप्तिका लागि राज्यहरू सङ्घीय सरकारको रूपमा रूपान्तरित हुन्छन् अथवा सङ्घीय सरकारसँग आबद्ध हुन्छन्। जर्ज एण्डरसनले सङ्घीयतालाई यसरी परिभाषित गरेका छन् "सङ्घीयता संविधानले स्थापित गरेको एउटा पद्धति हो जसअन्तर्गत उपयुक्त स्वायत्तताका दुई तहका सरकार हुन्छन्। ती सरकारहरू आफूलाई निर्वाचित गर्ने मतदाता प्रति प्राथमिक रूपमा जवाफदेही हुन्छन्"। कार्ल जे फ्रेडरिक भन्दछन् "सङ्घीयता राजनीतिमा स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा सञ्चालित पद्धति हो। ती तहहरू एक आपसमा छुट्टिएका हुन्छन् र बाकसहरू एकैठाउँमा थुपारेर राखे जस्तो हुन्छ र सरकारहरू मानवले चलाउँदा एकआपसमा यी तहहरू तर्क, झगडा, सहयोग, सहकार्य र सम्झौता गर्दछन्"। मण्टेस्क्युको विचारमा

"सङ्घात्मक सरकार एक यस्तो सम्झौता हो जसद्वारा धेरै मिल्दाजुल्दा राज्यहरू एउटा ठूलो राज्यको सदस्य बन्न सहमत हुन्छन्" *(जोन एण्ड कार्ल, २०११)*। संक्षेपमा उल्लेख गर्नुपर्दा सङ्घीयता त्यस्तो शासकीय प्रणाली हो जस अन्तर्गत दुई वा दुईभन्दा बढी तहमा देशको शक्ति, अधिकार, स्रोतसाधन र जिम्मेवारी किटान गरिन्छ। एकल अधिकार बाहेकका साझा अधिकारहरूको प्रयोग सहकार्य र समन्वयमा गर्नु पर्दछ। सरकारका सबै तहहरू सहयोगात्मक, सहकार्य, स्वायत्तता र सहअस्तित्वका आधारमा छुट्टाछुट्टै वा संगै राज्यका कार्यहरू सम्पादन गर्दछन्। सङ्घीयता स्थिर ढाँचामा रहने नभै प्रकृयाको रूपमा निरन्तर क्रियाशील हुन्छ।

सङ्घीयता एकात्मक प्रणाली भन्दा फरक प्रकारको व्यवस्था हो। यसको राजनीतिक स्वरूप, परिभाषा र अवधारणात्मक द्विविधाले बौद्धिक जटिलता देखाउँछ। यसको अभ्यासमा ढाँचा व्यवहार र परिवर्तनमा एकरूपता नहुन सक्छ। राजनीतिक संस्कार, भौगोलिक अवस्था, जनसङ्ख्याको बनोट, इतिहास संस्कृति र सामाजिक स्वरूपमा यो प्रणालीको अभ्यास केन्द्रित हुन्छ। शक्ति सन्तुलन र विभाजन,स्वायत्तता,अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व र समताका आधारमा सङ्घीयताको अभ्यास भएको देखिन्छ।

**गण्डकी प्रदेश**

गण्डकी प्रदेश नेपालको मानचित्रमा मध्य भागमा पर्दछ। यस प्रदेश नदीनालाहरूको क्षेत्र हो। मध्य नेपाल नगरपालिका यसै प्रदेशमा पर्दछ। लमजुङ जिल्लामा पर्ने यसमध्ये नेपाल देशको भूगोलका आधारमा नामाकरण गरिएको हो। नेपालको भूभागको १४.६७ प्रतिशत क्षेत्रफल अर्थात २१ हजार ९ सय ७४ क्षेत्रफल ओगटेको यस प्रदेशको सबैभन्दा गहिरो भूभाग त्रिवेणी हो। जुन समुन्द्र सतहदेखि १ सय ३ मिटर उचाइमा रहेको छ भने ८ हजार १ सय ६७ मिटर अग्लो भूभाग धौलागिरी हिमश्रृङ्खला यस प्रदेशमा पर्दछ। 'गण्डक' ऋषिको नामबाट गण्डकी नदी बनेको र सात गण्डकी यस क्षेत्रका नदी हुन्। (गण्डकी प्रदेश सरकार २०८०,२) क्षेत्रमा सप्तगण्डकी हुन्। हिमाली, पहाडी र तराई तीनै ओटा क्षेत्र रहेको यस प्रदेशमा पहाडी भूभाग १४ हजार ६ सय ४ वर्ग किलोमिटर हिमाली ५ हजार ८ सय १९ र तराई १ हजार ३ सय १० वर्ग किलोमिटर रहेको छ। यस प्रदेशको कुल जनसङ्ख्या २४ लाख ६६ हजार ४ सय २७ रहेको छ। (राष्ट्रिय तथ्याङ्क, २०८०)। नेपालको सबैभन्दा कम जनसंख्या भएको गाउँपालिका यसै प्रदेशमा पर्दछ। मनाङ जिल्लाको नार्पाभूमिमा ३ सय ९६ जना छन्। नेपालको राष्ट्रिय ग्राहस्थ उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.४२ प्रतिशत रहेको छ।

**सैद्धान्तिक ढाँचा**

सङ्घीयताका नीतिहरू अमूर्त हुन्छन्। यस्ता नीतिहरू एकअर्कामा परस्पर बाझिएका, दोहोरोपन भएका, एकले अर्कोलाई हस्तक्षेप गर्ने खालका हुन्छन्। त्यसैले नीतिहरूको प्रभावकारी कार्यान्वयन हुन सक्दैन। नीति कार्यान्वयनका लागि संरचनाको आवश्यकता पर्दछ। संरचनाले नीति कार्यान्वयनको प्रक्रियालाई निर्देशित गर्दछ।

सङ्घीय व्यवस्था नीति, संरचना, र प्रकृयामा जोडिएको हुन्छ। सङ्घीय एवम् प्रादेशिक त्यस्ता नीतिहरूको सङ्गति भएको हुनु पर्दछ। नीतिको सङ्गतिले कुन संरचनाले के-के काम गर्ने ? कसरी काम गर्ने ? भन्ने प्रकृयाबारे उल्लेख गर्दछ। सङ्घीय सरकारका अङ्गहरू बीच कार्य विभाजन गरिएको हुन्छ।

तसर्थ नीति कार्यान्वयनको प्रकृयाका लागि उपयुक्त संरचनाको खोजी हुन्छ। गण्डकी प्रदेशमा सङ्घीयताको अभ्यासमा उपरी संरचनाहरू नीति कार्यान्वयनको बाधक बनेका छन्। संरचना र संयन्त्रहरूबीच सन्तुलन भएन भने सङ्घीयता कार्यान्वयन जटिल हुने गर्छ। गण्डकी प्रदेश सरकारले सङ्घीयता कार्यान्वयनका उपलब्धिलाई निम्न पाँच ओटा तथ्यमा उल्लेख गरेको छ। (गण्डकी प्रदेश सरकार २०८०,९)

- नेपालको संविधान र प्रचलित ऐन कानुन बमोजिम कानुन निर्माणमा अवलम्बन गर्नुपर्ने सम्पूर्ण विधायिकी कार्य गरेको।
- प्रदेश सरकारमा कार्यक्षेत्र भित्र रही कार्य गरेको।
- विधायिकी कार्य प्रकृयालाई स्थानीय तहसम्म पुऱ्याइ विधि निर्माणलाई स्तरिकरण गरिएको।
- सङ्घीयताको सवलीकरणका लागि स्थानीय तहसँग अन्तरक्रिया गरिएको।
- प्रदेश सभाका सदस्यहरूको क्षमता विकास, ज्ञान व्यवस्थापन लगायतका कार्यहरू गरिएको।

तर, यी तथ्यहरू जुन गण्डकी प्रदेश उपलब्धि मानेको छ ती पूर्ण छैनन् किनभने संरचना, पद्धति र प्रकृया एवम् संयन्त्रहरूको कार्यान्वयन प्रकृया उपरी संरचनागत तत्वहरूमा रुमलिइरहेको छ।

**गण्डकी प्रदेशमा ऐन नियम तथा नीतिगत अवस्था**

सङ्घीयता ऐन, नियम नीतिहरूको पारस्पारिक सम्बन्धमा जोडिएको हुन्छ। सङ्घीय प्रादेशिक तथा स्थानीय ऐनहरूले एक अङ्ग वा सरकारसँग दोस्रो सरकारले, एक विभागले दोस्रो विभाग, निकाय अङ्गसँग कसरी सम्बन्ध स्थापित गर्ने, कार्यक्षेत्र र क्षेत्राधिकार कुन, कसरी सम्बन्ध स्थापित गर्ने कार्यक्षेत्र र क्षेत्राधिकार कुन कुन सरकार अङ्ग र निकायको के-के हुने भन्ने व्याख्या गर्दछ र त्यसैका आधारमा सङ्घीयताको जग टिकेको हुन्छ। एक सरकार, अङ्ग, निकाय अर्को सरकारसँग सम्झौता सहकार्य समन्वय गर्दछ। सङ्घीयता सरल बाटोमा अगाडि बढ्छ। यस किसिम सहकार्य सहअस्तित्व सम्झौता औपचारिक र अनौपचारिक दुवै किसिमको हुन्छ तर, समन्वय गर्ने संरचना, नीतिहरू भएनन् भने सङ्घीयता कमजोर हुन्छ।

नेपालको संविधानको अनुसूची ५,६,८ ले प्रदेश र सङ्घ सरकारका अधिकारको व्यवस्था गरेको छ। सङ्घ सरकारका ३५ वटा अधिकार प्रदेश सरकारका २१ ,स्थानीय सरकारमा २२ गरी ७८ प्रकृतिका अधिकारहरू तीन तहका सरकारसँग रहेका छन भने अनुसूची ७ ले सङ्घ र प्रदेशका साँझा अधिकार सूची २५ एवम् सङ्घ,प्रदेश र स्थानीय तहका साझा अधिकार १५ गरी कुल ४० अधिकार तोकेको छ। सङ्घीयता कार्यान्वयनका लागि सङ्घ सरकारबाट जारी समन्वय ऐनले १८ वटा सिद्धान्तहरू तय गरेको छ। तर ती सिद्धान्तहरूलाई न त सङ्घ सरकारले न त प्रदेश सरकारले नै पालना गरेका छन्।

गण्डकी प्रदेश सरकार प्रदेश स्थापनाको दोस्रो कार्यकालमा छ। दोस्रो कार्यकालको यही अवधिमा चार ओटा सरकार बनिसकेका छन्। सङ्घीयता कार्यान्वयनका लागि सङ्घ सरकारले १ सय १७ ओटा ऐन निर्माण गर्न बाँकी छ। प्रदेश सरकारले ३८ ओटा ऐन बनाउन बाँकी छ। सङ्घ सरकारमा सङ्घीय प्रतिनिधिसभाको दोस्रो निर्वाचन २०७९ पछि ऐन निर्माणको प्रकृया र चरण सुस्त छ। बितेका तीन अधिवेशनमा चार विधेयक मात्र पारित गरेको यस प्रदेशमा विधेयकहरूको चाङ छ। सङ्घ सरकारले आवश्यक विधेयक पारित गरी ऐन नबनाउँदा हाम्रो सङ्घीयताको कार्यान्वयन अवस्था सुस्त भएको छ।

# शिक्षाको गुणस्तर वृद्धि गर्न क्रियाशील छौं



**कास्कीका चार ओटा गाउँपालिकामध्ये भूगोलको हिसाबले सबैभन्दा ठूलो मादी गाउँपालिकामा १२ ओटा वडा रहेका छन्। मादी गाउँपालिकाले ५ सय ६३ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । जुन कास्की जिल्लाको झण्डै २७ प्रतिशत भू-भाग हुन आउँछ। २०७९ वैशाख ३१ गते भएको निर्वाचनबाट गाउँपालिका अध्यक्षको जिम्मेवारीमा निर्वाचित हुनुभएका मादी गाउँपालिकाका अध्यक्ष देवीजङ्ग गुरुङसँग इन्सेक कास्की जिल्ला प्रतिनिधि *सञ्जय रानाभाट*ले गर्नुभएको कुराकानीको सम्पादित अंशः**

**गाउँपालिकाले शिक्षाको सन्दर्भमा के कस्तो सेवा सुविधा दिइरहेको छ ?**

क्षेत्रफलको हिसाबले गण्डकी प्रदेशको पर्वत जिल्ला भन्दा मादी गाउँपालिका ठूलो छ। गाउँपालिका मात्र होइन् वडा पनि स्थानीय तहमध्ये मादी गाउँपालिकामा धेरै छन्। १२ ओटा वडा मिलेर बनेको यो गाउँपालिका गण्डकी प्रदेशकै ठूलो भन्दा फरक पर्दैन। अर्कोतर्फ भौगोलिक विकटता त छँदैछ। यहाँ ५१ ओटा विद्यालयहरू छन्। १० ओटा माध्यमिक विद्यालय छन्। भौतिक हिसाबले सबै कुरा राम्रो भएपनि कतिपय विद्यालयमा विद्यार्थीहरूकै अभाव छ। बजारका भन्दा राम्रा भवनहरू छन्। तर, विद्यार्थी सङ्ख्या न्यून छ। अर्थात पूरै गाउँपालिकामा कक्षा १२ सम्म २ हजार ५ सयदेखि २ हजार ७ सय विद्यार्थी भएको हाम्रो आँकडामा छ। यो सङ्ख्यालाई र शिक्षामा गुणस्तर वृद्धि गर्न प्रधानाध्यापकको नेतृत्वमा समस्या पहिचान पनि गरिरहेका छौँ। साथै गाउँपालिका भित्रै कक्षा १२ सम्म पढ्न निःशुल्क गरेका छौँ। केही वडामा त गाउँपालिकाले नै विद्यालयका लागि अनुदानमा गाडी किन्न सहयोग गर्दै भएको स्रोत साधनलाई उच्चतम प्रयोग गरिरहेका छौँ।

**चालु आर्थिक वर्षका लागि बजेट विनियोजन गरिसक्नुभएको छ। बजेटले मानव अधिकारका क्षेत्रमा कसरी काम गर्छ ?**

गाउँपालिकामा मानव अधिकारको अवस्था आजको दिनसम्म एकदम राम्रो छ।

मानव अधिकारका क्षेत्रमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)सँग समन्वय गरेर काम गरिरहेका छौँ। उहाँहरूको सल्लाह सुझाव अनुसार कार्यक्रम सञ्चालन गर्ने, जनचेतना फैलाउने काम भइरहेको छ। कहाँ के गर्नुपर्छ ? भनेर लागिरहेका छौँ। केही छिटफुट रूपमा भएका घटनालाई गाउँपालिकाको न्यायिक समितिमार्फत सम्बोधन गर्ने काम भइहेको छ। साथै यस्ता घटनालाई न्यूनीकरण गर्न टोल विकास संस्थासँग समन्वय गरेर काम गरिरहेका छौँ। प्रत्येक टोल सुधारलाई १० हजार रूपियाँ बजेट छुट्याएर पनि काम गरेका छौँ।

**गाउँपालिकाबाट घण्टौँ यात्रा गरेर स्वास्थ्य उपचारका लागि पोखरा महानगरपालिका नै आउनुपर्ने बाध्यता छ। यो अवस्थाको अन्त्य कसरी गर्नुहुन्छ ?**

स्वास्थ्य चौकीका हिसाबले हाम्रो गाउँपालिकामा १६ ओटा छन्। सामान्य बिरामी हुँदा गाउँपालिकामै उपचार हुने कुरा भइहाल्यो। तर, अप्रेसन नै गर्नुपर्ने दीर्घ रोग लागेको अवस्थामा भने पोखरा पुग्ने गरिन्छ। यो अवस्थाको अन्त्य गर्न गाउँपालिकाभित्र वडा नम्बर ७ मा १ हजार ५ सय शैयाको अस्पताल निर्माण हुँदैछ। यो अस्पताल बनेपछि धेरै समस्याको समाधान हुन्छ। यस्ता सामान्य बिरामी भएको खण्डमा गाउँपालिकामै उपचार हुन्छ। भएन भने पोखरा पुऱ्याउन गाउँपालिकासँग एम्बुलेन्स छ। एम्बुलेन्समार्फत नै पोखरा पुऱ्याउँदै आएका छौँ। यस्तै गाउँपालिकाले दलित, विपन्नहरूको हकमा नि:शुल्क स्वास्थ्य बीमा गरेको छ। नि:शुल्क बीमामार्फत उहाँहरूले सेवा सुविधा लिइरहनुभएको छ।

**गाउँपालिकाले हालसम्म कति ओटा र कस्ता कानुन निर्माण गऱ्यो ?**

गाउँपालिकामा अहिले जति पनि काम भएका छन् संविधान अनुसार नै भइरहेका छन्। अर्को कुरा जति पनि कानुन बनेका छन् ती सबै मानव अधिकारमैत्री नै छन्। गाउँपालिकाले मानव अधिकारलाई ख्याल गरेर नै कानुन बनाउँछ। बनेका सबै ऐन, नियमावली मानवमैत्री नै छन्। गाउँपालिकामा ८० ओटा कानुन बनेका छन्। यी ऐनलाई कार्यान्वयन गर्न नियमावली र कार्यविधि बनाएर काम भइरहेको छ।

**गाउँपालिकामा महिला, बालबालिका, अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित समुदायका नागरिकलाई राज्यको मुल प्रवाहिकरणमा ल्याउनका लागि कस्ता कार्यक्रम सञ्चालन गरिएको छ ?**

गाउँपालिकाले महिला, बालबालिका, अल्पसङ्ख्यक, ज्येष्ठ नागरिकका हक अधिकारका विषयलाई गम्भीरतापूर्वक लिएर नै काम गरिरहेको छ। उनीहरूलाई राज्यको मूल प्रवाहिकरणमा ल्याउन गाउँपालिकाले ल्याएका नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था गरिएको छ। यस्ता व्यक्तिहरूलाई बजेटमा व्यवस्था नभए पनि अन्य स्रोतबाट जुटाएर पनि सेवा सुविधा र अधिकार दिलाउने कुरामा गाउँपालिकाले काम गर्छ र गरिरहेको छ।

### गण्डकी प्रदेशले गरेका प्रयासहरू

सङ्घीयता कार्यान्वयनका लागि यस प्रदेश सरकारले गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको ऐन २०७८ जारी गरेको छ। सङ्घीयता कार्यान्वयनको हकमा प्रदेशलाई स्थानीय तहसँग जोड्ने यो सबैभन्दा महत्वपूर्ण नीतिगत ऐन हो। हाल सम्म गण्डकी प्रदेशले ६६ वटा ऐन २२ ओटा नियमावली तथा कार्यविधि एवम् सालवसाली ऐनहरू जारी गरेको छ। अझै पनि साझा अधिकारका विषयमा ३८ वटा कानुन बनाउन बाँकी नै छन्। गण्डकी प्रदेश सरकारमा ऐनको अभाव देखिन्छ। प्रत्येक ऐनले ३ विषय क्षेत्र माग गर्दछ। पहिलो संरचना,दोस्रो स्रोत साधन एवम् बजेट, तेस्रो जनशक्ति। प्रदेशले निर्माण गरेका कानुनले जबसम्म यी तीन पक्षलाई व्यवस्थापन गर्न सक्दैन तबसम्म ऐनहरू अपूर्ण अव्यावहारिक र कार्यान्वयन नहुने अवस्थामा पुग्छन्।

### सङ्घीयता कार्यान्वयनका अन्तरविरोध

### सङ्घीय ऐन

- नेपाल सरकारले जारी गरिएको मर्यादाक्रम सूची नेपाल राजपत्रमा २०७६ वैशाख १६ गते प्रकाशित भएको छ। जसमा प्रमुख जिल्ला अधिकारीको मर्यादाक्रम गाउँपालिका अध्यक्ष, नगरपालिका प्रमुख भन्दा तल छ। जसका कारण विवाद व्यवस्थापनको बैठक र निर्णय प्रभावकारी हुन सकेका छैनन् भने प्रमुख जिल्ला अधिकारी आफ्नो अधिकार कुण्ठित भएको महसुस गर्दछन्।
- स्थानीय प्रशासन ऐन २०२८ ले प्रमुख जिल्ला अधिकारीलाई सङ्घ सरकारको जिल्ला तहको प्रतिनिधिको रूपमा भूमिका प्रदान गरेको छ। प्रजिअले सङ्घीय प्रहरीलाई परिचालन गर्दछ। जबकी प्रदेशको आफ्नो सुरक्षा सङ्गठन र दर्ताको खारेजी नै सङ्घीयता कार्यान्वयन हो भन्ने गर्दछन्। प्रदेशको सरकारले प्रजिअको सहयोग माग्नु पर्दछ।
- प्रजिअको अधिकार बढी की ? सङ्घ मातहतका समान पदका सचिव, प्रदेशका मन्त्री वा मुख्यमन्त्री को ? भन्ने अधिकार क्षेत्रको विवाद कायम छ।
- स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई दैनिक खर्च सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ। भने अर्कोतिर प्रदेशलाई बुझाउनु पर्ने शुल्क दायित्व पनि थपको छ। अहिले स्थानीय तहले प्रदेशलाई उक्त शुल्क बुझाउन चाहाँदैनन्। स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ का प्रावधानहरू सङ्घीयताविरुद्ध छन् भन्ने मत स्थानीय तहहरूको रहेको छ।

### गण्डकी प्रदेश समन्वय परिषद्

प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा देहाय बमोजिमको एक प्रदेश समन्वय परिषद् रहने व्यवस्था सङ्घ, प्रदेश, स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ को दफा २४ ले गरेको छ। जसमा निम्न सदस्य रहन्छन्।

(क) मुख्यमन्त्री - अध्यक्ष
(ख) प्रदेश सरकारको आर्थिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री - सदस्य
(ग) प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री - सदस्य
(घ) प्रदेश सरकारको प्रमुख सचिव- सदस्य
(ङ) प्रदेशभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख मध्येबाट कम्तीमा एक तिहाई महिला सहित समावेशी सिद्धान्त बमोजिम प्रत्येक जिल्लाबाट एकजनाको दरले मुख्यमन्त्रीले तोकेका व्यक्ति - सदस्य
(च) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव - सचिव

तर यी संरचना हुँदाहुँदै पनि संयन्त्र र यसको कार्यान्वयनको प्रकृया प्रभावकारी नभएकाले गण्डकी प्रदेश सरकार सङ्घीयताको अभ्यासमा जति अगाडि बढ्नु पर्ने हो त्यति अगाडि बढ्न सकेको छैन। नीति कार्यान्वयनमा सहयोगी हुने कर्मचारीतन्त्र प्रदेशकै कर्मचारी ऐनका कारण विभाजित छ। कर्मचारितन्त्र यो व्यवस्था प्रति सङ्घीयतामैत्री बनाउन थप मेहेनत गर्न जरुरी छ।

**निष्कर्ष**

संविधान जारी भई कार्यान्वयन तहमा पुगेता पनि यस व्यवस्थालाई स्वामित्व लिने राजनीतिक दलहरूको व्यवहार रुचीकर देखिँदैन। सङ्घीय व्यवस्था प्रारम्भिक अवस्थामा प्रतिस्पर्धा नभई सहयोगी प्रकृतिको हुनु पर्दछ। लोकतन्त्रमा चुस्त दुरुस्त सङ्गठन निर्माण हुनुपर्दछ। त्यसैले सवल अन्तरसरकारी सम्बन्धको विकास गर्दछ। सङ्घीयता संविधानमा र कानुनमा छ। मानवीय कार्य संस्कृति र व्यवहारमा कार्यशैलीमा छैन। तसर्थ सङ्घीयता र अन्तरसरकारी सम्वन्धको सङ्क्रमणको क्षणमा क्षमता विकास गर्नु जरुरी देखिन्छ। सङ्घीयतामा स्रोत व्यवस्थापन प्रभावकारी हुनु जरुरी हुन्छ। स्रोतको अभावमा प्रदेशहरू र स्थानीय तहहरू बलिया बन्न सक्दैनन्। त्यसैले सङ्घीय सरकारबाट वितरण गरिने अनुदान, राजस्व र त्यसको बाँडफाँट अनुदान वितरण र उपयोग एवम् त्यसको प्रतिफल वितरण समानुपातिक हुनुपर्दछ। गण्डकी प्रदेश मातहतमा अहिले १ सय २४ ओटा प्रादेशिक कार्यालय संरचनाहरू रहेका छन्। अरु जिल्ला तहमा थप नयाँ कार्यालयहरू रहेका छन्। सङ्घीयता कार्यान्वयनका लागि गण्डकी प्रदेशको हकमा निम्न कार्य जरुरी देखिन्छ।


(क) स्थानीय तह तथा सङ्घीय राज्यसँग साझेदारी र सहकार्यका क्षेत्र पहिचान गर्नु जरुरी देखिन्छ।
(ख) प्रदेश समन्वय परिषद्को बैठक नियमित एवम् तालिका सूची अनुरुप सञ्चालन हुनुपर्ने देखिन्छ।
(ग) प्रदेश प्रदेश एवम् सङ्घ प्रदेश सहयोग, समन्वय संयन्त्रको स्थापना।
(घ) समन्वयकारी बैठक र सरोकारवाला अङ्ग, विकास क्षेत्रसँगको बैठक।

सङ्घीयता कार्यान्वयन नै प्रचलित व्यवस्था भएका कानुनको खारेजी गर्दै सङ्घीयता उन्मुख सङ्घीयतामैत्री कानुनको निर्माण र कार्यान्वयन गर्नु हो। कानुनको शासन र कार्यान्वयन भन्दा पनि कानुन कार्यान्वयन गर्नुभन्दा कानुन कार्यान्वयन नगर्ने संस्कृति बढी देखिन्छ। त्यसको सुधार गरेमा मात्र गण्डकी प्रदेशमा सङ्घीयताको सफल अभ्यास हुन सक्तछ।

*(लेखक अधिवक्ता हुनुहुन्छ।)*

# सङ्घीयता कार्यान्वयनमा लुम्बिनी प्रदेश

सङ्घीय शासन प्रणाली भनेको राज्यको शासकीय शक्ति दुई वा सोभन्दा बढी तहका सरकारबाट अभ्यास गरिने शासकीय पद्धति हो। सङ्घीय शासन प्रणालीमा राज्यको सार्वभौम शक्ति संविधानले तहगत सरकारबीच बाँडफाँड गरेको हुन्छ। विश्वमा सङ्घीयता लागु भएका मुलुकमा आ-आफ्नै विशेषता र तह छन्। कतिपय देशमा दुई तहको तहगत सरकारको व्यवस्था छ भने कतिपय देशमा तीन तहको सरकारको व्यवस्था छ। नेपालमा तीन तह (सङ्घ, प्रदेश र स्थानीय) तहको सङ्घीय शासन प्रणाली छ। नेपालको तहगत सरकार अन्तर्गत नेपालमा सङ्घीय सरकार, सात प्रदेश र ७ सय ५३ स्थानीय सरकार छन्।



शेरबहादुर केसी

एकात्मक राज्य व्यवस्थालाई अन्त्य गर्दै नेपालमा संविधानले विधिवत रुपमा सङ्घीय शासन प्रणालीको व्यवस्था गरेको हो। एकात्मक व्यवस्थाले सिर्जना गरेका विभेद र असमानता अन्त्य गर्दै समानतामा आधारित समतामूलक समाजको निर्माण गर्न र नागरिकलाई आफ्नो अधिकारको पूर्ण उपयोग गर्न सक्ने गरी सक्षम बनाउन सङ्घीय शासन प्रणाली अवलम्बन गरिएको छ।

नेपालको सङ्घीयता सहकारीमूलक सङ्घीयता हो। संविधानको धारा २३२ मा सङ्घ, प्रदेश र स्थानीय तहहरूबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वय गरी तीन 'स' को सिद्धान्तमा आधारित हुनेछ भनिएको छ। पहिचानहरूको संरक्षण र विकास एवम् सबै प्रकारका विभेदहरूको अन्त्य गर्दै मुलुकलाई दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य लिइएको छ।

संवैधानिक प्रबन्ध अनुसार, २०७४ सालमा पहिलोपल्ट तहगत सरकारको चुनाव भयो। चुनावपछि तहगत सरकारमा राजनीतिक नेतृत्व स्थापित भयो । सङ्घ सरकार बलियो संस्थागत स्वरूपमा रहेको र केन्द्रीकृत शासन व्यवस्थामा आजको स्थानीय सरकार स्थानीय निकायको रुपमा संरचना रहेको तर प्रदेशको कुनै पनि संरचना थिएन। तसर्थ, प्रदेश सङ्घीय शासन प्रणालीले जन्माएको संरचना हो। यो संरचना नयाँ भएकाले यसको बलियो जग बन्न अहिलेसम्मको समय प्रयाप्त छैन। प्रदेश सरकार सबल बन्न केबल आफ्नै बलबुतामा सम्भव छैन। संवैधानिक प्रबन्ध अनुसार, प्रदेश तहमा आउनुपर्ने अधिकार अझै आएका छैनन्। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार, संवैधानिक प्रबन्धका आधारमा १ सय ८१ वटा कानुन तर्जुमा गर्नुपर्छ। त्यसमध्ये सङ्घले १ सय ५१, प्रदेशले २४ र स्थानीय तहले ६ वटा कानुन बनाउनुपर्छ। सङ्घले बनाउनुपर्ने १ सय ५१ मध्ये ४० कानुन बन्न बाँकी छन्। बन्न बाँकी कानुनका कतिपय विधेयक लामो समयदेखि संसदमा अड्किएका छन्। कतिपय

विधेयकप्रति विरोध भएपछि सरकारले फिर्ता लिएको छ भने कतिपय संसदमा पुग्न सकेका छैनन्। त्यसो त संविधानको अनुसूची ५ देखि अनुसूची ९ सम्म व्यवस्था भएका एकल तथा साझा क्षेत्राधिकारका विषय कार्यान्वयनका लागि तीनवटै तहका विधायिकीले आवश्यकताका आधारमा थप कानुन बनाउने विषय छँदैछन्।

सङ्घीय शासन प्रणाली स्थापनापछि लुम्बिनी प्रदेशले केही देखिने गरी काम गरेको छ। शासन प्रणालीप्रति नागरिकले अपनत्व ग्रहण गर्ने वातावरण तयार भएको छ। सङ्घीय सरकारले कानुन नबनाउँदा त्यसको असर प्रदेशलाई परेको छ।

**शून्यबाट शुरुआत**

संविधानको कार्यान्वयन गरी सङ्घ, प्रदेश र स्थानीय तह एउटै लयमा हिँड्दै नागरिकलाई विकासको प्रतिफल दिने, शासन व्यवस्थाप्रति नागरिकको अपनत्व दिन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न जिम्मेवारीबोधका साथ अघि बढ्न आवश्यक छ।

फागुन, २०७४ मा तत्कालीन प्रदेश नम्बर ५ मा राजनीतिक नेतृत्व स्थापित हुँदा संरचनागत रूपमा राजनीतिक नेतृत्व स्थापित भए पनि प्रशासनिक संरचना पूर्ण थिएन, मन्त्रालयका लागि भवनको व्यवस्था थिएन। चुनावले राजनीतिक नेतृत्व स्थापित गरे पनि आवश्यक प्रशासनिक संरचना तयार शून्यबाट अघि बढेको प्रदेश अहिले देखिने र सुनिने विन्दुमा आइपुगेको छ। कर्मचारी प्रशासनको संस्थागत जग तयार भएको छ, यद्यपि अझै कर्मचारी व्यवस्थापन प्रभावकारी हुन सकेको छैन। लुम्बिनी प्रदेशसभाले पहिलो पाँच वर्षको कार्यकालमा ७२ वटा कानुन बनाउन सफल भयो। दोस्रो कार्यकालको दोस्रो वर्ष गुजार्दै गर्दा प्रदेश निजामती सेवासम्बन्धी ऐन सहित चार वटा कानुन बनेका छन्। प्रदेशको निजामती सेवा ऐनलाई दिशानिर्देश गर्ने सङ्घीय निजामती सेवा ऐनले हो। सङ्घीय निजामती सेवा ऐन नबन्दा प्रदेश निजामती सेवा ऐन नतिजामुखी हुन सकेको छैन।

**न्यून जनशक्तिलाई कामको बोझ**

लुम्बिनी प्रदेशमा निजामती कर्मचारीको कुल दरबन्दी ३ हजार ९ सय ३९ छ। त्यसमध्ये १ हजार ९ सय ४० कार्यरत छन्। यो संख्या दरबन्दीको ४९ प्रतिशत मात्रै हो। न्यून जनशक्ति हुँदा कर्मचारीलाई कामको बोझ छ। प्राविधिक जनशक्ति अभावले पूर्वाधार विकासमा बाधा परेको छ। समायोजनबाट प्रदेशमा आएका र कामकाजका लागि सङ्घबाट खटिएका कर्मचारी पनि कानुनको अभावमा उत्साहित छैनन्। त्यसो त प्रदेश लोकसेवा आयोगले चौथो र पाचौं तहका कर्मचारीको पदपूर्ति गर्न थालेको छ। त्यसभन्दा माथिल्लो तहको लागि भने सङ्घीय निजामती सेवा ऐन कुर्दा ढिलाइ भएको छ।

निजामती कर्मचारी प्रशासन चुस्त बन्न नसकेझैँ प्रहरीमा पनि समस्या छ। नेपालको संविधानको अनुसूची ६ मा प्रदेशका एकल अधिकारका २६ वटा सूचीमध्ये एक हो,-प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको अधिकार। सरकार गठनको ६ वर्ष नाघ्दा समेत प्रदेशले प्रहरी संरचना पाउन सकेको छैन

२०७२ सालमा संविधान बन्यो। संवैधानिक प्रबन्ध अनुसार तहगत सरकारको २०७४ र २०७९ मा गरी दुई पटक चुनाव भयो। निर्वाचित जनप्रतिनिधिले पहिलो पाँच वर्षे कार्यकाल पूरा गरी दोस्रो कार्यकालको

# नागरिकले अनुभूत गर्ने नीति, योजना र कार्यक्रम बनाउँछौं



**लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये रोल्पा जिल्ला पनि एक हो। १० ओटा स्थानीय तह रहेको रोल्पा जिल्लामा नौ ओटा गाउँपालिका र एउटा नगरपालिका रहेको छ। प्राकृतिक सुन्दरताले भरिएको रोल्पामा स्थानीय सरकारले के कस्ता नीति, योजना बजेट तथा कार्यक्रमहरू बनाउँदै छन्। सोही विषयमा परिवर्तन गाउँपालिकाका अध्यक्ष सुकबहादुर बुढामगरसँग इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि *रीमा बिसी*ले गरेको कुराकानीको सम्पादित अंश।**

**परिवर्तन गाउँपालिकाले आ.व. ०८१/८२ मा के कस्तो नीति तथा कार्यक्रम बनाउँदै छ ?**

परिवर्तन गाउँपालिकाले आ.व. ०८१/८२ को नीति तथा कार्यक्रम निर्माणको चरणमा छ। यो अवसरमा अघिल्लो वर्षमा गरिएका कामहरूको निरन्तरता दिने कार्यक्रमहरू रहेका छन्। परिवर्तन गाउँपालिकाले यस पटक सम्बोधन गर्नुपर्ने विषयहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले औंल्याएका विषयहरू रहेका छन्। ती विषयहरूलाई कसरी सम्बोधन गरेर अगाडि बढ्न सकिन्छ भन्ने विषयमा हामीहरू छलफल गरिरहेका छौँ। हामी यो वर्ष लैङ्गिकमैत्री बजेट निर्माणका लागि कार्ययोजना निर्माण गरेर अगाडि बढ्छौँ।

**सीमान्तकृत समुदायका लागि कस्ता कस्ता कार्यक्रम र बजेट विनियोजन हुन्छ ?**

हो। यहाँले भनेजस्तै स्थानीय सरकार सबैभन्दा नजिकको सरकार भएकोले समाजमा पछाडि पारिएका वर्ग, लिङ्ग, समुदायको आवश्यकताको आधारमा कार्यक्रमहरू तय गरी उनीहरूलाई कसरी आर्थिक रूपमा अगाडि बढाएर उद्यमशिलतामा जोडेर आत्मा निर्भर बन्ने खालका कार्यक्रमहरू तय गरिएको छ। हामीले कृषिमा व्यवसायिकताका कुरा गरियो तर किसानले मूल्य नपाएका गुनासाहरू आएकाले यसका विषयमा पनि उत्पादनलाई ब्राण्डिङ्ग गरेर कसरी किसानलाई आत्मसम्मान भएको महसुस गराउन सकिन्छ। त्यस्ता खालका विषयमा पनि छलफल गरिरहेका छौँ। त्यस्तै यहाँका स्थानीय विभिन्न किसिमका फलफुलहरू जस्तै पलम, चोत्रा, लालीगुराँसको वाइन निर्माण गरेर अगाडि बढ्न सकिन्छ की भन्ने विषयमा पनि अध्ययन भइरहेको छ। यो वर्ष महिला नेतृत्व विकासका कार्यक्रमहरू पनि सञ्चालन गरेर अगाडि बढ्ने योजना रहेको छ।

**मानवीय विकासमा पटक्कै ध्यान गएन भन्ने आरोप छ, भौतिक विकास र मानवीय विकासलाई सँगसँगै लैजानका लागि कस्ता नीति, योजना, कार्यक्रम र बजेट बन्नुपर्ला ?**

परिवर्तन गाउँपालिकाले भौतिक पूर्वाधार विकाससँगै मानवीय विकासमा काम गरिरहेको छ। मानवीय विकास विनाको विकास अपुरो हुन्छ भन्नेमा हामी सचेत छौँ। त्यसैले हामी शिक्षालाई केन्द्रमा राखी ४२ जना शिक्षक भर्ना गरेर ३ करोडको बजेटसमेत विनियोजन गरेका छौँ। त्यस्तै स्वास्थ्यको पाटोमा पनि त्यत्तिकै ध्यान दिएर अगाडि बढ्नुपर्ने हाम्रो जिम्मेवारी रहेको छ। सरुवा रोगका लागि सङ्घीय सरकारले हेरेको छ। तर नसर्ने रोगहरूका विषयमा मुटु, मृगौला, सुगर, प्रेसर जस्ता रोगहरूका लागि सङ्घीय सरकारले हेर्दैन। त्यसका विषयमा हामीले नागरिकको स्वास्थ्यका विषयमा संवेदनशिल भई सचेतना गर्ने गरी अगाडि बढेका छौँ। अर्को कुरा हाम्रो स्थानीय तहमा एउटा वर्थिङ्ग सेन्टर मात्र सूचिकृत भएको छ। यो आर्थिक वर्षमा अन्य चार ओटा वर्थिङ्ग सेन्टरलाई सूचिकृत गरेर व्यवस्थापन गर्दै साधन श्रोत सम्पन्न गर्दै लैजाने योजना रहेको छ। सङ्घीय सरकार अन्तर्गत वित्तिय समानिकरण रकमको स्थानीय तहले पाउनुपर्ने रकम २ करोड २० लाख बजेटको काम सम्पन्न भइसक्यो। अहिलेसम्म आएको छैन। सङ्घसँग किन पैसा आएन भन्दा महालेखा परीक्षकको कार्यालयले रोकेको छ, भन्छन्। स्थानीय तहको आन्तरिक बजेट ५१ लाख मात्र हो। कर बढाउने अवस्था छैन। अन्य आम्दानी छैन। तथापी जसो तसो काम गरिरहेका छौँ।

**द्वन्द्वपीडित, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइतेहरूले छुने, छाम्ने र महसुस गर्ने खालका कस्ता योजना बनाउँदै हुनुहुन्छ ?**

यो राज्य व्यवस्था ल्याउनका लागि हाम्रा धेरै साथीहरूले ज्यान गुमाउनुभयो, बेपत्ता पारिनुभयो, घाइते हुनुभयो। उहाँहरूको बलिदानीले गर्दा अहिले हामी यो अवस्थामा आएका छौँ। यदि उहाँहरूले यो व्यवस्था नल्याएको भए म अहिले जुन अवस्थामा छु, त्यो अवस्थामा हुने थिइन। द्वन्द्वपीडित परिवारको आवश्यकता अनुसारका कार्यक्रमहरू उहाँहरूको मागमा आधारित भएर सञ्चालन गरेका छौँ। आवश्यकताको आधारमा अनुदान दिएर विभिन्न उद्यमशीलतामा जोड्ने, आम्दानीसँग जोड्ने गरी कार्यक्रमहरू अगाडि बढाएका छौँ। मृतक परिवारका लागि नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रम लागु गरेका छौँ। परिवर्तन गाउँपालिकामा राज्य र तत्कालीन विद्रोही पक्षबाट मारिएका व्यक्तिहरूको स्मरण स्वरुप स्मारिका निर्माण गर्ने, स्थानीय तहमा आवश्यक पर्ने कर्मचारीहरूमा द्वन्द्वपीडितलाई प्राथमिकतामा राख्ने लगायतका कार्यहरू गर्दै आएका छौँ।

**अन्त्यमा स्थानीय तहवासीले स्थानीय सरकारको छ भन्ने अनुभूति दिलाउन यहाँको जवाफदेहिता के हुन्छ ?**

स्थानीय सरकार सबैभन्दा नजिकको सरकार भएकोले आफ्ना नागरिकप्रति हरेक हिसावले सधैँ जवाफदेही छौँ भन्ने लाग्छ। विगतका नीति, योजना, कार्यक्रमबाट पाठ सिक्दै, आवश्यकताको पहिचान गर्दै नीति, योजना, कार्यक्रम र बजेट निर्माण गर्ने र स्थानीय तहका सबै क्षेत्र, जातजाति, धर्म लिङ्ग, पार्टी सबैलाई समेटेर अगाडि बढ्ने र पछाडि पारिएका र परेका वर्ग, समुदायहरूको अधिकारको विषयमा म सचेत छु। तर समाजमा रहेको विभेदलाई कसरी अन्त्य गर्न सकिएला भन्ने प्रश्न हाम्रोबीचमा छ। स्वास्थ्यमा ध्यान दिनुपर्छ भन्ने कुरामा त्यत्ति जागरुकता छैन। बालविवाह र बहुविवाहजस्ता समस्या पनि छ। त्यस्ता समस्यालाई कसरी समाधान गर्न सकिएला भन्ने चिन्ता पनि छ। हामी सोही अनुसार अगाडि बढिरहेका छौँ।

दोस्रो वर्ष गुजार्दैछन्। राजनीतिक नेतृत्वसँगै तहगत सरकार चल्न आवश्यक कर्मचारी प्रशासनमा भने ठूलो सङ्ख्या रिक्त हुँदा पूर्तिका लागि आवश्यक कानुन बनाउन चासो छैन। राजनीतिक नेतृत्व नहुँदा पनि सरकार चलाउने कर्मचारीले हो, त्यसैले कर्मचारी प्रशासनलाई 'स्थायी सत्ता' मानिन्छ। राजनीतिक नेतृत्वले अघि सारेको कार्यक्रम र योजनालाई नतिजामुखी ढंगले कार्यान्वयन गर्ने कर्मचारीले हो।

सङ्घीय कानुनको अभावले प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको तहगत सेवा, सुविधा र निवृतिपछिको रेकर्डमा पनि अन्यौल छ। स्थानीय सेवा ऐन नबन्दा स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारीको पूर्ति भएको छैन। सङ्घीयता कार्यान्वयनका लागि चाहिने कानुन नबन्दा कर्मचारी प्रशासन कामचलाउ भएको स्थानीय तहका जनप्रतिनिधि सुनाउँछन्। उनीहरूको भनाइमा,कानुनको अभावमा कतिपय निर्णय गर्न कर्मचारी हच्किन्छन्, त्यसको असर पालिकाको विकास र सेवा प्रवाहमा परेको छ।

**प्रदेशवासीलाई अपनत्वको अवसर**

प्रदेश सभा स्थापनाको ३१ महिना २९ दिनपछि प्रदेश पाँचको राजधानी र नाम टुङ्गो लाग्यो । २० असोज, २०७७ मा दाङको राप्ती र गढवा गाउँपालिका तथा अर्घाखाँचीको शितगङ्गा नगरपालिकाभित्रको राप्ती उपत्यकालाई प्रदेशको राजधानी तोक्यो। विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी नै प्रदेशको नाम राख्ने सरकारको प्रस्ताव प्रदेशसभाले पारित गर्नु दूरदर्शी निर्णय हो।

लुम्बिनी प्रदेश तीन ओटा आञ्चलिक मनोविज्ञानबाट बनेको छ। राज्य पुन:संरचना अघिको लुम्बिनी, राप्ती र भेरीका १२ जिल्ला रहेको लुम्बिनी प्रदेशमा साविक लुम्बिनीका नवलपरासी, रुपन्देही,कपिलवस्तु,पाल्पा, अर्घाखाँची र गुल्मी गरी छ, राप्तीका दाङ, प्यूठान, रोल्पा र रुकुम गरी चार र भेरीका बाँके र बर्दिया दुई जिल्ला समावेश छन्।

राप्ती उपत्यकामा राजधानी र नाम लुम्बिनी रहने निर्णयले लुम्बिनी, राप्ती र भेरीको आञ्चलिक मनोविज्ञानलाई जोड्ने काम गरेको छ। प्रदेशका दुई बहुल जाति थारु र मगर समुदायले पनि यो निर्णयको अपनत्व लिएका छन्। भौगोलिक दूरीका हिसाबले पनि मध्यभागमा पर्ने राप्ती उपत्यकाको निर्णयले विगतको आञ्चलिक मनोविज्ञानलाई तोड्ने कडी भएको छ। क्षेत्रीय र जातीय रूपमा जोड्ने गरी भएको दूरदर्शी निर्णय हो। यो निर्णयले द्वन्द्व व्यवस्थापनमा बल पुगेको छ। एकात्मक राज्य प्रणालीको मनोविज्ञान तोडेर नयाँ आधारमा एकताको आधार खोजेर आपसरमा जोड्ने निर्णयले अहिले सङ्घीयता र प्रदेशप्रति सबैले अपनत्व महसुस गर्ने वातावरण बन्दै गएको छ।

प्रदेश राजधानी राप्ती उपत्यकामा रहेको लालमटिया, गढवा, सिसनिया जस्ता नाम थारु सभ्यता र संस्कृतिसँग जोडिन्छन्। भालुवाङ मगर सभ्यतासँग जोडिन्छ। प्रदेशमा थारु र मगरको समुदायको बसोबास १५-१५ प्रतिशत छ। त्यो समुदायले सङ्घीयतामा खोजेको अपनत्व महसुस गर्न पाएको छ।

२०७८ सालको जनगणना अनुसार, यो प्रदेशको कुल जनसंख्या ५१ लाख २२ हजार रहेको छ। जनसंख्याको जिल्लागत तथ्याङ्क हेर्दा सबैभन्दा बढी रुपन्देहीमा १९ दशमलव ६ प्रतिशत छ भने कपिलवस्तुमा १२ दशमलव ८, दाङमा १२ दशमलव ३ र

बाँकेमा १० दशमवलव ९ प्रतिशत रहेको छ। अन्यमा १० प्रतिशत भन्दा कम बसोबास गर्दछन्। तराई मधेशका ६ जिल्लामा कूल जनसङ्ख्याको ७२ प्रतिशत बसोबास गर्दछन् भने बाँकी २८ प्रतिशतको पहाडका ६ जिल्लामा बसोबास छ। जनसङ्ख्याको उच्च चाप भएका चार जिल्लाको मात्रै नभएर जनसङ्ख्याको उच्च चाप रहेको तराईका ६ जिल्लाकै केन्द्रमा पर्छ राप्ती उपत्यका। उदाउँदो आर्थिक केन्द्र बुटवल र नेपालगञ्जको मध्यभागमा प्रदेशको प्रशासनिक केन्द्र बन्दा आशा र सम्भावनाको ढोका फराकिलो भएको छ। राप्ती उपत्यकामा अहिले सरकारका लागि आवश्यक पूर्वाधार धमाधम निर्माण भइरहेका छन्।

**आस लाग्दा प्रयासहरू**

लुम्बिनी प्रदेश मिनी नेपाल हो। भौगोलिक रूपमा हिमाल, पहाड र तराईको भू-भाग यो प्रदेशमा पाइन्छ। सुस्ता–मर्चवारदेखि राजापुरसम्मको समथर भू-भाग, पाल्पाको रामपुरदेखि रोल्पाको सुन्दर पहाडी भूभाग र सिस्ने र पुथा हिमालसहितको हिमाली क्षेत्र रहेकोले यो प्रदेशमा भौगोलिक विविधता छ। सांस्कृतिक विविधता पनि उस्तै छ। थारु र मगर दुई आदिवासी समुदायका नागरिकको बसोबाससँगै जातीय विविधता उत्तिकै छ। विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी र हिन्दु संस्कृतिमा अत्यन्तै महत्वपूर्ण स्थल रूरू क्षेत्र लगायत विभिन्न सांस्कृतिक र धार्मिक स्थल छन्। जहाँ सांस्कृतिक पर्यटन प्रवर्द्धनको प्रचुर संभावना छ। यो हिसाबले हेर्दा लुम्बिनी प्रदेशले सिङ्गो नेपालको झल्को दिन्छ।

सङ्घीय सरकारले अघि सारेको समृद्ध नेपाल, सुखी नेपालीको सङ्कल्प पूरा गर्न समृद्ध प्रदेश, खुशी प्रदेशवासीको नारा अघि सार्दै योजनाबद्ध विकासको थालनी भयो। शून्यबिन्दुबाट अघि बढेको प्रदेशले जसरी योजनाबद्ध विकासको थालनी गऱ्यो, त्यसले सङ्घीय शासन प्रणालीप्रति नकारात्मक मानसिकता रहेको समाजलाई सकारात्मक बनाउन सम्भव भयो । प्रदेशको वस्तुस्थिति विवरण तयार गर्दै पाँच वर्षे आवधिक योजना, आवधिक योजनाको आधारमा प्रदेशको नीति, बजेट र कार्यक्रम अघि बढ्नुले आशा जगाउनु स्वाभविकै थियो। बजेट विनियोजन मागका आधारमा होइन,योजनाका आधारमा हुनुपर्छ, त्यसो गर्न सक्दा विकासको प्रतिफल नागरिकले पाउन सक्छन् भन्ने मान्यतालाई व्यवहारमा स्थापित गर्ने प्रयास सकारात्मक थियो। तर, शुरुमा स्थापित गर्न खोजिएका मान्यता अहिले मूलबाटोबाट ओझेलमा परेका छन्। राजनीतिक अस्थिरताको मारमा ओझेलमा परेका मान्यतालाई अझै पनि पुनःस्थापित गर्न सकिन्छ। त्यसका लागि बलियो राजनीतिक नेतृत्वको खाँचो छ।

मुलुकमा द्वन्द्वको कारण हो, असमान विकास। राज्य स्रोतको असमान वितरण, गरिबी र अभाव। राज्यस्रोतको असमान वितरणलाई समान बनाउन इमान्दार प्रयास गर्दा नागरिकको अनुहारमा चमक आउन सक्छ भन्ने एउटा उदाहरण हेरौं। रुपन्देहीको मर्चवार क्षेत्र पछाडि परेको क्षेत्र हो। भैरहवाबाट नजिकै भएर पनि अहिलेसम्म यहाँको सामाजिक अवस्था निकै कमजोर छ। भौतिक पूर्वाधार विकासका साथै शिक्षा, स्वास्थ्य र कृषिको विकासमा अपेक्षित गति अघि बढ्न नसकिरहेको र मर्चवारले हेपिएको महसुस गरिरहेको बेला प्रदेश सरकार स्थापनापछि मर्चवारले आत्मसम्मान पाएको महसुस गरेको छ। मर्चवारले

इतिहासमै शिक्षा, स्वास्थ्य, कृषि, सडकको क्षेत्रमा धेरै बजेट पाएको महसुस गरेको छ।

सङ्घीयता स्थापनापछि लुम्बिनी प्रदेशमा भएका केही आसलाग्दा प्रयासलाई यसरी उल्लेख गर्न सकिन्छ।

**स्वच्छ खानेपानी पुऱ्याउने अभियान**

संविधानले नागरिकको स्वच्छ खानेपानीको अधिकार सुनिश्चित गरेको छ। नागरिकको अधिकारलाई व्यवहारिक रूपमा स्थापित गर्न एक घर एक धारा अभियान चलिरहेको छ। प्रदेशभित्रका हरेक घरधुरीमा धारा पुऱ्याउने सङ्कल्प प्रस्ताव पारित गर्दै स्वच्छ खानेपानी तथा सरसफाइको दिगो एवम् योजनाबद्ध विकास तथा व्यवस्थापन गर्नको लागि प्रदेशभरका प्रत्येक स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना लागु गरिएको छ। यद्यपि अपेक्षित योजना सम्पन्न गर्न प्रयाप्त बजेट विनियोजन आवश्यक छ। लुम्बिनी प्रदेशमा हालसम्म ८४ प्रतिशत घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुगेको छ। आर्थिक वर्ष २०८०-०८१ मा मात्रै १ अर्ब ५४ करोड रूपैयाँ बजेट विनियोजन भएको थियो। आथिृक वर्ष २०८१- ०८२ मा ८० प्रतिशत काम भई अलपत्र परेका १ सय ६८ आयोजना सम्पन्न गर्ने गरी बजेट विनियोजन भएको छ। अरु आयोजनालाई प्राथमिकता छुट्टयाएर काम गर्ने तयारी भएको छ।

**सङ्घीयताले सुधेको स्वास्थ्य**

अस्पतालदेखि स्वास्थ्य चौकीसम्म पर्याप्त उपकरणको अभाव, पूर्वाधारको समस्या र दक्ष जनशक्ति सकेसम्म बस्नै नखोज्ने प्रवृति थियो। यसले निजी क्षेत्रका स्वास्थ्य संस्था मौलाएका थिए। गरिब र विपन्नको लागि सहज उपचार पाउन कठिन भइरहेको बेला सरकारी अस्पतालको व्यापक सुधारले अहिले सबै नागरिकले उपचार पाउन सक्ने वातावरण तयार भएको छ। प्रादेशिक र जिल्ला अस्पतालमा पूर्वाधार राम्रो बन्दै गएको छ। पहिलेझैँ जनशक्ति बस्नै नखोज्ने र पायक पर्ने ठाउँमा काज मिलाएर बस्ने प्रवृतिको अन्त्य भएको छ। आवश्यकता अनुसार उपकरणको व्यवस्था छ। सुविधा सम्पन्न प्रयोगशालाका लागि काठमाडौं पुग्नुपर्ने अवस्थाको अन्त्य भएको छ। बुटवलमा सुविधा सम्पन्न प्रयोगशाला स्थापना भएपछि बिरामीले छिटोछरितो सेवा पाएका छन्। यो प्रयोगशालाको स्थापना भएपछि जाँचका लागि काठमाडौं पठाउनुपर्ने बाध्यता हटेको छ। जिल्ला अस्पतालमा गाडी, शव राख्ने मर्चरी फ्रिज, भिडियो एक्स-रे र प्रयोगशाला व्यवस्था छ। अहिले रोल्पा, गुल्मी लगायत पहाडी जिल्लाका जिल्ला अस्पतालले सामान्य शल्यक्रियाका लागि रिफर गर्नुपर्ने अवस्थाको अन्त्य भएको छ। सीमावर्ती बर्दिया, परासीको पृथ्वीचन्द्र र भैरहवाको भीम अस्पतालमा सीमावर्ती भारतीय गाउँबाट बिरामीको लर्को लाग्नुले हाम्रा अस्पताल सुधारको एउटा सूचक हो। संविधानले स्वास्थ्यलाई मौलिक हक मानेको छ। नागरिकको स्वास्थ्य पहुँचमा भएको विस्तारले आगामी दिनमा यसको बहुआयामिक प्रभाव पर्ने छ। जिल्ला अस्पतालहरूको स्तरोन्नति गरिएको छ।

प्रदेश सरकारले लुम्बिनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पताललाई विशिष्टीकृत अस्पतालको रूपमा विकास गर्ने योजनालाई कार्यान्वयन अघि बढाएको छ। राप्ती अस्पतालको पूर्वाधार विकासमा ११ करोड रुपियाँ लगानी भएको छ। यो अस्पतालमा ६ सय शैया स्तरोन्नति गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन डीपीआर तयार



*बुद्ध जन्मस्थल लुम्बिनी*

हुँदैछ।

लुम्बिनी प्रादेशिक अस्पतालको विस्तृत परियोजना प्रतिवेदन डीपीआर तयार भई ठेक्का लागेको छ। लुम्बिनी प्रादेशिक अस्पतालमा १ हजार २ सय शैयामा स्तरोन्नति गर्ने गरी ६ अर्ब १८ करोड ७५ लाखमा ठेक्का सम्झौता भई भवन निर्माणको काम अघि बढेको छ। भवन निर्माण गर्न आर्थिक वर्ष २०८१-०८२ का लागि १ अर्ब ८० करोड रुपियाँ विनियोजन गरिएको छ। आर्थिक २०८०-०८१ मा ७० करोड रुपियाँ विनियोजन भएको थियो। यसैगरी सबै जिल्ला अस्पतालमा राम्रो पूर्वाधार विकास भएको छ। भीम अस्पतालमा ११ करोडको लागतमा अस्पतालको सुविधा सम्पन्न भवन बन्दैछ। लुम्बिनी आर्युवेद चिकित्सालयको पूर्वाधार विकासमा ४ करोड लगानी भइसकेको छ।

**कोभिड–१९ नियन्त्रण र उपचारमा अनुकरणीय प्रयास**

लुम्बिनी प्रदेशले कोभिड–१९ नियन्त्रण र उपचारमा केही नमूना काम गर्‍यो। जुन काम अरुका लागि पनि अनुकरणीय भए। कोभिड–१९ को सङ्क्रमण शुरु भएलगत्तै चार कोरोना विशेष अस्पताल बनाउने र त्यसको संयोजन मन्त्रीले गर्ने व्यवस्था गरी महामारीप्रति सरकार संवेदनशील देखियो। कोरोना विशेष अस्पताल बनाउने निर्णयले कोरोना उपचारमा प्रभावकारी भयो। यसो गर्दा अस्पतालका अन्य नियमित सेवा प्रभावित भएनन्। कोभिड विशेष अस्पताल निर्माण गरी महामारी नियन्त्रणमा अग्रसर भएको लुम्बिनी प्रदेशको काम अरु प्रदेशको भन्दा पृथक हो। कोरोना उपचार कोष खडा गरियो। क्वारेन्टिन र आइसोलेसन निर्माणका लागि स्थानीय तहका लागि बजेट व्यवस्थापन गरेर अभिभावकीय भूमिकामा प्रदेश सरकार रहयो। १ सय ९ वटै स्थानीय तहलाई बजेट उपलब्ध गराइ महामारी नियन्त्रणमा तहगत सरकारबीचको संयोजन प्रभावकारी रुपमा अघि बढ्यो ।

भारतबाट आएका नेपालको दुई

तिहाई भन्दा धेरै जिल्लामा जाने नागरिकको व्यवस्थापन केही समय रुपन्देही र बाँके जिल्लाले गरेका थिए। निकै सङ्कट र जोखिमपूर्ण अवस्थामा हतास नभई क्वारेन्टिन र होल्डिङ सेन्टर व्यवस्थापनमा यी जिल्लाले गरेको काम प्रशंसनीय छ। अन्य जिल्लाबाट घर पुग्नका लागि नागरिक बाटोमा लाम लागेर हिँडिरहेको बेला यो प्रदेशका प्रमुख शहरी क्षेत्रमा काम गर्ने ठूलो सङ्ख्याका मजदुरलाई स्थानीय तहसँगको समन्वयमा शुरुमा नै घरमा पुग्ने व्यवस्था मिलाउन सफल भएकोले प्रदेश सरकारप्रति नागरिकले अपनत्व महसुस गरे।

कोभिड-१९ महामारी नियन्त्रणको कामलाई प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारी, प्रहरी अधिकारी, स्थानीय तहका जनप्रतिनिधि र राजनीतिक दलका नेतासँग मुख्यमन्त्रीले मुख्यमन्त्री कार्यालयबाट नियमित भर्चुअल बैठक र अन्तरक्रिया गरेर समस्या पहिचान र समाधानको पहलकदमीले महामारी नियन्त्रणमा सबै एउटै लयमा हिँड्न प्रेरित गऱ्यो।

**शिक्षामा पहुँच पुऱ्याउन छात्रवृत्ति**

अभाव र गरिबीले स्कुल र क्याम्पसको दैलो टेक्न नपाएकाहरू अहिले पढ्न पाएका छन्। प्रदेश सरकारले वितरण गरेको विभिन्न खालका छात्रवृत्तिको लाभ ती समुदायले लिएका छन्। सीमान्तकृत समुदायले सरकार हुनुको अनुभूति गर्न पाएको छ। महिला,कमैया, मुस्लिम, दलित समुदायका छात्र छात्राका लागि प्रदेश सरकारले पाँच प्रकारका छात्रवृत्ति प्रदान गर्दै आएको छ। तीमध्ये सामुदायिक क्याम्पसमा अध्ययनरत विद्यार्थीका लागि उच्च शिक्षा छात्रवृत्ति, विज्ञान विषयमा उच्च शिक्षा अध्ययनरत छात्राहरूका लागि उच्च शिक्षा छात्रवृत्ति,मुक्त कमैया, कम्हलरी, मुस्लिम र सीमान्तकृत समुदायका छात्राहरूलाई उच्च शिक्षा अध्ययन सामान्य छात्रवृत्ति, मुक्तकमैया, कम्हलरी, मुस्लिम र सीमान्तकृत समुदायका छात्राहरूलाई आवासिय छात्रवृत्ति र सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषयमा अध्ययनरत छात्राहरूका लागि छात्रवृत्ति हुन्। सामाजिक विकास निर्देशनालयका अनुसार, आब २०८०/०८१ मा ५ करोड ९३ लाख ४३ हजार रूपियाँ छात्रवृत्तिका लागि वितरण गरिएको छ।

अन्त्यमा नेपालको संविधानको भाग ३ मा धारा १६ देखि ४८ सम्म गरी ३२ वटा विभिन्न मौलिक हकका बारेमा उल्लेख छ। ती मौलिक हक कार्यान्वयन गर्न तहगत सरकारबीच समन्वय र सहकार्य हुनुपर्छ। कतिपय मौलिक हक कार्यान्वयन हुन कानुन बन्नुपर्ने छ। कतिपय नीति, योजना, बजेट र कार्यक्रम अघि सार्दा स्वाभाविक रूपमा कार्यान्वयन हुन्छन्। प्रदेश सरकारले उल्लेखित क्षेत्रमा गरेका कामले संविधानमा उल्लेख भए अनुसार नागरिकले मौलिक हकको उपभोग गर्न पाएका छन्। मौलिक हक कार्यान्वयनले संविधानको कार्यान्वयन भएको छ। जसले मानव अधिकारको सुनिश्चिता प्रदान गरेको छ। राज्यप्रति नागरिकको भरोसा र विश्वास बढेको छ।

सङ्घीयताले खर्च बढेको छ,त्यससँगै नागरिकको पहुँच बढेको छ। सेवाप्रवाह सहज भएको छ। टोल, वडा र पालिकाको बाटोघाटो, खानेपानी सडक, स्वास्थ्य चौकी, अस्पताल, विद्यालय लगायतको विकासका लागि सिंहदरबारकै मुख ताक्नुपर्ने बाध्यता हटेको छ।

*(लेखक, पत्रकार हुनुहुन्छ।)*

# सङ्घीयता कर्णालीका लागि चुनौती कि अवसर ?

**पृष्ठभूमि**

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन लागु भएको नौ वर्ष भएको छ। सङ्घीयता भन्नु नै स्रोत साधनको उचित बाडफाँट, स्वायत्तता, अधिकार र क्षेत्राधिकार लगायतका विषयहरूमा संविधानत प्रष्ट पारिएको विधिको शासन पद्धति हो। सङ्घीयता शक्ति पृथकीकरण र सन्तुलनको नयाँ संरचना हो।

नेपालको भुगोल, संस्कृति र जनसङ्ख्याको आधारमा यी सबै पक्षलाई समेटिने गरी अहिले नेपालमा ७ सय ५३ स्थानीय सरकार, सात प्रादेशिक र एक सङ्घीय सरकार गरी तीन तहका सरकार सञ्चालनमा रहेका छन्। संविधानले प्रदान गरेका एकल र साझा अधिकारहरूको कार्यान्वयन गर्न यी तीन तहका सरकारहरूले आफू अनुकूल विभिन्न कानुन, कार्यक्रम र योजनाहरू निर्माण गर्दै आइरहेका छन्। सङ्घीय संरचनालाई बलियो बनाउन संविधानको धारा २३२ ले व्यवस्था गरे अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सेतुको रूपमा तीन 'स' अर्थात सहकार्य, सहअस्तित्व र समन्वयलाई राखिएको छ। त्यसैगरी सङ्घ, प्रदेश र स्थानीय तहहरू एक अर्को मातहतका अङ्ग नभई संविधान र कानुनका सीमामा बाँधिएका सहयोगी र परिपूरक संरचना हुन् भन्ने स्पष्ट व्याख्या गरिएको छ।



केशवी जोशी

**कर्णालीलाई सङ्घीयताको महत्त्व**

कर्णालीलाई सङ्घीयताको सबैभन्दा बढी लाभ लिन सक्ने सम्भावना बोकेको प्रदेशका रूपमा लिइएको छ। खस राज्यकालीन समयमा समृद्ध, आर्थिक रूपले सम्पन्न व्यापारिक र शासकीय केन्द्रको रूपमा ख्याती कमाएको कर्णाली प्रदेशलाई भौगोलिक विकटताका आधारमा गरिएको विभेदको अन्त्य गर्न यो उपयुक्त शासन प्रणाली हो। शासन सत्ताबाट च्युत भएपछि अर्थात एकीकरणपछिका सवा दुई सय वर्षसम्म कर्णाली प्रदेशले केन्द्रीय सत्ताको बेवास्ता र हेपाहा प्रवृत्तिको सामना गरिह्यो। तर, सङ्घीयताको कार्यान्वयनसँगै आफ्नो भाग्य रेखा आफैं कोर्ने अधिकार पाएको छ।

केन्द्रीय सत्ता र आमसञ्चार माध्यमले निर्माण गरिदिएको कर्णालीको रेखाचित्रले आम मानिसको कर्णालीलाई हेर्ने दृष्टिकोण एकोहरो भएको छ। कर्णाली शब्द सुन्ने बित्तिकै विकट, पिछडिएको गरिबीले थिचिएको भोकमरीले आक्रान्त, सधैं महामारीको प्रकोप खेपिरहने, शिक्षाको अभाव, अन्धविश्वास, कुप्रथाहरूले घेरिएको र बेरोजगारीले व्याप्त जस्ता भाष्य निर्माण गरिएको छ। यी र यस्ता चित्रणलाई चिर्न कर्णाली प्रदेशले विकासका पूर्वाधारहरूमा यहाँका जनताको सहज पहुँच र प्रयोग गराउन सक्नु पर्छ। त्यसका लागि नीति निर्माण, कार्यान्वयन र कार्ययोजना निर्माणका साथै लागु गरिएका कार्यक्रमको सुपरीवेक्षण गर्न अति आवश्यक छ। अध्ययन अनुसन्धान

नगरी हचुवाका भरमा लागु गरिएका कार्यक्रमहरू त्यति लाभदायी देखिएका छैनन्। छोरीको सशक्तिकरण र सुरक्षाका लागि लागु गरिएको कार्यक्रम "बैंक खाता छोरीको, सुरक्षा जिवनभरिको" असफल भएको छ। उक्त कार्यक्रमलाई दूरदर्शिता बिना र कमजोर कार्ययोजनाका आधारमा ल्याइएकोले असफल भएको विज्ञहरूको ठम्याइ छ।

प्रकृतिले कर्णाली प्रदेशलाई अद्वितीय प्राकृतिक स्रोत र साधन उपलब्ध गराएको छ। यसको समयमै पहिचान, उत्खनन् र परिचालनका लागि प्रदेशले जतिसक्दो चाडो अनुसन्धान र नयाँ कार्ययोजना सहित अगाडि बढ्नु पर्ने देखिन्छ। त्यसका लागि चाहिने आर्थिक स्रोत कर्णाली स्वयमले आर्जन र परिचालन गर्न सक्छ। सङ्घीय शासन प्रणालीले कर्णाली प्रदेशका लागि सबै क्षेत्र र पक्षलाई महत्त्वपूर्ण बनाइदिएको छ।

**सांस्कृतिक र सामाजिक पक्ष**

कर्णाली प्रदेश एउटा महान सभ्यताको केन्द्रविन्दु हो। जुम्लाको सिञ्जा उपत्यका नेपाली भाषाको उद्गमस्थल तथा खस सभ्यताको राजधानी हो। उक्त सभ्यताको गहिरो अध्ययन अनुसन्धान गरी विश्वव्यापीकरण गर्न सकिएको छैन। कुनै पनि देश वा क्षेत्रको चालचलन, रीतिरिवाज, भेषभुषा, परम्परा र मूल्यमान्यता लगायतको संस्कृति त्यहाँको पहिचानको लागि महत्वपूर्ण हुन्छ। केन्द्रले गर्न नसकेका र केन्द्रको नजरमा पर्न नसकेका सांस्कृतिक विषयहरू पनि प्रदेश र स्थानीय तहको प्रमुख मुद्दा बनेका छन्। आमसञ्चारका लागि चाहिने कच्चा पदार्थ नै संस्कृति भएकाले यहाँको सांस्कृतिक पक्षहरूको अध्ययन अनुसन्धान गरी त्यसका बारेमा वृत्तचित्र, चलचित्र आदि बनाउन विश्वको मिडिया बजारमा लैजान सकियो भने यसलाई कर्णालीको प्रचारप्रसार मात्र नभएर आर्थिक उपाजर्नको स्रोत समेत बनाउन सकिन्छ।

सिञ्जाको लोप हुँदै गएको अस्तित्व, भेषभूषा र भाषा तथा शताब्दी पुरानो वास्तविक कर्णाली र हालको कर्णालीलाई विश्वमा चिनाउन 'कचहरी' चलचित्रले महत्त्वपूर्ण भुमिका खेलेको छ। त्यस्तै, क्याराभान, कालोपोथी जस्ता चलचित्रले कर्णालीलाई चिनाएको छ। तर, अब कर्णालीको दुःखलाई भन्दा पनि 'संमृद्ध कर्णाली: सुखारी कर्णालीबासी' भन्ने कर्णाली प्रदेशको दीर्घकालीन सोचलाई मध्यनजर गरी क्यानभासमा उतार्नु पर्छ। कर्णाली प्राकृतिक, सांस्कृतिक र स्रोतसाधनले भरिपूर्ण छ। खाँचो छ त केवल त्यसको सदुपयोग, जगेर्ना र विस्तारको। विश्वका विभिन्न सभ्यताको बारेमा विश्वविद्यालय र विद्यालयको पाठ्यक्रममा समेटिनेछन्, तर, हाम्रो आफ्नै राष्ट्रिय भाषा र सभ्यताको उद्गमस्थल सिञ्जा सभ्यताको बारेमा नसमेटिनु दुःखद पक्ष हो। यसलाई विश्वविद्यालय र विद्यालयको पाठ्यक्रममा समेट्न पहल गर्न ढिला भइसकेको छ।

नरालो, कटुवाले प्रथा, पञ्चेबाजा, ढोल, भित्तेलेखन, गन्धर्व, शंख, खस संस्कृतिको मागल लगायतका परम्परागत सञ्चारमाध्यम अझै पनि विद्यमान छन्। जसलाई जगेर्ना गरी आर्थिक आभ लिन सकिन्छ।

**राजनीतिक पक्ष**

राजनीतिक नेतृत्व देश वा प्रदेश सबै क्षेत्र लागि प्रमुख मेरुदण्ड हो भने विकास र अर्थतन्त्र निर्माणमा दख्खल पुऱ्याउने सबल पक्ष हो। यसको पुष्टि कर्णालीको इतिहासले पनि गर्छ। भौगोलिक विकटतालाई विकासको वाधाको रूपमा हेरिँदै आएको कर्णालीमा

वि.सं १८४६ अघिसम्म पूर्व गण्डकदेखि पश्चिममा टिस्टा र काँगडासम्मको विशाल साम्राज्य निर्माण गरी शासन गरेको इतिहास छ। प्रकृतिलाई मध्यनजर गरेर शीतकालीन तथा ग्रीष्मकालीन समयका लागि छुट्टै राजधानीको व्यवस्था गरिएको थियो। उक्त समयमा कर्णाली खाद्यान्नमा आत्मनिर्भर मात्र नभएर अन्तरदेशीय व्यापारमा पनि अब्बल रहेको थियो। तिब्बत र मधेशसँगको मध्यस्थताको रूपमा अपनाइएको व्यवस्थित व्यापार प्रणालीलाई त्यस समयको असल कुटनीतिका रूपमा लिइन्छ। एकीकरणपछिको समयमा समृद्ध कर्णाली गरिबी र भोकमरीको चपेटामा रुमल्लिन पुग्यो। नेपालमा भएका कुनै पनि राजनीतिक परिवर्तनले कर्णालीलाई परिवर्तन गर्न सकेन भने सङ्घीयताले फेरि कर्णालीलाई समृद्ध बन्न बाटो खोलिदिएको छ।

कर्णालीको भौगोलिक अवस्थालाई मध्यनजर गरी समस्या पहिचान र विकास रणनीति तयार गर्न वि.सं. २०६९ मा कर्णाली प्रदेश योजना आयोग गठन भयो। तर, आयोगले सोचेजस्तो काम गर्न नसकेको र त्यसको औचित्य नरहेको भन्दै विघटन गरियो। यसले पनि केन्द्रले कर्णालीलाई हेर्ने नजरिया प्रष्ट पार्छ। सङ्घीयताले प्रदेशहरूलाई एकल अधिकार दिएको छ। त्यसको प्रयोग गर्दै कर्णाली प्रदेश सकारले कर्णालीको दिगो विकासका लागि कर्णाली प्रदेश योजना आयोग गठन गरेको ६ वर्षमा प्रवेश गरेको छ। आयोगले पञ्चवर्षीय योजना लगायतका विभिन्न योजनाहरू लागु गरेको छ।

## आर्थिक पक्ष

६ दशक लामो योजनाबद्ध विकासको अवधिमा नेपालमा नौ ओटा पञ्चवर्षीय र पाँच ओटा त्रिवर्षीय योजना कार्यान्वयन हुँदा पनि कर्णालीको विकटता, गरिबी र अशिक्षामा खासै सुधार देखिएन। त्यसैले सङ्घीयताको महत्त्व कर्णालीका लागि विशेष रहेको राजनीतिज्ञको भनाइ छ।

कर्णालीमा प्रचुर मात्रामा प्राकृतिक स्रोत सम्पदा छन्। त्यसको पहिचान र परिचालन गर्नसके कर्णाली नेपालको सबैभन्दा समृद्ध प्रदेश बन्ने अपेक्षा गर्न सकिन्छ। त्यसका लागि सङ्घ र प्रदेश तह सम्मको राजनीतिक प्रतिबद्धता, आर्थिक सहयोग र सहकार्य, समुचित व्यवस्थापन, जनताप्रति उत्तरदायी र जिम्मेवारीसहितको कार्यक्रमको योजना ल्याउनुपर्ने हुन्छ।

विकासका पूर्वाधारको सुधार र विकास पहिलो योजना बन्नु पर्छ र जुन अहिलेसम्मका सबै सरकारको पहिलो प्राथमिकतामा रहेको छ। सडक, ऊर्जा, बस्ती विकास, खानेपानी, स्वास्थ्य र सञ्चारको लागि भौतिक पूर्वाधारको विकासलाई कर्णाली प्रदेशले पहिलो प्राथमिकतामा राखेको छ। तर, पूर्वाधार निर्माणको नाममा अव्यवस्थित बस्ती र कुनै अध्ययन बिना नै बाटोको निर्माण भइरहेको छ। जसका कारण उत्पादनशील जग्गाहरू मासिने बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपको समस्याको जोखिम बढ्दो छ। उपयुक्त पूर्वाधारको निर्माण, उद्योग र कलकारखाना खोल्न सके कर्णालीका दिन दुःखबाट सुखमा बदल्न गाह्रो छैन। अन्यथा, व्यवस्थित विकास नभएसम्म ती सम्भावनाहरूबाट तुलनात्मक लाभ लिन सकिने अवस्था छैन।

## चुनौती

सङ्घीय सरकारमा देखिने राजनीतिक खिचातानीको प्रभाव प्रदेश सरकारका लागि चुनौती हो भन्दा अस्वभाविक नहोला। देश वा प्रदेशको विकासमा सबैभन्दा ठूलो चुनौती अस्थिर

# मानव अधिकारमैत्री नगरपालिका बनाउने अभियानमा छौं



**आठ ओटा स्थानीय तहमध्ये जुम्ला जिल्लामा एक नगरपालिका र सात गाउँपालिका छन्। यस जिल्लामा एक मात्रै चन्दननाथ नगरपालिका रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस चन्दननाथ नगरपालिकाको जनसङ्ख्या महिला १० हजार ६ सय ३७ र पुरुष १० हजार ६ सय ३७ गरी जम्मा २१ हजार ३६ रहेको छ। यो नगरपालिकाको महिला साक्षरता दर ६७.८ र पुरुष साक्षरता दर ८७.७ प्रतिशत छ। कुल साक्षरता दर ७७.६ प्रतिशत रहेको छ। नगरपालिकाकी उपमेयर रामदेवी खड्कासँग इन्सेक प्रतिनिधि *मानदत्त रावल*ले गर्नु भएको कुराकानीको अंश:**

**मानव अधिकार संरक्षण, संवर्धन र प्रवर्धनका लागि नगरपालिकाले के-कस्ता योजना कार्यान्वयन गरेको छ ?**

नेपालको संविधानले प्रदान गरेका मौलिक हक र मानिस भएर पाउने मानव अधिकार पाउनबाट कोही व्यक्ति पनि वञ्चित नहुन भनेर हामीले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,  जनजाति, दलित, विपन्न, एकल महिला लगायत विपन्न वर्गको उत्थानमा काम गरेका छौँ। मानव अधिकारबाट पीडित भएकालाई न्यायको पहुँचसम्म पुऱ्याउनेदेखि उनीहरूलाई सतेचना जगाउने काम भएको छ। शिक्षा स्वास्थ्यमा विशेष जोडसहित अन्य विकास निर्माणका काम गर्दै आएका छौँ।

**महिला हिंसा न्यूनीकरणका लागि नगरपालिकाले के-कस्ता पहल गरेको छ ?**

महिला हिंसा न्यूनिकरणका लागि हामीले विभिन्न जनचेतनामुलक कार्यक्रम गर्ने गरेका छौँ। महिला बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका क्षेत्रमा काम गर्दै आएका छौँ। नगरपालिकाले विगतदेखि अल्पकालीन महिला सेवा केन्द्रसँग सहकार्य गरी हिंसामा पीडित महिला बालबालिकालाई आपतकालीन आवासीय सेवा प्रवाह गर्दै आएका छौँ। हिंसामा पीडित महिला बालबालिकालाई सेफ हाउसमा राखेर उनीहरूलाई कानुनी प्रक्रियामा लैजानका लागि न्यायीक निकायसँग समन्वय सहकार्य गर्ने गरेका छौँ। यस चालु आर्थिक वर्षमा पनि नगरपालिकाले ५ लाख रुपियाँ बजेट विनियोजन गरी हिंसा पीडित महिला बालबालिकालाई कानुनी प्रक्रियामा जान सहज गरेका छौँ। महिला तथा बाल कल्याण अधिकारी राखेर काम गरिरहेका छौँ। महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्यका लागि अन्तरक्रिया, गोष्ठी र लैङ्गिक हिंसा विरुद्धका अभियानहरू गर्ने गरेका छौँ। त्यस्ता कार्यक्रम गरिरहँदा

महिला हिंसा न्यूनीकरणमा धेरै नै टेवा पुगेको छ। अब नगरपालिकाले सञ्चालन गर्ने गरी सेफ हाउस निर्माण गरेर हिंसामा परेका महिला बालबालिकालाई कानुनी प्रक्रियामा जान सहज बनाउने योजना छ। सचेतनाका कार्यक्रमले हिंसामा परेका महिलाहरू न्यायका लागि आवाज उठाउने भएका छन्। महिलाहरूको क्षमता तथा आयआर्जनमा वृद्धि गर्नका लागि सिपमुलक तालिम सञ्चालन गर्दै आएका छौँ। हिंसा पीडित महिलालाई पनि विशेष प्रथामिकतामा राखेर सिपमुलक तालिम दिने गरेका छौँ। जसका कारणले उनीहरूको आयआर्जनमा टेवा पुगेको छ।

**स्वास्थ्य, वातावरण र विभेदको सवालमा के कस्तो काम भएका छन् ?**

स्वास्थ्यको हकमा नगरपालिकाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यहाँका नागरिकलाई सहज, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा जोड दिएको छ। विशेषज्ञ चिकित्सकसहित स्वास्थ्य सेवा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान यसै नगरपालिका भित्रै रहेको छ। यसका अलवा आधारभूत स्वास्थ्य सेवाका लागि नगरपालिका-८ र ९ नम्बर वडाको सहजताका लागि प्रसुतिगृहसहितको तालिम स्वास्थ्य चौकी सञ्चालनमा रहेको छ। यस्तै अन्य दुई वडामा स्वास्थ्य चौकी र अरू वडामा सामुदायिक स्वास्थ्य केन्द्रहरू सञ्चालनमा छन्। स्वास्थ्य संस्थामा आवश्यक औषधी उपचारको समयमै व्यवस्थापन गर्ने गरेका छौँ। आमा सुरक्षा कार्यक्रम, किशोरकिशोरी मैत्री कार्यक्रम, कुपोषित बालबालिकालाई पोषणयुक्त बनाउनका लागि नगरपालिका भित्रै चार वडामा पोषण सुधार गृह नै सञ्चालन गरेका छौँ। नगरपालिकालाई पूर्णखोप घोषणा गरिएको छ। स्वास्थ्य सेवाका हिसाबले कर्णाली प्रदेशका ७९ ओटा स्थानीय तहमध्ये चन्दननाथ नगरपालिका तेस्रो स्थानमा रहेको छ। पहिलो स्थानमा ल्याउने गरी काम गर्दै आएका छ। वातावरणीय स्वच्छता तथा सरसफाइका लागि नगरपालिका फोहोर सङ्कलन गर्दै आएको छौँ। यसका विषयमा सचेतीकरण पनि गर्ने गरेका छौँ। वृक्षारोपण पनि गर्ने गरेका छौँ। समुदायमा अझैपनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा विभेद हुने गरेका छन्। त्यसको अन्त्यका लागि सचेतीकरणका कार्यक्रम गर्नुका साथै कानुनी प्रावधानका विषयमा सहजीकरण गर्दै आएका छौँ।

**नगरपालिकाले के कस्ता योजना बनाएको छ ?**

नगरपालिकाले विशेषगरी शिक्षा, स्वास्थ्य, रोजगार, विकास निर्माणलगायत सुशासनका क्षेत्रमा सुधार गर्ने कार्यक्रमहरू बनाएका छौँ। मानव अधिकार सुनिश्चित गर्नेका लागि हरेक नागरिकलाई शिक्षा र स्वास्थ्यको पहुँचमा ल्याउने कार्यक्रम बनाउने गरेका छौँ। आत्मनिर्भर गर्नका लागि आय आर्जन मुलक कार्यक्रम बनाउने योजना बनाएका छौँ। यस किसिमका कार्यक्रमलाई प्रभावकारी सञ्चालन गरेमा आम नागरिकको मानव अधिकार सुनिश्चित हुने देखिन्छ। हामी चन्दननाथ नगरपालिकालाई बालविवाह, बहुविवाह, महिला हिंसा, छाउपडी प्रथा, जातीय विभेद जस्ता सामाजिक कुरीतिलाई निर्मूल गरी मानव अधिकारमैत्री बनाउने अभियानमा रहेका छौँ।

राजनीति र सरकार परिवर्तन भइरहनु हो।

दोस्रो चुनौती कर्णालीको भौगोलिक विकटता हो। जसका कारण कर्णाली प्रदेश भौतिक विकासको दृष्टिबाट सबै प्रदेश भन्दा पछाडि छ। अझै पनि केही जिल्ला र क्षेत्रमा सडक मोटरबाटो पुगेको छैन। पुगेका जिल्लामा पनि बाटो राम्रो छैन। आधारभूत पूर्वाधारको समुचित विकास हुन सकेको छैन। नागरिकहरू शिक्षा, स्वास्थ्य, खानेपानी, यातयात, विद्युत जस्ता आधारभूत आवश्यकताबाट बञ्चित छन्। भौगोलिक विकटता, प्राकृतिक विविधता र छरिएर रहेको मानवबस्ती पनि चुनौतीको रूपमा रहेको छ। एकीकृत बस्तीको अवधारणा निर्माण भए पनि लागु गर्न उत्तिकै कठिन अवस्था छ। विकासका पूर्वाधारमा नागरिकको पहुँच पुऱ्याउन सक्नु नै यो प्रदेशका लागि पहिलो चुनौती हो।

वि.सं. १९५१ यतादेखि २०८० सम्मको इतिहास हेर्ने हो भने कर्णालीमा कुनै न कुनै मानव तथा पशुजन्य महामारी फैलिएको विवरण पाइन्छ। भोकमरी, महामारी, उपचारको कमी, कुपोषण, प्राकृतिक प्रकोपमा परेर सित्तैमा मर्नुपर्ने जस्ता कारुणिक दृश्यहरू दोहोरिइरहनु पनि कर्णालीका स्थानीय र प्रदेश सरकारको चुनौती हो। नागरिकको स्वास्थ्यको लागि जिल्ला अस्पतालहरू, स्वास्थ्य चौकीहरू स्थापना भए पनि दक्ष जनशक्तिको अभाव र औषधीको अभाव खट्किरहन्छ। कर्णालीमा सिटामोल पाइदैन भन्ने विषय केन्द्रमा हँस्सीमजाकको विषय बन्छ।

जनसङ्ख्याका आधारमा सबैभन्दा सानो, भूगोलका आधारमा सबैभन्दा ठूलो र स्रोतसाधनले भरिपूर्ण प्रदेश कर्णाली हो। तर, केन्द्रबाटै जनसङ्ख्याको आधारमा कम बजेट विनियोजन हुनु र विनियोजित बजेट पनि समयमै खर्च नभएर फ्रिज हुनु अर्को ठुलो चुनौती हो। केन्द्रमा भरपर्दो पहुँच स्थापित हुन नसक्नु र केन्द्रबाट सधैँ उपेक्षित भइरहनु यसको प्रमुख कारण हो। बजेट फ्रिज हुनुको कारण दलहरूबीचको समन्वयको अभाव र खिचातानी हो।

विश्वव्यापीकरणको प्रभाव, खाद्यान्नमा परनिर्भरता, उत्पादन भएका वस्तुहरूको व्यवस्थित बजारको अभाव, महँगो ढुवानी सेवा, आयात र निर्यातमा असुविधा लगायतका समस्या कर्णालीले भोगिरहेको छ। त्यस्तै, अर्को चुनौती भारतसँग जोडिने निकास विन्दु नहुनु र चीनतिरका नाका पूर्णरूपले नखुल्नु पनि हो। जसले गर्दा कर्णालीले अन्य प्रदेशको तुलनामा ढुवानीका कारण खाद्यान्नदेखि लत्ताकपडामा समेत महँगो मूल्य चुकाउनु पर्छ। त्यस्तै, कर्णाली भूगोलको दृष्टिले देशको करिब १९ प्रतिशत क्षेत्र ओगटेको र प्राकृतिक स्रोत साधनले भरिपूर्ण छ। स्रोत साधनको व्यवस्थित र उचित प्रयोग गर्न कर्णालीमा साना तथा मझौला किसिमका उद्योगहरू स्थापना नहुँदासम्म कर्णालीको परनिर्भरता रहिरन्छ।

मानव विकास प्रतिवेदन, २०२० अनुसार कर्णाली सामाजिक र आर्थिक दुवै सूचकाङ्कमा कमजोर देखिएको छ। देशको मानव विकास सूचकाङ्कमा ०.६०२ रहेकोमा कर्णालीको ०.५३८ रहेको छ। राष्ट्रिय प्रतिव्यक्ति आय १ हजार ३ सय ८१ अमेरिकी डलर हुँदा कर्णालीमा प्रतिव्यक्ति आय ९ सय ६४ अमेरिकी डलर रहेको छ। यी महत्त्वपूर्ण सूचकाङ्कहरूको आधारमा यो प्रदेशको अवस्था कमजोर देखिन्छ। तर, राष्ट्रिय तथ्याङ्क कार्यालयको जनसाङ्ख्यिक सूचीअनुसार अन्य प्रदेशका मानिसको औसत आयुभन्दा कर्णालीका मानिसको औसत आयु बढी छ। कर्णाली प्रदेशका मानिसको औसत

आयु ७२.५ वर्ष छ। जुन राष्ट्रिय औसत आयुभन्दा पनि बढी हो। नेपालीहरूको औसत आयु ७१.३ वर्ष रहेको छ।

**अवसर**

सङ्घीयताले कर्णालीलाई आफ्नो भविष्य बदल्न थुप्रै अवसरहरू दिएको छ। आफ्नो भूगोल र परिवेश अनुकूलका नीति निर्माण गर्न पाउनु पहिलो मुख्य अवसर हो। कर्णाली प्रदेश र ७९ ओटा स्थानीय तह आफ्नो परिवेश अनुकूल नीति निर्माणको कार्यमा सक्रिय रूपले लागिरहेका छन्। कर्णालीले यहाँका स्रोत र साधनको प्रयोग गर्न पाउनु सङ्घीयताले प्रदान गरेको अर्को महत्त्वपूर्ण अवसर हो। यो प्रदेश र स्थानीय तहको विकासका लागि ठूलो आर्थिक स्रोत पनि हो। आर्थिक सर्वेक्षण २०७८/७९ को तथ्याङ्कअनुसार समग्र नेपालको आर्थिक वृद्धिदर २.१६ रहँदा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर २.२ रहेको थियो।

तेस्रो महत्त्वपूर्ण विषय सङ्घीयताले कर्णालीका नागरिकलाई सेवा प्राप्तिमा सहज पहुँचको अवसर दिएको छ। नागरिकहरूले अधिकांश सार्वजनिक सेवाहरू स्थानीय तहमार्फत लिइरहेका छन्। जसका कारण उनीहरूको समय र पैसाको बचत भएको छ। समावेशीताको अवधारणा अनुसार महिला, सीमान्तकृत समुदाय, तल्लो वा पिछडिएको वर्गलाई समेत नेतृत्व तहमा समावेश गरिनु अर्को उपलब्धि हो। सबै समुदायबाट सरकारी तथा राजनीतिक दलहरूमा समावेशी प्रतिनिधित्व भएको कारण सबै समुदायको आवाज नीति निर्माण गर्ने ठाउँसम्म पुग्न सम्भव भएको छ। यसका अलावा संविधानले प्रदान गरेको अधिकारको प्रयोग गरी कर्णालीले निम्न क्षेत्रलाई अवसरको रूपमा लिन सक्छ।

**पानी/उर्जा**

हाम्रो देशमा सबै भन्दा बढी बहसको विषय बन्ने उर्जा क्षेत्र हो। कर्णालीसँग ठूला-साना गरेर धेरै नदीनालाहरू छन्। तर, त्यसको सदुपयोग हुन सकेको छैन। पानीको सदुपयोग गर्ने हो भने माछापालन व्यवसायले पनि ठूलो बजार लिनसक्ने सम्भावना छ। तर, बजारीकरणमा सङ्घीय र प्रदेश सरकारले सघाउनु पर्छ।

कर्णाली प्रदेशमा अहिले ४८ ओटा जलविद्युत आयोजनाको अध्ययन र उत्पादन गर्ने प्रक्रिया अगाडि बढेको छ। विद्युत् विकास विभागका अनुसार कर्णालीमा करिब १८ हजार मेगावाट विद्युत् उत्पादन गर्नसक्ने क्षमताको जलस्रोत छ। साना तथा मझौला विद्युत योजनाहरूको विकासका कार्यक्रमलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । न्यूनतम ऊर्जाको आपूर्ति गर्न सकेमात्र ठूला जलविद्युत परियोजनाहरूका लागि हात बढाउन उपयुक्त देखिन्छ। दैलेख आदि क्षेत्रहरूमा ग्याँस इन्धन लगायतका पेट्रोलियम पदार्थ हुनसक्ने सम्भावनाहरू छ।

**खाद्यान्न/कृषि**

खानपानले पनि अर्थतन्त्रमा ठूलो प्रभाव पारेको हुन्छ। निर्यात र आयात दुवै विपरीतार्थ धार हुन्। निर्यातले आत्मनिर्भर बनाउँछ भने आयातले परनिर्भर बनाउँछ। कर्णाली गरीब छ, भात खान पाइदैन भन्ने भाष्यका साथै चामल वितरण कार्यक्रमले कर्णाली खाद्यान्नमा परनिर्भर बनेको छ। फापर, जौ, कोदो, उवा, मार्सी, कागुनो, चिनु, काफलजस्ता प्राकृतिक रूपले पोषणयुक्त अन्नको माग नेपालमा मात्र नभएर छिमेकी देश भारत लगायत अन्य देशहरूमा पनि छ। त्यसका लागि सिँचाइको सुविधा, आधुनिक कृषि खेतीको ज्ञान लगायतका विषयमा

सरकारले ध्यान पुऱ्याउनु पर्नेछ।

स्याउ र मौसमी फलफूलहरूको उचित व्यवस्थापन गरी बजारसम्म पुऱ्याउन सकियो भने देशभरको फलफूलको माग आपूर्ति गरी आयातलाई घटाउन सकिन्छ। यसको उत्पादन र बजार व्यवस्थापन गर्नका लागि स्थानीय, प्रदेश र सङ्घीय तीनै तह नै क्रियाशील हुनु पर्छ।

**उद्योग/खनिज**

कुनै पनि देशको अर्थतन्त्रलाई उद्योगले मजबुत बनाउने गर्छ। त्यसकारण औद्योगिक क्षेत्र पहिलो प्राथमिकता पर्छ। कर्णालीमा परम्परागत उद्योगहरू पहिलेदेखि नै थिए। त्यसबाट उत्पादन हुने उनी लुगाहरू, गलैंचा, गुन्द्री लगायतको माग बढे पनि त्यसको व्यापार सीमित मात्रामा छ। त्यसलाई अझ व्यवसायिक बनाउन आधुनिक उपकरणहरू निजीस्तरमा सहुलियतमा उपलब्ध गराउने र प्रयोग गर्न तालिम प्रदान गर्नु पर्दछ। त्यस्तै, कर्णालीको समृद्धिमा जडिबुटीले अहम् भूमिका खेल्न सक्छ। यहाँ प्रति किलो १० हजार डलर पर्ने केशरदेखि २५ हजार डलर पर्ने यार्सागुम्बा लगायत ७ सय भन्दा बढी प्रजातिका जडिबुटी पाइन्छन्। कर्णाली प्रदेशको एक तथ्याङ्क अनुसार कर्णालीमा यार्सागुम्बा, सिलाजित लगायत ७७ प्रकारका जडीबुटीको व्यापार हुने गरेको छ। आर्थिक बर्ष २०७७/७८ मा २ हजार २ सय ७० टन जडीबुटीको व्यपार भएको थियो। सुर्खेत, हुम्ला जाजरकोट, कालिकोट, रुकुम पश्चिमका केही क्षेत्रलगायत कर्णालीका सीमित ठाउँमा पाइने बहुमूल्य काइनाइट, क्वार्ज, तुर्माखाद, सुन, फलाम, कोल्टे, लिमस्टोनजस्ता बहुमूल्य धातुहरूको सम्भाव्यता पहिचान गरी त्यसको उत्खनन्को लागि उचित ऐन निर्माण गरी व्यवस्थापन गर्न सके कर्णालीका लागि संवृद्ध बन्ने अर्को मजबुत अवसर हो।

**पर्यटन**

कर्णाली प्रदेशको आर्थिक विकासमा टेवा पुऱ्याउन अर्को प्रमुख क्षेत्र पर्यटन क्षेत्र हो। आफ्नै विशेषता भएका यहाँका मूर्त, अमूर्त पुरातात्विक सम्पदा, नाचगान, जात्रा, भेषभुषा, भाषा, कला, संस्कृति र प्रकृत सबै पर्यटकका लागि आकर्षका केन्द्रबिन्दु हुन्। पर्यटनलाई उद्योगको रूपमा विस्तार गर्नसके विदेशी मुद्रा आर्जन, रोजगारी वृद्धि, गरिबी न्यूनीकरण र समग्र आर्थिक समुन्नतिको विकास हुने देखिन्छ। यो अवसरलाई कर्णाली प्रदेश र स्थानीय तहले अबलम्बन गर्न सक्नु पर्छ। पर्यटनका लागि चाहिने सेवासुविधा, बाटो, बास आदिको राम्रो व्यवस्थापनमा जोड दिनु पर्ने देखिन्छ।

**समावेशिताको सवाल**

नेपालको संविधानको धारा ४२ (१) मा समावेशिताको विषयमा स्पष्ट रूपमा व्यवस्था गरिएको छ। संविधानमा "आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ" भनी उल्लेख गरिएको छ। त्यस्तै, संविधानको धारा ५१ मा राज्यका नीतिहरू अन्तर्गत सामाजिक न्याय र समावेशीकरण

सम्बन्धी नीति समावेश गरिएको छ। २०७२ को संविधानमा सङ्घ, प्रदेश र स्थानीय तीनै तहको सरकारको आ-आफ्नै नागरिक सेवा रहने व्यवस्था छ। प्रत्येक तहका सरकारले आ-आफ्नो नागरिक सेवा गठनको लागि छुट्टै कानुनी व्यवस्था गर्नुपर्ने भनिएको छ।

कर्णाली प्रदेशले समावेशिताको सवाललाई महत्त्वपूर्ण रूपले उठान गरेको छ। त्यसका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति २०७८ र लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण कार्य विधि २०८० निर्माण गरेको छ।

२०७८ को राष्ट्रिय जनगणनाको प्रारम्भिक नतिजा अनुसार यस प्रदेशको कूल जनसङ्ख्या १६ लाख ९४ हजार ८ सय ८९ रहेको छ। जसमध्ये ५१.१२ प्रतिशत महिला रहेका छन्।

सङ्घीयतापछिको संसदीय इतिहासमा कर्णाली प्रदेश सभाको नेतृत्व पदमा सभामुख र उपसभामुख दुवै महिला छन्। यसलाई सामाजिक समावेशीकरणको सकारात्मक पक्षका रूपमा लिन सकिन्छ। यद्यपि, दुवै महिला सांसदहरू समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएर आएका हुन्। प्रत्यक्षमा महिला प्रतिनिधि शून्य रहेको कर्णालीमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने ३३ प्रतिशत महिला सांसद पुऱ्याउनुपर्ने बाध्यात्मक अवस्थाका कारण महिला प्रतिनिधिको सङ्ख्या १५ पुगेको हो भन्दा अनुचित हुँदैन। यसले के प्रष्ट पार्छ भने अझै पनि राजनीतिक दलहरूले महिला उम्मेदवारलाई प्रत्यक्ष निर्वाचन लड्ने विश्वास र वातावरण बनाउन सकेका छैनन्।

**तालिका १: कर्णाली प्रदेश सभामा**

| निर्वाचनको किसिम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्रत्यक्ष | | २४ | २४ |
| समानुपातिक | १५ | १ | १६ |
| **जम्मा** | १५ | २५ | ४० |

**सांसदको प्रतिनिधित्वको अवस्था**

*स्रोत: कर्णाली प्रदेश सभा सचिवालय २०८१*

त्यस्तै, कर्णाली प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणालीबाट पिछडिएका दुई, दलित दुई र आदिवासी तीन जना प्रतिनिधि छनोट भएका छन्। २५ जना कर्मचारीमध्ये ६ जना महिला कर्मचारी रहेका छन्।

कर्णाली प्रदेशमा २५ ओटा नगरपालिका, ५४ गाउँपालिका र ७ सय १८ वडा रहेका छन्। कर्णाली प्रदेशको स्थानीय तहमा ३ हजार ७ सय ११ उम्मेदवार विजयी भएका थिए। जसमध्ये दुई जना नगर प्रमुख, १८ जना उपप्रमुख, ३५ जना उपाध्यक्ष, ६ जना वडाध्यक्षको पदमा महिला निर्वाचित भएका छन। आरक्षणका कारण कर्णालीका प्रत्येक वडामा महिला वडासदस्य रहेकोमा ६ सय ८१ जना दलित महिला वडासदस्य छन्।

माथिको तथ्याङ्कले के देखाउँछ भने कर्णालीमा समावेशिताको अवधारणा भर्खर बामे सर्न कोसिस गर्दैछ। महिला, आदिवासी जनजातिलाई अझै पनि राजनीतिक दलहरूले विश्वास गर्न नसकेका कारण नेतृत्व तहमा पुग्न नसकेको २०७९ को स्थानीय निर्वाचनको नतिजाले प्रष्ट पार्छ।

**प्रदेश सरकारका नीति तथा कार्यक्रममा**




**मानव अधिकार**

कर्णाली प्रदेशमा मानव अधिकार उल्लङ्नका घटना बढ्दो क्रममा रहेको तथ्याङ्कले देखाउँछ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ का अनुसार कर्णाली प्रदेशमा सन् २०२३ मा ४ सय ९९ जना व्यक्ति पीडित भएका छन्। एक वर्षको अवधिमा ४० जना राज्यपक्षबाट र ४ सय ५९ जना गैरराज्यपक्षबाट पीडित भएको तथ्याङ्कले देखाएको छ। त्यसमध्ये ३ सय ९९ जना महिला पीडित रहेका छन्।

संविधान (२०७२) कार्यान्वयनपछि भएको पहिलो प्रदेशसभादेखि नै कर्णाली प्रदेश सरकारको प्रत्येक आर्थिक वर्षको नीति तथा कार्यक्रममा मानव अधिकारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्राथमिकतामा राखेको देखिन्छ।

आर्थिक वर्ष २०७४/०७५ को तेस्रो चौमासिकको लागि बनेको नीति तथा कार्यक्रममा सुरक्षित, स्वतन्त्र र समानरूपले बाच्न पाउने अधिकारलाई प्राथमिकतामा राखेको छ। जसका लागि लैङ्गिक र जातीय विभेदको अन्त्य, छुवाछूतको अन्त्य, स्वास्थ्यप्रति जिम्मेवार र समृद्धिको आधारको नारा, पीडित, पिछडिएका वर्ग र द्वन्द्व पीडितको उचित व्यवस्थापन र रोजगारी श्रृजना गर्ने लगायतका विषयहरूलाई समेटेको छ।

आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा हरेक वर्ष १० हजार जनालाई रोजागारी प्रदान, कृषि औद्योगिकीकरण, शैक्षिक सुधार, पर्यटन, पूर्वाधार निर्माण, स्वास्थ्य, सडक सुरक्षा रणनीतिक योजना, विभेद र छुवाछूतको अन्त्य लगायतका योजनालाई प्राथमिकतामा राखिएको थियो।

आर्थिक वर्ष २०८१/०८२ का लागि ल्याएको नीति कार्यक्रममा पनि अघिल्ला आर्थिक बर्षको भन्दा फरक किसिमले मानव अधिकार अधिकार शब्दलाई नै समेटिएको छ। जसमा मानव अधिकारको सिद्धान्त र मूल्य मान्यतालाई आत्मसात गर्दै मानव अधिकारको सम्मान संरक्षण र प्रवर्द्धन गर्न सङ्घ, स्थानीय तह, विकास साझेदार, गैरसरकारी सङ्घ संस्थासँग समन्वय तथा सहकार्य गर्ने उल्लेख गरेको छ।

प्रत्येक बर्षको नीति तथा कार्याक्रममा प्रदेशभित्र शान्ति, सुरक्षा र अमनचयन ल्याउने, प्रदेश भित्रका सबै




नागरिकहरूको लागि सीप तथा रोजगार, शिक्षा, स्वास्थ्य, बासस्थान, खाद्यान्न जस्ता अतिआवश्यक विषयमा पुरानै योजना अगाडि सारेको छ। तर, तथ्याङ्कले के देखाउँछ भने कर्णाली प्रदेशले अझै पनि मानव अधिकारको सुनिश्चितताका लागि नीति नियमहरू बनाइसकेको छैन। यस्तै कर्णालीमा शिक्षा, खाद्य, आवास, स्वास्थ्यको अधिकार हननका घटनाहरूसँगै जातीय विभेद तथा छुवाछूत, बालविवाह, बहुविवाह, बलात्कार घटनाहरूको सङ्ख्या बढ्दो क्रममा छन्। जुन नीति तथा कार्यक्रमा समेटिए पनि कार्यान्वयन हुन सकेको देखिँदैन।

*(लेखक, मध्यपश्चिम विश्वविद्यालय सुर्खेतमा अध्यापनरत हुनुहुन्छ।)*

विश्लेषण

# सङ्घीयता र सुदूरपश्चिम प्रदेश

**परिचय**

नेपालको कूल क्षेत्रको करिब १७. ३४ प्रतिशत हिस्सा यस प्रदेशले अगटेको छ। २०७८ सालको जनगणना अनुसार यहाँको जनसङ्ख्या २६ लाख ९४ हजार ७ सय ८३ रहेको छ। कूल, जनसङ्ख्याको २६.९ प्रतिशत जनसङ्ख्या यस प्रदेशमा रहेको छ। यस प्रदेशको करिब ५८ प्रतिशत भू-भाग वन जङ्गल रहेको छ भने करिब १५ प्रतिशत जमिन खेतीयोग्य छ। जसमा करिब ११ प्रतिशतमा मात्र खेती भइरहेको छ भने करिब चार प्रतिशत बाँझो रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले हालै सार्वजनिक गरेको प्रतिवेदन अनुसार सातै प्रदेशमध्ये सबै भन्दा कम आर्थिक वृद्धि दर यसै प्रदेशको रहेको छ। यस वर्ष सुदूरपश्चिमको आर्थिक वृद्धि दर ३.०६ प्रतिशत रहने अनुमान गरिएको छ।



कुलानन्द उपाध्याय

प्रदेश सभाले २०७५ सालमा यसको नामाकरण र राजधानी तोकेको भए पनि सङ्घीय सरकारले जग्गा हस्तान्तरण नगरेको कारणले हालसम्म अस्थायी राजधानीबाट यसको कार्य हुँदै आएको छ। नेपालको अन्तरिम संविधान २०६३ ले नेपालको शासन प्रणाली सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक हुने व्यवस्था गरेबमोजिम दोस्रो संविधानसभाबाट २०७२ सालमा नेपालको संविधान जारी भयो। संविधान, सङ्घीयता र गणतन्त्रको कार्यान्वयनको क्रममा २०७४ सालमा तीनै तहको चुनाव सम्पन्न भयो। सङ्घ, प्रदेश र स्थानीय तहमा राजनीतिक,प्रशासनिक एवम् भौतिक संरचनाको स्थापना भयो र नेपालको नयाँ शासकीय प्रणाली शुरुवात भयो। सङ्घीयतामा प्रदेश नयाँ संरचना भएकोले यसले आफ्ना अनुभवहरू नियमित गर्न केही

**तालिका १ : सुदूरपश्चिम प्रदेशको सामाजिक र आर्थिक सूचकहरू**

| सूचकहरू | नेपाल | सुदूरपश्चिम प्रदेश |
|---|---|---|
| स्थानीय तहहरू | ७५३ | ८८ |
| जनसङ्ख्या प्रतिशत | १०० | ९.६ |
| दलितको जनसङ्ख्या प्रतिशत | १३.८ | १७.३ |
| मानव विकास सूचकाङ्क | ०.४९० | ०.४३१ |
| साक्षरता | ५९.६ | ५४.९ |
| सरदर आयु | ६८.८ | ६६.९ |
| बहु आयामिक गरिबी | २.८६ | ३३.६ |
| खाद्य उपलब्धता | –७१.४ | ७.७ |
| प्राथमिक उपचार केन्द्र तथा हेल्थ पोष्ट | ४२१३ | ३९२ |

**तालिका २ : स्थानीय तहको जिल्लागत विवरण**

| जिल्ला | न.पा. | वडा संख्या | गा.पा. | वडा संख्या | स्थानीय तह जम्मा | जम्मा वडा संख्या | प्रतिनिधि सभा | प्रदेश सभा |
|---|---|---|---|---|---|---|---|---|
| कैलाली | ७ | ८२ | ६ | ४४ | १३ | १२६ | ५ | १० |
| डोटी | २ | २० | ७ | ४५ | ९ | ६५ | १ | २ |
| अछाम | ४ | ४७ | ६ | ४४ | १० | ९१ | २ | ४ |
| बाजुरा | ४ | ३८ | ५ | ३१ | ९ | ६९ | १ | २ |
| बझाङ | २ | २२ | १० | ७२ | १२ | ९४ | १ | २ |
| कंचनपुर | ७ | ८१ | २ | ११ | ९ | ९२ | ३ | ६ |
| डडेल्धुरा | २ | २३ | ५ | २९ | ७ | ५२ | १ | २ |
| बैतडी | ४ | ४० | ५ | ४४ | १० | ८४ | १ | २ |
| दार्चुला | २ | १८ | ५ | ४३ | ९ | ६१ | १ | २ |
| **जम्मा** | **३४** | **३७१** | **५१** | **३६३** | **८८** | **७३४** | **१६** | **३२** |

समय लागे पनि हाल नियमित कामहरू हुन थालेका छन्। यस प्रदेशको सामाजिक संरचना, अर्थिक संरचना, कमैया, हलिया, कम्लहरि, छाउपडीसमेत लगायतका समस्या विद्यमान छन्।

सङ्घीयताका कारणले केही हदसम्म परिवर्तन भएको देखिएको छ तर प्रदेश र स्थानीय तहका सरकार, सरकारमा गएका राजनीतिक दल र तिनका नेताको व्यवहार तथा कार्यशैलीमा पुरानो मानसिकता कयम रहेको छ। यसले संविधान, सङ्घीयता र गणतन्त्र कार्यान्वयनमा चुनौती कायमै राखेको छ। स्थानीय तह र प्रदेशका बिचमा केही समस्या देखा परेका छन्। खासगरि नीति तथा कार्यक्रम, बजेट तथा योजना तर्जुमा र कार्यान्वयनमा द्वन्द्व रहेको छ। शुरूवाती चरणमा अलि देखिने खालको द्वन्द्व थियो भने प्रदेश र स्थानीय तहको समन्वय सहकार्य ऐन २०७८ आइसकेपछि समस्याहरू साँघुरिएका छन्।

**समावेशिता**

समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तले विकास र प्रगतिको मौलिक आधारहरू प्रदान गर्दछन्। यी सिद्धान्तहरूले न्याय, समानता र समृद्धिका लागि सबैलाई समान अवसर प्रदान गर्छन्, त्यसैले समृद्धि र सामाजिक सुधारका लागि सामाजिक न्यायको स्थान निकै महत्वपूर्ण छन्।

समानुपातिक, समावेशी, सहभागिता र सामाजिक न्यायजस्ता सिद्धान्त नेपालको संविधानले मूल सिद्धान्तका रूपमा अंगीकार गरेको पाइन्छ। संविधानको प्रस्तावना र धारा ४, ४२, ५०, ७६(९), ८४(१)(ख),र (२), १६८(९), १७६(१)(ख) र (३), २५८, २१५(४), २१६(४), २२०(३), २२२(२)(३), २२३(२)(३) ले समानता र समावेशी सिद्धान्तलाई आत्मसात गरेको छ। यिनै सिद्धान्तको आधारमा तीन तहका सरकारहरूको अन्तर-सम्बन्ध, सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्त आधारमा चल्ने संवैधानिक प्रतिबद्धता रहेको छ। आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक शैक्षिक दृष्टिले पछाडि परेका समुदायलाई राज्यको संरचनामा सहभागी हुने हक संविधानले प्रदान गरेको छ। संविधानले प्रत्याभूत गरेको अधिकार कार्यान्वयनमा भने केही कठिनाइ रहेका छन्। २०७४ सालमा र २०७९ सालमा सम्पन्न निर्वाचन अनुसार सुदुरपिश्चम प्रदेश सभामा समावेशीताको अवस्था तालिका ३ अनुसार रहेको छ।

# अधिकार प्रत्यायोजन र कार्यान्वयनमा चुनौती छन्

**दार्चुला जिल्लाको सदरमुकाम खलङ्गा वरपरका खलङ्गा, छापरी, काँटै, धाप र दत्तु (साविक अपि नगरपालिका वडा नं. ४ देखि १७ सम्म र दत्तु गाविस) लाई समायोजन गरेर महाकाली नगरपालिका बनेको छ। महाकाली नदीको किनारमा महाकाली लोकमार्गसँगै जोडिएका नौ ओटा वडाहरूमा विभाजन भएको महाकाली नगरपालिका २०७३ फागुन २७ गते घोषणा भएको हो। यस नगरपालिकाको पूर्वमा नौगाड गाउँपालिका, पश्चिममा भारत, उत्तरमा दुहुँ गाउँपालिका र दक्षिणमा शैल्यशिखर नगरपालिका तथा मालिकार्जुन गाउँपालिकासँग सीमाना जोडिएको छ। नगरपालिकाका नीति, कार्यक्रम र आगामी योजनाको बारेमा महाकाली नगरपालिकाकी उपप्रमुख दुर्गादेवी खत्रीसँग इन्सेक दार्चुला जिल्ला प्रतिनिधि *नरेन्द्रसिंह कार्की*ले गर्नुभएको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ।**



**नगरपालिकाको अहिले कस्ता कार्य गरिरहेको छ ?**

अहिले महाकाली नगरपालिकाको आफ्नै भवन छैन। कर्मचारी आवासमा नगरपालिका सञ्चालित छ। अपाङ्गतामैत्री भवन नभएपनि नागरिकलाई सेवा दिनको लागि नगरपालिकाले काम गरिरहेको छ। कर्मचारीलाई जिम्मेवार बनाउने प्रयास जनप्रतिनिधिमार्फत भएको छ। थोरै अधिकार प्रत्यायोजन र कार्यान्वयनमा चुनौती भने विद्यमान रहेको छ। पर्याप्त कोठा सहितको भवन भएको कारण कर्मचारीलाई काम गर्न, सेवाग्राहीले प्रतीक्षा गर्न तथा महिला कर्मचारीले स्तनपान गराउन मिल्ने गरी ठाउँ व्यवस्थापन गरिएको छ।

महिला हिंसा, घरेलु हिंसा, लैङ्गिक हिंसा कम गर्न महिला तथा बालबालिका शाखामार्फत निरन्तर कार्यक्रम भइरहेका छन्। त्योबाहेक उपप्रमुख कार्यक्रम अन्तर्गत हरेक वर्ष घरेलु हिंसा, महिला हिंसा, लैङ्गिक हिंसा, बालविवाह न्यूनीकरण, बाल अधिकारको सवालमा निरन्तर समुदाय र विद्यालय तहमा कार्यक्रम भइरहेका छन्। उपप्रमुखसँगको अधिकांश कार्यक्रम जनचेतनामूलक कार्यक्रम निर्माण हुने गरेका छन्। न्याय सम्पादनलाई अझै प्रभावकारी बनाउन नौ ओटै वडामा मेलमिलाप केन्द्र निर्माण गरिएका छन्। जिल्ला प्रहरी कार्यालय नजिकै भएका कारण हिंसासम्बन्धीका घट्नाहरू नगरपालिकाको न्यायिक

समितिमा कम आउने गर्छन्। नगरपालिकाले अपांगता भएका 'ग' बर्गका व्यक्तिलाई वार्षिक ५ हजार रुपियाँ सहयोग गर्ने गरेको छ।

**नगरपालिकाले योजना छनौटको क्रममा दलित, जनजाति, मुक्त हलिया। कमैया, कम्लहरी तथा महिलाहरूको सहभागिताको सुनिश्चितता कसरी गर्ने गरेको छ ?**

पछाडि परेका दलित, महिला, हलिया लगायतलाई योजना प्रकृयामा समावेश गर्न टोल विकास समितिको अवधारणा अघि सारिएको छ। टोल सुधार समिति कार्यविधि २०७८ अनुसार अहिले हरेक वस्तीमा टोल सुधार समिति गठन भएका छन्। योजनामा ३३ प्रतिशत अनिवार्य भनिएकोमा टोल सुधार समितिमा महिला सहभागिता ५० प्रतिशत अनिवार्य गरिएको छ। समितिको मुख्य पदाधिकारीमा महिला अनिवार्य छ। दलित सुकुम्बासी समेत त्यही टोल सुधार समितिमा समावेश गरिएको हुन्छ। टोल सुधार समिति दुई वर्षसम्म नवीकरण गर्न नपर्ने तथा पाँच वर्षसम्म काम नगरेको समितिलाई भने स्वत: खारेज गरेर नयाँ समिति बनाउन सक्ने प्रावधान राखिएको छ।

**स्वास्थ्य क्षेत्रमा कसरी काम गरिरहेको छ** ?

नगरपालिकाभरी साविकका पाँच वटा स्वास्थ्यचौकी, एक जिल्ला अस्पताल सँगै नगरपालिकाले थप चार ठाउँमा शहरी स्वास्थ्य एकाई थप गरेर नागरिकलाई स्वास्थ्य सुविधा प्रदान गरिरहेको छ। नागरिकको स्वास्थ्यमा खेलवाड गर्न नदिन ३० जना स्वास्थ्यकर्मी नगरपालिकाले थप गरेको छ। समयमै ओषधि व्यवस्थापन, लगायतको काम नगरपालिकाले गरिरहेको छ।

**शिक्षा क्षेत्रका लागि के गरिरहेको छ** ?

नगरपालिका निर्माणपछि हाम्रो नगरपालिकाले शिक्षा क्षेत्र सुधारलाई प्राथमिकता राखेको छ। यसै अनुसार नगरपालिकाले शिक्षा क्षेत्रमा परिवर्तन ल्याउने गरी काम अघि बढाएको छ। चालू शैक्षिक सत्रबाट नगरपालिकाभरिका ४६ ओटै सामुदायिक विद्यालयमा भर्ना शुल्क लिन बन्द गरिएको छ। यस्तै मासिक रुपमा उठाउँदै आइरहेको शिक्षण शुल्क लिन समेत बन्द गरिएको छ। संविधान बमोजिम माध्यमिक तहसम्मको शिक्षा निशुल्क गराउने व्यवस्था भएबमोजिम कार्यान्वयनमा ल्याउने काम भएको छ। दरबन्दीअनुसार शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार निर्माणको लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममार्फत सम्बोधन भइरहेको छ। सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन कार्यविधिअनुरुप चयन गरिएका छन्। नगरपालिकाभित्रका नागरिकलाई उच्च शिक्षा अध्ययनमा छात्रवृत्ति दिन थालिएको छ। खासगरी प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति नगरपालिकाले व्यहोर्न थालेको छ।

**दलित तथा महिला अधिकार**

मानव अधिकार मानव जीवनको निमित्त अपरिहार्य, प्राकृतिक, नैसर्गिक र अहरणीय अधिकार हो। मानव भएर सम्मानपूर्वक बाँच्न आवश्यक पर्ने आधारभुत अधिकारहरू मानव अधिकारभित्र पर्दछ। मानव अधिकार बिना मानवीय मर्यादा, मूल्य, मान्यता र मानव सभ्यताको संरक्षण हुननसक्ने यथार्थलाई महसुस गरी राष्ट्रियस्तरमा मात्रै होइन अन्तर्राष्ट्रिय स्तरमा समेत दलित तथा महिला अधिकारको संरक्षणका विभिन्न कार्यहरू भएका छन्। नेपालको संविधानको धारा ३८ मा महिलाको हक, ४० मा दलितको हक र ४२ मा सामाजिक न्यायसम्बन्धी हकको व्यवस्था भए पनि  अझै पूर्ण कार्यान्वयनमा आउन सकेको छैन। सुदूरपश्चिममा छुवाछुत र जातीय विभेदका घटनामा केही कमी भए पनि सामाजिकस्तरमा यो अझै पनि जरा गाडेर बसेको छ। जातीय छुवाछुत र विभेदका उजुरीहरू दर्ता भइरहेका छन्। छाउपडी लगायतका कुप्रथाबाट सृजित महिला हिंसा कायमै छन्। जनताको जीवनस्तरमा परिवर्तन भएको जस्तो देखिए पनि सन्ततिको भविष्य सुरक्षित रहेको महसुस गर्न सकेका छैनन्। पहिलो कुरा त सरकारले गरिरहेका कामप्रति कोही पनि सकारात्मक छैनन्। जनप्रतिनिधिको जनतासँगको व्यवहार माछापानीको जस्तो हुनुपर्नेमा राजा-रङ्कको जस्तो व्यवहार कायमै छ। जब सरकारहरू आफैंले जनताप्रतिको विश्वसनीयता कायम राख्न सकेको छैन भने सरकारले जनतालाई कर्तव्यनिष्ठ बनाउन सक्ने अवस्था नै हुँदैन ।

राष्ट्रिय मुक्त हलिया समाज महासङ्घले सन् २०२२ मा १५ पालिकामा

**तालिका ३ : २०७४ र ०७९ सालको प्रदेश सभामा महिला र दलितको स्थिति**

| **२०७४ सालको प्रदेश सभामा महिला र दलितको सङ्ख्या** | | | | |
|---|---|---|---|---|
| **कुल सदस्य सङ्ख्या ५३** | **निर्वाचित सङ्ख्या** | **पुरुष** | **महिला** | **सो मध्ये दलित** |
| नेकपा (एमाले) | २५ | १७ | ८ | २ |
| नेकपा (माओवादी केन्द) | १४ | ९ | ५ | २ |
| नेपाली काँग्रेस | १२ | ८ | ४ | २ |
| राष्ट्रिय जनता पर्टी | २ | १ | १ | ० |

| **२०७९ सालको प्रदेश सभामा महिला र दलितको सङ्ख्या** | | | | |
|---|---|---|---|---|
| कुल सदस्य सङ्ख्या ५३ | निर्वाचित सङ्ख्या | पुरुष | महिला | सो मध्ये दलित |
| नेपाली कांग्रेस | १८ | ११ | ७ | १ |
| नेकपा (माओवादी केन्द्र) | ११ | ८ | ३ | १ |
| नेकपा (एमाले) | ११ | ७ | ४ | १ |
| नागरिक उन्मुक्ति पार्टी | ७ | ५ | २ | - |
| नेकपा एकीकृत समाजवादी | ४ | ३ | १ | - |
| राप्रपा | १ | - | १ | - |
| स्वतन्त्र | १ | १ | - | - |

गरेको एक अध्ययन अनुसार सुदरपश्चिममा प्रमुख तीन राजनीतिक दलहरूको प्रदेश समितिमा दलित र हलियाको राजनीतिक सहभागिता कस्तो छ भन्ने सम्बन्धमा केही विश्लेषण गरेको थियो। मुलुकमा सङ्घीयता घोषणा भएसँगै सङ्घीयता अनुरूप सबै राजनीतिक दलको साङ्गठनिक संरचना परिवर्तन भई प्रमुख दलहरूको कार्यसमितिमा महिला, दलित लगायत पछि परेका समुदायलाई सहभागी गराइ समावेशी बनाउने प्रयास कस्तो रहेको छ भनि उक्त अध्ययनले देखाएको छ।

विभिन्न विभेदजन्य प्रथाहरू तथा यौनजन्य घटनाहरूले महिला हिंसा, बालविवाह, बहुविवाह, महिला र बालबालिकामाथि हुने अमानवीय कार्यहरू जारी नै रहेको पाइन्छ। यसै सन्दर्भलाई लिएर दलित तथा महिलामाथि हुने सबै प्रकारका विभेद र उत्पीडन अन्त्यका लागि जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) एन २०६८, जातीय भेदभावतथा छुवाछुत (कसुर र सजाय) नियमावली २०७४ र महिलाहिसा सम्बन्धी ऐन २०७५ आए पनि पूर्णतया कार्यान्वयन हुन सकेको छैन। यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०७७ मा कैद तथा जरिवानाको कानुनी व्यवस्था ल्याइए पनि क्षतिपूर्ति सरकारले नै तुरुन्त उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था हुन जरुरी छ।

**मानव अधिकारसम्बन्धी नीति तथा कार्यक्रम**

संयुक्त राष्ट्रसङ्घको महासभाले १० डिसेम्बर १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गर्दै मानवका जन्मसिद्ध एवम् नैसर्गिक अधिकारलाई मानव अधिकारका रूपमा परिभाषित गरेको छ। नेपालमा पनि मानव अधिकारको सचेतनाका साथै मानव अधिकारमुखी कानुन, नीति, योजना र कार्यक्रमहरू तर्जुमा गर्ने परिपाटी विकास भई मानवअधिकारको अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। सुदुरपश्चिमका स्थानीय तह तथा प्रदेश सभा र सरकारले कानुन र संस्थागतरूपमा संरचनाहरू निर्माण गरी मानव अधिकारको सम्मान र परिपूर्ति गर्ने बताउँदै आएका छन्। सुदुरपश्चिममा अहिले पनि हलिया, कम्लहरि लगायतका सामाजिक भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा, बोक्सी, झुमा, बालबिबाह, छाउपडी, दाइजो जस्ता सबै प्रकारका कुप्रथाका अवशेष बाँकी नै रहेका छन्, यद्यपि यी कुप्रथाहरू कानून बमोजिम दण्डनीय बनाइएका छन्। संरचनात्मक रूपमा नै जरा गाडेर केही कुप्रथा अन्त्यका लागि भएका प्रयत्न काफी नभएको देखिन्छ। प्रदेश सरकार र स्थानीय तहहरूले छाउपडी प्रथा निषेध सम्बन्धी नीति, सुत्केरी उद्धार कार्यक्रम, हलिया, कमैया, कम्लहरी लगायतका समुह समुदायका लागि सचेतनामूलक सीपमूलक तालिमजस्ता चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनमा ल्याएका छन्।

सुदूरपश्चिम सरकारले मानव अधिकारसम्बन्धी केही नीतिगत निर्णयहरू गरेको छ। तीमध्ये छाउपडी प्रथाजन्य कुरीति उन्मूलन नीति निर्माण, वार्षिक नीति तथा कार्यक्रम र बजेटमा मानव अधिकार प्रवर्धनका कार्यक्रम समावेश, उपभोक्ताको स्वास्थ्यको अधिकारलाई प्रवर्धन गर्न बजार अनुगमन निर्देशिका निर्माण, मुख्यमन्त्री ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम सञ्चालनमा रहेको थियो। यसैगरी, विभिन्न प्राकृतिक विपत् लगायत अन्य दुर्घटनामा परेका व्यक्तिहरूको शीघ्र उद्धार, राहत, पुनर्स्थापना गर्भवती र सुत्केरी महिलाहरूको हवाइ उद्धार गर्ने कार्य पनि गरेको थियो। लैङ्गिक विभेदको अन्त्य गर्न 'छोरी बीमा कार्यक्रम', लैङ्गिक उत्तरदायी वार्षिक बजेट तथा कार्यक्रमको व्यवस्था, स्वरोजगार विकास कोष सृजनाका कार्यक्रम शुरुवात गरेको थियो। यसैगरी, हलिया, कमैया, कम्लरी उत्थान कार्यक्रम, जनता आवास

कार्यक्रम, बाल सुधार गृहको सुधारको लागि बजेट तथा कार्यक्रम, खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न“नमूना गाउँ आफैं बनाउँ” जस्ता कार्यक्रममार्फत विपन्न वर्गको अधिकार रक्षाका लागि अभियान सञ्चानल भएका छन्। प्रदेश सरकारले कैदीबन्दीहरूको मानव अधिकारलाई ध्यानमा राखी प्रदेशस्थित कारागारहरूको अनुगमन गरी कारागार भवन सुधारको निमित्त आर्थिक सहयोगजस्ता विषय पनि प्रदेश सरकारको कार्यक्रममा परेका छन्।

**चुनौती**

जनअन्दोलन, सशस्त्र द्वन्द्व, मधेश अन्दोलन लगायतका मागहरूको सही र उचित ढंगले सम्बोधन गर्न नसक्नु आजको ठुलो चुनौती बनेको छ। प्रदेश सरकार र स्थानीय तहहरूले पारदर्शी ढङ्गले कार्य गर्न सकेको पाइँदैन। योजना र बजेटको दुरूपयोग, राज्यशक्तिको दुरूपयोग, भ्रष्टाचारजन्य कुरामा सबै पक्षको मिलोमतो सहभागिता, इमान्दार र कर्तव्यनिष्ठ जनप्रतिनिधिको अवमूल्यन, शक्ति दुरूपयोग गरि पद प्रतिष्ठा आर्जन गर्नेहरूको बोलबालाले संविधान, सङ्घीयता र गणतन्त्रमाथि नै नकारात्मक भावना फैलिएको छ। प्रदेश तह धेरै जोखिममा रहेको तथ्य जन गुनासोबाट अनुमान गर्न सकिन्छ। अधिकार बाँडफाँडमा ढिलासुस्ती, प्रदेश र स्थानीयतहको अधिकार सूचीमा स्पष्ट नभएका, एकल अधिकारमा परेका भए पनि दोहोरो सूचीमा परेका अधिकारको अस्पष्टता, साझा सूचीमा रहेका अधिकारहरूको क्षेत्राधिकार बाँडफाडमा ढिलाइ, भइरहेका अधिकारहरूको सकारात्मक प्रयोग भन्दा दुरूपयोगको मात्रामा बढोत्तरी जस्ता विषयले संविधान, सङ्घीयता र गणतन्त्रको कार्यान्वयनमा गम्भीर चुनौती देखा परेका छन्।

**अवसर**

सङ्घीयताले राज्यबाट पछाडि पारिएका वर्ग समुदायको अधिकार सुनिश्चित गर्दछ। सङ्घले नीति निमार्ण तहमा नै ढिलासुस्ती गरेकोले प्रदेश र स्थानीय तहको काममा द्विविदा उत्पन्न भएको छ। कर्मचारी प्रशासन, प्रहरी प्रशासनलगायत शान्ति सुरक्षाको विषय, भूमिसम्बन्धी विषय, वन वातावरण लगायत खासगरी, साझा अधिकारका विषयमा सङ्घीय कानुन निर्माणमा भएका ढिलाइले प्रदेश र स्थानीय तहमा नीति निर्माण गर्न कठिनाइ भएको पाइन्छ। कानुन निर्माणमा ढिलासुस्ती हुँदा जनताका हक अधिकार कुण्ठित हुने सम्भावना प्रवल रहे पनि सकारात्मक सोच भएका जनप्रतिनिधिले राम्रो काम गरेको कुरा स्वतन्त्र जनप्रतिनिधि लगायतका केही जनप्रतिनिधिले गरेको काम कारबाहीबाट सङ्घीयतामा राम्रो काम गर्न सकिन्छ भन्ने कुराको पुष्टी भएको छ।

**निष्कर्ष**

सङ्घीयतामा सङ्घ, प्रदेश र स्थानीय हरेक तह स्वायत्त हुने भएकाले जनहितमा काम गर्न र विकास गर्ने प्रतिस्पर्धात्मक स्वतन्त्रता पाउँछन्। जनताहरू राज्यको सबै तहमा समानुपातिक ढङ्गले समावेश हुन पाउने, राज्यले गर्ने सबै कृयाकलापमा सहभागी हुन पाउने र आफ्नो निर्णय आफैं गर्न पाउने हैसियत प्राप्त गर्दछन्। देश र जनताको सर्वाङ्गीण विकासका लागि यो भन्दा अर्को शासन व्यवस्था तत्काल प्राप्त गर्ने अवस्था छैन र कल्पना पनि गर्न सकिँदैन।

*(लेखक, सुदूरपश्चिम प्रदेशका पूर्व मुख्य न्यायाधिवक्ता हुनुहुन्छ।)*

# सङ्घीयतामा महिला सहभागिता : सम्भावना र चुनौती

नेपालमा पटकपटक ठुल-ठुला राजनीतिक आन्दोलन र परिवर्तनले महिला सहभागिता र सचेतना बढाउँदै लगे पनि निर्णायक तहमा महिलाहरूको अर्थपूर्ण सहभागिता अत्यन्तै न्यून रह्यो। संविधानले व्यवस्था गरेको समानुपातिक निर्वाचन प्रणालीले धेरै महिलालाई राजनीतिमा समावेश त गरायो तर, प्रत्यक्ष निर्वाचनमा महिलाहरूको नेतृत्वलाई स्वीकार्न सकिएन। महिलालाई खाली समानुपातिक प्रतिनिधित्वमा सीमित गराउने काम मात्रै भयो। संविधानले व्यवस्था गरेको भए पनि महिलाहरूले अनुभूति गर्ने अवसर पाएनन्।



रीमा बिसी

२०६४ चैत २८ मा नेपालमा पहिलो पटक संविधानसभा निर्वाचन सम्पन्न भयो। यो निर्वाचनमा ७४ पार्टीहरूले भाग लिएका थिए। बहुप्रतीक्षित संविधानसभाको निर्वाचनमार्फत तत्कालीन विद्रोही समूह नेकपा माओवादी ठूलो पार्टीको रूपमा उदायो। त्यसैगरी दोस्रो र तेस्रो ठूलो पार्टीका रूपमा कांग्रेस र एमाले आए। त्यतिबेला निर्वाचित र मनोनित गरी जम्मा ६ सय १ सभासदमध्ये १ सय ९७ जना महिला थिए। यो कुल सङ्ख्याको ३२.७८ प्रतिशत हो। २०७० मङ्सिरमा भएको दोस्रो संविधानसभा निर्वाचनमा कूल ६ सय १ सभासदमध्ये १ सय ७९ जना महिला थिए। यसरी संविधानसभाको निर्वाचनपछि संसदमा न्यूनतम ३३ प्रतिशतको हाराहारीमा महिला सहभागिता पुऱ्याउने प्रयत्न त गरियो, तर त्यसको गुणात्मक उपस्थितिमा भने त्यति जोड दिइएन।

दलहरूले क्षमतावान् महिलालाई भन्दा आफ्ना नजिकका नातेदार वा राजनीतिमा कुनै दक्खल नभएका र नीतिनिर्माणमा खासै भूमिका खेल्न नसक्ने महिलालाई संविधानसभामा पठाएको महिला नेताहरूकै आरोप बेला बेला सुन्न पाइन्छ। पहिलो संविधानसभामा महिला सभासद्हरूको समूह (ककस) निर्माण गरिएको थियो। ककसले महिला, भाषिक समुदाय, जनजातिका नाममा धेरै काम भएका थिए। तर दोस्रो संविधानसभामा भने ककसले पार्टी नेतृत्वलाई सकस हुन्छ भनेर सुरुदेखि नै रोक्ने प्रयत्न गरेको थियो। संविधानसभा व्यवस्थापिका-संसद बदलिएपछि आरजु राणा देउवाको नेतृत्वमा बनेको महिला कमिटीले जम्मा दुईवटा पनि बैठक बस्न नपाई सकिएको महिला सभासदहरूको गुनासो थियो। महिला सांसदहरूलाई पार्टीले 'त्यतिबेला महिला, मजदुर र सामाजिक विषयमा कुरा राख्दा किन यो कुरा सोध्दै नसोधी राखिस् समेत भनियो।' भनेर आलोचना पनि भएको थियो।

संविधानले राजनीतिमा महिला सहभागिता एकतिहाइ सुनिश्चित गरे पनि कुनै न कुनै उपाय लगाएर महिला सङ्ख्या पुऱ्याउने प्रयासमै पार्टीहरू केन्द्रित रहेको देखिन्छ। स्थानीय तहको निर्वाचनमा ४० प्रतिशत महिला विजयी भए पनि धेरैजसो उपमेयरमा नै सीमित राखियो। त्यसैले कानुनी तवरले दिएको ठाउँमा पनि क्षमता भएको महिलालाई भन्दा पनि नाता पर्ने र नजिकका महिलालाई पठाइएको आरोपहरू बेला बेलामा सुनिए।

**सशक्तीकरणमा महिला जनप्रतिनिधि**

आम निर्वाचनमा २०७९ मा मुलुकमा एकै वर्षमा दुई ठूला निर्वाचनहरू सम्पन्न भए। १२ वटा राजनीतिक दलहरूले र स्वतन्त्र गरी १ सय ६५ जना विजयी भएका छन्। जसमा राजनीतिक दलबाट झण्डै पाँच प्रतिशत अर्थात नौ जना मात्रै महिला उम्मेदवारहरू प्रत्यक्ष निर्वाचित भएका छन् भने झण्डै ९५ प्रतिशत पुरुषहरू अर्थात १ सय ५६ जना पुरुषहरू निर्वाचित भएका छन्। महिलाको उम्मेदवारी दिने क्रममै कमजोर स्थिति रहेकोमा निर्वाचित सङ्ख्या न्यून बनेको हो। नेपाली कांग्रेसले प्रतिनिधि सभातर्फ ५७ सिट जित्दा प्रत्यक्षमा एक जना मात्र महिला निर्वाचित भएकी छन्। युवा नेता सीता गुरुङले तेह्रथुमबाट जित हासिल गरेकी हुन्। यस्तै ४४ सिटसहित दोस्रो दल बनेको नेकपा एमालेबाट चार जना मात्र महिला उम्मेदवार विजयी भएका छन्। एमालेबाट चुनाव जित्नेहरूमा विद्या भट्टराई, ज्वालाकुमारी साह, जुली कुमारी महतो, भगवती चौधरी निर्वाचित भएका हुन्। १८ सिट जितेको नेकपा माओवादी केन्द्रबाट एक जना मात्र महिला उम्मेदवार विजयी भएकी छिन। माओवादीबाट रेखा शर्मा निर्वाचित भएकी हुन। सबैभन्दा कान्छो दल राष्ट्रिय स्वतन्त्र पार्टीबाट दुई जना महिला उम्मेदवार निर्वाचित भएका छन्।

कुल सात सिट जितेको रास्वपाबाट सोविता गौतम र तोसिमा कार्कीले प्रत्यक्षमा चुनाव जितेका हुन्। यस्तै तीन सिट जितेको नागरिक उन्मुक्ति पार्टीबाट रञ्जिता श्रेष्ठ चौधरीले चुनाव जितेकी हुन। प्रत्यक्षमा कम महिला उम्मेदवार विजयी भए पनि संविधानतः हरेक दलबाट संसदमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य छ।

**सङ्घीयतामा महिला**

मुलुक सङ्घीय संरचनामा गएपछि सात प्रदेशको मुख्यमन्त्रीमा एकजना महिला पनि परेनन् । प्रदेश ३ मा मात्रै प्रदेश प्रमुख अनुराधा कोइराला नियुक्त भइन्। अहिले संविधान र कानुनलाई दोष दिने कुनै ठाउँ नभएकाले दलभित्रको संरचना महिलामैत्री बन्न नसकेकाले यस्तो अवस्था आएको राजनीतिक विश्लेषकहरूको भन्छन्। 'संविधान निर्माण गर्ने बेलामा महिला पनि त्यहाँ उपस्थित रहेकाले सातमध्ये यति ओटामा अनिवार्य महिला मुख्यमन्त्री हुनुपर्ने प्रावधान राखेको भए सायद सम्भव हुन्थ्यो। त्यस्तै पार्टीले दिने तीन मुख्यमन्त्रीमा एक महिला हुनुपर्छ मात्रै भनेको भए पनि आज कहीँ न कहीँ त महिला मुख्यमन्त्री हुन्थे होला तर त्यस विषयमा कसैले नसोच्दा महिलाको निर्णायक तहमा सहभागिता हुन सकेन ।

राजनीतिमा महिला सहभागिताको इतिहासलाई हेर्ने हो भने महिलाहरूलाई पुरुषसरह विकास कार्यमा सहभागी बनाउनका लागि महिला सशक्तिकरणको धारणाको विकास १९८० मा गरिएको थियो र पनि महिलाहरूको शिक्षा, रोजगारी, सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अध्ययन गर्दा महिला र पुरुष बीचमा ठूलो खाडल देखिन्छ। भारतकी इन्दिरा गान्धी, इजरायलकी गोल्डा माएर, बेलायतकी मारगारेट थ्याचर, अर्जेन्टीनाकी इसाबेला पेरोल लगायतका महिला नेताहरूले पनि आफ्नो देशलाई उत्कृष्ट नेतृत्व प्रदान गरेका थिए। त्यसैगरी श्रीलंकाकी चन्द्रीका कुमारा तुंगा, पाकिस्तानकी बेन्जर भुट्टो, बंलादेशकी खालिदा जिया, शेष हसिना, इण्डोनेशियाकी मेघा वर्ति सुकार्नो, भारतकी सोनिया गान्धी, अमेरीकाकी कन्डो लिजाराईस, हिलारी क्लिन्टन, म्यानमारकी आङ साङ सुची जस्ता नयाँ पुस्ताका महिला नेताहरू आज पनि विश्व इतिहासमा आ-आफ्नो प्रभुत्व जमाइरहेका छन्।

**महिला आन्दोलन**

नेपालमा महिला आन्दोलनको इतिहास त्यति लामो छैन । महिला आन्दोलनलाई

यहाँसम्म पुऱ्याउनका लागि योगमाया न्यौपानेको महत्त्वपूर्ण भूमिका छ। योगमायाले १९८९ असार ३१ मा लिएको जलसमाधि विद्रोहलाई महिला आन्दोलनको थालनीको रूपमा हेरिन्छ। २००३ सालमा रेमन्तकुमारी आचार्यको अध्यक्षतामा आदर्श महिला समाज भारतको जयनगरमा स्थापना गरी, २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा काठमाडौंमा नेपाल महिला संघको गठन गरि महिला आन्दोलनको सुरुआत गरिएको थियो। आदर्श महिला समाज र नेपाल महिला संघ दुवै संगठनले राणाशासन र समाजमा व्याप्त बालविवाह र अशिक्षाविरुद्ध दबाब दिने काम गरी २००७ सालको परिवर्तनपछि मंगलादेवी सिंहको अध्यक्षतामा रहेको नेपाल महिला संघ नेपाली कांग्रेसको विचारसँग नजिक रह्यो भने कामक्षदेवीको अध्यक्षतामा रहेको नेपाल महिला संगठन नेपाल कम्युनिस्ट पार्टीसँग आबद्ध हुन पुगेको इतिहास छ।

त्यसैगरी २०१५ सालको पहिलो प्रतिनिधिसभाको निर्वाचनमा १ सय ५ स्थानका लागि १५ जना महिला उमेदवार भएकोमा एकजना द्वारिकादेवी ठकुरानी मात्रै निर्वाचित भई नेपालको इतिहासमा पहिलो महिला मन्त्री बनिन्। नेपालको मन्त्रिपरिषद्मा महिलाको प्रतिनिधित्व यही थियो। तीसबर्से पञ्चायती शासनमा निर्माण भएका मन्त्रिपरिषद्हरूमा एक जनाभन्दा बढी महिलामन्त्रीको सहभागिता भएको देख्न पाइएन्। पहिलो र दोस्रो जनआन्दोलनबीच निर्माण भएका विभिन्न मन्त्रिमण्डलमा कुल ४६ जना महिलाको सहभागिता देखियो। संसद् सचिवालयको तथ्याङ्क अनुसार विभिन्न आमनिर्वाचनपछि महिला सांसदको प्रतिनिधित्व बढ्दै गएको देखिन्छ। जसअनुसार २०१५ मा ०.९२ प्रतिशत महिला प्रतिनिधित्व रहेकोमा २०४८ सालमा ३.४१ प्रतिशत, २०५१ मा ३.४१ प्रतिशत, २०५६ मा ५.७३ प्रतिशत, २०६४ मा ३३ प्रतिशत र २०७० मा २९.९ प्रतिशत महिला प्रतिनिधित्व रहेको पाइन्छ।

त्यसैगरी २०६२/०६३ को आन्दोलनको सफलतापछि निर्माण भएको ३ सय ३० सदस्यीय अन्तरिम संसदमा ५७ जना महिला सदस्य रहेका थिए, जुन कूल सङ्ख्याको १७.३ प्रतिशत हुन आउँछ। संसदमा भएका तीनबुँदे निर्णयले महिलालाई राजनीतिक अवसर जुटाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। राज्यको हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता हुनुपर्ने, महिला सम्बन्धी विभेदपूर्ण कानुनको खारेजी हुनुपर्ने र आमाको नामबाट नागरिकता पाउनुपर्ने ती बुँदा राजनीतिमा मात्रै नभई निर्णायक तहमा पनि महिला सहभागिता वृद्धि गर्न महत्त्वपूर्ण मानिन्छ।

**३३ प्रतिशत महिला सहभागिता सङ्कल्प प्रस्ताव**

पुनस्थापित संसदले २०६३ जेठ १६ गते 'सम्पूर्ण क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरियोस्' भन्ने संकल्प प्रस्ताव पारित गऱ्यो। एमालेका तत्कालिन उपाध्यक्ष तथा अनेमसंघका अध्यक्ष विद्यादेवी भण्डारीले पेश गरेको प्रस्तावमा सांसदहरू कमला पन्त, एनपी साउद र नवराज सुवेदीले समर्थन गर्नुभएको थियो। यो प्रस्तावले राजनीतिक, सामाजिकदेखि देशका हरेक संरचनामा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्ने नीतिगत बाटो त खुल्यो तर महिलाहरूका लागि खाली संख्या पुरयाउने मात्र भयो निर्णायक बन्नका निकै चुनौतीपूर्ण रहयो।

३३ प्रतिशत महिला अधिकारको जगमा अन्तरिम संविधान २०६३ बन्यो। त्यसले महिलाको समानुपातिक प्रतिनिधित्वको प्रावधान राख्न सफल भयो। पहिलो पटक महिलाको हकलाई मौलिक हकका रूपमा स्थापित गऱ्यो। २०६४ को संविधान सभा निर्वाचनमा महिला सहभागिता ३२.७८ प्रतिशत रह्यो। (६ सय १ सदस्यमा १ सय ९७ जना महिला) २ सय ४० प्रत्यक्षमा ३० महिला, ३ सय ३५

समानुपातिकमा १ सय ६१ महिला) र २६ मनोनितमा ६ जना महिलाको सहभागिता रह्यो। त्यस्तै दोस्रो संविधान सभा निर्वाचन २०७० मा महिला सहभागिता २९.२८ प्रतिशत (अघिल्लो भन्दा घट्यो। जम्मा ६ सय १ सदस्यमा १ सय ७६ जना महिला, २ सय ४० प्रत्यक्षमा जम्मा १० जना महिला, ३ सय ३५ समानुपातिकमा १ सय ५९ महिला २६ मनोनितमा ४ जना महिलाको सहभागिता रह्यो।

नेपालको संविधान २०७२ र महिला अधिकारको सवालमा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने, लैङ्गिक विभेद अन्त्य गर्ने। आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने लगायतका नागरिकता सम्बन्धी विषयमाथि नागरिकताको शीर्षक अन्तर्गत उल्लेख गरे बमोजिम हुने, सामान्य कानुनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जात, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव नगरिने, सामाजिक वा संस्कृतिक दृष्टिले पिछडिएका महिला लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्ने। महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय अधिकार उपलब्ध गराउने, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोविज्ञान वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य दण्डनीय हुने तथा पीडितले क्षतिपूर्ति पाउने, राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने, महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने जस्ता व्यवस्थाहरू गरिएका छन्।

**स्थानीय तह निर्वाचन ऐन २०७३**

राजनीतिक दलले प्रमुख उपप्रमुख वा अध्यक्ष उपाध्यक्ष उमेदवार बनाउदा एक महिला र एक पुरुष बनाउनु पर्ने, वडास्तरमा एक जना महिला र एक जना दलित महिला सदस्य अनिवार्य उठाउनु पर्ने, जिल्ला समन्वय समितिमा संयोजक उपसंयोजकमा एक महिला सङ्घीय संसद २०७४, प्रतिनिधिसभामा महिला ३२.७३ प्रतिशत, २७५ सांसदमा महिला ९० जना, १ सय ६५ प्रत्यक्ष निर्वाचितमा ६ जना महिला, १ सय १० समानुपातिकमा ८४ महिलाको सहभागिता रहेको थियो।

राष्ट्रिय सभा सदस्यमा महिला सहभागिता ३७.२९ प्रतिशत, सदस्य सङ्ख्या ५९ जना, महिला २२ जना, राष्ट्रिय सभा र प्रतिनिधि सभामा गरी सदस्य ३ सय ३४ जनामा महिला १ सय १२ प्रदेश सभा निर्वाचन २०७४, ७ प्रदेशमा सभासद ५ सय ५० जना, समानुपातिकबाट २ सय २० जना, प्रत्यक्ष निर्वाचित सभासद ३ सय ३० प्रत्यक्ष निर्वाचित महिला जम्मा १७ (उपनिर्वाचनबाट थप एक लुम्बिनीमा) एमालेबाट आठ, माओवादी केन्द्रबाट सात र राष्ट्रिय जनता पार्टीबाट दुई जना प्रतिनिधित्व भएको त्यस्तै स्थानीय तह निर्वाचन २०७४ मा जम्मा स्थानीय तह ७ सय ५३ मा महिला निर्वाचित जनप्रतिनिधि १४ हजार ३ सय ५६ प्रमुख महिला १८ जना (नगरमा ७ र गाउँपालिकामा ११ जना) उपप्रमुखमा महिला ७ सय (नगरमा २७६ र गाउँपालिकामा ४२४, वडाअध्यक्ष महिला ६२ जना, महिला वडा सदस्यमा ६ हजार ७ सय ४३ जना, दलित महिला वडासदस्य ६ हजार ५ सय ६८ जना रहेको र १ सय ७५ मा उम्मेदवारी नपरेको अन्य वडा सदस्य महिलाहरू २६५ जना निर्वाचित भएका थिए।

त्यस्तै स्थानीय तह निर्वाचन २०७९ मा जम्मा ७ सय ५३, स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिको सङ्ख्या १४ हजार ४

सय ३७, प्रमुख महिला २५ जना जसमा ( नगरमा १३ र गाउँपालिकामा १२),उपप्रमुखमा निर्वाचित महिला ५ सय ६६ (नगरमा २ सय ३१ र गाउँपालिकामा ३ सय ३५) रहेका छन त्यस्तै १ सय ७७ स्थानीय तहमा उपप्रमुखमा पुरुषहरू निर्वाचित भएका छन्। त्यस्तै महिला वडाअध्यक्षमा ६९ जना, महिलाहरू, वडासदस्यमा ६ हजार ७ सय ४३ जना महिलाहरू ६ हजार ७ सय २८, जना दलित महिलाहरू र वडासदस्य ६ हजार ६ सय ७ जना र अन्य वडा सदस्य महिला ४ सय ४२ जना निर्वाचित भएका थिए।

मुलुक सङ्घीय संरचनामा गइसकेपछि बनेको केपी शर्मा ओली नेतृत्वको सरकारमा पनि सात सदस्यीय मन्त्रिमण्डलमा दुईजना मन्त्री थममाया थापा र पदमा अर्याल थिए। नेपालको अन्तरिम संविधानले हरेक क्षेत्रमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गरिसकेको भए पनि २०७२ असोजमा संविधान जारी भएपछि आजसम्म बनेका मन्त्रिपरिषदमा एकतिहाइ महिला सहभागिता हुन सकेको देखिन्न। गणतान्त्रिक नेपालका पहिलो प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा गठित मन्त्रिमण्डलमा महिलाको उपस्थिति जम्मा १६.६७ प्रतिशत मात्रै थियो। २४ सदस्यीय मन्त्रिमण्डलमा जम्मा चारजना महिला मात्रै मन्त्री बने। त्यसपछि माधवकुमार नेपाल, झलनाथ खनाल र बाबुराम भट्टराई नेतृत्वको सरकारमा मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरू गरेर क्रमश: ११, ६३, २० र २४.५ प्रतिशत मात्रै महिलालाई मन्त्री बन्ने अवसर जुरेको देखिन्छ।

तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले आफ्नो नेतृत्वमा बनेको ११ सदस्यीय मन्त्रिमण्डलमा जम्मा एकजना महिलालाई मात्रै मन्त्री बनाएका थिए। यसपछिका इतिहास हेर्ने हो भने पनि सुशील कोइरालाले आफ्नो २० सदस्यीय मन्त्रिमण्डलमा तीन र केपी शर्मा ओलीले ३४ मा चारजना महिलालाई मात्रै मन्त्री बन्ने मौका दिएका थिए। उनले बनाएका चारजना राज्यमन्त्रीमा एक मात्र महिला थिइन्। राजनीतिमा चार दशक बितिसक्दा पनि महिलालाई हेर्ने दृष्टिकोण फरिन सकेन जसले गर्दा प्रत्यक्ष निर्वाचनमा महिला सहभागिताको अवस्था दयनीय बन्यो।

निष्कर्षमा भन्नुपर्दा स्थानीय तहको निर्वाचनमा पनि राजनीतिक दलहरूले गठबन्धन गर्दा महिलाको प्रमुख र उपप्रमुखको पद नै खोसिएकाले कतिपय स्थानीय तहमा प्रमुख र उपप्रमुख दुवै पदमा पुरुषको वर्चस्व भयो। यसले के देखाउँछ भने अहिले पनि हाम्रा राजनीतिक दलहरू महिलामैत्री छैनन्। महिलाको नेतृत्वलाई स्वीकार गर्न सकेका छैनन्। अहिले पनि उनीहरूमा पितृसत्तात्मक सोचले जरा गाडेको छ। देशमा व्यवस्था फेरियो। राणाशासनदेखि निरंकुश राजतन्त्रको अन्त्य भई मुलुक गणतन्त्रको स्थापना भयो तर पनि हाम्रा मानसिकता फेरिएनन्। समाजमा रहेको पितृसत्तात्मक सोच र मूल्यमान्यतालाई बदल्न सकेनौं। जसले गर्दा महिलाको क्षमतामाथि विश्वास नगर्ने, नेतृत्व स्वीकार नगर्ने जस्ता समस्याहरू महिलाहरूका बाधक बनेर तेर्सिरहे। यस्ता संरचनागत विभेद भत्काउन नसकेसम्म महिलालाई नेतृत्व तहमा पुऱ्याउन गाह्रो छ। त्यसका लागि सबैले सोच्न जरुरी छ।

*(बिसी, इन्सेक रुपन्देही प्रतिनिधि हुनुहुन्छ।)*

# प्रकाशको सम्झनामा



नेपालको मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद् निधन भएको ३२ वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधानन्यायाधीश पी. एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडिसियरी फर ह्युम्यान राइट्सको श्रीलंकामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किंदा उहाँ चढ्नुभएको थाई

एयरलाइन्सको विमान नुवाकोटको घोप्टेभीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दुःखद् निधन भएको थियो।

# सङ्घीयताले खर्च बढाएको भन्ने तर्कमा तथ्याङ्कीय आधार छैन

**बालानन्द पौडेल, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष हुनुहुन्छ। नेपालको संविधान जारी भएपछि सरकारद्वारा गठित स्थानीय तह पुर्नसंरचना आयोगको अध्यक्षको जिम्मेवारीमा हुनहुन्थ्यो। उहाँको नेतृत्वको आयोगले नेपालको स्थानीय तहको संरचना तयार गरेको थियो। नेपालको सङ्घीयता, अधिकारको बाँडफाँट, चुनौती र सम्भावनाका बारेमा *रमेशप्रसाद तिमल्सिना*ले गर्नुभएको कुराकानी प्राचीको यस अङ्कमा प्रस्तुत गरेका छौँ।**



बालानन्द पौडेल

**सङ्घीयता हुनु र नहुनुमा के कस्ता फरक हुन्छन् ?**

नेपालमा अधिकारको विकेन्द्रीकरण भनेर धेरै पहिलेदेखि बहस हुँदै आएको थियो। केही न केही काम पनि भएका थिए। विकेन्द्रीकरणसम्बन्धी कानुन र कार्ययोजना थिए। यस्तो अभ्यास पञ्चायतकालमा पनि भएको पाइन्छ। तर, २०७२ सालमा नेपालको संविधान जारी भएपछि नेपाललाई सङ्घीय संरचनामा लगियो। हिजोको विकेन्द्रीकरणको कुरा गर्दै गर्दा र अहिलेको सङ्घीय संरचनाको कुरा गर्दा तात्विक अन्तर के छ भन्ने कुरा निकै महत्त्वपूर्ण हुन आउँछ। सङ्घीय व्यवस्थामा संविधानले नै अधिकारहरू एकभन्दा बढी तहमा बाँड्ने गरिन्छ। संसारका कतिपय देशहरूमा दुई तहको मात्रै सङ्घीयता छ। त्यो बहस हाम्रोमा पनि चलेको थियो। त्यतिबेला स्थानीय तहलाई प्रदेश मातहतमा राख्नुपर्ने तर्क अघि सारिएको थियो। तर, संविधान जारी गर्दा हामीले तीन तहका सरकारको व्यवस्था गऱ्यौं। सात ओटा प्रदेश संविधानले नै परिभाषित गऱ्यो। स्थानीय सरकारको सङ्ख्या भने निर्धारण गरेको थिएन। त्यतिबेला स्थानीय सरकारको सङ्ख्या निर्धारण गर्न सम्भव पनि थिएन। संविधानमा नै ६ महिनाभित्र स्थानीय तह पुर्नसंरचना आयोग गठन गर्ने र एक वर्षभित्र काम सक्ने कुरा उल्लेख थियो। सोही अनुरुप आयोगको गठन भयो। आयोगमा मलाई अध्यक्षको जिम्मेवारी दिइएको थियो।

स्थानीय तह पुन:संरचना आयोगले स्थानीय तहको सङ्ख्या ५ सयको हाराहारीमा राख्न सिफारिस गरेको थियो। तर, राजनीतिक दबाबका कारण स्थानीय तहको सङ्ख्या ७ सय १९ हुँदै दुई पटक थपेर ७ सय ५३ पुऱ्याइएको छ। सङ्ख्याको हिसाबले यो राम्रो भएको छैन। सङ्ख्या घटाएर ३

सयको हाराहारीमा ल्याउनु पर्छ। अब काम र सेवा प्रवाहको स्थितिलाई विश्लेषण गरेर मर्जर प्रक्रियामा जानैपर्छ। सङ्घको अधिनस्थ प्रदेश होइन र प्रदेशको अधिनस्थ स्थानीय होइन भन्ने कुरामा सबै पक्ष प्रष्ट हुनु जरुरी छ। सहअस्तित्वलाई ध्यान दिँदै सहकार्य गर्ने सङ्घीयताको मान्यता हो। यो मान्यतालाई आत्मसात गर्दै नागरिकको सेवा प्रदान गर्नु पर्दछ।

संविधानमा नै तीन तहका सरकार भनिएको छ। तीनै तहलाई शासकीय अधिकार दिइएको छ। राज्यशक्तिको प्रयोग गर्ने हैसियत दिइएको छ। राज्यशक्तिभित्र कार्यकारिणी, विधायिकी र न्यायिक अधिकार पर्दछ। तीनै तहमा यसको व्यवस्था छ। भनिसकेपछि सङ्घीय, प्रादेशिक र स्थानीय तीनै तहका सरकार स्वायत्त छन्। तीनै तहका सरकारको सहअस्तित्व छ। समन्वयमा काम गर्नुपर्दछ। यो कुरा संविधानले भनिदिएको छ। जुन कुरा सङ्घीयता नहुँदा थिएन। सङ्घीयता सहअस्तित्वलाई ध्यान दिँदै सहकार्य गर्ने मान्यता हो।

**स्थानीय तह निर्धारण गर्ने क्रममा राजनीतिक दबाब कत्तिको थियो ?**

यथेष्ट। हामीलाई दबाब भनेकै राजनीतिक नेतृत्वबाट आउँथ्यो। सरकारले त एकपटक आयोगलाई नमान्नेसम्मको अवस्था आएको थियो। मन्त्रिपरिषद्ले निर्णय गरेर पहिलेका इलाकालाई पालिका बनाउने निर्णय गरेको थियो। जुन कानुनसम्मत थिएन। त्यो भनेको ९ सय ५७ हो। हामी ५ सय ६५ को सङ्ख्यामा स्थानीय तहको निर्धारण गर्नेमा पुगेका थियौँ। कामको प्रकृति र अधिकारलाई विश्लेषण गर्दा त नेपालमा ३ सयभन्दा बढी स्थानीय तह हुनु हुँदैन। तर, सरकारको आग्रहलाई मध्यनजर गरी हामीले ७ सय १९ स्थानीय तह सिफारिस गरेका हौँ। जुन उचित थिएन भन्ने जान्दाजान्दै पनि हामी सिफारिस गर्न बाध्य भयौँ। अहिले पनि मेरो जोड भनेको स्थानीय तहको सङ्ख्या ३ सयको हाराहारीमा हुनुपर्छ भन्नेमा छ।

**सङ्घीय संरचनामा सञ्चालित हाम्रो मुलुकमा स्रोतको बाँडफाँड र परिचालनमा समस्या छ। यसको समाधान कसरी ?**

हामी केन्द्रीकृत प्रणाली छोडेर तीन तहको सङ्घीय संरचनामा आएका हौँ। कतिपय केन्द्रीकृत प्रणालीकै धङ्धडी बाँकी नै छन्। शासन व्यवस्था जनताको घर नजिकै त पुग्यो तर यसको उपयोगका लागि गर्नु पर्ने जति काम भइरहेको छैन। स्थानीय स्रोत र साधनको परिचालन स्थानीय सरकारबाटै हुने हुँदा सोको क्षमता बढ्न जान्छ। सङ्घीयताको मर्म अनुरुप राजनीतिक दलहरू त्यसलाई प्रोत्साहित गर्न प्रेरित भए भने खर्च बढे पनि दक्षता बढाउने कुराले यसको क्षतिपूर्ति हुनसक्दछ। खर्च बढेकोमा चिन्ता गर्नुपर्ने अवस्थथा छैन। स्रोतको बाँडफाँडका बारेमा संविधानका अनुसूचीमा स्पष्ट व्यवस्था छ। सोही अनुसार गरे कुनै समस्या आउँदैन। तोकिएको जिम्मेवारी तोकिएको तहले पूरा गरेमा समस्या देखिँदैन।

**सङ्घीयता धान्न खर्चले नै नसकिने भयो भन्ने आवाज पनि सुनिन थालेको छ। हाम्रा तौरतरिका मिलेनन् कि साँच्चै खर्चले धान्न नसक्ने अवस्थामा पुगेका हौँ ?**

हामीले तीन तहको सङ्घीयता बनायौँ। कुल गरेर ७ सय ६१ ओटा सङ्घीय एकाइ बनाइयो। सबै शासकीय एकाइ हुन्। संविधानको अधीनस्थ रही आफ्नो कानुन आफैँ बनाउँछन्। एकको मातहतमा अर्को होइन। संविधानले नै काम, कर्तव्य र जिम्मेवारी तोकिदिएको छ। अन्तरसम्बन्धित छन्। सहकार्य गर्नुपर्छ। भूगोल एउटै हो। जनता तिनै हुन्।

संविधानको धारा २१४ को उपधारा ३ मा भनिएको छ।-...यो संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य

निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुनेछ।' त्यसैगरी धारा १६२ को उपधारा २ मा भनिएको छ- 'यो संविधान र अन्य कानुनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहनेछ।' धारा ७५ को उपधारा २ मा 'यो संविधान र कानुनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा हुनेछ।' भन्ने व्यवस्था छ। त्यसैले यी तीन ओटै शासकीय एकाइ हुन्।

संविधान निर्माताले कामको जिम्मेवारी दिँदा केही कर उठाउने जिम्मा पनि दिएको छ। वित्तीय अधिकार, आर्थिक अधिकार पनि दिइएको छ। तर, ठ्याक्कै कामको जिम्मेवारी दिइएको र आर्थिक अधिकार दिएको मिलाउन त सजिलो थिएन। कतै काम बढी गर्नु पर्ने होला। राजश्व उठाउने क्षमता कम होला। कतै काम कम गरे पनि होला। पैसा उठाउने क्षमता बढी होला। यसलाई संविधानमा नै मिलाउन सम्भव थिएन। त्यसैलाई मिलाउनका लागि एउटा आयोगको परिकल्पना गरिएको थियो। त्यो आयोग भनेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग हो। हामीले आयोगमा बसेर हेर्दा हरेक पालिका आफैँमा भिन्न छन्। हरेक प्रदेश आफैँमा भिन्न छन्। त्यसैले सङ्घ सरकारले उठाएको राजश्वबाट विभिन्न अनुदान र राजश्व बाडफाँड गर्नुपर्छ। प्रदेश र स्थानीय तहमा रकम पठाउने विधि यही हो। तिनका सम्बन्ध परिभाषित गर्ने काम यही आयोगकै हो।

खर्च बढी भयो वा घटी भयो भन्ने विषय हचुवाका भरमा भन्न मिल्दैन। तथ्याङ्कलाई आधार मानेर मात्रै यो विषय मुखरित गर्नु वाञ्छनीय हुन्छ। यसो हेर्दा खर्चले सङ्घीयता धान्न कठिन भएको हो कि भन्ने लाग्छ। चालु खर्च राजश्वले नधान्ने स्थितिमा आइपुगेको छ। पूँजीगत खर्च भन्दा ऋणको साँवा व्याज तिर्नुपर्ने रकम बढी छ। यो भनेको डरलाग्दो अवस्था हो। कर, राजश्वले चालु खर्च नधान्ने वित्तिकै हामी असजिलो बाटोमा जान्छौँ कि भन्ने प्रश्न उठ्नु स्वभाविक नै हो।

**के यो सङ्घीयताले बढाएको हो त ? राजश्व र खर्चको हिसाबका बारेमा विगतदेखिको अवस्थालाई कसरी हेर्नुभएको छ त ?**

मैले २०३२ सालदेखिको बजेटको विश्लेषण गरेको छु। अर्थ मन्त्रालयको वेबसाइटमा उपलब्ध बजेटलाई जोकोहीले अध्ययन र विश्लेषण गर्न सक्छ। २०३२ सालमा साधारण र विकास खर्च भन्ने थियो। त्यतिबेला शिक्षकको तलब पनि विकास खर्चमा राखिएको थियो। विकास खर्च निकै माथि र साधारण खर्च निकै तल थियो। त्यो अनुपातको ग्राफ बनाउँदै जाँदा विकास खर्च विस्तारै ओरालो लाग्दो र साधारण खर्च उकालो लाग्दो देखिन्छ। २०५४ सालमा आइपुग्दा साधारण र विकास खर्चको भेट हुन्छ। त्यसपछिका वर्षहरूमा साधारण खर्च उकालो लाग्छ र विकास खर्च ओरालो लाग्छ। ग्राफमा कैँची पर्छ। कहिले घट्दो क्रममा बढ्यो होला कहिले बढ्दो क्रममा बढ्यो होला तर साधारण खर्च बढिरहेको छ। यो हेर्दा के भन्न सकिन्छ भने आज यो परिस्थिति सिर्जना भएको होइन। अर्थात सङ्घीयताले खर्च बढाएको भन्ने तर्कमा तथ्याङ्कीय विश्वास गर्न मिल्दैन। तर, खर्चको व्यवस्थापन गर्ने विषयमा चिन्ता गर्न ढिला भइसक्यो। यसलाई समाधान गर्नु आवश्यक छ । आज नै यो समस्या सिर्जना भएको भन्ने गलत भाष्यलाई राजनीतिक नेतृत्वले चिर्नु पर्दछ। सुधार गर्न कुनै साइत कुर्नु पर्दैन। आज अहिलेबाट सुधारका कामहरू गर्नु पर्दछ।

# ३० औँ "प्रकाश मानव अधिकार पुरस्कार" द्वन्द्वपीडित पूर्णिमाया तामाङलाई



यस वर्षको प्रकाश मानव अधिकार पुरस्कार शोषण तथा विभेद मुक्त समाज निर्माणको अभियानमा दुई दशक भन्दा बढी समयदेखि क्रियाशील नमोबुद्ध नगरपालिका-९ दाप्चा, काभ्रेपलाञ्चोककी ६२ वर्षीया पूर्णिमाया तामाङलाई प्रदान गरिने भएको छ । इन्सेक कार्यसमितिको २०८१ साउन ७ गते सम्पन्न बैठकले संस्थाका सल्लाहकार तथा संस्थापक अध्यक्ष सुशील प्याकुरेलको संयोजकत्वमा गठित पाँच सदस्यीय पुरस्कार छनोट समितिको सिफारिसका आधारमा उहाँलाई ३० औँ "प्रकाश मानव अधिकार पुरस्कार"बाट सम्मानित गर्ने निर्णय गरेको हो ।

इन्सेकका संस्थापक महासचिव स्व. प्रकाश काफ्लेको २०४९ साउन १६ गते नुवाकोटको घोप्टेभिरमा भएको थाइएयर दुर्घटनामा निधन भएको थियो । नेपालको मानव अधिकार र सामाजिक न्यायको अभियानमा काफ्लेले पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै उहाँको स्मृतिलाई चिरस्थायी बनाउने उद्देश्यका साथ इन्सेकले "प्रकाश मानव अधिकार पुरस्कार" प्रदान गर्दै आएको छ । नेपालको राजनीतिक, शैक्षिक, स्वास्थ्य तथा सामाजिक लगायतका क्षेत्रबाट अधिकारउन्मुख चेतनामा आधारित भएर विशिष्ट योगदान गरेका व्यक्तित्वलाई "प्रकाश स्मृति दिवस"को अवसर पारेर पुरस्कृत गरिँदै आएको छ । यो पुरस्कारबाट यसअघि वरिष्ठ पत्रकार स्व. विनयकुमार कसजु, वरिष्ठ समाजसेवी स्व.दयावीरसिंह कंसाकार, डा. गौरीशंकरलाल दास, दलित अधिकारकर्मी रामरतिदेवी राम, महिला अधिकारकर्मी बसन्तीदेवी झा, वरिष्ठ पत्रकार नारायण शर्मा, रुकैया खातुनलगायत २९ जना सम्मानित भइसक्नु भएको छ ।

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा २०८१ साउन १६ गते काठमाडौँमा सम्पन्न हुने एक समारोहमा श्री लामालाई सम्मान गर्ने कार्यक्रम रहेको छ । पुरस्कृत व्यक्तित्वलाई सम्मानपत्रसहित ५० हजार नगद प्रदान गर्ने गरिएको छ ।

# इन्सेकका केही प्रकाशनहरू



जि.प्र.का. द. नं. २१/०४९/५०


# www.inseconline.org

## नेपालको पहिलो मानव अधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

**मानव अधिकारसम्बन्धी विविध सामग्रीहरु समेटिएको यस वेबसाइटमार्फत् देशको मानव अधिकार स्थितिको जानकारी लिनुहोस् ।**

/inseconline /inseconline /INSECnepal